# पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष
संस्कृति विषयमा विद्यावारिधि उपाधिको निमित्त प्रस्तुत

## शोधप्रबन्ध


शोधकर्ता

**शङ्कर अधिकारी**

द.नं. ०१/२०५९/२०६०


कार्तिक, २०७०

# विशेषज्ञको सिफारिस

**पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन** शीर्षकमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि श्री शङ्कर अधिकारीले सनातन संस्कृति र पाञ्चायनदर्शन विषयमा विशेष अध्ययन गरी डा. दुर्गाप्रसाद दवाडीज्यूको निर्देशनमा शोधप्रबन्ध तयार पार्नुभएको छ । शोधकर्ताको परिश्रम र निष्ठापूर्ण समर्पणले तयार भएको शोधकार्यबाट म सन्तुष्ट छु । शोधार्थीको उन्नति र प्रगतिको कामना गर्दै परीक्षण प्रक्रियाका लागि सिफारिस गर्दछु । उहाँको भविष्य उज्ज्वल होस् भन्ने मेरो शुभकामना छ ।

............................................

प्रा.डा. रामचन्द्र गौतम

शोधविशेषज्ञ

# विशेषज्ञको सिफारिस

**पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन** शीर्षकमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनको लागि श्री शङ्कर अधिकारीले सनातन संस्कृति र पाञ्चायनदर्शन विषयमा विशेष अध्ययन गरी डा. दुर्गाप्रसाद दवाडीज्यूको निर्देशनमा शोधप्रबन्ध तयार पार्नुभएको छ । शोधकर्ताको परिश्रम र निष्ठापूर्ण समर्पणले तयार भएको शोधकार्यबाट म सन्तुष्ट छु । शोधार्थीको उन्नति र प्रगतिको कामना गर्दै परीक्षण प्रक्रियाका लागि सिफारिस गर्दछु । उहाँको भविष्य उज्ज्वल होस् भन्ने मेरो शुभकामना छ ।

.........................................

डा. दिनेशचन्द्र रेग्मी

शोधविशेषज्ञ

# कृतज्ञताज्ञापन

सर्वप्रथम अक्षरारम्भदेखि स्नातकोत्तर उपाधि प्राप्त गर्दासम्म प्रेरणा, प्रोत्साहन र सहयोग गर्नुहुने पूज्यपिता श्री पूर्णचन्द्र अधिकारी र काका पण्डित श्री भवनाथ अधिकारीज्यूमा कृतज्ञता व्यक्त गर्दछु। पाञ्चायनको नित्य र कुलायनको नियमित पूजा गर्न सल्लाह दिने न्यायाधीश श्री केदारनाथ आचार्यलाई धन्यवाद दिन्छु। विशेषतः नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातकोत्तर अध्ययन गर्न प्रेरित गरी उपाधि प्राप्त भइसकेपछि 'पाञ्चायनको यजमान बन र पाञ्चायनकै अनुसन्धान गर' भन्ने दीक्षा दिनुहुने स्वामी सच्चिदानन्द विशुद्धदेव (हाल ब्रह्मलीन) ज्यूप्रति प्रणतिपूर्वक हृदयको विशुद्ध श्रद्धाभाव व्यक्त गर्दछु। 'मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमानदारी'का साथ एकात्मकता अनन्तकोटि पाञ्चायन महायज्ञ गर्नु मानवकर्तव्य हो भन्नुहुने स्वामीज्यूले काभ्रे जिल्ला, उग्रतारा गाउँ विकास समिति चरित्रपुरमा हंसदा योगाश्रम स्थापना गरी उक्त पाञ्चायन महायज्ञ सञ्चालन गर्नुभएको छ। आश्रम व्यवस्थापक योगाचार्य ऋषिकुमार पञ्चशील एवं सबै गुरु भाइहरू र यज्ञाचार्य श्री खिलनाथ शर्माबाट गुरुदीक्षा कार्यान्वयनमा गर्नुभएको प्रोत्साहनलाई धन्यवाद दिन्छु। राधा-माधवसमिति, श्यामाश्याम धाम, मध्यपुर ठिमीका अध्यक्ष संगीता दिदी र श्रद्धेय जगद्‌गुरु कृपालुजी महाराजका प्रचारक स्वामी हरिदासज्यूप्रति आभार व्यक्त गर्दछु। शोधप्रस्ताव स्वीकृत भएपछि म कार्यरत इन्जिनियरिङ अध्ययन संस्थानका तात्कालिक डीन प्रा.डा. जीवराज पोखरेलज्यू र सहायक डीन प्रा. प्रल्हादराज पन्तज्यूले अध्ययनबिदा स्वीकृत गरी कर्मचारीको प्राज्ञिक उन्नयनमा प्रोत्साहित गर्ने महति मानवता प्रदर्शन गर्नुभएकोले उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। मलाई प्रोत्साहनमा उत्साह थप्ने सहकर्मी कर्मचारी साथीहरूमा हृदयतः धन्यवाद अभिव्यक्त गर्दछु।

मानवसभ्यता र संस्कृतिका बारेमा आजसम्म प्राप्त प्राचीनतम ग्रन्थ वेदलाई अद्यापि सम्पूर्ण धर्मको मूलग्रन्थ मानिन्छ। वेदकै आचारपक्ष सनातन धर्म, संस्कृति एवं दर्शनका रूपमा रहेको पञ्चदेव यजन परम्पराको अनुसन्धान गर्ने जमर्को गरेको हुँ। **पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन** शीर्षकमा नेपाल संस्कृत

विश्वविद्यालयको अनुसन्धान कार्यक्रमअन्तर्गत शोधकार्य गरी विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनले प्रस्तुत शोधकार्य मैले प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूको निर्देशन र प्रा.डा. रामचन्द्र गौतम एवं डा. निदेशचनद्र रेग्मीज्यूको विशेष परामर्शमा पूर्ण गरेको छु । अतः मलाई यस शोधकार्यमा हरतरहले सहयोग र मार्गनिर्देशन गर्नुहुने निर्देशकज्यू र विशेषज्ञज्यूहरूमा कृतज्ञता व्यक्त गर्दछु ।

निर्देशकको असामयिक निधन भएकोले मौखिक परीक्षाका अवसरमा विषयमूल्याङ्कनकर्ताका हैसियतले बाह्य विशेषज्ञद्वय प्रा.डा. दीर्घराज घिमिरे र प्रा.डा. गोविन्दप्रसाद आचार्यज्यूहरूले शोधप्रवन्ध परिमार्जनका लागि दिनुभएको सल्लाह र सुझावहरूप्रति विशेष कृतज्ञता प्रकट गर्दछु ।

भाषिक परिमार्जनमा सहयोगी डा. भूपहरि पौडेल, डा. बालकृष्ण उपाध्याय, क्वालिटी प्रिन्टर्सका मुरारिराज पाण्डेय र कृष्ण भाइलाई धन्यवाद दिन्छु । नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका पदाधिकारी, सदस्यज्यूहरू र कर्मचारी साथीहरूबाट प्राप्त निर्णायक सहयोगका लागि हार्दिक धन्यवाद दिन्छु । परिवारका सदस्यहरू धर्मपत्नी गीता अधिकारी, छोरीहरू सुस्मिता, सफला र छोरो शाश्वतसमेतले शोधकार्यमा सफलताको लागि आ-आफ्ना स्थानबाट सहयोग पुऱ्याएकोमा उनीहरूलाई शुभ आशीर्वाद दिन्छु ।

अन्तमा, प्रस्तुत शोधप्रबन्धको कम्प्युटर सेटिङको सम्पूर्ण कार्य पूर्ण गरिदिनुहुने भाइ अञ्जन घिमिरे र साथी नरेन्द्र मानन्धरलाई विशेष धन्यवाद दिन्छु । साथै, शोधकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने अन्य सम्पूर्ण सहयोगी एवं गुरुवर्गमा कृतज्ञता ज्ञापन गर्दछु ।

..............................

(शङ्कर अधिकारी)

शोधकर्ता

# शोधसार

**पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन** गरी निष्कर्ष निकाल्नु प्रस्तुत शोधको सार हो । छ परिच्छेदहरूमा विवेचन गरी सार निकालिएको छ ।

**परिच्छेद एक**मा शोधपरिचय शीर्षकअन्तर्गत समस्या, उद्देश्य, पूर्वकार्य समीक्षा, औचित्य, क्षेत्र र सीमा, विधि र सङ्गठनको परिचयात्मक चर्चा गरिएको छ ।

**परिच्छेद दुई**मा वाङ्मय विश्लेषण शीर्षकअन्तर्गत पौरस्त्य वाङ्मयहरूमा भएको पञ्चतत्त्व र आत्मतत्त्व विवेचनअनुसार पाञ्चायनपूजासँग त्यसको सम्बन्ध विश्लेषण गरी वेदान्तदर्शनको क्रियात्मक स्वरूप सविशेष ब्रह्म उपासनामा अनुराग पैदा गर्ने महत्त्वपूर्ण साधन पाञ्चायनपूजा हो भन्ने निष्कर्ष निकालिएको छ ।

**परिच्छेद तीन**मा पाञ्चायनपूजाको क्रियात्मक विवेचन शीर्षकअन्तर्गत विष्णु, सूर्य, देवी, गणेश र शिव केन्द्रित पञ्चदेवकै समन्वयस्वरूप पाँच प्रकारका पाञ्चायनको वैदिक, लौकिक र तान्त्रिक पद्धतिद्वारा हुने परम्परागत पूजाको विवेचन गरिएको छ । आ-आफ्ना गुण र स्वभावअनुसार इष्ट पाञ्चायनको भक्ति गरी सबैको आश्रय पञ्चायतनीको उपासना गर्ने, वैदिक आचारशास्त्र स्मृतिहरूले दिएको निर्देशन पालना गरी चित्, तेज, शक्ति, ज्ञान र सत् पञ्चशक्तिको आश्रय पञ्चायतनीको नित्यस्मरणलाई आनन्दस्वरूप ब्रह्मकै भक्ति ठान्ने सनातन स्मार्तहरू आफ्नो आत्मामा आफैँ प्रशान्त रहन्छन् । अतः सबै पञ्चदेवका उपासकहरू पञ्चायतनीकै सच्चा भक्त हुन्छन् भन्ने निष्कर्ष निकालिएको छ ।

**परिच्छेद चार**मा पाञ्चायन उपासनाको वैचारिक विवेचन शीर्षकअन्तर्गत पाञ्चायनको अमूर्त, मूर्त, मूर्तामूर्त, पक्षको विवेचन गरी भक्त, भक्ति र भगवान्बारे श्रुति र स्मृतिले निर्धारण गरेको परमधर्मको सिद्धान्तस्वरूप पाञ्चायनदर्शनको आधार वेदान्त दर्शनसमेतको लक्ष्य परमानन्द प्राप्त गर्ने उत्तम साधन पञ्चदेव उपासना हो । अतः पाञ्चायनपूजाकै परिणति पाञ्चायनभक्ति दर्शन हो भन्ने निष्कर्ष निकालिएको छ ।

**परिच्छेद पाँच**मा पाञ्चायनको आध्यात्मिक विवेचन शीर्षकअन्तर्गत पाञ्चायनदर्शन र स्वस्वरूपानुसन्धानको तुलनात्मक विवेक गरी पाञ्चायनदर्शनमा आधारित पञ्चदेवको भक्तिद्वारा सुदृढ वैचारिक पक्षको समेत गन्तव्यचाहिँ अद्वितीय आत्मा नै हो भन्ने निष्कर्ष निकालिएको छ ।

**परिच्छेद छ**मा उपसंहार शीर्षकअन्तर्गत शास्त्रीय, क्रियात्मक, वैचारिक र आध्यात्मिक विवेचनहरूको सारस्वरूप आनन्दमय भगवान्मा शरणागत हुने उत्तम साधन पाञ्चायनपूजा हो । आध्यात्मिक दर्शनशास्त्रहरूको दर्शनीयतम दर्शन वेदान्त दर्शन सरह परम्परागत पाञ्चायनपूजाको अन्तिम लक्ष्य पनि आनन्द प्राप्ति नै हो भन्ने निष्कर्षमा पुगेर शोधकार्य समापन भएको छ। अतः पाञ्चायनको समन्वयात्मक स्वरूपको दार्शनिक विवेचन यस शोधकार्यले गरेको छ। यस अतिरिक्त धार्मिक, सामाजिक सांस्कृतिक र आध्यात्मिक क्षेत्रमा पाञ्चायनपूजाले पार्ने प्रभावबारे भक्तिपरक अनुसन्धानका सम्भावनाहरू पर्याप्त छन् ।

**सम्भाव्य शीर्षकहरू**

१. विष्णु पाञ्चायनपूजा र अध्यात्म उपासना ।

२. सूर्य पाञ्चायनपूजा र अध्यात्म उपासना ।

३. देवी पाञ्चायनपूजा र अध्यात्म उपासना ।

४. गणेश पाञ्चायनपूजा र अध्यात्म उपासना ।

५. शिव पाञ्चायनपूजा र अध्यात्म उपासना ।

६. धार्मिक र सांस्कृतिक सहिष्णुतामा पाञ्चायनपूजाको योगदान ।

७. पाञ्चायनपूजाको सामाजिक प्रभाव

# सङ्क्षिप्तीकृत शब्दसूची

| | | |
|---|---|---|
| अथर्वसं. | : | अथर्ववेद संहिता |
| अ.रा. | : | अध्यात्म रामायण |
| अमर. | : | अमरकोष |
| उ.मी. | : | उत्तरमीमांसा |
| ऋक् | : | ऋग्वेद संहिता |
| ऐतरे. | : | ऐतरेयोपनिषद् |
| कठो. | : | कठोपनिषद् |
| कु.र. | : | कुलार्णव रहस्य |
| कौ.उ. | : | कौषितकी उपनिषद् |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गी. | : | श्रीमद्भगवद्गीता |
| छान्दो. | : | छान्दोग्योपनिषद् |
| तैत्तिरी. | : | तैत्तिरीयोपनिषद् |
| दु.स. | : | दुर्गा सप्तशती |
| दे.गी. | : | देवी गीता |
| ना.भ.सू. | : | नारद भक्ति सूत्र |
| न्या.द. | : | न्यायदर्शन |
| पञ्च. | : | पञ्चदशी |
| पञ्च.कूट. | : | पञ्चदशी कूटस्थ प्रकरण |
| पद्म.उत्तर. | : | पद्मपुराण उत्तराखण्ड |
| पू.मी. | : | पूर्वमीमांसा |
| प्रश्नो. | : | प्रश्नोपनिषद् |
| विष्णुपु. | : | विष्णुपुराण |
| बृहदा. | : | बृहदारण्यकोपनिषद् |
| भा. | : | भागवत |
| भा.म. | : | भागवत् महात्म्य |

| | | |
|---|---|---|
| मत्स्य. | : | मत्स्यपुराण |
| मनु. | : | मनुस्मृति |
| महा.आदि | : | महाभारत आदिपर्व |
| महा.शान्ति. | : | महाभारत शान्तिपर्व |
| माण्डू. | : | माण्डूक्योपनिषद् |
| मी.द. | : | मीमांसादर्शन |
| मुण्ड. | : | मुण्डकोपनिषद् |
| यजु. | : | यजुर्वेदसंहिता |
| या.स्मृ. | : | याज्ञवल्क्यस्मृति |
| यो.द. | : | योगदर्शन |
| यो.सू. | : | योगसूत्र |
| वि.चू. | : | विवेक चूडामणि |
| वि.स. | : | विष्णु सहस्रनाम |
| वै.द. | : | वैशेषिक दर्शन |
| शु.य. | : | शुक्ल यजुर्वेद |
| श्वेता. | : | श्वेताश्वतरोपनिषद् |
| स्कन्द. | : | स्कन्दपुराण |
| सं.वि. | : | संस्कृत विश्वविद्यालय |
| सं. सा.इ. | : | संस्कृत साहित्यको इतिहास |
| सां.का. | : | सांख्य कारिका |

# विषयसूची

**कृतज्ञताज्ञापन**

**सङ्क्षिप्तीकृत शब्दसूची**

**शोधसार**

## परिच्छेद : एक
## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | परिचय | १४ |
| १.२ | समस्याकथन | १८ |
| १.३ | उद्देश्य | १९ |
| १.४ | पूर्वाध्ययनको समीक्षा | २० |
| १.५ | शोधको औचित्य | २६ |
| १.६ | शोधको क्षेत्र र सीमा | २७ |
| १.७ | शोधविधि | २७ |
| १.८ | शोधसङ्गठन | २८ |

## परिच्छेद : दुई
## वाङ्मय विश्लेषण

| | | |
|---|---|---|
| २.१ | परिचय | २९ |
| २.१.१ | पौरस्त्य वाङ्मय र पाञ्चायन विवेचन | ३८ |
| २.१.२ | ऋग्वेद र पाञ्चायन | ४४ |
| २.१.३ | यजुर्वेद र पाञ्चायन | ५१ |
| २.१.४ | सामवेद र पाञ्चायन | ५७ |
| २.१.५ | अथर्ववेद र पाञ्चायन | ५९ |
| २.१.६ | स्मृति र इतिहासपुराणमा पाञ्चायन | ६२ |

| | | |
|---|---|---|
| २.१.७ | दर्शनशास्त्रहरूमा पाञ्चायन | ७१ |
| २.१.७.१ | न्यायदर्शन र पाञ्चायन | ७३ |
| २.१.७.२ | वैशेषिक दर्शन र पाञ्चायन | ७८ |
| २.१.७.३ | सांख्य र योगदर्शनमा पाञ्चायन | ८२ |
| २.१.७.४ | पूर्वमीमांसादर्शन र पाञ्चायन | ८८ |
| २.१.७.५ | उत्तरमीमांसादर्शन र पाञ्चायन | ९३ |
| २.२ | सारांश | १०१ |

## परिच्छेद : तीन

## पाञ्चायनपूजाको क्रियापक्ष

| | | |
|---|---|---|
| ३.१ | परिचय | १०३ |
| ३.१.१ | पाञ्चायनका प्रकारहरू | १०५ |
| ३.१.१.१ | विष्णु पाञ्चायन | ११० |
| ३.१.१.२ | सूर्यपाञ्चायन | ११३ |
| ३.१.१.३ | देवीपाञ्चायन | ११४ |
| ३.१.१.४ | गणेश पाञ्चायन | ११६ |
| ३.१.१.५ | शिव पाञ्चायन | ११७ |
| ३.२ | पाञ्चायन-पूजाविधि | १२० |
| ३.२.१ | वैदिक विधि | १२७ |
| ३.२.२ | लौकिक (मिश्र) विधि | १२८ |
| ३.२.३ | तान्त्रिक विधि | १३० |
| ३.३ | सारांश | १४१ |

## परिच्छेद : चार

## पाञ्चायन उपासनाको वैचारिक पक्ष

| | | |
|---|---|---|
| ४.१ | परिचय | १४५ |
| ४.१.१ | पाञ्चायनको अमूर्त पक्ष | १४८ |

४.१.२ पाञ्चायनको मूर्त पक्ष १५१
४.१.३ पाञ्चायनको मूर्तामूर्तपक्ष १६३
४.१.४ भक्त, भक्ति र भगवान् १६८
४.१.४.१ विष्णुपञ्चायतनका भक्त १७३
४.१.४.२ सूर्यपञ्चायतनका भक्त १७४
४.१.४.३ देवीपञ्चायतनका भक्त १७५
४.१.४.४ गणेशपञ्चायतनका भक्त १७६
४.१.४.५ शिवपञ्चायतनका भक्त १७६
४.१.४.६ पाञ्चायन भक्तिको तुलनात्मक विवेचन १७८
४.५ सारांश १८३

## परिच्छेद : पाँच
## पाञ्चायनको आध्यात्मिक विवेचना

५.१ परिचय १८४
५.१.१ अध्यात्म दर्शन र पाञ्चायन १८५
५.१.२ पाञ्चायन र स्वरूपानुसन्धान १८९
५.१.३ निगम र अध्यात्म १९९
५.१.४ आगम र अध्यात्म २०२
५.१.५ लोकव्यवहार र अध्यात्म २०४
५.१.६ पाञ्चायनपूजा र फलाकाङ्क्षा २०९
५.२ सारांश २१०

## परिच्छेद : छ
## उपसंहार

६.१ निष्कर्षात्मक परिचय २१४
६.१.१ शास्त्रीय निचोड २१७
६.१.२ क्रियात्मक निचोड २१८

| | | |
|---|---|---|
| ६.१.३ | वैचारिक निचोड | २२३ |
| ६.१.४ | आध्यात्मिक विवेचनको सार | २२६ |
| ६.२ | निष्कर्ष | २३१ |

**सन्दर्भ सामग्रीसूची**

| | |
|---|---|
| ग्रन्थहरू | २४० |
| पत्रिकाहरू | २४५ |
| अप्रकाशित सामग्रीहरू | २५१ |

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ परिचय

सनातन धर्म अन्य धर्म वा रिलिजन जस्तो मात्र होइन यो जीवनपद्धतिकै अद्‌भुत नाम हो । यो अग्निका माध्यमले अनेकौँ देवदेवीको उपासना गरिने वैदिक धर्म मूलतः बहुदेववादी थियो । कालान्तरमा उपनिषदीय दर्शनका आधारमा यसले एकेश्वरवादी धर्मको रूप लियो । तथापि बहुदेववादी परम्पराको स्रोत कहिल्यै सुकेन । यो पनि निरन्तर रहिरहयो । त्यसपछि दबहुदेववाद समर्पण भावमा आधारित भक्तिको विकास थपियो । यसरी वैदिक यज्ञकर्म देवीदेवतामा भक्तिसहितको आचार, उपनिषद्‌को दर्शन र स्मृति अर्थात् धर्मशास्त्रको निर्देशनका कारण सनातन वा स्मार्त धर्मको विकास भयो । धेरै समयसम्म सनातन अथवा स्मार्त धर्म प्रचलित रह्यो । यसलाई मलजल गर्ने र फैलाउने श्रेय पुराणसाहित्यलाई दिइन्छ ।

कालान्तरमा एकेश्वर वादमै ब्रह्मा, विष्णु र महादेव (शिव) गरी यिनले सनातन ईश्वरीय कार्य क्रमशः सृष्टि (सर्जन), स्थिति (पालन) र प्रलय (अन्त वा संहार) का जिम्मेदारी पाए । पछि गणेश र देवी गरी दुई अन्य देवी-देवताहरू पनि थपिए र पाँच देव/देवीहरूको समूहको नाम पञ्चदेव वा पाञ्चायन राखियो । यद्यपि पाञ्चायन देवताहरू सनातन ब्रह्मकै चित्, तेज, शक्ति, ज्ञान र सत् प्रधान पाँच प्रकारका भावहरूको नामरूप मानिन्छ ।

पाञ्चायन शब्दको व्युत्पत्तिनिमित्तक अर्थ पाँच समूहको आश्रय, घर, निवास, स्थान वा मन्दिर हो । प्रवृत्तिनिमित्तक अर्थका रूपमा पाञ्चायनपूजा

पञ्चदेवको सामूहिक उपासनालाई भन्ने गरिन्छ। पाञ्चायन मार्फत् भगवान्को भक्तिलाई यहाँ पाञ्चायनपूजा भनिएको छ। पाञ्चायनलाई पञ्चायतन, पञ्चायतनी शब्दद्वारा पनि सम्बोधन गरिन्छ। पूजाको महत्त्वको बारेमा स्मृति (धर्मशास्त्र) ले आह्निक (दैनिक) पूजाका प्रसङ्गमा धेरै कुरा भनेका छन्। स्मृति साहित्यको विकास धेरै पहिले नै भइसकेको थियो। शास्त्रप्रमाणका आधारमा विद्वान्हरू अद्वैत दर्शनका व्याख्याता शङ्कराचार्यले सनातन स्मार्तकर्मका रूपमा पाञ्चायनपूजाको व्याख्या गरेको उल्लेख गर्दछन्। शङ्कराचार्यले पाञ्चायनलाई लोकप्रिय गराएको मानिन्छ। शङ्कराचार्यको जन्मसमय निर्विवाद देखिँदैन। जगद्गुरु कृपालुजीले इ.पू. ५०९-४७७ मानेका छन् भने शिवपुरी बाबाले विक्रमको आठौँ शताब्दी (सन् ७८०-८२० सम्म जीवितै) भएको उल्लेख गरेका छन्[1]। आद्यजगद्गुरु शङ्कराचार्यले स्थापना गरेका चार मठका मठाधीशहरू अद्यापि जगद्गुरु शङ्कराचार्य नै भनिन्छन्। धर्मशास्त्रको इतिहासले पनि पाञ्चायन स्थापना एवं उपासना परम्पराको श्रेय शङ्कराचार्यलाई नै दिएका छन्[2]। पाञ्चायनका उपास्य देवताहरूमा विष्णु, सूर्य, देवी, गणेश र शिव (महादेव) पर्दछन्। यिनलाई दैनिक (आह्निक) कार्यमा अन्य पूजनीय र हवनीय देवदेवताका साथमा स्मरण एवं पूजाको विधान बताइएको छ। उक्त देवी-देवताहरूको समन्वयात्मक उपासना भौतिक (विज्ञान) र आध्यात्मिक (ज्ञान) क्षेत्रमा मानवकल्याणका निम्ति महत्त्वपूर्ण विषयका रूपमा लिइएको पाइन्छ।

सुरुदेखि नै कल्याणकारी र पालकको भूमिका निर्वाह गरेका विष्णुलाई पाञ्चायनअन्तर्गत त्यसका साथसाथै सृष्टि, स्थिति र लयकै स्वरूपमा वैदिक

---

1. *जगद्गुरु कृपालुपरिषत्,* ***साधना साध्य,*** *वर्ष २, अङ्क २, जुलाइ, (गुरुपूर्णिमा विशेषाङ्क), १९१०, पृष्ठ ८।*
   *जे जे वेनेट र ठाकुरलाल मानन्धर (अनु.),* ***अनन्तको यात्रा,*** *(काठमाडौँ : योगेन्द्रभक्त श्रेष्ठ, सन् २००१), पृष्ठ ११।*
2. *पी.भी. काँणे,* ***धर्मशास्त्रका इतिहास,*** *(लखनउ : विनोदचन्द पाण्डे (अनु.), उत्तरप्रदेश, हिन्दी संस्थान, (भाग १) सन् १९९२), पृ. ३९४।*

प्रजापतिका अनेक रूपमा अवतरण हुनसक्ने र त्रिगुणसहित पञ्चतत्त्वको प्रतीक सम्पूर्ण लोकका एकमात्र मालिक मानिन्छ । शान्त आकारका शेष नारायण, शक्तिद्वारा सेवित चतुर्बाहु नारायण विष्णुको विभिन्न गुण र चरित्र पछि दिइयो ।

प्रत्यक्ष देवता (पाञ्चायनभित्रकै एक) सूर्य वैदिककालदेखि नै सृष्टि प्रंक्रियाअन्तर्गत एक महत्त्वपूर्ण थिए । दिन, रात, ऋतु, अयनका मुख्य कारण सूर्य हुन् । प्रातः मध्याह्न र रात जो सूर्य गतिका कारण हुन्, वास्तवमा जीवमात्रको जीवन चक्र, कालगतिका तीन चरण जन्म, यौवन र मृत्युका देवताका रूपमा रहेका सूर्य कालका प्रतीक हुन् । सौम्य, सरूप, कालका देवता र ग्रहहरूमा प्रमुखको रूपमा रहेका सूर्य मानवहरूद्वारा पुजिएका महत्त्वपूर्ण देवता हुन् ।

त्यसैगरी कार्यरूप जगतकी कारणरूपा देवीका महिमा छन् । अनन्त शत्रुनाशिका, मुक्तिदात्री, विद्या, धन र ऐश्वर्यकी प्रतीक एवं सर्वशक्ति सामर्थ्यकी स्रोत नै देवी हुन् । प्राकृत सामर्थ्यलाई उपनिषद्मा माया, गीतामा नवधा प्रकृति र पुराणमा नवदुर्गा (देवी) बताइएको छ । देवीले आफ्नू शक्ति देवताहरूलाई दिई बलवान् बनाउने र स्वयं समस्त देवताका शक्तिले सर्वशक्तिमान् भएको मानिन्छ । देवगणका मालिक सिंहवाहिनी महिषमर्दिनीको सौम्य र भीषण दुवै रूपलाई सर्वशक्तिमान्का रूपमा मानिएको छ ।

माङ्गलिक कार्य र अभीप्सित कार्य सफल गराउने, विघ्नेश र विघ्ननाशक देवगणका मालिक गणेश पाञ्चायनअन्तर्गतकै एक देव मानिन्छन् र देवताहरूमध्ये पहिले पूजा गरिने देवता पनि गणेश नै । गणेश हिन्दुइतर धर्मावलम्बीहरूद्वारा पनि पूजित देवता हुन् ।

'शिव'को शब्दार्थ कल्याणकारी भन्ने हुन्छ । पाञ्चायनअन्तर्गतकै एक वैदिक महेश्वर (रुद्र) लाई कालान्तरमा एघार गुण, चरित्रहरू आरोपित गरी एकादश रुद्रका महिमा रूपमा गान गरिएको छ । शिव वा रुद्र जीवहरू वा

पशुहरूका पति (स्वामी) हुन् । भुवनेश्वरी (मूलप्रकृति) उनकी नित्यलीला संगिनी मानिन्छन् । अतएव महादेवलाई भुवनेश्वर पनि भनिन्छ । उक्त विषय उनका वस्त्र र आभूषणले पनि पुष्टि गर्छन् । वास्तवमा शिव लय अथवा विनाशका कारण मात्र होइनन्, क्रोध, शोक, अहङ्कार, रोग, निरोग र कल्याण कारक देवता पनि हुन् । अतः शिव शान्त छन् । उनी चाँडै सन्तुष्ट हुन्छन् । तुरुन्त खुसी हुनसक्ने देवता हुनाले शिवलाई आशुतोष पनि भनिन्छन् । भैरवका रूपमा शिव उग्र स्वरूपका कठोर पनि छन् । अर्चा (मूर्ति, शिवलिङ्ग) मा प्रायः सबै देवताको पूजा गरिन्छ ।

उपर्युक्त पाँच देवताहरू (देवी, शिव, विष्णु, गणेश, सूर्य) लाई दैनिक पूजामा अन्य पूजनीय र हवनीय देवीदेवताहरूका साथमा विशेष महत्त्व दिइन्छ । घर र मन्दिरमा पूजार्थ अर्चा (मूर्ति) र शालिग्रामशिला, शिवलिङ्ग, सुपारी, चित्रजस्ता प्रतीकात्मक वस्तु पूजार्थ स्थापित गरिन्छन् । पाञ्चायन देवताको नामकरण केन्द्रमा स्थापित देवताको नामका आधारमा गरिन्छ । केन्द्रमा विष्णु भएमा विष्णु पाञ्चायन, देवी भएमा देवी पाञ्चायनजस्ता नामकरणको आधार पनि यही नै हो ।

प्राप्त लेखोटहरूका आधारमा भन्नुपर्दा विक्रमको पाँचौं शताब्दीमा नेपालमा प्रचलित वैदिक यज्ञ, हवन, भक्ति, बहुदेव पूजा र स्मृतिद्वारा निर्दिष्ट कर्मकाण्ड प्रचलनमा थिए । यस प्रकारको धर्म स्मार्त अथवा सनातन थियो । यसमा पाञ्चायनको विशेष महत्त्व रहेको बुझिन्छ । पाञ्चायन मन्दिर भने मध्यकालमा धेरै बनेका प्रमाण पाइन्छन् । स्मार्तहरूको नित्य उपासनाको कर्म पक्ष र सिद्धान्त पक्षको महत्त्वपूर्ण चर्चा भने प्राचीन समयदेखि नै धेरै रहेको पाइन्छ । अतः सनातन धर्मको परम्परागत क्रियापक्ष, पाञ्चायनपूजाको दार्शनिक विवेचन गर्नुपूर्व त्यसका समस्याहरूबारे अवगत हुनु आवश्यक छ । यो शोधप्रबन्धको अनिवार्य अङ्ग नै हो ।

## १.२ समस्याकथन

सनातन धर्मअनुसार पाञ्चायन पूजाले चित्तशुद्धि हुन्छ र चित्तशुद्धि मोक्ष प्राप्तिको पहिलो आवश्यकता हो भन्ने मानेको छ। धर्मका साथमा आचरण अर्थात् कर्मकाण्ड (क्रिया पक्ष) र त्यसलाई निर्देशन गर्ने सिद्धान्त (दर्शन पक्ष) को प्रयोजन रहने गर्छ। त्यसो भए के पाञ्चायन उपासनाद्वारा अद्वैत ज्ञानप्राप्त हुनसक्छ ? यो मूल समस्या हो। अतएव स्मृतिनिर्देशित पाञ्चायन कर्मको दार्शनिक पक्षको विवेचनद्वारा जीवात्माको ज्ञान र परमात्मासँगको ऐक्य सिद्ध गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ। त्यसैगरी सनातनीहरूमा पाँच विषयको महत्त्व जस्तै पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, पञ्चामृत, पञ्चयज्ञ आदिको चर्चा गर्दै पाञ्चायनको इतिहास र यसको महत्त्वबारे क्रियात्मक अन्वेषण आवश्यक पर्छ। अन्य कुन-कुन पक्षसँग पाञ्चायनको व्यावहारिक एवं वैचारिक सम्बन्ध रहेको छ भन्ने जस्ता अन्य प्रश्नहरू शोधका प्रमुख समस्या हुन्।

पाञ्चायनको सम्बन्ध प्रत्यक्ष रूपमा स्मार्त सनातन आचारसँग रहेको छ। स्मृतिले पाञ्चायनका माध्यमबाट इहलोकमा कल्याण र परलोकमा स्वर्ग र अपवर्गको कामना गरेको छ। दर्शनले मुक्तिका लागि ज्ञानको महत्त्व बताएको छ। वैष्णव र स्मार्तहरू वेदान्तदर्शनमै आधारित आ-आफ्ना क्रियायोगमा जोड दिन्छन्। उनीहरूका विचारमा भक्तिकै माध्यमले मोक्ष प्राप्त हुन सक्छ। सनातनधर्म विविधताको सङ्गम भएजस्तै स्मार्त कर्म विशेषतः पाञ्चायन उपासनाको दार्शनिक आधार पनि अद्वैत वेदान्त नै रहेको छ। दुःखनिवारण र आनन्द प्राप्तिका लागि क्रियाशील रहने मानवस्वभाव हुन्छ। पौरस्त्य वाङ्मयहरूमा स्वभावलाई अध्यात्म भनिएको छ। अतः पाञ्चायनपूजा परम्पराको शास्त्रीय, क्रियात्मक, वैचारिक र अध्यात्म पक्षहरूको विवेचनद्वारा स्वयंमा पञ्चतत्त्व र आत्मतत्व विवेक गरी वेदान्त दर्शनको दर्शनियतम तत्त्व अद्वितीय आनन्दसँग तादात्म्य गर्नु शोधकार्यको

प्रमुख समस्या हो । यसैमा केन्द्रित रहेर शोधकार्यका आधारभूत समस्याहरू बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. पाञ्चायनपूजा परम्पराबारे पौरस्त्य वाङ्मयहरूमा कस्तो विवेचन गरिएको छ ?

२. पाञ्चायनपूजाका क्रियात्मक पक्ष के-कस्ता छन् ?

३. पाञ्चायनपूजाको वैचारिक विवेचन केकसरी गर्न सकिन्छ ?

४. के अध्यात्म दर्शन र पाञ्चायनपूजाका सिद्धान्तहरू तुलनीय छन् ?

५. वेदान्त दर्शनले प्रतिपादन गरेको अद्वितीय आनन्द पञ्चायनपूजाबाट प्राप्त गर्न सकिन्छ ?

## १.३ उद्देश्य

उल्लेखित समस्याहरूको समाधान खोजेर त्यसको निष्कर्ष शोधकार्यमा प्रस्तुत गरिएको छ। माथिका बुँदाहरूमा दिइएका समस्याहरूको समाधान पत्ता लगाउनु नै प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ। अतः शोधकार्यका उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार निर्धारित छन् :

१. परम्परागत पाञ्चायनपूजाका बारेमा पौरस्त्य वाङ्मयहरूको योगदानको विवेचन गर्नु,

२. पाञ्चायनदेवताहरूको क्रियायोगको विवेचन गर्नु,

३. पाञ्चायनपूजा परम्पराको वैचारिक विवेचन गर्नु,

४. आध्यात्मिक दृष्टिकोणबाट पाञ्चायनपूजाका सिद्धान्तको तुलनात्मक विवेचन गर्नु,

५. वेदान्तदर्शनले प्रतिपादन गरेको अद्वितीइ आनन्द पाञ्चायनपूजाबाट गर्न सकिन्छ भन्ने विवेचन गर्नु ।

## १.४ पूर्वाध्ययनको समीक्षा

वेदान्त दर्शनलाई नै मूल आधार मान्ने श्रुति, स्मृति, पुराणेतिहाससँग अनुकुल अन्य ग्रन्थहरूमा भएका पञ्चदेवको उपासना र त्यसैको क्रियायोग पञ्चतत्त्व र देवतत्त्वको सगुण साकार स्वरूपको पूजाबारे गरिएको समीक्षा यहाँ प्रस्तुत छ ।

**प्रकाशित पुस्तकहरू**

१. कुलचन्द्र कोइराला, **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५१ ।

२. कृपालुजी महाराज, **राधागोविन्द गीत**, नयाँ दिल्ली : राधागोविन्द समिति, इ.सं. २०१० ।

३. नारायण शर्मा, **आह्निकसूत्रावलि,** वाराणसी : व्यास प्रकाशन, द्वितीय संस्करण, वि.सं. २०५७ ।

४. पाण्डुरंग वामन काँणे, **धर्मशास्त्रका इतिहास**, लखनउ : विनोदचन्द्र पाण्डेय, इ.सं. १९९२ ।

५. तारानाथ तर्कवाचस्पति भट्टाचार्य, **वाचस्पत्यम् (भाग ५)**, वाराणसी : चौखम्बा संस्कृत सिरिज, वि.सं. २०१८ ।

६. रामभवनजी मिश्र र अन्य, **नित्यकर्म पूजाप्रकाश**, गोरखपुर : गीता प्रेस, तेइसौँ संस्करण, वि.सं. २०५७ ।

७. सूर्यमणि अधिकारी, **पश्चिम नेपालको खस अधिराज्य**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३ ।

८. सोमनाथ घिमिरे 'व्यास', **शालग्राममीमांसा**, काठमाडौँ : रघुनाथ घिमिरे, वि.सं. २०३४ ।

९. स्वामी ईश्वरनानन्द (व्या.), **गीता तात्पर्य**, काठमाडौं : गीता तात्पर्य, काठमाडौं : गीता अध्ययन मण्डल, द्वितीय संस्करण, वि.सं. २०५० ।

१०. हरिकृष्णदास गोयन्दका, **ईशादि नौ उपनिषद्**, गोरखपुर : गीता प्रेस, चौधौं संस्करण, वि.सं. २०५१ ।

११. " ", **वेदान्तदर्शन** (ब्रह्मसूत्र), गोरखपुर : गीता प्रेस, वि.सं २०५१ ।

१२. हनुमानप्रसाद पोद्दार, **श्रीमद्भागवत महापुराण**, गोरखपुर : गीता प्रेस, वि.सं. २०५५ ।

कुलचन्द्र कोइरालाको **नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ** ( २०५१) ग्रन्थमा तैत्तिरीय आरण्यकलाई आधार मानेर भगवान् पशुपतिको पञ्चवक्त्र मूर्ति पञ्चतत्त्वका ती पाँच मुख ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात गरी पाँच आम्नायको उल्लेख गरेका छन् । ऊर्ध्व, पूर्व, दक्षिण, उत्तर र पश्चिम पाँच मुखहरूलाई उनले क्रमशः आकाश, वायु, तेज, जल र पृथिवीका प्रतीकका रूपमा लिएका छन् ।

श्री कृपालुजी आफ्नो **राधागोविन्द गीत** (इ.सं. २०१) भाग १ पृष्ठ ३१६, ३६४७-५३ मा दर्शनको भेद बताउने क्रममा पञ्चदेव भनेका सविशेष वेदान्त दर्शनकै स्वरूप हो भन्दछन् । दर्शनका वैदिक र अवैदिक गरी दुई भेद छन् । वैदिकदर्शनका पनि ईश्वरवादी र अनिश्वरवादी गरी दुई भेद छन् । ईश्वरवादी वैदिकका पनि दुई भेद छन् । त्यसमा मुख्य गरी वेदान्त दर्शन नै हो । त्यस्तै, सविशेषवादी र निर्विशेषवादी गरी वेदान्त दर्शनका पनि दुई भेद छन् । सविशेष दर्शनका पनि विष्णु, शिव, गणेश, दुर्गा र सूर्यवादी गरी पाँच भेद छन् । विष्णुवादी सविशेष वेदान्त दर्शनमा पनि द्वैताद्वैत आदि भेदहरू छन् । पृष्ठ ४३५ को ५०७० पङ्क्तिमा उनी भन्छन्– **पञ्चदेवउपासना** भनेको विष्णु, शिव, गणेश, दुर्गा र सूर्यकै भक्ति हो ।

नारायण शर्मा आफ्नो ग्रन्थ **आह्निकसूत्रावलिः** (वि.सं. २०५७) मा सङ्ग्रहित वैदिक अथर्वशीर्षहरू (गणेशाथर्वशीर्षम्, नारायणाथर्वशीर्षम्,

सूर्याथर्वशीर्षम्, देव्याथर्वशीर्षम्, शिवाथर्वशीर्षम्) मा उक्त पाँच देवता पूर्णब्रह्म हुन् भनेर स्तुति गरिएको बताउँछन् । ज्ञानमाला ग्रन्थका आधारमा उनले पाँचमध्ये एकलाई केन्द्र (इष्ट) र अन्यलाई ईशानादि चार कोणमा विधिपूर्वक राखेर पूजा गर्नुपर्ने बताएका छन् । नारायण शर्माले क्रम नमिलाई गरेको पूजा शोक, दुःख र भयप्रदायक हुन्छ भन्ने उल्लेख गरेका छन् ।

पाण्डुरंग वामन काणेले आफ्नो ग्रन्थ **धर्मशास्त्रका इतिहास** (इ.सं. १९९२) मा मूर्तिपूजाका देव, पञ्चायतनपूजा एवं दशावतार चर्चाको प्रसङ्गमा विष्णु, शिव, दुर्गा, गणेश, र सूर्य सम्मिलित पञ्चायतनपूजाको प्रसिद्धिको श्रेय श्री शङ्कराचार्यलाई दिएका छन् । उनले हाल पनि यी पाँच देवताहरूको विधिवतस्थापना र पूजा हुने गरेको तथ्य बताएका छन् ।

रामभवनजी मिश्र र अन्यको **नित्यकर्म पूजाप्रकाश** (२०५७) मा पाँच देवताहरूमध्ये प्रत्येकलाई इष्ट मानेर पाँच प्रकारकै पाञ्चायन देवहरूको विधिपूर्वक स्थापना र पूजा गरिएन भने शोक, दुःख र भयदायक हुन्छ भन्ने उल्लेख गरिएको छ ।

तर्क वाचस्पति भट्टाचार्य आफ्नो **वाचस्पत्यम्** (शब्दकोश) मा पञ्चायतनी शब्दको पारिभाषिक अर्थ गर्दै भन्छन् : उपास्य देवताहरू गणेश, सूर्य, देवी, शिव र विष्णुको स्थापना गर्दा जुन दिन जुन देवताको पूज्यता छ त्यो दिन त्यसैलाई केन्द्रमा र अरूलाई दिशाभेदको क्रम मिलाएर स्थापना गरिन्छ । तन्त्रसार र यामलक तन्त्रको उद्धरण दिँदै उनले त्यस्ता पञ्चदेवको समाहारलाई पाञ्चायतनी उल्लेख गरेका छन् ।

सूर्यमणि अधिकारी आफ्नो ग्रन्थ **पश्चिम नेपालको खस अधिराज्य** ( २०५३) मा धार्मिक स्थल, मठ, मन्दिरको चर्चा गर्ने प्रसङ्गमा पाञ्चायन (शिव, देवी, सूर्य, विष्णु र गणेश) को संयुक्त पूजा पाञ्चभौतिक शरीरलाई सर्वतोभावेन परमात्मामा लीन गराउने दर्शनकै प्रभावबाट विकसित भएको हो भन्ने मान्छन् । उनका विचारमा शैव र वैष्णव सम्प्रदायमा समन्वय ल्याउन

देवी, सूर्य र गणेश पछि समावेश गरिएको पनि हुनसक्छ ।

सोमनाथ घिमिरे 'व्यास' आफ्नो ग्रन्थ **शालग्राम मीमांसा** (२०३४) मा विष्णु, शिव, देवी, सूर्य र गणेशका लक्षण भएका शालग्राहरूको संयुक्त पूजालाई नै पाञ्चायनपूजा भन्दछन् । शालग्रामका विभिन्न चिह्नहरूको विश्लेषण गर्दै उनले शंख, चक्र, गदा, पद्म चिह्न भएका शालग्रामलाई विष्णुका प्रतीक र वाणलिङ्ग चिह्नलाई शिवका प्रतीक योनी, कुण्डलिनी सर्पाकृति चिह्नलाई देवीका प्रतीक र द्वादश चक्रचिह्न अङ्कित शालिग्रामलाई सूर्यका प्रतीकचिह्न मानेका छन् । उनले कुनै पनि चिह्न नभएका शालग्रामलाई पूजायोग्य मानेका छैनन् ।

स्वामी ईश्वरानन्दले आफ्नो ग्रन्थ **गीतातात्पर्य** (२०५०) मा पाँच प्रकारबाट प्रेरित भएर पाञ्चभौतिक शरीर (पाञ्चायतन) निर्माण हुन्छ भन्ने बताएका छन् । स्वामीले मनुष्यको पाञ्चभौतिक शरीरको तुलना पञ्चायतनसँग गरेका छन् । तिनले पाञ्चभौतिक शरीरको निर्माणमा पाँच कारणको चर्चा गरेका छन् । उनले पाञ्चभौतिक शरीरमा रहने अधिष्ठान, कर्ता, करण, चेष्टा र दैवको सम्बन्ध यसरी देखाएका छन् ।

अधिष्ठानको सम्बन्ध स्थूल शरीरसँग, कर्ताको सम्बन्ध अहंकारसँग, करणको सम्बन्ध पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, मन र बुद्धिसँग, चेष्टाको सम्बन्ध पाँच प्राण र पाँच उपप्राणसँग एवं दैवको सम्बन्ध जीवात्मासँग रहेको हुन्छ ।

हरिकृष्णदास गोयन्दका आफ्नो नौ उपनिषद्हरूको संग्रह ग्रन्थ **ईशादि नौ उपनिषद्** (२०५१) मा ऐतरेयोपनिषद्, तैत्तिरीयोपनिषद्अनुसार पञ्चतन्मात्रा ( सूक्ष्म पञ्चभूत) को संकल्पमय मूर्ति नै अन्न हो भन्दछन् । अन्नकै अमूर्त, आश्रय स्वरूप आत्माबाटै क्रमशः आकाश, वायु, तेज, जल र पृथिवीको विस्तार भएको हो । उनका अनुसार वस्तुतः मानिसमात्रको उपास्य तत्त्व पाञ्चभौतिक आयतन (पञ्चायनमूर्ति) नै हो ।

गोयन्दका आफ्नो वेदान्तदर्शन (ब्रह्मसूत्र, २०५१) मा शास्त्रीय अर्थ गर्दै भन्छन्, पाञ्चभौतिक शरीर मिथ्या (भ्रम) हो त्यसको आश्रय जीव सत्य हो तर जीव र पञ्चायतनको समवायले पञ्चमहाभूतकै आयतन व्यवहारमा सत्य र परमार्थमा त्यही मिथ्या सिद्ध हुन्छ। श्वेताश्वतरोपनिषद्मा परब्रह्मपरमात्मा सबैका हृदयमा अन्तर्यामी रूपले बसेका पुरुषोत्तमका तीन भेद– भोक्ता, भोग्य र प्रेरक आत्मा पाञ्चभौतिक प्रकृति र दुवैको नियामक परमात्मालाई ब्रह्म नै भनिएको छ।

हनुमानप्रसाद पोद्दार आफ्नो श्रीमद्भागवत सरल, संक्षिप्त व्याख्यामा वासुदेव (श्रीकृष्ण) को भक्तिले ज्ञान र वैराग्य पैदा हुन्छ, त्यसैगरी जसरी रुखका जरामा पानी दिँदा सबै शाखा-उपशाखा तृप्त हुन्छन्, सबै देवी देवताहरू श्रीकृष्णको भक्तिबाट तृप्त हुन्छ।

**पत्रपत्रिकामा प्रकाशित नेपाली रचनाहरू**

१. ऋषिराम पोखरेल, 'सनातन धर्ममा पर्यावरण शुद्धि र प्राकृतिक सन्तुलन', **धर्मसन्देश** काठमाडौँ, २०५६।

२. राधेश्याम खेमका (सं.), 'पञ्च देवीका लीला आख्यान', **कल्याण**, वर्ष ७२, सं. १-२।

३. स्वामी प्रपन्नाचार्य (सं.), 'पञ्चायन मन्दिर र पञ्चायनको अर्थ', **स्वर्गपुरी सन्देश**, पाँचथर, २०५५।

४. Razen Manandhar, Pancha Deval', **Sunday Post**, Aug. 18, 2002 A.D.

ऋषिराम पोखेल **धर्मसन्देश** (२०५६) रचनामा लेख्नुहुन्छ– सनातनीहरूले पुज्दै आएका पाँच देवताहरू गणेश (गन्ध), सूर्य (तेज), देवी (रस), शिव ( स्पर्श) र विष्णु (शब्द) का प्रतीक हुन्। उनको विचारमा प्रतीकोपासना वैदिकदर्शनको विशेषतामै पर्दछ।

राधेश्याम खेमका **कल्याण** (१९९८) को 'पञ्चदेवों का लीला आख्यान' लेखमा भन्नुहुन्छ– परमात्माको सगुण साकार स्वरूप पनि ब्रह्म सिवाय अरू केही होइन तापनि शिव, देवी, सूर्य, विष्णु र गणेशका अवतार लिएर परमात्माले लीला गर्नुहुन्छ, ती लीलामय अवतारहरू नै पाञ्चायन देवता हुन् ।

स्वामी प्रपन्नाचार्यले **स्वर्गपुरी सन्देश** (२०५५) मा पञ्चायतन मन्दिर र पञ्चायन भनेका शिव (आकाश), देवी (वायु), सूर्य (तेज), विष्णु (जल), गणेश (पृथिवी) का प्रतीक जीवात्मालाई परमात्मामा शरणागत गराउने मार्गदर्शक देवताका स्वरूप हुन् । उनी विश्वले यिनै तत्त्वलाई नमस्कार गर्छ भन्ने उल्लेख गर्छन् ।

राजेन मानन्धर **सण्डे पोस्ट** (अगस्ट १८, इ. २००२) मा पशुपति पञ्चदेवलको परिचय दिने क्रममा लेख्छन्– हिन्दुहरूको विशेषता पञ्चदेवको संयुक्त अस्तित्वको स्थापना मन्दिरमा गर्नु हो र शिवपाञ्चायन मन्दिर पशुपति पञ्चदेवलमा स्थापित रहेको कुरा उल्लेख गर्छन् ।

**अप्रकाशित नेपाली शोधपत्र**

१. श्रीमती गीता खतिवडा (रूपाखेती), **त्रिपुरेश्वर महादेव मन्दिर : एक अध्ययन**, शोधपत्र, एम.ए. (संस्कृति), त्रि.वि., २०५९ ।

श्रीमती गीता खतिवडा (रूपाखेती) आफ्नो शोधपत्रमा मानिसले अनादिदेखि गर्दै आएको पाञ्चायनपूजा उसको पाञ्चभौतिक शरीरमा भएका पञ्चतत्त्वको अधिकता र न्यूनताका प्रभावले पाँच प्रकारका पाञ्चायनमध्ये आफ्नो अनुकूल कुनै एकलाई आफ्नो इष्ट र अन्यलाई आवरण मानी गरिने पञ्चदेव पूजा नै पाञ्चायनपूजा हो भन्ने उल्लेख गर्छन् ।

**हस्तलिखित अप्रकाशित रचना**

स्वामी विशुद्धदेव : आफ्नो पाण्डुलिपिमा लेख्नुहुन्छ– गणेश (आकाश), विष्णु (वायु), शिव (तेज), सूर्य (जल), देवी (पृथिवी) का प्रतीक हुन् । पाँचवटैको संयुक्त पूजा अनन्तकोटी ब्रह्माण्ड नायककै पाञ्चायनस्वरूपको पूजा हो ।

पञ्चतत्त्व र पञ्चदेवको सम्बन्ध नै जीवन र जगत् हो भन्ने आसयका अभिव्यक्तिहरू उपर्युक्त पूर्वकार्यको समीक्षाबाट पुष्टि भए पनि पाञ्चायनपूजाको दार्शनिक आधार यो हो र पाञ्चायनपूजा गर्नुको तात्पर्य निरूपणमा भने अपर्याप्तता छ । अतः परिच्छेद दुईमा पूर्वसाहित्य समीक्षाको आधारभूत पक्ष श्रुतिस्मृतिपुराणादि पौरस्त्य वाङ्मयहरूको विश्लेषणद्वारा पाञ्चायनपूजा परम्पराको तात्पर्य निरूपणको प्रयत्न गरिएको छ ।

## १.५ शोधको औचित्य

कर्म, ज्ञान र भक्ति सनातन धर्मका विशेषता हुन् । पाँच शक्तिको स्रोत मानिने पाञ्चायन देवताको पूजाका विभिन्न पक्षको अध्ययनबाट त्यसको महत्त्व बुझ्न सकिन्छ । तेत्तीसकोटि (प्रकार) का देवदेवीहरूमध्ये पाँच देवतालाई विशेष महत्त्व दिनुको प्रयोजनमाथि मानिसहरूको ध्यान कमै गएको छ । यसको दार्शनिक पक्षमा त अनुसन्धान निकै कम भएको छ । सनातन स्मार्तहरूले शताब्दीयौँदेखि गरिआएको परम्परागत पाञ्चायन पूजाप्रति श्रुति, स्मृति, पुराण र दर्शनशास्त्रहरूको दृष्टिकोण महत्त्वपूर्ण छन् । यसमाथि विवेचन गर्दै विभिन्न दार्शनिक सिद्धान्तका आधारमा पञ्चतत्त्वसँग पाञ्चायनको तुलनात्मक व्याख्या शोध प्रबन्धमा प्रस्तुत गरिएको छ । पाञ्चायनका माध्यमले अद्वितीय ईश्वरकै भक्ति गर्ने वैदिक क्रियायोगको अन्वेषण भएकाले यस शोधकार्यको औचित्य एवं महत्त्व स्वतः स्पष्ट छ ।

## १.६ शोधको क्षेत्र र सीमा

विशेष गरी पाञ्चायन उपासनाको क्रिया पक्षको सैद्धान्तिक आधार खोज्नु प्रस्तुत शोधको मुख्य शोधनीय क्षेत्र हो तापनि विभिन्न दृष्टिकोणहरूका कारण दुर्बोध हुन गएको सनातन धर्मका सिद्धान्तहरूमध्ये कुनै एक पक्षको मात्र विवेचन गर्न पनि कैयौँ पक्षका सन्दर्भ आवश्यक हुने गर्छन् । अतएव श्रुति, स्मृति, महाकाव्यहरू र पुराणहरूका साथै न्याय-वैशेषिकादि वेदान्त पर्यन्तका अध्यात्मवादी षड्दर्शनहरू यस शोधका विषय एवं क्षेत्र हुन् । स्पष्टतः आस्तिक दर्शनहरूमा आधारित पञ्चदेवको सामूहिक क्रियापक्षको वैचारिक एवं आध्यात्मिक विवेचनमा मात्र यो शोधकार्य सीमित रहेको छ। नास्तिक दर्शनहरूमा आधारित क्रियापक्ष र आस्तिक दर्शनकै पाञ्चायन इतर अन्य देवी-देवताहरूको उपासनाका क्रियापक्षहरू उदाहरणका रूपमा कतै उल्लेख भए तापनि प्रस्तुत शोधको सीमाभित्र पर्दैनन् ।

## १.७ शोधविधि

पाँच देवता र तिनका अयन वा आश्रयका बीच मर्यादित सम्बन्धका बारेमा वैदिक र लौकिक वाङ्मयले विशद् व्याख्या गरेका छन् । स्पष्टतः प्रस्तुत शोध वाङ्मय विश्लेषणकै आधारमा गरिएको अध्ययन हो । अतएव प्रस्तुत शोधमा अवलोकन र अन्तर्क्रिया विधिलाई खास महत्त्व दिइएको छैन ।

पाञ्चायनपूजा गरिने घरहरूमा थालीमा देवताका मूर्ति वा शालग्राम शिला राखेर गरिने परम्परागत पूजा, विशेष यज्ञमा गरिने पाञ्चायन पूजा, विभिन्न मन्दिरमा स्थापित पाञ्चायन देवताका पूजाको अवलोकनको सामान्य सहयोग लिए पनि शास्त्रीय अध्ययन विधिलाई नै बढी महत्त्व दिइएको छ ।

## १.८ शोधसङ्गठन

शोधकार्यको सङ्गठनको प्रारूप निम्नानुसार प्रस्तुत गरिएको छ :

**परिच्छेद शीर्षक**

१. शोधपरिचय

२. वाङ्मय विश्लेषण

३. पाञ्चायनपूजाको क्रियात्मक पक्ष

४. पाञ्चायन उपासनाको वैचारिक विवेचन

५. पाञ्चायनदर्शनको अध्यात्मिक विवेचन

६. उपसंहार एवं निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# परिच्छेद : दुई

# वाङ्मय विश्लेषण

## २.१ परिचय

वाणी सुनेर, कण्ठ गरेर पाठ गरिने भन्ने अर्थमा वेदलाई श्रुति भनिएको हो। 'विद ज्ञाने' धानुबाट निष्पन्न भएको 'वेद' शब्दको अर्थ जान्नु हो। शब्दब्रह्मस्वरूप प्रणवः अर्थात् वेदलाई अपौरुषेय मानिन्छ। ऋषिहरूले त मन्त्रहरू देखे मात्र भनिन्छ। सम्पूर्ण धर्मको मूल वेदलाई मानिन्छ। समस्त वाङ्मयहरूको स्रोतवेदहरूको मुख्य तीन भेदलाई वेदत्रयी भनिए तापनि ऋक्, यजु, साम र अथर्व गरी वेदको सङ्ख्या चार बताइएको छ। इतिहास र पुराणलाई पाँचौं वेद मानिन्छ। वेदअनुकूल अध्यात्मवादी समस्त शास्त्रहरूलाई पौरस्त्यवाङ्मय भनिन्छ।

वेदमा मन्त्रहरू सङ्ग्रह गरिएका छन्। सङ्ग्रह गरिएका वेदको मन्त्रहरू एक लाख रहेका थिए। मन्त्र सङ्ग्रहलाई संहिता भनिन्छ। यसरी चार वेदको अर्थ नै चार सहिता भन्ने हुन्छ। छन्दोबद्ध ऋचा (मन्त्र) सङ्ग्रहित भएको हुनाले पहिलो वेदलाई ऋग्वेद भनिएको हो। यज्ञ हवन र यजन वैदिक उपासना हो। होता यज्ञकर्ता हो।

यजुर्वेदको प्रत्यक्ष सम्बन्ध यज्ञसँग रहेको छ। यजुर्संहिताका दुई भेद छन्। शुक्लयजुर्वेद र कृष्णयजुर्वेद। शुक्लयजुर्वेदमा मन्त्र मात्र छन्। विनियोग वाक्य छैनन्। कृष्णयजुर्वेदमा भने पद्य र गद्य दुवै छन्। यज्ञकार्य कृष्णयजुर्वेदको विषय रहेको छ। कृष्ण यजुर्वेदका चार संहिता छन्। जसमध्ये एक तैत्तरीय संहिता हो। श्रीमद्‌भागवतमहापुराणमा यसबारेको कथा प्रसिद्ध

छ। यसअनुसार आचार्य वैशम्पायनलाई ब्रह्महत्याको पाप लागेछ। पापमोचनको प्रायश्चित्त गराउने सन्दर्भमा उनका शिष्य याज्ञवल्क्यसँग मतभेद भयो। वैशम्पायनले आफूले दिएको यजुर्वेदको शिक्षा फिर्ता गर्ने आदेश दिए। याज्ञवल्क्यले पनि आफूले पाएको यजुर्वेद शिक्षा वमन गरिदिए। वैशम्पायनका शिष्यले त्यस वमनलाई तित्राको रूप लिई खाए। तित्तिराको नामबाट त्यस शाखाको नाम तैत्तिरीय शाखा भएको हो।[१] याज्ञवल्क्यको उपासनाबाट प्रसन्न भएका सूर्यले बाजी (अश्व) रूपधारण गरी आजसम्म कसैले प्राप्त नगरेको शुक्लयजुर्वेद प्रदान गरे।[२] त्यसबाट याज्ञवल्क्यले काव्य-माध्यान्दिनादि पन्ध्र शाखा विस्तार गरे। नेपालका सबै वैदिक कर्मकाण्ड र यज्ञहरू शुक्लयजुर्वेदको माध्यन्दिन शाखाका आधारमा सम्पन्न गरिन्छन्।

सामवेद गेयत्व गुण भएको वेद हो। यसका १५४९ ऋचाहरूमध्ये ७५ ऋचा स्वतन्त्र छन् भने अन्य सबै ऋचा ऋग्वेदका छन्। गीतामा श्रीकृष्णले स्वयंलाई वेदहरूमध्ये सामवेद हुँ भनेका छन्। यसबाट यसको महत्त्व स्पष्ट हुन्छ।

अथर्ववेदमा यज्ञबारेमा धेरै कुरा पाइँदैन मोहन, मारण र उच्चारणका साथसाथै विवाह र श्राद्धजस्ता क्रियाहरूको बढी वर्णन पाइन्छ। आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थ (स्थापत्य) शास्त्रलाई उपवेद भनिन्छ।

श्रीमद्भागवतले उपर्युक्त चार वेद, उपवेद, ब्राह्मण, आरण्यक, उपनिषद् वेदाङ्गका साथै इतिहास र पुराणसमेतलाई पाँचौँ वेदका रूपमा लिएको छ[३]। यसरी वेद अनुकूल स्मृति एवं इतिहास (रामायण, महाभारत) पुराणहरूसमेत

---

१. *यजूंषि तित्तिरा भूत्वा तल्लोलुपतयाऽऽददुः*
*तैत्तिरीया इति यजुः शाखा आसन् सुपेशलाः॥ (भा. १२।६।६५)*

२. *एवं स्तुतः स भगवान् वाजिरूपधरो हरिः।*
*यजूंषयातयामानि मुनयेऽदात् प्रसादितः॥*
*यजुर्भिरकरोच्छाखा दशपञ्च शतैर्विभुः। (भा. १२।६।७३, ७४)*

३. *ऋग्यजुः, सामथर्वाख्या वेदाश्चत्वार उद्धृता।*
*इतिहास पुराणं च पञ्चमो वेद उच्यते॥ (भा. १।४।२०)*

वेद सरह प्रामाणिक मानिएको छ ।

ब्राह्मण ग्रन्थहरू वैदिक कृतिहरू हुन् जसमा ऐतरेय ब्राह्मण, शतपथ ब्राह्मण तैत्तिरीय ब्राह्मण आदि प्रसिद्ध छन् । वैदिक आख्यानको साथसाथै प्राय यज्ञ, देवता, ज्ञान र भक्ति जस्ता रहस्यमय विषयहरू छन् । ब्राह्मणपछि आरण्यक ग्रन्थहरू पनि आए । उपनिषद्को विवेचन वेदान्तका नामले प्रख्यात मानिन्छ । झण्डै १०८ जति नाम भएका उपनिषद्हरूका बारेमा जानकारी भएको छ । यिनमा बृहदारण्यक, छान्दोग्य, ऐतरेय, कौषीतकी, तैत्तिरीय, केन, कठ, ईश श्वेताश्वतर, प्रश्न र माण्डूक्य  एघारवटा उपनिषद्हरू बढी प्रसिद्ध छन् । वैदिक ऋषिहरूका आध्यात्मिक विचार, आत्मज्ञान, आत्मा र परमात्माको ऐक्य वा ब्रह्मको अनुभूतिको चर्चा छ । सङ्क्षेपमा भन्दा वैदिक ज्ञान पक्ष उपनिषद्को मुख्य विषय हो । अर्को शब्दमा वैदिक दर्शन अर्थात् प्राचीनतम वेदान्त दर्शनका बारेमा विचार गर्ने प्रथम साहित्य नै उपनिषद् हो । यसले मोक्ष वा ब्रह्मको प्राप्तिलाई जीवनको अन्तिम लक्ष्य मानेको छ । अद्वैत वेदान्तका प्रसिद्ध विद्वान् आद्यजगद्गुरु शङ्कराचार्यले ब्रह्म (आत्म) तत्त्व अनुसन्धान गर्नुलाई भक्ति अर्थात् मोक्ष प्राप्तिको महत्त्वपूर्ण साधन मानेका छन् ।

वेदको अर्थ र प्रतिपादित विषय बुझाउने साहित्य वेदाङ्ग हो । शिक्षा, व्याकरण, निरुक्त छन्द, ज्योतिष र सूत्र (कल्प) गरी वेदाङ्ग छ प्रकारका छन् । वेदको शुद्ध उच्चारणलाई ध्यानमा राखी शिक्षा, वैदिक उच्चारण शुद्ध होस् भन्ने उद्देश्यले व्याकरण र वेदको अर्थ लगाउने अभिप्रायले निरुक्त ग्रन्थको निर्माण भएको पाइन्छ । रचनाहरू पद्यमा भएकोले छन्द, जीवनमा असर पार्ने ग्रहहरूको विद्या ज्यौतिष र सामाजिक धार्मिक जीवनलाई गति दिन कल्पसूत्रको रचना भएको मानिन्छ ।

तीन भागमा विभाजित कल्पसूत्र साहित्य श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्रको ठूलो महत्त्व छ । श्रौतसूत्रमा वैदिक यज्ञ, गृह्यसूत्रमा संस्कार अनुष्ठानजस्ता

कर्मकाण्ड र धर्म एवं शुल्ब सूत्रमा धार्मिक र सामाजिक व्यवस्थाका विषय छन् ।

स्मृतिको सामान्य अर्थ सम्झनु भन्ने हुन्छ। भावार्थमा स्मृति भनेको धर्मशास्त्र हो । सम्झनुपर्ने विषय भन्ने अर्थमा धर्मशास्त्रलाई स्मृति भनिएको प्रतीत हुन्छ । स्मृति श्रौतसूत्र गृह्यसूत्र र धर्मसूत्रको विस्तार हो । वर्ण, आश्रम जातिव्यवस्था, पञ्च ऋण, संस्कार, परिवार, धार्मिक सदाचारजस्ता विभिन्न विषयहरू स्मृति साहित्यका विवेच्य विषय हुन्। प्रसिद्ध स्मृति ग्रन्थहरूमा मनुस्मृति, याज्ञवल्क्यस्मृति, नारदस्मृति, बृहस्पतिस्मृति र कात्यायनस्मृति पर्दछन्। उक्त स्मृतिहरू निकै पुराना स्मृति मानिन्छन् र धेरै प्रचलित पनि छन्। स्मृतिहरूका विषयमा विद्वान्हरूले विभिन्न टीका-टिप्पणी गर्दै भाष्य लेखेका छन् । मनुस्मृतिका टीकाकारहरूमध्ये मेधातिथि गोविन्दराज र कुल्लूक भट्टका टीका धेरै प्रसिद्ध छन् । यसै गरी याज्ञवल्क्यस्मृतिका टीकाकारहरूमध्ये विश्वरूप, विज्ञानेश्वर आदि प्रसिद्ध छन्। यस्ता टीकाकारहरूले आफ्ना समयका धार्मिक विश्वास र समाजको जटिलतामाथि ध्यान दिएको प्रतीत हुन्छ । स्मृति साहित्यका ग्रन्थहरूको सङ्ख्याका बारेमा धेरै थाहा भएको छैन । पद्मपुराणअनुसार ३६ स्मृति थिए । गौतमले यिनको सङ्ख्या ५६ बताएका छन् भने वीरमित्रोदले ५७ मानेको छ ।

श्रीरामको चरित्र रामायण र कौरव र पाण्डवको आख्यान बताउने महाभारत दुवै महाकाव्य हुन्। यी दुई महाकाव्यबाट तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक विशेषताहरूका अतिरिक्त धार्मिक र दार्शनिक विषयमा पनि निकै प्रकाश परेको छ। यस अतिरिक्त श्रीराम र श्रीकृष्णका महानता बताउने महत्त्वपूर्ण कृतिहरू भगवान्का भक्तिकाव्य पनि हुन्। श्रीमद्भगवद्गीता महाभारतको सार अंश हो, जसमा कर्म, ज्ञान र भक्तियोगका कुराको साथसाथै वेदान्त र साङ्ख्यका कतिपय दार्शनिक विशेषताहरू पनि पाइन्छन् । महाकाव्यहरूलाई इतिहास ग्रन्थ पनि भनिन्छ ।

पुराणको शाब्दिक अर्थ पुराना कथा भन्ने हुन्छ। वाच्यार्थमा पुराणलाई पुरुषोत्तम पनि भनिन्छ। यसमा तत्कालीन आर्थिक, सामाजिक र धार्मिक जीवनका महत्त्वपूर्ण सूचना प्रदान गर्ने साहित्य भण्डार नै पाइन्छ। सात्विक, राजस र तामस तीन वर्गमा मुख्य पुराण अठार छन्। ती हुन्– १. ब्रह्मपुराण, २. पद्मपुराण, ३. विष्णुपुराण, ४. भागवतपुराण, ५. नारद पुराण, ६. मार्कण्डेय पुराण, ७. अग्निपुराण, ८. भविष्य पुराण, ९. ब्रह्म वैवर्तपुराण, १०. लिङ्गपुराण, ११. वाराहपुराण, १२. स्कन्दपुराण, १३. वामन पुराण, १४. कूर्म पुराण, १५. मत्स्य पुराण, १६. गरुड पुराण, १७. ब्रह्माण्ड पुराण र १८. शिव पुराण। त्यसमा पनि कैवल्य प्रयोजनका लागि सबभन्दा महत्त्वपूर्ण भागवत पुराणलाई सर्ववेदान्त सारसङ्ग्रह नै मानिन्छ[४]।

मुख्य विषयहरूका दृष्टिले पुराणहरूका पाँच लक्षण बताइएका छन्। जस्तै– सर्ग (सृष्टि), प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरित। तर श्रीमद्भागवत महापुराणमा त्यसबाहेक वृत्ति, रक्षा, संस्था, हेतु र अपाश्रय पाँच लक्षण थप गरी दस लक्षणको विवेचन छ।

सर्गको सामान्य अर्थ आदि सृष्टि भन्ने हुन्छ। सृष्टि भनेको सर्जन हो, निर्माण हो। भूः भुवः स्वः (पृथिवी, अन्तरिक्ष, स्वर्ग) का गुणहरूको साम्यावस्था अर्थात् निर्गुणात्मक पञ्चतत्त्वलाई गुणवैशम्यमा लैजाने इच्छाशक्तिको प्राकट्यलाई सर्ग भनिएको हो। पञ्चतन्मात्रासँग साम्यावस्थामा रहेको त्रिगुण अष्टधा प्रकृति र परमात्मामै गणना गरिने काल रूपमा लीन रहेको इच्छाशक्ति (जीवभूत सनातन अंश) सृष्टिका लागि पर्याप्त सत्ता हुन् तापनि अनन्त आनन्दस्वरूप अक्षयकालका प्रेरणाविना सृष्टि हुँदैन। सबैलाई आफैँमा लीन र प्रकट गर्नसक्ने अद्वितीय परमात्माका सिसृच्छाले आफ्नै क्षर र अक्षर स्वरूप, अपरा र परा प्रकृतिमा कालका प्रेरणाको प्रदर्शनलाई सृष्टि (सर्ग) भनिएको

४. *वेदोपनिषदां साराज्जाता भागवती कथा (भा.म. १।२।६७)*

हो[५] । उपनिषद्, गीता र भागवतले उक्त कुराको समर्थन गरेका छन् । सबै प्रकारका सृष्टि आत्मसिद्धिका लक्षणहरू हुन् । यो सबै मनुष्य रूपमा देख्न सकिन्छ । विराट् पाञ्चायतनको नमूनास्वरूप शरीर विराट् पञ्चभूतमै लय हुन्छ । विराट् विश्व (पृथिवी) जल, तेज, वायु, आकाश, अहङ्कार, महत्तत्त्व र मूलप्रकृति आत्मामा क्रमशः लय हुने हुनाले पुनः आत्माबाटै विशेष सृष्टि पनि हुन्छ[६] । त्यसैले सर्गको तात्पर्य आत्मनिरूपण गर्ने निरन्तर प्रक्रिया मात्र हो ।

प्रतिसर्गको सामान्य अर्थ सृष्टिको विस्तार, प्रलय र पुनः सृष्टि भन्ने हुन्छ । महतत्त्व अर्थात् समष्टि इच्छा शक्ति, परमात्मा, अन्तर्यामी, अक्षयकालको अनुग्रहले हिरण्यगर्भलाई प्राप्त हुने सृष्टि सामर्थ्यले विशेषतः समस्त जीवका पूर्ववासना (प्रारब्ध) अनुसार महद्योनि (स्थावर जङ्गम उपाधियुक्त मूलप्रकृतिमा विभिन्न कीटपतङ्गपशुमनुष्यादि परिणति हुनुलाई प्रतिसर्ग भनेको हो[७] ।

वंशको सामान्य अर्थ देवता र ऋषिहरूको वंशावली भन्ने हुन्छ । सृष्टिकर्ता जगत्का अन्तरात्मा अर्थात् हिरण्यगर्भका प्रभावले समस्त चराचरमा गति पैदा भई त्यसका क्षोभले ल्याउने प्रथम सृष्टि स्वयं ब्रह्मा जगत्स्रष्टा हो । ब्रह्माको सृष्टिमा भएका देवता, ऋषि र प्रजारक्षक राजाहरू सबैका सन्ततिहरूलाई वंश भनिएको हो ।

एक मनुपश्चात् अर्को मनुको पालाको अन्तर नै मन्वन्तर हो । मनु,

---

५. *आत्मा वा इदमेक एवाग्र आसीत् । नान्यत्किंचन मिषत् ।*
*स ईच्छत लोकान्नुसृजा इति । (ऐ. १।१।१)*
*असद् वा इदमग्र आसीत् । तेतो वै सदजायत । तदात्मानं स्वयमकुरूत । (ऐ. २।७)*

६. *भूत मात्रेन्द्रियाधियां जन्म सर्ग उदाहृतः ।*
*ब्रह्मणो गुणवैसम्याद् विसर्गः पौरुषः स्मृतः ॥ (भा. २।१०।३)*
*अव्याकृतगुणक्षोभान्महतस्त्रिवृतोऽहमः ।*
*भूतमात्रेन्द्रियार्थानां सम्भव सर्गउच्यते ॥ (भा. १२।७।११)*

७. *पुरुषानुगृहीतानांमेतेषां वासनामयः ।*
*विसर्गोऽयं समाहारो बीजाद् बीजं चराचरम् ॥ (भा. १२।७।१२)*

मनुपुत्र, देवता, इन्द्र आदिका महत्त्वपूर्ण घटनाहरूको विवरण मन्वतरमा हुन्छ। कल्पमा सृष्टि धेरैपल्ट हुन्छ र त्यसका मुख्य कारक मनु हुन्छन्।

राजवंशका चरित्रविवेचन नै वंशानुचरित हो। परमपिता ब्रह्माले लोकरक्षार्थ सम्प्रभुतासहित गर्न राजाको सृजना गरेका हुन्। यसरी पुराणका मुख्य पाँच लक्षणहरूमा वंशानुचरित पनि महत्त्वपूर्ण मानिएको छ[८]।

भागवत महापुराणमा पर्नु उक्त पाँच लक्षणसहित अन्य पाँच लक्षणहरू वृत्ति, रक्षा, हेतु, संस्था र अपाश्रयसमेत दस लक्षणको उल्लेख छ।[९]

सबै जीव आ-आफ्ना वृत्ति अनुसार जीवन निर्वाहमा प्रवृत्त हुन्छन्। जीव जगत्को निरन्तरतामा प्रवृत्तिले महत्त्वपूर्ण स्थान लिएको हुन्छ। प्राणीहरू चर हुन् पाञ्चभौतिक प्रकृति अचर हो चरको निर्वाह अचरबाट हुन्छ। पञ्चतत्त्वका परिणाममा उत्पन्न हुने अन्न, फल, फूल अचर भए पनि जीवका निर्वाहका साधन हुन्। चराचर सृष्टि प्रकृतिबाट हुन्छ, तर चर (जीव) आफूलाई कर्ता ठान्दछ[१०]। पञ्चतत्त्व नै सगुणकाल (प्रकृति)का प्रभावले जीव बन्ने र केही नगरी बस्न नसक्ने हुँदा ऊ स्वभावै अन्नदेखि ब्रह्मपर्यन्त यज्ञकर्म गरिरहन्छ। श्रीमद्भगवद्गीता, मनुस्मृति र श्रीमद्भागवत महापुराणले यिनै कुरा पुष्टि गरेका छन्[११]।

---

८. *वंशानुचरितं तेषां वृत्तं वंशधराश्च ये (भा. १२।७।१६)*

९. *सर्गोऽस्याथ विसर्गश्च वृत्ती रक्षान्तराणि च।*
*वंशोवंशानुचरितं संस्था हेतुरपाश्रयः॥*
*दशभिर्लक्षणैयुक्तं पुराणं तद्विदो विदुः। भा. १२।७।९, १०*

१०. *प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सवर्शः*
*अहंकार विमूढात्मा कर्ताहमिति मन्यते॥ (गी. ३।२७)*

११. *अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्न सम्भवः॥*
*यज्ञाद्भवति पर्जन्योयज्ञ कर्मसमुद्भवः॥ (गी. ३।१४)*
*कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम्।*
*तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्॥ (गी. ३।१५)*
*अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपजायते।*
*आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः॥ (मनु. ३।७६)*

पुराणका दस लक्षणमध्ये सातौँ लक्षण रक्षा हो। जीव अर्थात् प्राणीले प्राण धान्नु शरीररक्षा हो। प्राणीहरू गुण र स्वभावअनुसार काम गर्छन्। मानिस सर्वश्रेष्ठ प्राणी भएर पनि प्रकृतिका प्रभावले गुण र कर्मानुसार वृत्तिमा प्रवृत्त हुन बाध्य हुन्छ। प्रवृत्ति संयमन गर्ने मानिसको महत्त्वपूर्ण साधन शास्त्राज्ञाको आचरण नै हो। पहिलो प्रवृत्ति आहार ग्रहण हो। विनाआहार प्राणी जीवित रहँदैन। शिष्ट स्वभावको आहार र दुष्ट स्वभावको प्रत्याहार दुवै प्रवृत्ति निरन्तर भइरहन्छन्[१२]। श्वास आहार हो भने प्रश्वास प्रत्याहार हो। यस्तो प्राणरक्षा गर्ने साधनको नियमनलाई प्राणायाम पनि भनिन्छ। जो यो नियमको बेवास्ता गर्छन् त्यस्तालाई नियमन गर्न भगवान्ले विभिन्न अवतार लिन्छन्। दुष्ट विनाश साधुरक्षाद्वारा समग्रमा विश्वरक्षा हुन्छ।

तत्त्वज्ञहरू चार प्रकारका प्रलयलाई संस्था भन्दछन्। प्रलय (लीन हुनु) पनि भागवतका दस लक्षणमध्ये एक लक्षण हो। चराचरको सनातन प्रक्रियामा स्वभावैले नैमित्तिक, प्राकृत, नित्य र आत्यन्तिक गरी चार प्रकारका लय हुने गर्दछन्।[१३]

विश्वको कारण अर्थात् हेतु पनि एक लक्षण हो। चराचर विश्वको निरन्तरताको हेतु प्रकृतिमा निर्भर गर्छ। स्वभावअनुसार प्रकृतिमा क्षोभ उत्पन्न गर्ने जीवको स्वाभाविक गति (कलयत काल) लाई नै श्रीमद्भागवत पुराणको नवौँ लक्षण **हेतु** भनिएको हो। नवधा प्रकृतिमा आठ जड छन्, नवौँ

---

*व्यतिरेकान्वयो यस्य जाग्रतस्वप्नसुषुप्तिषु।*
*मायामयेषु तद्ब्रह्म जीववृत्ति स्वपाश्रयः॥ (भा. १२।७।१९)*

१२. *वृत्तिर्भूतानि भूतानां चराणामचराणिच*
*कृतास्वेन नृणां तत्र कामाच्चोदनयापिवा*
*रक्षाच्युतावतारेहा विश्वस्यानु युगे युगे।*
*तिर्यङ्मर्त्यर्षिदेवेषु हन्यन्ते यैस्त्रयीद्विष॥ (भा. १२।७।१३,१४)*

१३. *नित्यो नैमित्तिकश्चैव तथा प्राकृकिोलय।*
*आत्यन्तिकश्च कथितः कालस्य गतिरीदृशी॥ (उही. ३८)*
*नैमित्तिकः प्राकृतिको नित्य आत्यन्तिको लयः।*
*संस्थेति कविभिः प्रोक्ता चतुर्धास्य स्वभावतः (भा. १२।७।१७)*

चेतन जीवसमेत मूल प्रकृति नै भगवान्को दैवी गुणवती माया[१४] भएकाले जीवभन्दा शक्तिशाली छ। त्यस्तो मायाको कारण दुई प्रकारको छ निमित्त र उपादान, निमित्तकारण जीव हो भने त्रिगुणात्मक पञ्चशक्ति उपादानकारण हो[१५]।

अपाश्रयको अर्थ अनिर्वचनीय सत्ता हो। प्राचीन वाङ्मयको आदि स्रोत मानिने ॐ का तीन ध्वनि = अ, उ, म-लाई जीवको जाग्रत, स्वप्न सुसुप्ति तीन कालसँग तुलना गरिएको छ। त्यस्तै भू. भुवः, स्वः तीन अवस्थासँग पनि तुलना हुन्छ। तुलनीय भएकाले अ+उ+म = जागृत + स्वप्न + सुसुप्ति = भूः भुवः स्वः पनि लक्ष्य होइनन् लक्षण मात्र हुन्। वेद, वेदान्त, इतिहासपुराण आदि वाङ्मयहरूले आफ्नो अनन्यतम, अनिर्वचनीय लक्ष्यलाई **अपाश्रय** भनेको छ। चारौँ तुरीय चिह्न चन्द्रविन्दु समेतको संयुक्त अवस्थालाई शब्दब्रह्म (ॐ) भनिन्छ। वस्तुतः शब्दब्रह्म, चारै वेदसंहिताहरूको आश्रय आकाशमा अन्तरनिहित तुरीयातीत आत्माको वाचक हो। बाहिरी आवरण वाच्यवाचक स्वरूप वैदिक वाङ्मयको स्रोत ॐ नै पाञ्चायनस्वरूप सगुण ब्रह्मको मूल मन्त्र हो। यसका दृष्टिमा अन्तरनिहित आत्मा नै अपाश्रय हो। यसरी वैदिक र पौराणिक वाङ्मयहरूको स्रोत शब्दब्रह्म आकाशका गुणहरूद्वारा आत्मालाई नै आश्रयतत्त्व निर्वचन गरेको छ।

सामान्यतया दर्शनले धर्मको सैद्धान्तिक पक्षको विवेचन गर्छ। दृश् धातुबाट बनेको दर्शनको अर्थ वास्तविक तत्त्वलाई देख्नु भन्ने हुन्छ। जीवनमा आइपरेको दुःखको अन्त खोज्नु अर्थात् मोक्ष पाउनु सनातन धर्मको लक्ष्य हो। वेद र ईश्वर वा तत्समकक्ष सत्तालाई स्वीकार्ने त्यस्ता अध्यात्मवादी दर्शनका संख्या छ छन्। ती छवटा आस्तिक दर्शन यसप्रकार छन् : न्याय वैशेषिक,

---

*१४. मायां तु प्रकृतिविद्यान्मायिनं तु महेश्वरम्।*
*तस्यावयव भूतैस्तु व्याप्तं सर्वमिदं जगत्॥ (श्वेता. ४।१०)*
*दैवीह्येषा गुणमयी ममभाया दुरत्यया (गी. ७।१४)*

*१५. हेतुर्जीवोऽस्य सर्गादेरविद्याकर्मकारकः।*
*यं चानुशयिनं प्राहुरव्याकृतमुतापरे। (भा. १२।७।१८)*

साङ्ख्य, योग, मीमांसा र वेदान्त, सांख्य र मीमांसा प्राचीनतम दर्शन मानिन्छन् । न्याय र वैशेषिक ईश्वर र विश्वात्माका विषयमा समान विचार राख्छन् । यसैगरी सांख्य र योगको पुरुष र प्रकृतिका बारेमा धारणा समान छन् । मीमांसा र वेदान्त दुवैको वैदिक पृष्ठभूमिमा विकास भएको हो । मीमांसालाई दुई भागमा विभाजित गरिएको छ। एउटा पूर्व मीमांसामा कर्मकाण्डलाई जोड दिइएको छ भने अर्को उत्तर मीमांसामा ज्ञानलाई जोड दिइएको छ । आत्मवादी वैदिक दर्शनहरूमा उत्तरमीमांसा मुख्य हो र यसैलाई वेदान्तदर्शन पनि भनिन्छ। पौरस्त्य वाङ्मयहरूको निष्कर्ष वेदान्त हो। वेदान्तकै सविशेष र निर्विशेष दुई भेदमध्ये पाञ्चायन उपासना सविशेष वेदान्त हो । सविशेष वेदान्त सशक्तिकईश्वरोपासनालाई भगवद्भक्ति ठान्दछ ।

## २.१.१ **पौरस्त्य वाङ्मय र पाञ्चायन विवेचन**

वैदिक वाङ्मयभण्डार ज्यादै विशाल छ । पाञ्चायनका सम्बन्धमा प्रत्यक्ष उल्लेख भएका संस्कृत ग्रन्थहरू कमै उपलब्ध छन्। पञ्चायतनका आधारभूत पञ्चतत्त्वका सम्बन्धमा भने वाङ्मयहरूमा विशद् विवेचन भएका छन् । वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, स्मृति, पुराण र दर्शनशास्त्रहरूमा पञ्चप्राण, पञ्चमहाभूत, पञ्चतन्मात्रा, पञ्चज्ञानेन्द्रिय, तीन गुण, मन, बुद्धि, चित्त, अहंकार, इन्द्रिय र अधिष्ठाता देवताहरूका बारेमा प्रशस्त चर्चा भएका छन् । चार वेद, चार उपवेद, छ वेदाङ्ग, छ दर्शनका प्राचीन संस्कृत वाङ्मय श्रुति, स्मृति पुराणेतिहास र दर्शन गरी तीन मुख्य वर्गमा समेटिएको छ। ऋक्, यजु, साम, अथर्व संहिताहरूलाई चार वेद र इतिहास-पुराणलाई पाचौं वेदसरह मानिन्छ। वेदाङ्गहरूमा व्याकरण, छन्द, निरुक्त कल्प, ज्यौतिष र शिक्षाशास्त्रहरू पर्दछन्। उपवेदमा आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थ ( स्थापत्य) शास्त्र पर्दछन् । षड्दर्शनहरूमा न्याय, वैशेषिक सांख्य, योग, मीमांसा र वेदान्त हुन् । यस्ता वाङ्मयहरूको विवेचन यस अध्याययमा गरिएको छ । वाङ्मयहरूमा भएका पाञ्चायनसम्बन्धी विषयको अध्ययन गर्नु यस

परिच्छेदको प्रयोजन रहेको छ ।

वेदको तात्पर्य ज्ञान हो । आजसम्म प्राप्त वाङ्मयका प्राचीनतम स्रोत वेद हो । वेदबाट निरूपण गरिने अनुभूतिलाई आनन्दस्वरूप परब्रह्म भनिन्छ । श्रुति परम्पराबाट विकसित आत्मनिरूपण गर्ने मन्त्रसङ्ग्रहहरूलाई संहिता भनिन्छ ।

ऋक्, यजु, साम र अथर्व चार संहिताहरू वेदका नामले प्रसिद्ध छन् । तिनका अतरिक्त अध्यात्म अनुसन्धानमा पाँचौं वेद भनिने पुराण इतिहाससमेतको चर्चा महत्त्वका साथ गरिन्छ ।[१६] चारै वेदहरूको साथसाथ इतिहास पुराणहरूको पनि रहस्य पाँचौ वेदहरूको पनि वेद ईश्वर नै वेदान्तदर्शनको दर्शनीयतम तत्त्व मानिन्छ ।[१७] वेदान्तको राम्ररी प्रतिपादन उपनिषद्हरूमा गरिएको छ । वैदिक सिद्धान्तका अनुयायीहरूको निष्कर्ष सबैको हृदयमा रहने अन्तरात्मा वासुदेव नै ईश्वर हो ।[१८]

वेदकै प्रतिपाद्य आत्मासँग पञ्चतत्त्वको आश्रय पञ्चायतनीको तादात्म्य छ । पाञ्चभौतिक शरीर आयतन हो भने आत्मा त्यसको आयतनी अर्थात् शरीरी हो । त्यसैले यसलाई पञ्चायतनी भनेको पाइन्छ । पाञ्चभौतिक शरीरको अस्तित्व पञ्चप्राणले धानेको हुनाले आत्माको धर्म भनेको प्राण र उसको धर्मी प्राणी हो । जड र चेतन संयुक्त स्वरूपमा प्रकट हुन्छ । सनातन भन्नु जीवन्त पञ्चतत्त्वकै आयतनमा रहने चेतन पुरुष हुन् । पञ्चायतनीचाहिँ पुरुषोत्तम प्राण एवं प्राणी दुवैको आश्रय ईश्वरसमान मानिन्छ ।[१९] त्यसको

१६. *ऋग्यजुः सामथर्वाख्या वेदाश्चत्वार उद्धृता ।*
*इतिहास पुराणं च पञ्चमो वेद उच्यते ॥ (भा. १।४।२०)*

१७. (क) *सहोवाच ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणञ्चतुर्थ-मितिहासपुराणं पञ्चमं वेदानां वेदं (छा. ७।१।१२)*
(ख) *इतिहासपुराणानि पञ्चमं वेदमीश्वरः । (भा. ३।१२।३९)*

१८. *ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति । (गी. १८।६१)*

१९. (क) *पुरुषएवेदं सर्वं यद्भूतं यच्चभाव्यम् । (यजु. ३१।२)*
(ख) *उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृत ।*
*यो लोकत्रपभाविश्य विर्भर्त्यव्यय ईश्वरः ॥ (गी. १५।१७)*

वाचक एकमात्र वेद ॐको यथार्थ स्मर्ता चतुर्मुख ब्रह्मा हुन्। ब्रह्मका मुखबाट चार संहिता प्रकट भएको मानिन्छ। ब्रह्माको स्मृतिस्वरूप अद्वितीय पुराणपुरुषोत्तम नै वेदहरूको प्रतिपाद्यतत्त्व हो। कल्पान्तरमा एकाक्षर ब्रह्मनादस्वरूप ॐ कारबाटै स्वर र व्यञ्जनको वर्णमाला उत्पन्न भएको मानिन्छ।[२०] शब्दब्रह्मद्वारा विवेचित वेदान्त दर्शनको सगुण तथा निर्गुणजगत्कै अन्तरात्मा हिरण्यगर्भ हो। सांख्य र योग पद्धतिद्वारा पनि मोक्षको मार्गमा पुग्न सकिन्छ।[२१] संस्कृत वाङ्मयहरूका विविध मतमतान्तर उक्त सिद्धान्तअन्तर्गत समेटिएको छ। वर्ण, आश्रम, जातिव्यवस्था, पञ्चऋण, संस्कार, परिवार, धार्मिक सदाचारजस्ता विभिन्न विषयहरू स्मृतिहरूका विवेच्य विषय हुन्। प्रसिद्ध स्मृतिग्रन्थहरूमा मनुस्मृति, याज्ञवल्क्यस्मृति, नारदस्मृति, बृहस्पतिस्मृति, पराशरस्मृति र कात्यायनस्मृतिहरूका रूपमा रहेको पाइन्छन्। विशेषतः श्रुतिकै आधारशास्त्र मनुस्मृतिले पञ्चमहायज्ञलाई नित्यकर्मको रूपमा निर्देश गरेको छ। सबै यज्ञ प्रारम्भ गर्दा पञ्चदेवको स्मरण गर्नु भन्ने आह्निक सूत्रावलिको भनाइ स्मृतिकै अनुशरण हो। पुराण र इतिहासको सार र रामायण, महाभारत, श्रीमद्भागवत् विवेचनलाई श्रुतिस्मृति

---

*२०. एक एव पुरा वेदः प्रणव सर्ववाङ्मयः ।*
*देवो नारायणो नान्य एकोऽग्निर्वर्ण एव च ॥ (भा. ९।१४।४८)*
*कृगदर्थवयजुः साम्नां राशीनुद्धृत्य वर्गशः ।*
*चतस्रः संहिताश्चक्रे मन्त्रैर्मणिगणा इव । (भा. १२।६। ५०)*
*ततोऽ क्षरसमाम्नायमसृजत् भगवानज ।*
*अन्तःस्थोस्म स्वरस्पर्शह्रस्वदीर्धादि लक्षणम् ॥ भा. १२।६।४३)*
*तेनासौ चतुरो वेदांश्चतुर्भिवदनै र्विभुः ।*
*सव्याहृतिकान् सोङ्कारां श्चातुर्होत्र विवक्षया ॥ (भा. १२।६।४४)*

*२१. साङ्ख्यस्य वक्ता कपिलः परमर्षिः स उच्चयते ।*
*हिरण्यगर्भो योगस्य वेत्ता नान्यः पुरातनः ॥ (महाशान्ति ३४९।६४-६५)*
*(क) हिरण्यगर्भ : समवर्तताग्रे भूतस्यजातः पतिरेक आसीत् । (यजु १३।४)*
*(ख) हिरण्यगर्भो जगदन्तरात्मा (अद्भूत रामायण १५।६)*
*(ग) सांख्यं योगः पाञ्चरात्रं वेदाः पाशुपतं तथा ।*
*ज्ञानान्येतानि राजर्षे विद्धि नानामतानि वै ॥*

पुराणादि वाङ्मयहरूकै  सारसङ्ग्रह मानिन्छ ।[२२]

पाञ्चायनपूजा वा पञ्चमहायज्ञको रहस्य जीव, ईश र जगत्को आश्रयद्वारा जानिने आत्मतत्त्व नै वाङ्मयको विषय हो । [२३] ब्रह्माले क्रियायोगपद्धति र कपिलले ज्ञानयोगपद्धतिबाट खोजेको पनि त्यही तत्त्व हो । त्यसैले सांख्य र योगद्वारा जानेर आत्मा नै काल, तन्मात्रा, महाभूत, इन्द्रिय र अन्तःकरण पाँच वर्गका आयतन स्वरूप प्रकृति, पुरुषको विवेक गरिएको छ ।[२४] चौबीस तत्त्वलाई जड प्रकृति र पच्चीसौँ चेतन पुरुषलाई प्रकृति-विकृतिभन्दा पर मान्ने सांख्यदर्शन र यसैमा छब्बीसौँ ईश्वरसमेत मान्ने योगदर्शन दुवैको मूल मन्त्र ॐ नै हो । यही जीव र ब्रह्म अर्थात् पुरुष र पुरुषोत्तमको एकता सिद्ध गर्ने समस्त वैदिक वाङ्मयहरूकै स्रोत उक्त मन्त्र हो ।

अद्वैत आत्मामै चौबीस अवयवको क्षर पुरुष, पच्चीसौँ अक्षर पुरुष र छब्बीसौँ उत्तम पुरुष अविनाशी कालतत्त्वलाई जीवात्म परमात्मकै ऐक्य अद्वैत सिद्ध गरिएको छ[२५] तर त्यो अपराप्रकृति, पराप्रकृति दुवैको प्रेरक उत्तमपुरुषको

---

२२. *इमां भागवतीं प्रीतः संहितां वेदसम्मिताम् । (भा. १२।४।४२)*
*सर्ववेदान्तसारं हि श्री भागवत मिष्यते । (भा. १२।१३।१५)*

२३. *अवाङ्मनसगम्यं तं श्रुतिर्बोधयितुं सदा ।*
*जीवमीशं जगद् वापि समाश्रित्य प्रवोधयेत ॥ (पञ्च. कूट. ७२)*

२४. *यत्तत्त्रिगुणमव्यक्तं नित्यं सदसदात्मक ।*
*प्रधानं प्रकृतिं प्राहुरविशेषं विशेषवत् ॥*
*पञ्चभिः पञ्चभिर्ब्रह्म चतुर्भिर्दशभिस्तथा ।*
*एतच्चतुर्विंशतिकं गणं प्राधानिकं विदुः ॥ (भा. ३।२६ । १०, ११)*
*कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।*
*पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥ (गी. १३।२०)*

२५. *महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ।*
*इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥ (गी. १३।५)*
*द्वाविमौं पुरुषौ लोके क्षरश्चाक्षर एव च*
*क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते (गी. १५।१६)*
*उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहतः ।*
*यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥ (गी. १५।१७)*

यथार्थ बोध गर्नु प्राणीहरूमध्ये श्रेष्ठ मानिएको मानवमात्रको कर्तव्य हो । क्षेत्र-क्षेत्रज्ञको सहयोगले अनुसन्धान गर्न सकिन्छ भन्ने श्रुति र स्मृति दुवैमा उल्लेख छ । किनभने भोक्ता, भोग्य र प्रेरक गरी तीन प्रकारका ब्रह्ममध्ये भोक्ता मानवयोनी ज्ञाता पनि हो[२६] । दुवैको रहस्य भनेको चाहिँ प्रत्यक्ष, परोक्षभन्दा अतीत सत् असत् सद्सत्भन्दा पनि पर अनिर्वचनीय हो[२७] । वाङ्मयले परोक्ष रूपमा बताएको पुरुषको प्रत्यक्ष अनुकृति विराट् स्वरूप हृदयाकाशस्थित पञ्चतत्त्वायतनी आत्माकै परिणाम हो[२८] । पञ्चतत्त्वायतन नै निर्गुण ब्रह्म बोध गर्ने उपाय हो । पाञ्चायन-पूजाको रहस्य पनि पञ्चतत्त्वायतनका सहायताले अनुभव हुने अवस्था मात्र हो । सर्वप्रथम ब्रह्माले यो रहस्य स्मरण गरेर त्यसको अनुकृति यो ब्रह्माण्ड कल्पना गरेका हुन् । सनातन धर्ममा अद्वैत आत्माबाहेक सबै व्यवहार कालमा मात्र सत्य समान हो भन्ने विश्वासमा अनुसन्धान गरिन्छ । अद्वैत आत्मामै लीन रहेको इच्छाशक्ति त्रिगुणात्मक पञ्चतन्मात्राको सूक्ष्मतम अवस्था पनि असत् नै हो, सत् त केवल अद्वितीय आत्मा मात्र हो । पाञ्चायनको आधारभूत तत्त्व जडचेतनकै सूक्ष्मतम स्वरूप

---

*यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।*
*अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तम ः ॥ गी. १५।१८)*
*कालः कलयतामहम् । (गी. १०।३०)*
*अहमेवाक्षयः कालो । (गी. १०।३३)*
*संयोग योग इत्युक्तो जीवात्मा परमात्मयोः ।*

२६. *(क) एतज्ज्ञेयं नित्यमेवात्मसंस्थां*
*नातः परं वेदितव्यं हि किंचित् ।*
*भोक्ता भोग्यं प्रेरितारं च मत्वा*
*सर्वं प्रोक्तं त्रिविधं ब्रह्ममेतत् ॥ (श्वेता. १।१२)*
*(ख) यावत्सञ्जायते किञ्चित्सत्त्वं स्थावरजंगमम् ।*
*क्षेत्र क्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥ (गी. १३।२६)*

२७. *(क) अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते । (गी. १३।१२)*
*(ख) नसन्नचासत् सदसच्चतन्न । महा.शान्ति. २०२।२७)*
*(ग) नसन्नचासच्छिव एवकेवलः । (श्वेता. ४।१८)*

२८. *ओमिति ब्रह्म । ओमितीदँ सर्वम् । ओमित्येतदनुकृति (तै. १।८) पुरुष एवेदं सर्वम् (पु.सू. २)*

उक्त आत्मविवेक यो अनुसन्धानको लक्ष्य हो।[२९] भौतिक पक्षबाट पञ्चायतन र अध्यात्म पक्षबाट पञ्चायतनी भने पनि सदसत्स्वरूप क्षेत्र क्षेत्रज्ञ संयोग नै पाञ्चायन-उपासनाको अनुसन्धान क्षेत्र हो।[३०] यो विराट् विश्व पञ्चायतनको आश्रय आकाश नै परोक्षतः पाञ्चायन थियो। पाञ्चायनको पनि आश्रयचाहिँ शुद्ध आत्मा पञ्चायतनी थियो। वाङ्मयले यही सनातन प्रक्रियाको विश्लेषण गरेका हुन्[३१]। ज्ञानविज्ञानको संयुक्त स्वरूप ॐकार नै समस्त प्राणीका हृदयस्य सनातन आत्माको मूर्तरूप हो[३२]। त्यसैले पाञ्चायन उपासनाको केन्द्र पञ्चायतनीको अन्वेषणमा वाङ्मय विश्लेषण महत्त्वपूर्ण रहेको देखिन्छ।

मन्त्रसंहिताहरू ऋक्, यजु, साम र अथर्व चारै वेदहरू आनन्द स्वरूप वेद बीज सनातन ब्रह्मबोध गराउने साधन हुन्। सबैमा कर्म, ज्ञान र भक्ति

---

२९. *स य एषोऽन्तर्हृदय आकाशः। तस्मिन्नयं पुरुषो मनोमयः।*
*अमृतो हिरण्मयः। (तै. १।६)*

३०. *इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।*
*एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः॥ (गी. १३।१)*
*क्षेत्रज्ञं चापिमां विद्धि सर्वक्षेत्रेषु भारत। (गी. १३।२)*
*क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विद्धि भरतर्षभ॥ गी. १३।२६)*

३१. *(क) ॐ आत्मा वा इदमेक एवाग्र आसीत्। नान्यकिंचन मित्।*
*स ईक्षत लोकान्नु सृजा इति॥ (ऐ. १।१।१)*
*(ख) तस्माद्वा एतस्मादात्मन आकाशः संभूतः। आकाशाद्वायुः।*
*वायोरग्निः। अग्नेरापः। अद्भ्यःपृथिवी। पृथिव्या मोषधयः।*
*ओषधिभ्योऽन्नम्। अन्नात्पुरुषः। स वा एष पुरुषोऽन्न रसमयः। (तै. २।१)*

३२. *(क) विज्ञानं यज्ञं तनुते। कर्माणि तनुतेऽपिच। विज्ञानं देवाः*
*सर्वे। ...तस्यैष एव शारीर आत्मा यः पूर्वस्य। (तै. २।५)*
*असन्नेव स भवति। असद् ब्रह्मेति वेदचेत्। अस्ति ब्रह्मेति चेद्वेद। सन्तमेनं ततो विदुरिति।*
*तस्यैष एव शारीर आत्मा यः पूर्वस्य। (तै. २।६)।*
*(ख) तस्य वाचकः प्रणव (यो सू. १।२७)*
*(ग) प्रणव सर्ववदेषु शब्दः खे पौरुषं नृषु॥ (गी. ७।८)*
*ओमित्येकाक्षरं ब्रह्म (गी. ८।१३)*
*अहमात्मा गुडाकेश सर्वभूताशयस्थित। (गी. १०।२०)*

गरी तीन काण्ड छन्[३३] । त्यसै गरी उपनिषद्, गीता र ब्रह्मसूत्र पनि वेदसरह आत्मानुसन्धानको विधा मानिन्छ[३४] । त्यसैले भगवान्ले सबैको आत्मा म नै वेदवेद्य ब्रह्म हुँ भन्नुभएको हो[३५] । त्यसैले ज्ञान-विज्ञानस्वरूप पाञ्चायनसँग त्रिगुण, पञ्चमात्रा र जीवात्मासँग तुलना गरिएको छ ।

जीवात्मालाई परमात्मामा योग गराउने उपाय पनि ज्ञान, कर्म र भक्ति तीन भए ।[३६] स्वरूपानुसन्धान र पूजादिमा अनुराग दुवै भक्तिका पर्याय हुन् । वेदले स्वरूपानुसन्धानलाई जोड दिएको छ । वेदको बीज मन्त्र ॐ हो[३७] । अतः सबै वेदसंहिताहरूले अद्वितीय आत्माकै मनन गर्ने हुन्[३८] ।

## २.१.२ ऋग्वेद र पाञ्चायन

वेदका चार संहिताहरूमध्ये ऋग्वेदसंहिता ऋचाहरूको सङ्कलन हो । छन्दोबद्ध तरिकालाई प्राथमिकता दिएर हवन कर्मका ऋचा (मन्त्र) हरू

---

३३. *चतस्रः संहिताश्चक्रे मन्त्रैर्मणिगणा इव ॥ (भा. १२।६।५०)*
*वेदा ब्रह्मात्मविषया स्त्रिकाण्डविषया इमे ।*
*परोक्षवादा ऋषयः परोक्षं मम च प्रियम् ॥*
*ततोऽभूत्त्रिविदोङ्कारो योऽव्यक्त प्रभवः स्वराट् ।*
*यत्तल्लिङ्गं भगवतो ब्रह्मणः परमात्मनः ॥ (भा. १२।६।३९)*
*स्वधाम्नो ब्रह्मणः साक्षाद् वाचकः परमात्मनः ।*
*स सर्व मन्त्रोपनिषद्वेदबीजं सनातनम् ॥ (भा. १२।६।४१)*

३४. *ऋग्वेदो भगवोऽध्येमि यजुर्वेदः सामवेदोऽथर्वणश्चतुर्थ इतिहास पुराणं पञ्चमो वेदानां वेदः । ( छा. ७।१।४)*

३५. *अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः । (गी. १०।२०)*
*प्रणव सर्ववदेषु शब्द खे पौरुषंनृषु ॥ (गी. ७।८)*
*वेदैश्च सर्वैरहमेव वेद्यो । (गी. १५।१५)*

३६. *योगास्त्रयो मयाप्रोक्त नृणां श्रेयोविधित्सया ।*
*ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कुत्रचित् ॥ (भा. ११।२०।६)*

३७. *स्वधाम्नो ब्रह्मणः साक्षाद् वाचकः परमात्मनः ।*
*स सर्वमन्त्रोपनिषदवेदबीजं सनातनम् ॥ (भा. १२।६।४१)*

३८. *सर्वे वेदा यत् पदमामनान्ति...*
*तत्तेपदं सङ्ग्रहेण ब्रवीम्योमित्येतत् ॥ (कठो. १।२।१५)*

सङ्ग्रहित भएकाले यो ऋक् संहिता भएको हो। ऋग्वेदलाई होता पनि भनिन्छ। युगधर्मानुसार होताले नै तप, ज्ञान, यज्ञ, दानकार्यहरूको कर्ताका रूपमा काम गर्दछ।[३९] यज्ञ भनेको यजन हो, पूजा हो। श्रद्धा, प्रेम, पूज्यभावलाई भक्ति भनिन्छ। विशेषतः वेद, शास्त्र, परमेश्वर, महात्मा र गुरुजनमा भक्ति गर्नु पाञ्चायनपूजाकै रूपान्तर हो भन्न सकिन्छ। वैदिक शब्दावलीमा यज्ञ शब्दका पर्याय अनेक भए पनि लोकव्यवहारमा यज्ञ शब्द हवनसँगमात्र सीमित गरेर प्रयोग हुने गरेको पाइन्छ। हवन शब्दले विधिपूर्वक स्थापित अग्निमा चरु समिधासहित भावसङ्कल्प समर्पणलाई बुझाउँछ। हवनकर्ता अर्थात् यज्ञकर्ता मानिसका पाँच ज्ञानेन्द्रिय र मन पनि आत्मामा हवन हुन्छन्। अतः ऋग्वेदलाई पञ्चतत्त्वसहित आत्मवाचक ज्ञान र मनलाई विषयेन्द्रियसहित विज्ञान भन्न सकिन्छ। दुवै भगवान्का अंश हुन्।[४०]

ज्ञानमय प्रणव र विज्ञानमय मन दुवैको आश्रय स्वयंप्रभ आत्मज्योति सबै मनुष्यको ध्येय हो। श्रीकृष्णस्वरूप भगवान्को वाचक वाङ्मय संहिताहरूमा पाँचौं वेद पुराण इतिहास ईश्वरसमान भनिएका हुन्[४१]। वैदिक संहिताहरू सबै साधन रूपमा मन्त्रसंहिता र लक्ष्य रूपमा आत्मबोधकै मूर्तरूप हुन्। त्यसैले वेद पुराणादि वाङ्मय संहिताले निर्णय गरेको पञ्चतत्त्वायतन ज्ञानसहित विज्ञानमूर्ति श्रीकृष्णलाई परमात्मा, उत्तमपुरुष भगवान् भनिएको हो[४२]। ऋक्संहिता वेदमन्त्र (ऋचा) सङ्कलन मात्र नभएर भगवान्को ज्ञानसहित विज्ञानमूर्ति मानिसको मनकै प्रतीकात्मक ज्ञानविज्ञानस्वरूप हो। यसलाई यथार्थ जान्नु भनेको स्वस्वरूपानुसन्धान अर्थात् भगवान्को ज्ञानसहित

---

३९. *तपः परं कृतयुगे त्रेताया ज्ञानमुच्यते।*
*द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौयुगे॥ (मनु. १।८६)*

४०. *ममैवांशोजीवलोके जीवभूतः सनातनः।*
*मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति॥ (गी. १५।७)*
*मनः कर्ममयं नृणामिन्द्रियैः पञ्चभिर्युतम्।*
*लोकाल्लोकं प्रयात्यन्य आत्मा तदनुवर्तते॥ (भा. ११।२२।३६)*

४१. *पूर्ववत् (भा. १।३।२८, १।४।२०, ३।१२।३७-३९)*

४२. *कलाः सर्वे हरेरेव... कृष्णस्तु भगवान् स्वयम्। (भा. १।३।२७,२८)*

विज्ञानमूर्तिलाई जस्ताको तस्तै जान्नु हो। त्यो भनेको मानिसमात्रको लक्ष्य, समस्त अशुभबाट मुक्ति प्राप्त गर्नु नै हो[४३]। त्यस्तो तत्त्वबोध वेद, तप, दान, हवन आदिले हुने होइन, अनन्य भक्तिद्वारा सम्भव हुनसक्छ। केवल सर्वान्तर्यामी शुद्ध आत्माको अनन्य भक्ति गर्ने साधन वेद, तप, दान, भजन-कीर्तन सबै पूजन हुन्। ऋक्संहितामा भएका सबै मन्त्रहरूले एउटै माहावाक्य– **प्रज्ञानं ब्रह्म**को तात्पर्य निर्णयमा सहयोग पुऱ्याउनु हो। त्यसैले वेदवेदाङ्गादि अपरा विद्या हुन्। तात्पर्यनिर्णय पराविद्या हो[४४]। श्रीमद्भगवद्गीतामा सबै वेद र वेदवेद्य भनेर पञ्चतत्त्वको आयतन भगवान् श्रीकृष्णको मानुषरूपलाई भनिएको छ[४५]।

द्वापरमा यज्ञ (यजन, पूजन) द्वारा स्वरूपानुसन्धान गर्न सुगम होस् भनेर कृष्ण द्वैपायन (व्यास) ले ऋचाहरूको चार वर्गमा संहिताकरण गरेका हुन्। एकमात्र प्राचीन वेद स्वरूप पञ्चायतन ॐ मात्र परमात्मावाचक मन्त्र थियो र प्रथम वेदसंहिता पनि त्यही थियो[४६]। यसपछि तात्पर्य निर्णयमा सुगमार्थ व्यासले सङ्कलन गरेको पहिलो ऋचा सङ्कलन ऋक्संहिता हो। यस्ता अन्य तीन संहिताहरू यजु, साम, अथर्वसमेत चार वेद भनिए। सबैमा एकअर्काका

---

४३. *ज्ञानं विज्ञान सहितं यज्ज्ञात्वा मोक्षसेऽशुभात् ॥ (गी. ९।१)*

४४. *द्वेविद्ये वेदितव्ये इति ह स्म यद्ब्रह्म विदो वदन्ति परा चैवापरा च (मुण्ड १।१।४)*
*तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरूक्तं छन्दो ज्योतिषमिति अथ परा यया तदक्षरमधिगम्यते ॥ (मुण्ड. १।१।५)*

४५. *द्यावापृथिव्योरिदमन्तरं हि*
*व्याप्तं त्वयैकेन दिशाश्च सर्वाः। (गी. ११।२०)*
*त्वमादिदेवः पुरुषः पुराणः*
*स्त्वमस्य विश्वस्य परं निधानम्।*
*वेत्तासि वेद्यं च परं च धामत्वया ततं विश्वमनन्तरूप ॥ (गी. ११।३८)*
*दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन (गी. ११।५१)*
*देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः (गी. ११।५२)*
*वेदैश्च सर्वेरहमेव वेद्यो*
*वेदान्तकृद्वेदविदेव चाहम् ॥ (गी. १५।१५)*

४६. *तस्य वाचकः प्रणव (यो.सू. १।२७)*
*एक एव पुरावेदः प्रणव सर्ववाङ्मयः। (भा. ९।१४।४८)*

ऋचाहरू मिश्रित छन् । वेदले आत्मबोध गराएन भने ऋचाको प्रयोजन छैन[४७] ।

ऋक्संहिताको महावाक्य **प्रज्ञानं ब्रह्म** सिद्ध गर्न ब्रह्मा, इन्द्र, प्रजापति आदि देवता, उद्‌भिज, स्वेजन, अण्डज, जरायुज प्राणीहरू पञ्चभूतमार्फ उत्पन्न भएका हुन् । शब्द, स्पर्श, रूप, रस र गन्ध अनुभूत गर्ने सामर्थ्य प्राण, अपान, समान, उदान र व्यान गरी पाँच शक्ति उनै प्रज्ञास्वरूप अन्तरात्मामा आश्रित छन् । प्राणीहरूको अस्तित्त्वको आधार पञ्चशक्ति हुन् । त्यसैले सबै प्राणीका अद्वितीय उपास्यदेवता प्रज्ञास्वरूप शुद्धात्माकै अधीनमा अस्तित्वमय हुन्छ[४८] । सबै प्राणीहरू प्रकृतिमा बसेर प्रकृतिको भोग गर्दछन् तर सबै पुरुषको अन्तरात्मामै परमेश्वर पनि रहन्छ भन्ने पुरुषार्थकर्मद्वारा विवेक गर्ने प्राणी मानिसमात्र हो । मानिसले युगधर्मानुसार तप, ज्ञान, यज्ञ, दान आदि पुरुषार्थद्वारा प्रज्ञास्वरूप आफ्नै हृदयमा स्थित 'उपद्रष्टा, अनुमन्ता, भर्त्ता, भोक्ता, महेश्वर, परमात्मा पुरूपषोत्तम'को भक्ति वा पूजा आ-आफ्ना कर्मानुसार गरिरहेको हुन्छ[४९] । प्रणव, प्रथमवेदद्वारा सृष्टि, स्थिति, लय, तुरीय र तुरीयातीत पाँच सिद्धान्तको ज्ञान हुन्छ। आकाश, वायु, तेज, जल र पृथिवीमा त्रिगुणात्मक कालका प्रभावले हुने परिणाम हो । अन्न प्राणी मात्रको आधार अर्थात् ब्रह्म हो । ब्रह्मको रूपान्तरण पञ्चप्राणको आधार पञ्चायतनी

---

४७. *यस्तन्नवेदः किमृचा करिष्यति । (ऋक्. १।१६४।३९, अथर्व ८।१५।१८)*

४८. *एष ब्रह्मैष इन्द्र एष प्रजापतिरेते सर्वेदेवा इमानि च पञ्चमहाभूतानि पृथिवी वायुराकाश आपो ज्योतीषीत्ये तानीमानि च...प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः प्रज्ञाप्रतिष्ठा प्रज्ञानं ब्रह्म ॥ (ऐ. ३।१।३)*

४९. *पुरुषः प्रकृतिस्थोहि भुङ्क्ते प्रकृतिजान्गुणान् । (गी. १३।२१)*
*उत्तम पुरुषस्त्वन्य परमात्मेत्युदाहृत ।*
*यो लोकत्रयमानिय विभर्तव्याय ईश्वरः ॥ (गी( १५।१७)*
*यस्माक्षरमतीतोऽहमक्षरा दपि चोत्तम : ।*
*अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥ (गी.१५।१८)*
*स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः । (गी. १८।४६)*
*स्वभावजेन कौन्तेय निवद्धः स्वेन कर्मणा*
*कर्तु नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ॥ (गी. १८।६०)*

नै वैदिक वाङ्मयहरूले सिद्ध गर्दछन्[५०] । किनभने शब्दब्रह्म प्राणेन्द्रिय मनोमय भएकाले पञ्चतत्त्वको आयतन अन्नको परिणाम जीवलाई जान्नु ज्यादै कठिन छ। उसको पनि आश्रय ब्रह्मको उपासना (प्रज्ञाभक्ति) बाट मात्र प्रशान्त अवस्था प्राप्त हुन्छ[५१] ।

प्रज्ञातत्त्व नै द्वादशादित्य, एकादशरुद्र, अष्टवसु, इन्द्र, प्रजापति (कतै दुई अश्विनीकुमार पनि उल्लेख भएको पाइन्छ) गरी तेत्तीस प्रकारका देवताहरू उपासनाका सगुण साकार रूप मानिन्छन्[५२] । स्वाभाविक कर्मद्वारा नै मानिसले सिद्धि प्राप्त गर्छ भनिए तापनि श्रेष्ठ कर्म भनेर यज्ञलाई भनिएको छ। यज्ञ, विहितकर्मबाटै उत्पन्न हुन्छ। कर्मसमुदाय वेदबाट उत्पन्न हुन्छन्। त्यसैले *प्रज्ञानं ब्रह्म* पनि सदैव यज्ञमा प्रतिष्ठित हुन्छ[५३] । तर पाँच प्रकारका आत्मउपासना ब्रह्मोपासना सरह महायज्ञ हुन्। दिव्यात्मा, मृतात्मा, सिद्धात्मा, जीवात्मा, साधकात्माका प्रतीक देव, पितृ, ऋषि, भूत र नृ यज्ञलाई पञ्च महायज्ञ मानेर गृहस्थले प्रतिदिन गर्नैपर्ने निर्देश गरिएको छ[५४] । युगधर्मानुसार

---

५०. *अन्नं ब्रह्मेति व्यजानात् । (तै. ३।२)*
*अन्नं प्राणं चक्षुः श्रोत्रं मनोवाचामिति । (तै. ३।१)*

५१. *शब्द ब्रह्म सुदुर्बोधं पाणेन्द्रियं मनोमयम् । (भा. ११।२१।३६), (गी. १८।६६)*
*गी. ७।१४, १८।६१*

५२. *त्रयस्त्रिंशत्त्वेव देवा इति कतमे ते त्रयस्त्रिंशदित्यष्टौ वसव*
*एकादशरुद्रा द्वादशदित्यास्त एकत्रिंशदिन्द्रश्चैव*
*प्रजापतिश्च त्रयस्त्रिंशाविति ॥ (वृ. ३।९।२)*
*पश्यादित्या न्वसून्रुद्रानाश्विनौ (गी. ११।६)*

५३. *अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते ।*
*आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजा ॥ (मनु. ३।७६)*
*अन्नाभद्वन्ति भूतानि पर्जन्यादन्न सम्भवः ।*
*यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः । (गी. ३।१४)*
*स्वे स्वे कर्मण्यभिरतः संसिद्धिंलभते नरः । (गी. १८।४५)*
*स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥ (गी. १८।४६)*

५४. *पञ्च क्लृप्ता महायज्ञा प्रत्यहं गृहमेधिनाम् ॥*
*अध्ययनं ब्रह्म यज्ञः पितृ यज्ञस्तु तर्पणम् ॥*
*होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ॥*
*पञ्चैतान्यो महायज्ञान्न हापयति शक्तितः । (मनु. ३।६९-७१)*

द्वापरमा यज्ञ महत्त्वपूर्ण थियो । कलिमा हरिकीर्तनको महत्त्व रहेको छ । तप, ज्ञान, यजन र दान परिचर्या र कीर्तनजस्ता शब्दान्तरबाट पनि प्रयोग भएको पाइन्छ[५५] । वस्तुतः सर्वव्यापक विष्णुको क्रियायोग ध्यान, यज्ञ, पूजा र कीर्तनद्वारा युगानुकूल ले आफ्नो सङ्कल्प (दुःख समाप्ति र सुख प्राप्ति) मा यज्ञकर्ता समर्थ हुन्छ ।[५६]

यसरी आ-आफ्ना युगधर्मानुसारको गन्तव्य ब्रह्म नै स्वधाम हो । सम्पूर्ण मन्त्रोपनिषद्कै बीज ॐ का चार संहिता ऋक्, यजु, साम, अथर्व पनि परमात्मा वाचक हुन् ।

ऋक्संहिताले यज्ञका कर्तालाई होताका रूपमा लिएको छ । युगधर्मानुसार कर्ममार्गहरू फरक भए तापनि ज्ञानविज्ञानमय सजीव पाञ्चभौतिक आयतन ( मानिस) स्वयम् होता हो । पञ्चतन्मात्रामा जीवको इच्छाअनुसार कालका प्रभावले आउने परिणामहरू पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत, चार अन्तःकरण र पाँच प्राणसमेतको पञ्चायतन भन्नु मानिस स्वयं हो भनेर पुष्टि गरेको छ । ज्ञानस्वरूप प्रणवकै विस्तार विज्ञानरूप विश्वको उत्कृष्ट नमूनाको मूर्तिमान् मानिसको समष्टिस्वरूप पाँच प्रकारको विराट् पञ्चायतन स्वरूप यथार्थतः आत्मासिवाय केही होइन । त्यसैले स्वस्वरूप वा आत्मतत्त्वानुसन्धानलाई भगवान्को भक्ति (पूजा) भनिएको हो । ज्ञानमार्गका अद्वितीय व्याख्याता आचार्य शङ्करले पनि विवेक चूडामणिमा भन्नुभएको छ[५७] । निराकारको समीप र दूर भन्ने सीमा नहुने हुँदा पञ्चायतन स्वरूप साकारकै अत्यन्त समीप (एकरूप) हुनु शरीरधारीहरूका लागि सुगम उपासना हो । युग

---

५५. *तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते ।*
*द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे ॥ (मनु. १।८६)*

५६. *कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।*
*द्वापरे परिचर्यायां कलौ तद्धरि कीर्तनाद् ॥ (भा. १२।३।५२)*

५७. *मोक्षकारणसामग्र्यां भक्तिरेव गरीयशी ॥*
*स्व स्वरूपानुसधानं भक्तिरित्यमिधीयते ॥*
*आत्मतत्त्वानुसन्धानं भक्तिरित्य परेजगुः । (वि.चू.३२।३३)*

धर्मानुसार आ-आफ्ना स्वाभाविक कर्मद्वारा उपासना यज्ञ, यजन, पूजन र भक्तिको क्रम चल्दै आए। दिव्यात्मा, मृतात्मा, मुक्तात्मा, जीवात्मा र नृआत्माको सेवाबाट प्राप्त फल ससङ्कल्प नारायणमा समर्पण गर्नुलाई पञ्चमहायज्ञ अर्थात् पाञ्चायन यजनसरह नै मानिएको छ।[५८] कलिमा दान एवं केशवकीर्तनले इच्छित पुण्यफल प्राप्त हुन सक्छ भन्ने बताइएको छ। त्यसबाट विधिपूर्वक यज्ञको फल ज्ञान प्राप्त गर्नु ऋक्संहिताको तात्पर्य थियो। यसको मतलब पञ्चतत्त्वाश्रयकै उपासना ऋग्वेद संहिताअनुसार पाञ्चायन र अन्य विभिन्न देवताहरूमा रूपान्तर भएको भन्न सकिने देखिन्छ।

ऋग्वेदको महावाक्य *'प्रज्ञानं ब्रह्म'* हो। ज्ञानस्वरूप ॐको विस्तार विज्ञानस्वरूप विराट् पुरुषको नमुनाका रूपमा रहेको मानिस वस्तुतः आत्माकै उपाधि हो। जस्तै : दिव्य, मृत, मुक्त, भूत र मनुष्य उपाधिले आत्मा पाँच प्रकार मानिन्छन्। आत्मानुसन्धान पञ्चतत्त्वमा तन्मय आत्माको ध्यानका साथ पाञ्चायन उपासनालाई भक्ति मानिएको छ। त्यसैलाई अद्वैत वेदान्तका जगद्गुरु शङ्कराचार्यले स्वस्वरूपानुसन्धान र नारदभक्तिसूत्रले पूजादिमा अनुराग भनेका छन्[५९]। विधिपूर्वक पञ्चदेवयजनद्वारा चित्तशुद्ध भएका साधक श्रोत्रीय

---

५८. *तपः परं कृत युगे त्रेताया ज्ञानमुच्यते।*
*द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे॥*
*कृते यद्ध्यायतो विष्णु त्रेतायां यजतो मखै।*
*द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनाद्॥*
*पञ्च क्लृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम्।*
*अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्।*
*होमो दैवो बलिर्भौतो नृयज्ञऽतिथिपूजनम्॥*
*पञ्चैतान्यो महायज्ञान्न हापयति शक्तितः।*
*कायेन वाचा मनोसेन्द्रियैर्वा*
*बुद्ध्याऽऽत्मना वानुसृतस्वभावात्।*
*करोति यद् यत् सकलं परस्मै*
*नारायणायेति समर्पयेत्तत्॥ भा.११।२।३६*

५९. *आत्मानं तन्मयं ध्यायन् मूर्तिसंपूजयेद्धरेः। (भा. ११।३।५४)*
*यजन्ति तपसा देवं शमेन च दमेन च। (भा. ११।५।२२)*
*यजन्ति वेदतन्त्राभ्यां परं जिज्ञासवो नृप। (भा. ११।५।२८)*

ब्रह्मनिष्ठ गुरुद्वारा उपदेश पाएपछि आत्मतत्त्वको अनुभव गर्दछन् । पाँच प्रकारका उपाधिले ढाकिएको भए तापनि आत्मालाई सम्यक् ज्ञानस्वरूप प्रकाशित गर्ने भएकाले पाञ्चायन देवता ब्रह्म समान भनिएको हो । अद्वैत आत्मामा आश्रित प्रज्ञातत्त्वबोध **पाञ्चायन उपासना**बाटै हुन्छ भन्ने उल्लेख गरेर नै नै शङ्कराचार्यले समेत परम्परागत पञ्चदेव उपासनाको व्याख्या गरेका हुन् ।

### २.१.३ यजुर्वेद र पाञ्चायन

देव यज्ञ होम हो, पितृयज्ञ तर्पण, ऋषियज्ञ जप, भूतयज्ञ प्राणीलाई अन्नदान, नृयज्ञ भनेको अतिथिसेवा हो । पाँचै विधिहरू साधनमात्र हुन् । देव, पितृ, ऋषि, प्राणीहरू र मानिस (अतिथि) समेत गृहस्थबाटै सेवाको आशा गर्दछन् । त्यसैले पाँच महायज्ञहरूलाई छोटकरीमा पाञ्चायन उपासना भनिएको हो । गृहस्थले प्रतिदिन उपासना गर्नुपर्छ भन्ने निर्देशन संस्कृत वाङ्मयहरूले पञ्चतत्त्ववाचक मन्त्र संहिताअनुरूप नै गरेका छन् । कुनै न कुनै रूपमा मानिसले दुःखको समाप्ति र आनन्द प्राप्तिको उपाय, वैदिक वाङ्मयसङ्ग्रहको निर्देशन पालना गरेकै हुन्छ । यसरी गर्भावस्थादेखि चिताको स्थितिमा पुग्दासम्मका मानवीय संस्कारहरू सबै दुःखको समाप्ति र सुख प्राप्तिका कर्मकाण्ड हुन् । पूर्वसंस्कार अर्थात् पञ्चतन्मात्राका विस्तारप्रति जीवको आशक्ति र स्वभाव अर्थात् अनादि त्रिगुणमा कालप्रभावको परिणतिको साकार स्वरूप प्राणी आ-आफ्ना स्वाभाविक कर्मद्वारा पाञ्चायनको अर्चना गर्छ ।

यजन र वेद दुई शब्द मिलेर बनेको **यजुर्वेद** अद्वितीय वेदवेद्य तत्त्ववाचक

---

*यज्ञैः संकीर्तनप्रायैर्यजन्ति हि समेधसः । (भा. ११।५।३२)*

*पूजादिष्वनुराग इति पाराशर्य (ना.भ. सू. १६),*

*मोक्षकारणसामग्रयांभक्तिरेव गरीयशी*

*स्वस्वरूपानुसन्धानं भक्ति (वि.चू. ३२),*

*आत्मतत्त्वानुसन्धानं भक्ति (वि.चू. ३३ ।*

प्रणवकै एक संहिता हो। सम्पूर्ण वाङ्मय सार प्रणवका ऋग्यजुसामाथर्वाख्य चार संहितामध्ये दोस्रो यजुर्वेद संहिता हो। व्यासले आफ्नो कर्मकाण्डीय 'निगद' नामको यजुसंहिता बनाएर वैशम्यायनलाई पहिले सुनाएका थिए[६०]। यज्ञकर्ता अध्वर्युले गर्नैपर्ने पाँचै प्रकारका यज्ञका निर्दिष्ट मन्त्रहरू सङ्कलित यजुर्वेदसंहिताको तात्पर्य निर्णयार्थ निर्दिष्ट महावाक्य हो *अहं ब्रह्मास्मि*।

विज्ञानसहित ज्ञानस्वरूप ब्रह्माण्डको नमुना मानिस प्रत्यक्ष र परोक्ष दुवै दृष्टिले यजुर्वेदको परिभाषामा यजनकर्ता हो। पञ्चायतन र पञ्चायतनीको संयुक्त स्वरूप सगुण साकार ब्रह्मको उपासक सनातन स्मार्त हो।[६१] मानिसको गुण स्वभावले जे कर्म गरे पनि सबै कर्महरू परमार्थ ज्ञानपछि समाप्त हुन्छन्। पञ्चशक्तिका शक्तिमान्को ज्ञान भएपछि उसैको आश्रय लिनु सबैको कर्तव्य हो[६२]। सामवेदको निर्देशात्मक महावाक्यको अनुभवकै प्रत्यक्ष प्रयोगस्वरूप यजुर्वेदको महावाक्य हो। यजुर्वेदका सबै मन्त्रहरूले गरेका कर्मका निर्देशनहरू 'म ब्रह्म हुँ' भन्ने ज्ञान भएपछि समाप्त हुन्छन्[६३], कर्मफलासक्ति समाप्त भएका यजमानहरू सामगायनमा प्रवृत्त हुन्छन्।

कर्मद्वारा ज्ञानमा पुऱ्याउने यजुः संहिताका प्रमुख दुई शाखा शुक्ल र कृष्णयजुर्वेद छन्। नेपाल र भारतमा गरिने प्रायः सबै वैदिक कर्मकाण्ड (यज्ञ) हरू शुक्लयजुर्वेद माध्यन्दिन शाखाका आधारमा सम्पन्न हुने गरेका पाइन्छन्। सत्ययुगमा तपद्वारा देवउपासना गरिन्थ्यो। देव, द्विज, गुरु, प्राज्ञ पूजन, शौच, ब्रह्मचर्य, अहिंसा सबै शारीरिक मानिन्छन्। हरेक यज्ञमा प्रमुख पाँच देवता सूर्य, गणेश, देवी, शिव र विष्णुको सामूहिक पूजा गर्नु भन्ने

---

६०. *वैशम्पायनसंज्ञाय निगदाख्यं यजुर्गणम्॥ (भा. १२।६।५२)*

६१. *तत्त्वमसि (छा. ६।८।७)*

६२. *कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे। (गी. ४।३२)*
*सर्वधर्मान्परित्यज्य मामेकं शरणं ब्रज*
*अहंत्वां सर्वपापेभ्यो मोक्षयिस्यामि मा शुचः॥ (गी. १८।६६)*

६३. *सर्व कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते॥ (गी. ४।३३)*

शुक्लयजुर्वेदीयहरूको निर्देशन छ[६४]। यज्ञहरूमा श्रेष्ठ जप यज्ञ हो। जपका मन्त्रहरूमा श्रेष्ठ प्रणव, स्वयं वेद हो। पञ्चायतन स्वरूप चराचर विश्वको सूक्ष्मस्वरूप पञ्चतत्त्वायन आकाशको गुण शब्दचित्र प्रणव नै वैदिक पाञ्चायनको प्रतीक हो। यज्ञकर्मको प्रार्थना वा सङ्कल्प नै यज्ञपूर्वको पाञ्चायनपूजास्वरूप उपासना हो। कर्म सङ्कल्पको पर्याय नै प्रार्थना वा जप भएकोले पञ्चायतनी अर्थात् अध्वर्युले आफ्नो आश्रय प्रणवलाई बिर्सेर अन्य सङ्कल्प वा प्रार्थनाले यज्ञ गऱ्यो भने जस्तो सङ्कल्प छ, त्यस्तै फल पाउँछ। लोकले जुन देवताको उपासना गर्छ उसले उनै देवताबाट फल पाउँछ तर सङ्कल्पका प्रेरक उनै भगवान् हुन्छन्।[६५]

ऋग्वेदले सिद्ध गरेको *प्रज्ञानं ब्रह्म*मा पुग्न निष्काम यज्ञ गर्नुपर्छ[६६]। यजुर्वेद संहिताको कर्मनिर्देशनको तात्पर्य पनि ज्ञान प्राप्त गर्नुमा नै सीमित छ। ज्ञान भएपछि कर्म समाप्त हुन्छ। पूजा, भक्ति, उपासना आदि यजुर्वेदीय कर्म निर्देशनहरू आत्मबोधका साधनमात्र हुन्। यही चराचरको आश्रय पञ्चायतनी अर्थात् आत्मासँग कत्ति पनि दूर नहुने उपायलाई नै उपासना भनिन्छ। यसरी यजुसंहिताको महावाक्य 'म ब्रह्म हुँ' भन्ने कुराले ज्ञानसहित विज्ञानस्वरूप आफ्नै रहस्य अनुसन्धान गर्नु भक्ति हो भन्ने वेदान्त सिद्धान्तलाई नै पुष्टि गर्छ। यजुर्वेदका दुई शाखामध्ये कर्मकाण्डमा प्रयुक्त शुक्लयजुर्वेदको माध्यन्दिन शाखाको रहस्य पनि पाञ्चायन उपासनामा पुऱ्याउने यज्ञ निर्देशन नै हो भन्न सकिन्छ। पञ्चदेव पूजा प्रणव उपासना जे भने पनि यजुर्वेदको तात्पर्य ब्रह्मोपासना नै हो। यज्ञकर्मको आधारभूत ग्रन्थ यजुसंहिताको

---

६४. *शर्मा, **आह्निकसूत्रावली**, १९९५: पृष्ठ १०५*

६५. *यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम्। दुर्गा कवच (१।४४)*
*यान्ति देवव्रता देवान्पितृन्यान्ति पितृव्रताः।*
*भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम्॥ (गी. ९।२५)*
*यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति।*
*तस्यतस्याचलां श्रद्धां तामेवविदधाम्यहम्॥ (गी. ७।२१)*

६६. *विहाय कामान्यः सर्वान्पुमांश्चरति निः स्पृहः।*
*निर्ममो निरहङ्कारः स शान्ति मधिगच्छति॥ (गी. २।७१)*

माध्यन्दिन शाखाको रहस्यमय प्रसङ्ग जगत्‌को आत्मा सूर्यसँग सम्बन्धित छ। सूर्य स्वयं एउटा पञ्चायतनको केन्द्र मानिन्छ। पञ्चतत्त्वको विस्तार चराचर विश्व हो भने त्यसको आत्मा सूर्य (हिरण्यगर्भ) हो। सबै पञ्चायतन अमृतमय हिरण्मय अन्तरात्माका आयतन हुन्।[६७] यजुर्वेदको पञ्चमहायज्ञ पनि प्रकारान्तरले पञ्चायतनहरूमा अद्वितीय आत्मउपासना नै हो[६८]। ऋषि याज्ञवल्क्यले गुरुवैशम्पायनबाट पाएको कृष्ण यजुर्वेदीय कर्मकाण्डले प्राप्त गर्न नसकेको ॐको रहस्यबोध गराउन शुक्लयजुर्वेद प्रादुर्भाव भएको प्रसङ्ग अत्यन्त रोचक रहेको छ। कर्मकाण्डमा प्रयुक्त वेदहरू सबै त्रैगुण्य हुन्। आत्मबोध गर्न निस्त्रैगुण्य बन्नुपर्छ[६९]।

जसले ॐसहित पच्चीस तत्त्ववाला विज्ञानको सहायताले अद्वितीय आनन्द अनुभव गर्छ, उसले जान्न बाँकी केही रहँदैन[७०]। यो विश्लेषण यजुर्वेदको महावाक्य *अहं ब्रह्मास्मि*कै आधारमा भएको हो तापनि वैशम्पायनसम्मका वैदिक कर्मकाण्डी समेतले रहस्य पाउन सकेनन्। सूर्यका कृपाले याज्ञवल्क्यले प्राप्त गरे। शुक्लयजुर्वेदकै अन्तरगत धनुर्वेद, ब्राह्मण ग्रन्थहरूमा शतपथब्राह्मण, उपनिषद्‌हरूमा बृहदारण्यकोपनिषद्‌का साथै वेदाङ्ग,

---

६७. *हिरण्य गर्भो जगदन्तरात्मा। (अद्‌भुत रामायण १५।६)*
*सूर्य आत्मा जगततस्थुषश्च। (ऋ. १।११५।१, यजु. १३।४)*
*आदित्यानामहं विष्णु। (गी. १०।२१)*
*स य एषोऽन्तर्हृदय आकाशः। तस्मिन्नयं*
*पुरुषो मनोमयः। अमृतो हिरण्मयः। तै. १।६)*

६८. *तत्सवितुर्वरेण्यम्भर्गोदेवस्यधीमहि (यजु. ३।३५)*

६९. *व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते॥*
*त्रैगुण्यविषया वेदा निष्त्रैगुण्यो भवार्जुन। (गी. २।४४,४५)*

७०. *इदंशरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।*
*एतद्योवेत्तितं प्राहु क्षेत्रज्ञ इति तद्विदः॥ (गी. १३।१)*
*ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात्॥ (गी. ९।१)*
*ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः।*
*यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्य ते॥ (गी. ७।२)*
*क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विद्धिभरतर्षभ॥ (गी. १३।२६)*

दर्शनशास्त्र र पुराण, न्याय, मीमांसा, धर्मशास्त्रजस्ता रहस्यशास्त्रहरूको रहस्य प्राचीन वाङ्मय भण्डार विस्तृत भएका हुन् । प्रत्यक्ष र अनुमानले प्राप्त गर्न नसकेको रहस्य वेदले बताउँछ । यो ब्रह्माण्ड प्रकट गर्ने वेद उत्पन्न गर्ने तत्त्व नै हाम्रो बुद्धिलाई आत्ममय प्रकाश प्रदान गर्ने तत्त्व हो । त्यसैको शरणमा जानु र उनै जगदन्तरात्माको स्तुति गर्नुबाहेक अन्य विकल्प छैन ।[७१] सबै वेदले त्यही तत्त्व प्रतिपादन गर्दछन् । सीमित इन्द्रियका सहायताले मनन गर्ने मनुष्यको आनन्द अनुभव पनि सीमित हुने हुँदा असीम आनन्दको शरणमा जानु भनेको प्रणवोपासनाद्वारा प्रशान्त भावमा पुग्नु नै हो । जो यजुर्वेदसंहिताको रहस्य हो । वाच्यवाचक स्वरूप हजारौँ सूर्य एकै पटक उदाएसरहको ॐ तत्त्व नै सबै वेदहरूको मननीय तत्त्व हो[७२] । मनुष्यका रूपमा प्रकट वासुदेवलाई हजारौँ सूर्य एकैपटक उदाएसमान असहनीय रूपमा देखेपछि अर्जुन *वासुदेवसर्वमिति* भन्ने स्वाभाविक चेतनामा सचेत भए । देवताहरूसमेतले देख्न दुर्लभ ॐ को रहस्य, अद्वैत ब्रह्मतत्त्वको शरणागतिबाट प्रसन्न भएर उसैले देखाइदिएमा मात्र आफूद्वारा देख्न सकिन्छ । वेद, तप, दान, पूजाले देखिने होइन । वैदिक पूजादि त चित्तशुद्धिका साधनमात्र हुन् । सबै कर्म चित्तशुद्धि गर्न, चित्तशुद्धि ज्ञान प्राप्त गर्न, कर्म ज्ञान दुवै उसैको अनन्य भक्तिका लागि हो[७३] । अनन्य भक्तिबाट प्रसन्न शर्वशक्तिमान्को प्रसाद प्राप्त

---

७१. *यो ब्रह्माणं विदधाति पूर्व यो वै वेदांश्च प्रहिणोति तस्मै ।*
*तँ ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ॥ (श्वे. ६।१८)*

७२. *दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।*
*यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥ (गी ११।१२)*
*तस्यवाचकः प्रणव (यो सू. १।२७)*
*प्रणव सर्ववेदेषु (गी. ७।८)*

७३. *यावन्नः पश्येदखिलं मदात्मकं*
*तावन्मदाराधन तत्परोभवेत् ।*
*श्रद्धालुरत्यूर्जित भक्तिलक्षणो*
*यस्तस्य दृश्योऽहमहर्निशं हृदि ॥ (अ.रा. ७।५।५८)*
*हित्वा समस्तं विधिवादचोदितं*
*भजेत्स्वमात्मानमथा खिलात्मनाम् ॥ (अ.रा. ७।५।५५)*

गर्ने हेतुले शुक्लयजुर्वेद संहिताको रहस्य गायत्री उपासनाका उपासक सनातन स्मार्तहरू स्वयम् पञ्चायतनी हुन् । उनीहरूको उपासनाका उपाय पनि पाँचै प्रकारका छन् । अतः पञ्चतत्त्वका आश्रय पञ्चायतनीकै अनुसन्धान यजुर्वेदसंहिताको पनि तात्पर्य देखिन आउँछ ।

परोक्षवादी वेदको सार चराचर पञ्चतत्त्वकै आश्रय, पाञ्चायनकै पत्यक्ष अवस्था सगुण भक्तिको मूलमन्त्र ॐ हो ।[७४] त्यसैले जपयज्ञ सर्वोत्तम यज्ञ मानिएको । सामवेदको महावाक्यले बताएको 'तिमीले खोजेको अनन्तानन्द तिमी नै हौ' भन्ने रहस्य स्वरूप ज्ञानविज्ञानयुक्त मूर्ति आफैँ हुँ भन्ने अनुभव गराउने साधन यजुर्वेदको जपयज्ञ हो । शारीरिक र मानसिक शुद्धिका निम्ति पञ्चमहायज्ञ शारीरिक तपस्याका रूपमा यजुर्वेदसंहिताले व्यवस्था गरेको कर्मकाण्ड प्रत्यक्षतः पाञ्चायनपूजा र परोक्षतः स्वस्वरूपानुसन्धान हो । वेदान्तदर्शनमा यसैलाई भक्ति भनिएको छ ।

*'अहं ब्रह्मास्मि'*– यो यजुर्वेदसंहिताको महावाक्य हो । उपासनास्वरूप देवयज्ञ (होम), पितृयज्ञ (तर्पण), ऋषियज्ञ (जप), भूतयज्ञ (बलि) नृयज्ञ (अतिथि सेवा) पाँचै प्रकारका महायज्ञहरू यज्ञपुरुषका भक्तिमार्ग हुन् । पञ्चदेव यजन साधकको चित्त शुद्ध गर्ने साधन हुन् । पञ्चायतनस्वरूप विज्ञानलाई ध्यान्न गरिने पञ्चमहायज्ञ गृहस्थहरूलाई अनिवार्य रूपमा निर्देशन गरिएको छ । यज्ञकर्म चित्तशुद्धिका लागि, चित्तशुद्धि ज्ञान प्राप्तिका लागि, ज्ञानप्राप्ति भगवद्भक्तिका लागि हो । भक्ति सर्वशक्तिमान् अद्वितीय शुद्धचैतन्य ( पञ्चायतनी) को शरणागति हो । सर्वात्मा वासुदेवको यज्ञपुरुषका रूपमा अनन्य चिन्तन र वेदमाता गायत्रीको निरन्तर जप महत्त्वपूर्ण यज्ञ मानिन्छ । वेदको तात्पर्य परोक्ष भएकाले प्रणवोपासना नै पाञ्चायनको जपयज्ञ हो ।

---

७४. *पूर्व समाधेरखिलं विचिन्तये-*
*दोङ्कारमात्रं सचराचरं जगत् ।*
*तदेव वाच्यं प्रणवो हि वाचको*
*विभाव्यतेऽज्ञान वशान्न बोधतः ॥ (अ.रा. ७५।४८)*

सोऽहं को जप नै अजपानाम गायत्री हंसको परोक्ष रूप हो। प्रणवसहित प्राणेन्द्रिय मनोमय संयुक्त मूर्ति विराट् पाञ्चायन भएकोले यजुर्वेदको महावाक्यको रहस्य 'सोऽहं अहं ब्रह्मास्मि' हो। सोऽहंकै पञ्चायतन मूर्ति अन्तःकरणचतुष्टयमा अन्तर्निहित जीवात्मा स्वयं साधक हो। यजुर्वेद पञ्चतत्त्वाश्रयी शुद्धात्माको अनन्य स्मरणलाई नै प्रकारान्तरले पाञ्चायन उपासना मानेको देखिन्छ। पाञ्चायन दर्शनको प्रयोगात्मक पक्ष भक्ति नै वेदान्त दर्शनको अहंकार निवारण गर्ने उत्तम साधन ज्ञान हो। सनातन स्मार्तहरूको भगवत् शरणागति र अद्वैत वेदान्तीहरूको जीव र ब्रह्मको ऐक्य तत्त्वतः समानार्थी वाक्यांश हुन्। आनन्द अनुभूतिका अभिव्यक्ति अर्थात् अन्तरात्मामा ईश्वरी य भाव प्रकट हुनु हो[७५] ।

### २.१.४ सामवेद र पाञ्चायन

वेद मन्त्रहरूमा विशिष्ट गीतियुक्त पद्धतिबाट संहिताबद्ध गरिएका ऋचाहरूलाई सामसंहिता भनिन्छ। सबै वेदहरूमा सामवेदलाई श्रेष्ठ वेद भनिएको छ[७६] । यो छन्दोमय संहिता महर्षि व्यासले जैमिनीलाई पढाएका थिए। जैमिनी ऋषिले पूर्वार्चि र उत्तरार्चि गरी दुवै भागमा १८१० मन्त्र ( ऋचा) हरू सङ्ग्रहित गरे। अनेकौं शाखाहरूमा कौथुम, रायणी र जैमिनी तीन शाखा प्रसिद्ध छन्। जैमिनीका पुत्र सुमन्तु सुमन्तुका पुत्र सुन्वान्लाई एक-एक

---

*७५. धर्मः प्रोज्झितकैतवोऽत्र परमो निर्मत्सराणां सतां*
*वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम्।*
*श्रीमद्भागवते महामुनिकृते किं वा परैरीश्वरः*
*सद्यो हृद्यवरुध्यतेऽत्र कृतिभिः सुश्रुक्षुभिस्तत्क्षणात्॥ (भा. १।१।२)*
*तस्मादेकेन मनसा भगवान् सात्वतां पतिः।*
*श्रोतव्यः कीर्तितव्यश्च ध्येयः पूज्यश्च नित्यदा॥ (भा. १।२।१४)*
*भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।*
*क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे॥ (भा. १।२।२१)*

*७६. वेदानां सामवेदोऽस्मि (गी. १०।२२)*

शाखा पढाए। उनका अर्का शिष्य सुकर्माले सामवेदका हजार संहिता बनाए[७७]।

मानिसमात्रको परमचरमलक्ष्य दुःखनिवृत्ति र आनन्द प्राप्तिको उपाय अभय हो भने अभयको अचूक साधन भक्ति हो। भक्ति शक्तिमान्को हुन्छ। शक्तिको स्रोत वेद हो। वेदका दुई शक्ति प्रत्यक्ष विराटरूप र परोक्ष प्रणवस्वरूप हो। प्रणवका चारतत्त्व अ+उ+म+तुरीय चार वेदको प्रतीक मानिन्छ भने तुरीयातीत पाँचौं वेद-इतिहास पुराणको पनि सार श्रीमद्भागवत भक्तिकाव्यको रहस्य सर्वात्मालाई नै पुरुषोत्तम भनिएको हो। पञ्चशक्तिका शक्तिमान पञ्चायतनी परमात्माको भक्ति मन्त्रहरू सङ्कलित सामसंहिता गायनको रहस्य त्यो तिमी नै हौ भन्ने महावाक्यको पनि रहस्य स्वस्वरूपानुसन्धान वा आत्मतत्त्वानुसन्धान (भक्तिकै पर्याय) हो। त्यसैले मानिसको चरम लक्ष्यप्राप्तिको कर्तव्य कर्म भनेको भक्ति हो[७८]। भागवत्ले देवता, ऋषि, पितृ, प्राणी र मनुष्य पाँच योनिस्थित आत्माको पूजा पञ्चमहायज्ञ गर्नु परमात्मा वासुदेवकै पूजासरह हो भनेको छ[७९]। गृहस्थहरूले यो कर्म नित्य गरून् भन्ने निर्देशन यजुर्वेदसंहितामा छ। यसरी साम संहिताको सार पञ्चात्मा सामूहिक रूपमा परमात्मा ब्रह्मै हो जो अथर्ववेदको महावाक्यमा पनि *अयमात्मा ब्रह्म* भन्ने स्पष्ट उल्लेख छ। अतः सामवेद संहिताको तात्पर्य पनि ऋक्, यजुसरह अद्वैत आत्मउपासना, प्रत्यक्षतः पञ्चायतनीकै प्रार्थना (जपयज्ञ) हो भन्न सकिन्छ।

*'तत्त्वमसि'*– यो सामवेद संहिताको महावाक्य हो। साम भनेको स्तुतिगान हो। ब्रह्मसूत्र, श्रीमद्भगवद्गीता र श्रीमद्भागवतको उद्गम

---

७७. *साम्नां जैमिनये प्राह (भा. १२।६।५३)*
*जैमिनेः सामगस्यासीत् सुमन्तुस्तनयो मुनि । ...*
*शिष्य ऊचे स्वशिष्येभ्यः शेषाआवन्त्य आत्मवान् ॥ (भा. १२।६।७५-८०)*

७८. *वेदोपनिषदां साराज्जाता भागवती कथा । (भा. म. १।२।६७)*
*धर्मो मद्भक्ति कृत् प्रोक्तो (भा. ११।१९।२७)*

७९. *देवर्षिपितृभूतानि मद्रूपाण्यन्वहं यजेत् ॥ (भा. ११।१७।५०)*

सामवेदलाई मानिन्छ । यजुर्वेदको निर्देशनअनुसार पञ्चमहायज्ञलाई सनातन धर्म (परमात्माकै भक्ति) भनिएको हो भने सामवेद भन्नु स्वयं वासुदेव ( सर्वात्मा) को स्तुतिगान हो[८०] । जपयज्ञ (सामगायन) नित्य परमात्माको स्मरण नै *तत्त्वमसि*को रहस्य हो । सामवेद संहिताको सार पञ्चात्माकै सामूहिक स्वरूप परमात्माको भक्ति हो । अथर्ववेदमा आत्मालाई ब्रह्म भनेको छ । श्रद्धापूर्वक सामगान गर्नेहरू भयमुक्त हुन्छन् । त्यसैले सर्वोत्तम यज्ञ जप अथवा मौन गानलाई मानिएको हो । भय नै दुःखको कारण भएकाले दुःखको आत्यन्तिक निवृत्ति अभयबाटै हुन्छ । भय निवारणको अचूक उपाय अनन्य भक्ति हो[८१] । त्यसैले दुःखको आत्यन्तिक निवृत्तिको पर्याय अनन्य भक्तिको स्वरूप आत्मउपासना पञ्चतत्त्व र पञ्चत्त्वाश्रयीको पूजा (भक्ति) को रहस्य हो । सामवेदको महावाक्यको तात्पर्य पनि त्यही हो ।

## २.१.५ अथर्ववेद र पाञ्चायन

पञ्चायतन, पाञ्चायन र पञ्चायतनी नामले विश्लेषण भएका पञ्चतत्त्वाश्रयस्वरूप आत्मा तिमी नै हौ । यो सामवेदको निष्कर्ष हो । म को हुँ भन्ने अनुसन्धान अथर्ववेदले गर्छ । अथर्ववेदको महावाक्य अयमात्मा ब्रह्म र *जीवो ब्रह्मैवनापर* भन्ने वेदान्त दर्शनको क्षेत्र चित् र अचित्को अभेद स्वरूप मानिस नै हो । त्यो क्षेत्र-क्षेत्रज्ञ द्रव्य, कर्म, काल, स्वभाव र जीवको समन्वय

*८०. कलाः सर्वे हरेरेव... कृष्णस्तु भगवान् स्वयम् । (भा. १।३।२७,२८)*
*वेदोपनिषदां साराज्जाता भागवती कथा । (भा.म. २। ६७)*
*इदं भागवर्ती प्रीतः संहितां वेदसम्मिताम् ॥ (भा. १२।४।४२)*
*वेदानां सामवेदोऽस्मि (गी. १०।२२)*

*८१. एतावानेव लोकेस्मिन् पुंसाँ निश्रेयसोदय ।*
*तीव्रेण भक्ति योगेन मनोमय्यर्पितं स्थिरम् ॥ (भा. ३।२५।४४)*
*कौन्तैय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥ (गी. ९।३१)*

नै सर्वात्मा भगवान् हो[८२] । व्यापक रूपमा सर्वान्तरयामी वासुदेव (शुद्धात्मा) अद्वितीय हो । ज्ञाता, ज्ञान र ज्ञेय भेद साधनाका लागि हो । साध्य त अभेद आत्मा मात्र हो ।

उपासक र उपास्य भेदले जीवात्मा, ब्रह्मात्मा भने पनि जीव र ब्रह्म उपाधि हटाउँदा आत्मा (अद्वैत) मात्र रहने हो। त्यसैलाई शब्दकोषले **पञ्चायतनी** भनेको छ । जीवात्मा उपासक हो । उपास्य पञ्चायतनीलाई जान्न क्षेत्र (उपाधी) र क्षेत्रज्ञ (उपाधेय) को संयोग अनिवार्य हुन्छ[८३] । उपास्यको उपाधि हटाउन उसैको शरणागतिबाहेक अन्य विकल्प छैन [८४] । पञ्चायतनपूजाबाट प्रारम्भ भएर पाञ्चायनका माध्यमले आनन्दस्वरूप अद्वैत आत्मा अनुभव गर्नु वैदिक पाञ्चायनपूजाको रहस्य हो[८५] । द्रव्य, कर्म, काल, स्वभाव र जीव यी पाँच नामान्तर भए पनि आयतन रूपमा एउटै हो । त्यस्तो विराट् विश्वप्रपञ्चको आश्रय आत्मालाई वासुदेव भनिएको हो[८६] ।

स्वरूप वाच्य हो प्रतिष्ठा वाचक हो। स्वरूप भनेर अनिर्वचनीय आत्मालाई नै भनिएको हो। वेदान्त दर्शनको प्रदर्शन त पञ्चीकृत पाञ्चभौतिक शरीर र त्यसमा प्रतिष्ठित आत्मा मात्र हो । अतः आत्मउपासना अथर्ववेदको रहस्य हो ।

वेदान्तले चिदचित् सूक्ष्मतम पाञ्चायन, पञ्चतन्मात्रा र जीवको विवेक गरेको छ । ज्ञानचाहिँ स्वरूप हो । तन्मात्राचाहिँ प्रतिष्ठा हो तर यथार्थमा दुवै

---

८२. *द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च ।*
*वासुदेवात्परो ब्रह्मन्न चान्योऽर्थोऽस्ति तत्वतः ॥ (भा. २।५।१४)*

८३. *क्षेत्र शेत्रज्ञ संयोगात्तद्विद्धि भरतर्षभ ॥ (गी. १३।२६)*

८४. *दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।*
*मामेव ये प्रपद्यन्ते मायामेतां तरान्ति ते ॥ (गी. ७।१४)*

८५. *स्वाध्यायेन ब्रतै र्होमै स्त्रैविद्येनेज्यया सुतैः ।*
*महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ॥ (मनु. २।२८)*

८६. *अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।*
*मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥ (गी. ९।१६)*

अद्वैत आत्माका प्रकृतिमात्र हुन् । यद्यपि स्वरूप र प्रतिष्ठाको प्रत्यक्ष विराट् प्रपञ्चको नमूनालाई यजुर्वेदले **ब्रह्म** भनेको छ[८७] । सामवेदको महावाक्यले त्यो उपास्यतत्त्व तिमी नै हौ भनेको छ। **तत्त्वमसि** र **अयमात्मा ब्रह्म** दुवै महावाक्यहरूमा ब्रह्मलाई उत्तमपुरुष, परमात्मा र ईश्वरको पर्याय मान्दछन्[८८] स्वरूप र प्रतिष्ठाभन्दा उत्तम मानिने ब्रह्म नै सबैको भरणपोषण गर्ने, सबैको आश्रय स्वरूप पञ्चायतनी हो । जहाँसम्म उपासककै स्वरूप र प्रतिष्ठाको प्रश्न छ तन्मात्राको ज्ञान गर्ने पाँच इन्द्रियको प्रतिष्ठा वा ईश्वर मन नै हो । यो व्यष्टि हो भने समष्टिमा विश्वकै मनस्वरूप सर्वप्रकाशक सूर्य पञ्चतन्मात्राकै आत्मा हो । अथर्ववेद संहिताले चञ्चल मनलाई स्थिर गरी चारै वेदसंहिताहरूको आश्रय पुराण पुरुषोत्तम, वासुदेवमय बनाउने तात्पर्यले मन्त्रहरू सङ्कलन गरेको छ। त्यसैले अथर्व संहिताको महावाक्य पाञ्चायतनीमा तादात्म्य हुन गएको हो[८९] ।

*'अयमात्मा ब्रह्म'* यो अथर्ववेद संहिताको महावाक्य हो। यसले *प्रज्ञानंब्रह्म, अहंब्रह्मास्मि, तत्त्वमसि* पछि म को हुँ भन्ने जिज्ञासा अनुसन्धान गर्न प्रेरित गर्छ। शब्दादि पञ्चतत्त्वहरू चलायमान हुन् र पञ्चतत्त्वमा मिश्रित आत्मतत्त्व मात्र अचल हो भन्ने ज्ञानपछि जिज्ञासा शान्त हुन्छ। ब्रह्मात्म विषयक वेदत्रयीहरू विषयसहितका विषयी भएकाले गतिशील भएका हुन् । अनुसन्धेय शुद्ध आत्माचाहिँ अचल हो भन्ने उक्त महावाक्यको तात्पर्य हो । पाञ्चायन उपासकहरू पनि आत्मज्ञानलाई चारै वेदको निष्कर्ष वेदान्त र ब्रह्मलाई सबैको लक्ष्य मान्दछन् । नित्य आत्मस्मरण गर्ने हुनाले उनीहरू आफूलाई स्मार्त भन्न रुचाउँछन् ।

---

८७. *ब्रह्म वा इदमग्र आसीत्तदात्मानमेवावेत् । अहंब्रह्मास्मीति । (वृ. १।४।१०)*

८८. *उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदा हृत ।*
*यो लोक त्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥*
*यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।*
*अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तम ॥ (गी. १५।१७।१८)*

८९. *वासुदेवात्परोब्रह्मन्न चान्योऽर्थोऽस्ति तत्त्वतः ॥ (भा. २।५।१४)*

सनातन स्मार्त आत्मरक्षार्थ चार आवरण मन, बुद्धि, चित्त र अहंकारलाई आत्माकै सूक्ष्म शरीर मान्दछन्। त्यसको संरक्षण गर्ने पाञ्चभौतिक स्थूल शरीरलाई पञ्चायतन मूर्ति ठान्दछन्। मूर्तिका माध्यमले मूर्तिमान्को उपासना पञ्चायतनीकै भक्ति हो। शब्द, स्पर्श, रूप, रस र गन्धको शक्तिमान आत्मै हो। आत्माको पनि शक्तिमान् सर्वात्मा अनिर्वचनीय हुँदाहुँदै भगवान्, ब्रह्म, परमात्मा, पुरुषोत्तम भनेर निर्वचन गरिन्छ। चारै वेदका चारै महावाक्यहरूले शब्दान्तरले अनिर्वचनीयकै स्वरूप र प्रतिष्ठाको विवेक गरेका हुन्। प्रत्यक्षतः स्वरूपचाहिँ **पञ्चायतन** र प्रतिष्ठाचाहिँ **पञ्चायतनी** हुन्। दुवैको तादात्म्यलाई ईश्वर कोटिका पञ्चदेवका आयतनस्वरूप पाँच प्रकारका वैदिक देवता मान्दछन्। शारीरिक तपद्वारा स्वरूपमा र स्वरूपलाई प्रतिष्ठामा प्रशान्त राख्ने सिद्धान्तहरू चारै महावाक्यहरूद्वारा प्रतिपादन भएका छन्। वैदिक सिद्धान्त कार्यान्वयन गर्ने स्मार्त कर्मलाई प्रचलित शब्दमा परम्परागत पाञ्चायनपूजा भनिएको हो। पाञ्चायनपूजा र वेदान्तदर्शन दुवै आनन्दस्वरूप भगवत्प्राप्ति गर्ने उपाय हुन्। सबै साधनहरू अन्ततः त्याज्य हुन्। साध्य त केवल सर्वधर्मपरित्याग गरी श्रीमच्छरणागतिद्वारा प्राप्त हुने आनन्दानुभूतिमात्र हो। त्यो निर्गुण निराकार निर्विशेष आत्मा अथर्वसंहिताको प्रतिपाद्य हो। कर्तुं अकर्तुं अन्यथा कर्तुं समर्थ पञ्चायतनीको उपासना पनि वेदान्तकै क्रियायोग हो। त्यसको आचार पक्ष स्मृति (धर्मशास्त्र) भएकाले पाञ्चायनपूजा वैदिक स्मार्तकर्म हो।

## २.१.६ स्मृति र इतिहासपुराणमा पाञ्चायन

स्मृति र इतिहास पुराणहरूले पनि वेदवेदाङ्गादिद्वारा जानिने अनिर्वचनीय बोधस्वरूपलाई वाच्यवाचक रूपमा स्वरूप र प्रतिष्ठालाइ मान्दछन्[९०]। पञ्चतन्मात्राको मूर्तरूप स्वरूप र प्रतिष्ठाका प्रतीक ईश्वर कोटिका पञ्चदेव (

---

*९०. मुण्ड. १।१।४, १।१।५, महा. शान्तिः २३२।३०, ३११।२१*

सूर्य, गणेश, देवी, शिव, विष्णु) को सामूहिक यजनलाई शारीरिक तपका रूपमा ब्रह्मोपासनाकै साधन मानेका छन्[९१] । यस्तो यजनले शुद्ध भएको अन्तःकरणमा वैदिक पाञ्चायनको रहस्य स्मरण हुन्छ । अतः स्वरूपानुसन्धान गर्ने स्मृति, इतिहास पुराणहरू पनि पाँचौं वेदसरह उपासनाका आचारशास्त्रहरू हुन्[९२] । मानवमात्रका परमलक्ष्य-अनन्तानन्द स्वरूप भगवान्लाई प्राप्त गर्ने भागवत धर्म स्वयं भगवान्का श्रीमुखबाट व्यक्त भएको हो । समस्त धर्मकर्मको मर्म आत्मस्मरण गर्नु पाञ्चायनपूजाको पनि रहस्य भएकोले सनातन स्मार्तकर्म भनिएको हो[९३] ।

वास्तवमा ईश्वर रूपमा आत्माकै साक्षात्कार गर्नु पुरुषार्थ हो । प्रकृतिमा रहेको पुरुषले आफ्नो कर्तव्य आत्मानुसन्धानद्वारा सिद्धि प्राप्त गर्दछन्[९४] । समस्त कर्म सङ्कल्प त्यागेर आत्मामा सन्तुष्ट, स्थित प्रज्ञ व्यक्तित्व नै पञ्चदेवको उपासक पाञ्चायतनीको भक्त हो ।[९५]

यज्ञहरूमा जप यज्ञ सर्वश्रेष्ठ मानिएको छ । ऋक्-यजु-साम-अथर्व वेदकै अनुशरण स्मृति, इतिहास र पुराणहरूले पृथिवी, जल, तेज, वायु, आकाशमा अन्तर्निहित आत्मा नै पञ्चायतनी भनेर विवेचन गरेका छन् । पञ्चायतन

---

९१. *स्वा. रामसुखदास, **साधकसंगीवनी,** गोरखपुर, गीताप्रेसः २०५१, पृष्ठ ८४९*
*देवद्विजगुरूप्राज्ञपूजनं शौचमार्जवम् ।*
*ब्रह्मचर्यमहिंसा च शरीरं तप उच्चते ॥ (गी. १७/१४)*

९२. *वेदोपनिषदां साराज्जाता भागवती कथा । (भा. म. १/२/६७)*
*इदंभागवतं नाम पुराणं ब्रह्मसम्मितम् ।*
*भक्ति ज्ञान विरागाणां स्थापनाय प्रकाशितम् ॥ (उही ७१)*
*इतिहास पुराणः पञ्चमो वेदानांवेद (छा. ७/१/४)*

९३. *यो वै भगवता प्रोक्ता उपाया ह्यात्मलब्धये ।*
*अञ्जः पुंसामविदुषां विद्धि भागवतान् हि तान् ॥ (भा. ११/२/३४)*

९४. *स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः (गी. १८/४५)*
*स्वकर्मणातमभ्यर्च्य सिद्धि विन्दन्ति मानवः (गी. १८/४६)*

९५. *सङ्कल्प प्रभवान्कामां स्त्यक्त्वा सर्वानशेषतः ।...*
*आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥ (गी. ६/२४,२५)*
*आत्मन्नेवात्मना तुष्टः (गी. २/५५)*

आदित्य, गणनाथ, देवी, रुद्र र केशवको सामूहिक उपासनालाई महत्त्व दिएका छन् । त्यसै आधारमा वैदिक सनातनी शुक्लयजुर्वेदीय माध्यन्दीन शाखाका अनुयायी स्मार्तहरू आह्निक सूत्रावलिको निर्देशनलाई मान्दछन् । वाङ्मय विश्लेषणअन्तरगत पाञ्चायनपूजाको रहस्य विवेचन गर्न चार वैदिकसंहिता सरह स्मृति, इतिहास पुराणको चर्चा महत्त्वपूर्ण छ ।

वेदले निर्वचन गर्ने सृष्टि, स्थिति, लय, निग्रह र अनुग्रह पाँच भावहरू स्मरण र प्राण, ज्ञानेन्द्रिय, तन्मात्रा, अन्तःकरणको सामूहिक स्वरूप ज्ञानसहित विज्ञानतत्त्वलाई पुरुषोत्तम तत्त्वको शरणागत हुने उपाय बताउनु स्मार्तकर्मको तात्पर्य हो ।

वेदले प्रतिपादन गरेको आत्मा समर्पित गरिरहनुपर्ने तत्त्व होइन तापनि प्राणेन्द्रिय मनोमय भएकाले साधनाकालमा मन समर्पणलाई नै आत्मसमर्पण भन्ने गरिन्छ । अद्वितीय परमात्मा, पुरुषोत्तम, ईश्वरप्रति समर्पित हुने सर्वोत्तम उपाय पाञ्चायनपूजा (पञ्चदेवमार्फत् भगवान्मा शरणागती) हो[९६] । वैदिक वाङ्मय विश्लेषणको निष्कर्ष वेदान्तको स्वरूप र प्रतिष्ठा समान स्मृति, इतिहास पुराणको पञ्चायतन र पञ्चायतनी हो ।

पुराण भनेको पहिले यस्तो भएको थियो भन्नु नै हो । उक्त दुई शब्द पुराण र इतिहास मिलेर पुराणेतिहास बन्दछ । अङ्ग्रेजी भाषामा इतिहासको पर्यायको रूपमा हिष्ट्री शब्द प्रयोग हुन्छ । ग्रीक (युनानी) भाषाको हिस्टोरिया शब्दको विकसित रूप हिष्ट्रीको तात्पर्य खोजेर पत्ता लगाई अध्ययन गर्नु भन्ने नै हो[९७] । स्वरूप र प्रतिष्ठामध्ये स्वरूपको अनुसन्धानलाई प्रतिष्ठित गर्नु वेदान्तका भाषामा पूजा वा  भक्ति भनिएको छ[९८] । आत्मतत्त्व रहने ठाउँ

---

९६. *आदित्यं गणनाथं च देवी रुद्रञ्च केशवम्*
*पञ्चदैवत्यमित्युक्तो सर्वकर्मसु पूजयेत् (शर्मा, आह्निक सूगावली १९९छ ई. पृ. १०५)*
*योव्रह्माणं विदधातिपूर्वं योवै वेदांश्च प्रहिणोति तस्मै ।*
*तँ ह देवमात्मवुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ॥ (श्वे. ६।१८)*

९७. *दिनेशचन्द्र रेग्मी, **पुरालेखनपरिचय**, (काठमाडौँ : सुशीला रेग्मी, २०४८), पृ. ८ ।*

९८. *स्वस्वरूपानुसन्धानं भक्तिरित्य भिधीयते । (वि.चू. ३२)*

भनेको पाञ्चायनमार्फत् पञ्चायतन हो। दुवैको आश्रय **पञ्चायतनी** *अवाङ्मनसगोचर* भएकाले पुराणेतिहासको विषय होइन। तर त्यसैको वाचक ज्ञानसहित विज्ञानस्वरूप पाञ्चायन मूर्तिमा प्रतिष्ठित पञ्चप्राणको स्वरूप र प्रतिष्ठा पत्ता लगाई अध्ययन गर्नु पुराणेतिहासको विषय हो। वाङ्मय विश्लेषणको रहस्य पनि त्यही हो। सम्पूर्ण पुराणहरू भागवतमा र रामायण-महाभारतमा इतिहास समेटिएका छन्। पुराण पुरुषोत्तमकै सगुण स्वरूप भगवान्, सङ्कर्षण हो। समस्त पुराणेतिहास वैदिक वाङ्मयको आश्रय उनै सङ्कर्षण शेष वा अनन्त हुन्[९९]। यसैको भक्ति गर्ने महाकाव्य श्रीमद्भागवत् महापुराणलाई सबै वेदइतिहासको सारसङ्ग्रह भनिएको हो [१००]। कल्पकल्पान्तरका सनातन परम्पराको अथाह सङ्ग्रह श्रवणद्वारा अल्पायु मानिसका मन वाणीले के जान्नु ! कुनै पनि व्यक्तिविशेष ब्रह्मा नै भए पनि सक्दैन। त्यस्ता वेदान्तका सार पुराण पुरुषोत्तमलाई जीव, ईश र जगत् विवेचन गर्ने श्रुति, स्मृति, पुराणको अनुशीलनले जान्न सकिन्छ भनेको हो[१०१]।

श्रुति वेद हो भने वेदको व्याख्या अर्थात् सनातन धर्मशास्त्र स्मृति हो। श्रुतिस्मृति सरह पुराणादि भनेको परमात्मा प्राप्तिका उपाय बताउने आख्यान फलश्रुति हुन्। त्यसैले अनन्त भगवान् पुरुषोत्तमका प्रमुख दस अवतार र पुराणका दस लक्षण समान मानिन्छ। सर्ग, विसर्ग, वृत्ति, रक्षा, मन्वन्तर, वंश, वंशानुचरित, संस्था र हेतु भनेका पुराण र पुरुषोत्तम दुवैको लक्षण हो। पाँच प्रमुख लक्षण पञ्चायतन स्वरूप अवतारमा भने ईश्वरकै विवेचन छ। पुराणका मुख्य रूपमा सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशचरित्र गरी पाँच

---

९९. *न विना धातुसँघातं शरीरं भवति क्वचित ॥*
*न च जीवं विना ब्रह्मन् वायवश्चेष्टयन्त्युत ।*
*सजीवः परिसंख्यातः शेषः सङ्कर्षणः प्रभुः ॥ (महाशान्ति. ३३९।३५,३६)*

१००. *सर्ववेदेतिहासानां सारं सारं समुद्धृतम् ।*
*सतु संश्रावयामास महाराजं परीक्षीतम् ॥ (भा. १।३।४२)*

१०१. *आवाङ्मनसगम्यं तं श्रुतिर्बोधयितुं सदा ।*
*जीवमीशजगद्वापि समाश्रित्य प्रवोधयेत् ॥ (पञ्च. ९।७२)*

लक्षण छन्। अनन्तका पर्याय भएकाले विस्तृत र संक्षेप भेदहरू स्वभावैले हुन्छन्। श्रीमद्भागवत महापुरणले यो कुरो पुष्टि गरेको छ[१०२]। अनन्त भने पनि, तेत्तिसकोटि भने पनि, चौबिस अवतार, दश अवतार, पञ्चायतन जे भने पनि पुराण पुरुषोत्तममा पुग्ने लक्षणहरू हुन्। ईश्वरकोटिका विष्णु, सूर्य, रुद्र, गणेश र शक्तिको समन्वयस्वरूप पञ्चदेव स्वयंमा अद्वैत ब्रह्मसमान पूर्ण छन्। उपासकका सुगमताका लागि सगुण साकार पाँच प्रकारका पञ्चायतनमा अवतरित हुन्छन्।

विष्णु, रुद्र, सूर्य, देवी, गणेश भनेका त्रिगुण र पञ्च भाव चित्, तेज, शक्ति, ज्ञान र सत्स्वरूप परमात्माकै सविशेष अवतार सङ्कर्षण पञ्चायतन सरह हुन्। विष्णु, रुद्र, सूर्यादि पञ्चदेव र पुराणका पञ्चलक्षण समान भएकाले पुराणहरूले पनि धर्मार्थकाममोक्षका साथै त्रिभुवनकै अधिष्ठाता गणपत्यादि पञ्चदेवकै कीर्ति गाएका हुन्[१०३]। आदित्य, गणनाथ, देवी, रुद्र, केशव प्रकारान्तरले पञ्चतत्त्वकै अधिष्ठाता मान्ने आगम शास्त्रहरू पनि छन्। आगम निगम दुवैका आधारमा अनन्त अनिर्वचनीय आत्मउपासनाका पाँच आयतनहरूका आयतनीको लक्षण शब्दकोषले गरेका हुन्। भागवतपुराणले प्रतिपादन गरेको उत्तमपुरुष शरीरस्थ पञ्चायतनी नै आत्मा हो। केवल नामान्तर प्रयोगले त्यसैलाई उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता, महेश्वर परमात्मा इत्यादि भनिएको हो। वस्तुतः **पञ्चायतनी** अनिर्वचनीय अद्वैत ब्रह्मको पर्याय नै हो[१०४]।

*१०२. सर्गोस्याथ विसर्गश्च वृत्ती रक्षान्तराणि च।*
*वंशो वंशानुचरितं संस्था हेतुरपाश्रयः॥*
*दशभिलंक्षणैर्युक्तं पुराणं तद्विदो विदुः।*
*केचित्पञ्च विधं ब्रह्मन् महदल्प व्यवस्थया॥ (भा. १२।७९।१०)*
*एवं लक्षणलक्ष्याणि पुराणानि पुराविदः। (भा. १२।७२२)*

*१०३. धर्मश्चार्थश्च कामश्च मोक्षश्चै वात्र कीर्त्यते*
*ब्रह्माविस्ण्वर्करुद्राणां माहात्म्यं भुवनस्य च।*
*स संहारप्रदानं च पुराणे पञ्चवर्णके॥ (मत्स्य. ५३।६६।७, हिन्दुसंस्कृति अङ्क पृ. ५५२ बाट)*

*१०४. उपद्रष्टानुमन्ना च भर्ता भोक्ता महेश्वरः।*

कल्पान्तरका कारण प्रायः नष्ट भएको वेदवाणी आदिपुरुष ब्रह्माका लागि भगवान्‌बाट आकाशवाणी भयो। भागवतमहापुराणको प्रतिपाद्य सर्वान्तर्यामी तत्त्वनिरूपण गर्ने उक्त आकाशवाणी प्रथम वाङ्मय हो। आफैँले सृष्टि गरेर त्यसैमा प्रविष्ट भए भन्ने उपनिषद्‌को कथन र भागवतको तात्पर्य एउटै हो। अतः सबै वाङ्मयको तात्पर्य आत्माको उपासना हो तापनि प्रकृतिका प्रभावले मनको सङ्कल्पका आधारमा उपासनाका प्रकार पाँच भए। वस्तुतः मूर्ति पाँच भए पनि उपास्य उनै **पञ्चायतनी** हुन् भन्ने स्मृति, इतिहास पुराणको निचोड हो[१०५]। पूर्वकल्पअनुसार आफ्ना स्मृतिलाई पुनः प्रकट गर्नु ब्राह्मकल्पको सृष्टि हो। वैदिक पाञ्चायनपूजा मोक्षप्राप्तिको साधनका साथै प्रणवकै अद्वैत उपासना हो। भगवान्‌को अनन्य भक्ति भनेको पनि यही हो[१०६]। पुराणलाई अर्वाचीन, काल्पनिक आख्यानका रूपमा होइन शाश्वत तत्त्वनिरूपण गर्ने शास्त्रका रूपमा विवेचन गर्नुपर्छ[१०७]। शाश्वत भनेको अद्वितीय आत्मा पुराणपुरुष हो। त्यसैलाई खोजेर पत्ता लगाई अध्ययन गर्नु इतिहास हो। आत्मनिरूपण गर्ने प्राचीनतम श्रीमद्‌भागवत, महाभारत, रामायण सबैलाई एक शब्दमा 'पुराणेतिहास' भनिएको हो। वेदसंहिता, वेदान्तसार, ब्रह्मसूत्र, महाभारत अठारपर्व, पुराणहरू, सबै **श्रीमद्‌भागवतमहापुराण**मै समाहित छन्।

---

*परमात्मेति चाप्युक्तो देहेऽस्मिन् पुरुषः परः ॥ (गी. १३।२२)*

१०५. *कालेन नष्टा प्रलये वाणीयं वेदसंज्ञिता ।*
*मयाऽऽदौ ब्रह्मणे प्रोक्ता धर्मो यस्यां मदात्मकः ॥ (भा. ११।१४।३)*
*येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।*
*तेऽपि मामेव कौन्तेय यजन्त्य विधिपूर्वकम् ॥ (गी. ९।२३)*

१०६. *पूजादिस्वनुराग इति पाराशर्य (ना. भ. सू. १६)*
*मोक्ष कारणसामग्र्यां भक्तिरेव गरीयसी । (वि. चू. ३२)*
*ॐ तत्सदिति निर्देशो ब्रह्मण स्त्रिविधः स्मृत ।*
*ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च बिहिताः पुरा ॥*
*तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रिया : ।*
*प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥*
*तदित्यनभिसन्धाय फलं यज्ञतपः क्रियाः ।*
*दान क्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ॥ (गी. १७।२३,२५)*

१०७. *अजो नित्यः शाश्वतोऽयं पुराणो । (गी. २।२०)*

यस जगत्को उत्पत्ति, स्थिति र लय भगवान्को विश्वरूप हो साथै भगवान् त्यसभन्दा विलक्षण पनि हो, यो स्मृति र इतिहास पुराणद्वारा सिद्ध हुन्छ। धर्मार्थकाममोक्षलाई प्राथमिकता दिने समस्त वैदिक वाङ्मयसार ब्रह्मसूत्र रचेर पनि असन्तुष्ट वेदव्यासले नारदको उपदेशपछि रचेको भगवान्को भक्तिकाव्य *श्रीमद्भागवत महापुराण* ब्रह्मसूत्रकै भाष्यसरह मानिएको छ[१०८]।

समस्त वाङ्मयको सार श्रीमद्भगवद्गीता हो र यसमा पनि उक्त विषयको पुष्टि भएको छ।[१०९] वाङ्मयहरूले शब्दब्रह्मको नमुना सभूत सूक्ष्मेन्द्रियसहित प्राणलाई मनोमय प्राणीका रूपमा तुलना गर्नुको कारण पनि यही नै हो[११०]। चौबीस अवयवको अवयवी पच्चीसौँ पुरुष तत्त्वबाटै सिद्ध हुन्छन्।[१११] त्यसैले पुरुष निमित्तकारण र प्रकृति उपादानकारण हो।

---

*१०८. इदं हि विश्वं भगवानिवेतरो यतो जगत्स्थान निरोध सम्भवाः।*
*तद्धिस्वयं वेद भवांस्तथापि वै प्रादेशमात्रं भवतः प्रदर्शितम् (भा. १।५।२०)*
*वेदोपनिषदां साराज्जाता भागवती कथा। (भा.म. १।२।६७)*
*इमां भागवतीं प्रीतः संहितां वेदसम्मिताम्। (भा. १२।४।४२)*
*सर्ववेदान्तसारं यद् ब्रह्मात्मैकत्व लक्षणम्।*
*वस्त्वद्वितीयं तन्निष्टं कैवल्यैक्य प्रयोजनम्॥ (भा. १२।१३।१२)*
*सर्व वेदान्त सारं हि श्रीभागवत मिष्यते। (भा. १२।१३।१५)*
*कालोऽयं परमाण्वादि द्विपरार्धान्त ईश्वरः (भा. ३।११।३८)*

*१०९. वेदैश्च सर्वै रहमेव केद्यो*
*वेदान्तकृद्वेदविदेव चाहम्॥ (गी. १५।१५)*
*अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः॥ (गी. १५।१८)*

*११०. शब्दब्रह्म सुदुर्बोधं प्राणेन्द्रिय मनोमयम्। (भा. ११।२१।३६)*
*देहेन्द्रिय प्राणमनोऽभिमानो जीवोऽन्तरात्मा गुणकर्ममूर्तिः। (भा. ११।२८।१६)*
*स एष जीवो विवरप्रसूतिः प्राणेन घोषेण गुहां प्रविष्टः।*
*मनोमयं सूक्ष्ममुपेत्यरूपं मात्रास्वरोवर्ण इतिस्थविष्ठः॥ (भा. ११।१२।१७)*
*इन्द्रियाणां तु सर्वेषामीश्वरं मन उच्यते। (महाशान्ति, ३११।२१)*

*१११. ॐ पुरुष एवेदं सर्वं यद् भूतं यञ्च भाव्यम्।*
*उतामृतत्त्वस्येशानो यदन्नेनातिरोहति॥ (यजु. ३१।२, ऋ. १०।९।२, अथर्व १९।६।४, श्वेता. ३।१५)*
*एतावानस्य महिमातो ज्यायाँश्च पुरुषः*
*पादोऽस्या विश्वा भूतानि त्रिपादस्थामृतं दिवि॥ (यजु. ३१।३)*
*मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त।*

पुराणपुरुषोत्तमको मूर्तस्वरूप कालपुरुष सूर्यका प्रेरणाले देह, इन्द्रिय, प्राण, मन, अभिमान, जीव, अन्तरात्मा, गुण र स्वभावको सन्निकर्ष हो । शेष नारायण पञ्चप्राणमा अनुगत आत्मतत्त्वलाई सर्वात्मा भगवान्मा शरणागत गर्नु वाङ्मयहरूको तात्पर्य हो । वेदका *तत्त्वमसि, अहं ब्रह्मास्मि, प्रज्ञानं ब्रह्म र अयमात्मा ब्रह्म*जस्ता महावाक्यहरूले द्रव्य, कर्म, काल, स्वभाव र जीव पाँच तत्त्वको आश्रय **पञ्चायतनी**कै निरूपण गरको हो । त्यस्तो पुराण पुरुषोत्तम श्रीकृष्णतत्त्वसरह पञ्चायतनी शरणागत गराउनु भागवतको पनि तात्पर्य हो[११२] ।

वस्तुतः जुन रहस्य खोजिँदैछ, त्यो न सत् हो न असत् हो न सत्-असत्को मिश्रण हो । त्यो त केवल शिव, कल्याण, आनन्दस्वरूप अनिर्वचनीय आत्मतत्त्व ब्रह्म, परमात्मा, भगवान्, पाञ्चायतनी शब्दद्वारा निरूपित मात्र हो ।[११३] त्यस्तो अनिर्वचनीय तत्त्वलाई आत्मा वा स्वभाव र त्यसको वाचक शब्दब्रह्मलाई वाङ्मय भनिएको हो ।[११४] जब अनिर्वचनीय तत्त्व बुझाउने कुनै शब्द हुन्छ भने त्यो आत्मवाचक ब्रह्म समान नै हुनुपर्छ । त्यसैले योगदर्शनले भनेको आत्मवाचक प्रणव शब्दलाई गीतामा *ओमित्येकाक्षरंब्रह्म* भनिएको छ । महाभारतमा ब्रह्मका दुई प्रकार बताइएको छ। शब्द र पर शब्दको

---

*षोडशकस्तु विकारो न प्रकृतिर्नविकृतिः पुरुषः ॥ (सां. द. ३)*
*प्रकृतेर्महाँस्ततोऽहंकारस्तस्माद् गणश्च षोडशकः ।*
*तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्चभूतानि ॥ (उही, २२)*

११२. *इतिहासपुराणानि पञ्चमं वेदमीश्वरः । (भा. ३।१२।३९)*
*द्रव्यं कर्मच कालश्च स्वभावो जीव एव च ।*
*वासुदेवात्परो ब्रह्मन्न चान्योऽर्थोऽस्ति तत्त्वतः ॥ (भा. २।५।१४)*

११३. *अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते (गी. १३।१२)*
*न सन्नचा सत् सदसच्च तन्न (महाशान्ति, २०२।२७)*
*न सन्नचासच्छिव एव केवलः (श्वेता. ४।१८)*

११४. *अयमात्मा ब्रह्म (माण्डू. २)*
*स्वभावोऽध्यात्मउच्यते (गी. ८।३)*
*तस्यवाचकः प्रणवः (यो.सू. १।२७)*
*एक एव पुरा वेदः प्रणवः सर्ववाङ्मय (भा. ९।१४।४८)*

यथार्थबोध पनि परब्रह्मानुभव नै हो भनेको छ ।[११५]

चारै वेदहरूको पनि वेद इतिहास पुराणलाई ईश्वर भनेको हो[११६] । आत्मा र परमात्माको संयोग नै वैदिक भक्ति योग हो । अनुसन्धान गर्दा पहिले यस्तो भएको थियो, खोजेर अध्ययन गर्नु भन्ने इतिहास हो । प्रस्तुत शोधको उद्देश्य पुराणपुरुषोत्तम सरह शुद्धचैतन्य अन्वेषण गर्ने साधन वेद नै हुन गयो । त्यसैले वेदको पनि वेद इतिहासपुराणका पाँच लक्षण **सर्ग, विसर्ग, वंश, मन्वन्तर, वंशचरित्र** पनि **सृष्टि, स्थिति, लय, तुरीय, तुरीयातीत** सरह आत्मअनुसन्धानका लक्ष्य हुन् ।

स्मृति, इतिहास, पुराणको पनि निचोड वेदोपनिषद्कै सार परमानन्दस्वरूप ईश्वर अन्वेषणीय नै हो । वेदान्तदर्शनको आनन्दब्रह्म र पाञ्चायन दर्शनको पञ्चायतनी दुवै समानार्थी हुन् । शब्दकोषहरूले दुवैलाई समेट्ने गरी पञ्चदेवकै इष्टावरण भेदले हुने पाँच आयतन र पाँचवटैको अद्वितीय आश्रय **पञ्चायतनी** शब्दद्वारा स्पष्ट गरेको छ । अतः स्मृति पुराण र इतिहासको प्रतिपाद्य तत्त्व पञ्चायतनी पनि ब्रह्मकै पर्याय हो ।

पाञ्चायन उपासकहरूको आ-आफ्ना इष्ट पाञ्चायनका सूक्ष्मतमतत्त्व भनेको अध्यात्म भाव नै हो । ज्ञान गर्ने साधन पञ्च ज्ञानेन्द्रियहरूको ईश्वरसमान 'मन' ले चेतनकै अनुभव गर्ने हो । सूक्ष्मलाई दर्शन, स्थूललाई प्रदर्शन भने पनि दर्शनीयतम **पञ्चायतनी**चाहिँ मनको अनुवर्ति आत्मा नै हो[११७] । पाँचौं वेद मानिने पुराणेतिहासले पनि वेदान्तदर्शनको ब्रह्मोपासनासरह

*११५. द्वे ब्रह्मणी वेदितव्ये शब्दब्रह्म परं च यत्*
*शब्द ब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति (महाशान्ति, २३२।३०)*

*११६. इतिहास पुराणानि पञ्चमं वेदमीश्वरः । (भा. ३।१२।३९)*
*ऋगथर्वयजुः साम्नां राशीनुद्धृत्य वर्गशः ।*
*चतस्र संहिताश्चक्रे मन्त्रैर्मणिगणा इव ॥ (भा. १२।६।५०)*

*११७. मनः कर्ममयंनृणामिन्द्रियैः पञ्चभिर्युतम् ।*
*लोकाल्लोकं प्रयात्यन्य आत्मातदनु वर्तते ॥ (भा. ११।२२।३६)*
*इन्द्रियाणां तु सर्वेषामीश्वरः मन उच्यते ।*

पाञ्चायनपूजाको तात्पर्य **पञ्चायतनी**को उपासनालाई मानेको छ । त्यो साङ्ख्य र योगद्वारा जानिने दर्शनीयतम तत्त्व छ, त्यसैलाई आश्रय भनिएको हो ।

### २.१.७ दर्शनशास्त्रहरूमा पाञ्चायन

न्याय, वैशेषिक, साङ्ख्य, योग र पूर्वोत्तर मीमांसा दर्शनले पञ्चतत्त्वको विवेचन गरेका छन् । चार्वाक् आदि भौतिकवादी दर्शनहरूले पञ्चतत्त्वका समवायले छैठौं गतिशीलता स्वतः पैदा हुन्छ भनेका छन् । त्यसको माध्यम शून्यलाई मान्दछन् । अनिर्वचनीय तत्त्वको निर्वचन पञ्चायतनी र त्यसको विवर्त यो जगत्प्रपञ्च हो । अवैदिक दर्शनहरूले आत्मा शब्दको अवज्ञा गरे तापनि अनिर्वचनीय शब्दद्वारा त्यसको सङ्केतसम्म गरेका छन् । शून्य अर्थात् अनात्मवादी दर्शनको खण्डन र अध्यात्मदर्शनहरूको प्रतिष्ठा गर्नु शंकराचार्यको ध्येय थियो । उनले पञ्चायतनकै आश्रय पञ्चायतनीलाई आत्मस्मरणको केन्द्र र पाञ्चभौतिक शरीरलाई त्यसको साधना गर्ने साधन माने ।

'आत्मा सिद्ध गर्न सकिएको छैन' भन्ने शून्यवादीहरू पनि जडचेतनको सूक्ष्मतम विवेकलाई दर्शन बन्दछन् । लोकव्यवहारमा भने दृष्टिकोणहरूलाई नै दर्शन भनियो । अध्यात्मवादी दृष्टिकोणका छ र भौतिकवादी दृष्टिकोणका छ गरी बाह्र दर्शनशास्त्रहरू प्रसिद्ध छन् । अध्यात्म दृष्टिकोण भएका षड्दर्शनले प्रत्यक्ष र परोक्ष अर्थात् पूजादिमा अनुराग र स्वरूपानुसन्धानकै विवेचन गरेका छन् । तिनीहरूका दृष्टिकोण फरक छन् तापनि सङ्कल्प समान छन् । सबै दर्शनहरूको सङ्कल्प दर्शनीयतम तत्त्व अनन्त आनन्द प्राप्ति गर्नु नै हुन्छ । वाङ्मयले अनन्त आनन्दलाई नै ब्रह्म, भगवान्, परमात्मा आदि नामान्तरले विवेचन गरेको छ[११८] ।

---

*११८. वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ।*
*ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥ (भा. १।२।११)*

आस्तिक दर्शनले आकाशमा पञ्चतत्त्व छ त्यो आत्माको विवर्त या विस्तारमात्र मान्दछ। वेदान्तीहरू पञ्चतत्त्व र जीवतत्त्वलाई अपरा र परा प्रकृतिका रूपमा र आकाशलाई आत्माबाट उत्पन्न अनिर्वचनीय जडसूक्ष्मतम तत्त्व मान्दछन्। प्राकृतिक गुणकर्मबाहेक केही छैन भने तापनि पुरुषलाई कर्ता मान्ने सांख्यदर्शन ज्ञानमार्ग हो। वेदले आत्मा जान्न सकिने कुरो होइन, मान्दिन भन्न सकिने कुरो पनि होइन भनेको छ। त्यसैले उत्तम पुरुषको उपासनाद्वारा कृपा प्राप्त भयो भने जान्न पनि सकिनेछ भन्ने उदाहरण मान्दै वैदिकहरू पञ्चायतनीको स्तुति, उपासना, पूजा, भक्ति, शरणागतिको निर्देशन गर्दछन्[११९]। छवटै आस्तिक दर्शनहरूले मनसहित छ इन्द्रियहरू, आकाशमा सन्निहित मान्दछन् र आकाशको आश्रय आत्मा हो भन्दछन्। पुरुष तत्त्वतः पुरुषोत्तमकै अंश हो तापनि शब्दगुणात्मक सूक्ष्मतम आकाश पुरुषलाई खिच्न समर्थ छ।

आकाश सविशेष ब्रह्म हो। अनिर्वचनीय आकाशसमान योगमायाले ढाकेकाले सबैले जान्न सक्दैन भनेर स्वयं भगवान्ले भन्नुभएको छ। प्रकृतिको अस्तित्व आकाश पनि असत् होइन चराचर व्यक्त गर्ने महद्ब्रह्ममै अव्यक्त हो। सर्वत्र प्रकाशित नभए पनि तपस्याका प्रभाव र देवताका प्रसादले अनुभव गर्न सकिन्छ। यसरी उपनिषद्द्वारा आकाशमा पनि आत्मा व्याप्त भएको

---

११९. *न तस्य प्रतिमा अस्ति यस्य नाम महद्यशः। न संदृशे तिष्ठति रूपमस्य न चक्षुषा पश्यति कश्चनैनम्। (श्वेता. ४।१९, २०)*
*वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमसः परस्तात्।*
*तमेव विदित्वाति मृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय॥ (श्वेता. ३।८)*
*यदा चर्मवदाकाशं वेष्टयिष्यन्ति मानवाः।*
*तदा देवमविज्ञाय दुःखस्यान्तो भविष्यति॥ (शवेता. ६।२०)*
*न चक्षुषा गृह्यते नापि वाचा*
*नान्यैर्देवैस्तपसा कर्मणा वा।*
*एषोऽणुरात्मा चेतसा वेदितव्यो*
*यस्मिन प्राणः पञ्चधा संविवेश। (मुण्ड. ३।१।८, ९)*
*यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च यहिणोति तस्मै।*
*तँ ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये॥ (शवेता. ६।१८)*

प्रमाणित हुन्छ[१२०] । उत्तम पुरुषको कृपा प्राप्त गर्न पञ्चशील वा पाञ्चायन उपासना अवधिभर पञ्चतत्त्वाश्रय (आकाश) नै साधन हो । आकाशलाई आवृत्त गर्ने चार आवरण– वायु, तेज, जल र पृथिवीका अधिष्ठाता देवताहरूलाई अङ्गदेव र आकाशका अधिष्ठाता देवलाई इष्टदेव मानेर उपासना गर्ने पद्धति वैदिक दर्शनहरूकै आचरण हो । आचार्य शङ्करले विवेक चूडामणिमा पाञ्चायनका माध्यमले पञ्चायतनीकै उपासनालाई भक्तिको रूपमा निर्देशन गरेका छन् । भक्तिलाई स्वस्वरूप या आत्मतत्त्वनुसन्धानसँग तुलना गरेका हुन् ।

आ-आफ्ना दृष्टिकोणले जड-चेतनजस्ता सूक्ष्मतत्त्वको विवेक गर्नुलाई पारिभाषिक शब्दमा दर्शन भनिन्छ । स्थूल शरीरको आधार पञ्चतन्मात्रा र जीवात्माको आधार परमात्मा नै दर्शनका विषय हुन् । अनुसन्धानको क्षेत्र सूक्ष्म शरीर, इच्छा, द्वेष, प्रयत्न, सुख-दुःख आदिको अनुभव आत्माकै लिङ्गायतन हो । आत्मामै सबै लीन हुनसक्ने सुख दुःखादि सङ्केतहरूका पाञ्चभौतिक आयतन आफ्नै शरीरलाई स्वरूप र आत्माचाहिँ अनुसन्धेय भनिएको हो ।

### २.१.७.१ **न्यायदर्शन र पाञ्चायन**

तर्कयुक्त प्रमाणमा जोड दिने न्यायदर्शनलाई आन्वीक्षिकी वा प्रमाणशास्त्र पनि भनिन्छ । यस दर्शनका प्रतिपादक गौतम वा अक्षपाद ऋषि मानिन्छन् । यस दर्शनको मूल ग्रन्थको नाम नयाँसूत्र हो, जसमा अनेकौँ टीका र भाष्य पाइन्छन् । न्यायदर्शन नव्य र प्राचीन गरी दुई भागमा विभक्त छ । नव्यन्याय पूर्णतया तर्कप्रधान छ भने प्राचीन न्याय तत्त्वप्रधान छ ।

---

*१२०. नाहं प्रकाशः सर्वस्य योगमाया समावृतः । (गी. ७।२५)*
*तपः प्रभावाद् देवप्रसादाच्च ब्रह्मः*
*ह श्वेताश्वतरोऽथ विद्वान् । (श्वेता. ६।२१)*
*सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ॥ (गी. ९।७)*
*मायां तु प्रकृतिं विद्यान्मायिलं तु महेश्वरम् ।*
*तस्यावयवभूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥ (श्वेता. ४।१०)*

भौतिकवादी दर्शनहरूमा आत्माले महत्त्वपूर्ण स्थान पाएको देखिँदैन। चार्वाक, जैन, बौद्धादि लोकायतदर्शन पनि पञ्चतत्त्वको आश्रय आकाशमा भने विश्वास गर्छन्। न्यायदर्शनले झैँ अनात्मवादी दर्शनहरूले पनि आकाशको आश्रयको अन्वेषण गर्न खोजेकाले ती पनि पञ्चायतनका विपरीत देखिँदैनन् तापनि यहाँ तिनको विवेचन गरिएको छैन। अध्यात्मवादी आनन्द अन्वेषण गर्ने न्यायवैशेषिकादि षड्दर्शनहरू विवेच्य छन्।[१२१] छ दर्शनहरूमध्ये वेदान्त दर्शन दर्शनियतम हो[१२२]। अतः पाञ्चायनको आश्रय पञ्चायतनी र न्यायदर्शनको अपवर्गमा घनिष्ठता सिद्ध हुन्छ।

न्यायदर्शनले पञ्चतत्त्वमै आधारित भएर आत्मा-अनुसन्धान गर्छ। **अपवर्ग** भनेर मोक्षलाई नै लक्ष्य मानेको छ। गीतामा क्षेत्र-क्षेत्रज्ञ संयोग भनेर बताएको शरीरको इच्छाद्वेष सुख-दुःख संघात चेतना र न्यायदर्शनको पञ्चमहाभूतमा आश्रित स्थूल, सूक्ष्म कारण शरीरधारी प्राणीलाई आत्माकै पर्यायवाची भन्नु अत्युक्ति हुँदैन[१२३]।

मूर्तिमान् मानव शरीरलाई पञ्चदेवायतन भनिन्छ। उपनिषद्कै सार गीता र न्यायदर्शन सिद्धान्ततः लोकोक्तिका रूपमा प्रयोग हुने गरेको छ[१२४]। पाञ्चभौतिक आयतनको सूक्ष्मतम आत्मालाई न्यायदर्शनले कर्ता नामले स्वीकारेको छ। न्यायदर्शनमा भनिएको कर्ता गीतादर्शनको क्षेत्र-क्षेत्रज्ञ संयोगसँग तुलनीय छ। जीव र पञ्चभूत सनातन (क्षेत्र-क्षेत्रज्ञसंयोग) लाई नै

---

१२१. *अस्तीत्येवो पलब्धव्य स्तत्वभावेन चोभयोः।*
*अस्तीत्येवोपलब्धस्य तत्त्वभावः प्रसीदति ॥ (कठो. २।३।१३)*

१२२. *वेदान्त दर्शन दर्शनीयत्तम भएकाले न्याय, वैशेषिक, सांख्य, योग र मीमांसा पाँच दृष्टिकोण हुन्। वेदान्त दर्शन मात्र नभएर दर्शनीयतम (पञ्चतत्वायतनी, आश्रयतत्त्व) नै भएकाले यथार्थमा वेदान्तका पाँच दृष्टिकोणहरू पाँच अयन पनि हुन्।*

१२३. *पृथिव्यापस्तेजो वायुराकाशमिति, घ्राणरसनचक्षुस्त्वक्श्रोत्राणिन्द्रियाणि, गन्धरसरूपस्पर्श शब्दाः, पृथिव्यादिगुणस्तदर्था (न्या.द. १।१२-१४)*
*इदं शरीरं कौन्तेय क्षेत्रमित्य भिधीयते।*
*एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः। (गी. १३।१)*

१२४. *देहो देवालय प्रोक्तः स जीवो केवलः शिव (लोकोक्ति)*

कर्ता र साधन भनिएको हो[१२५] । वस्तुतः वेदको 'पुरुष एवेदं सर्वम्'लाई वेदान्तले पञ्चायतनी मानेर उसैको भक्तिलाई स्वरूपानुसन्धान भनेको छ[१२६] । जडचेतन सूक्ष्मतम तत्त्वको प्रत्यक्ष प्रकटलाई न्यायदर्शनले लिङ्गको आकृति मानेको छ। पञ्चतन्मात्राको आयतन चौबीस अवयवको अवयवी पच्चीसौँ प्राण, इन्द्रिय, मनसँग संयुक्त आत्मा नै जीव हो। जन्म प्रवृत्ति अज्ञानरूपी दोषनिवृत्त अवस्था नै अपवर्ग हो। त्यसैले अत्यन्त आनन्दानुभूति नै न्यायदर्शनको तात्पर्य हो। वेद वा ज्ञान नै आत्मा हो। आत्माले नै प्राकृत घटना प्राणेन्द्रिय मनद्वारा प्रत्यक्ष सुखदुःख साक्षात्कार गरेपछिका अभिव्यक्तिहरू अध्यात्मिक दर्शनशास्त्र भनिएका हुन्। वेदका चारै महावाक्यहरू सत्य ठानेर पाँचौँ तत्त्व प्रणव ॐ को केन्द्रविन्दु आत्मउपासना गर्नुलाई पञ्चदेवको सामूहिक भक्ति भनिएको हो। अध्यात्मवादी भएकाले वैदिक पाञ्चायनपूजाको अनुसरण गर्नु न्यायदर्शनको कर्तव्य हो। यो कुरा परोक्ष रूपमा अपवर्ग भने तापनि प्रत्यक्षतः दुःखको आत्यन्तिक निवृत्ति गर्न शक्ति प्राप्त होस् भनेर शक्तिमान्को भक्ति गर्नु हो। परमानन्दप्राप्ति भक्तिदर्शनको लक्ष्य हो तापनि न्यायदर्शनको निष्कर्ष **अपवर्ग**लाई आनन्दकै पर्याय भन्नु अत्युक्ति हुँदैन ।

जन्मप्रवृत्ति दोषले आवृत्त बनेको आत्मा प्रकृति हो तर त्यसबाट निवृत्त शुद्ध आत्म न्यायदर्शनको **अपवर्ग** हो। पाञ्चभौतिक विस्तारबाट निवृत्त त्यसको आश्रय पञ्चायतनीमा विश्वस्त हुनुभन्दा अरू लक्ष्य त न्यायदर्शनको पनि भेटिएन। त्यसैले पाञ्चायन उपासना परोक्ष रूपमा न्यायदर्शनले पनि मान्दछ भन्न सकिन्छ। कर्म, ज्ञानसहित भक्ति पनि भएकाले सबै कर्म ज्ञानमा र ज्ञान पनि आत्माको अनन्य भक्तिमा समर्पण भएपछि मात्र कर्ता भोक्ता मानिएको

---

*१२५. गी. १३।५, ६, १३।२, १५।७, ८, १५।१६*

*१२६. मोक्षकारण सामग्रयां भक्तिरेव गरीयशी ।*
*स्वस्वरूपानुसन्धानं भक्तिरित्य भिधीयते । (वि.चू. ३२) ।*
*पूजादिष्वनुराग इति पाराशर्य (ना.भ.सू. १६) ।*

जीव मुक्त हुन्छ। यो नै न्यायदर्शन र पाञ्चायनपूजा दुवैको रहस्य हो[१२७]।

न्यायदर्शनमा मुख्यतया प्रमाण, ईश्वर, आत्मा र अपपर्ग वा मोक्षका सम्बन्धमा विचार गरिएको छ। जन्म, प्रवृत्ति दोष मिथ्याज्ञान आदिले हुने दुःखको आत्यन्तिक निवृत्तिलाई नै न्यायदर्शनले 'अपवर्ग' भनेको हो। वैदिक वाङ्मयअनुसार अजन्मा नित्यशाश्वत अमर तत्त्व भनेको आत्मा हो। शरीर नाश हुँदा आत्मा नाश हुँदैन तर शरीर मर्दा आफू मरेँ भनिठान्नुलाई नै 'जन्मप्रवृत्ति दोष मिथ्याज्ञान' भनिएको हो। यसैलाई अज्ञान पनि भनिन्छ। मिथ्याज्ञान पाशो हो, त्यसको अनुभव गर्ने आत्मेन्द्रिय मनोयुक्त प्राणी (जीव) पशु हो, मिथ्याज्ञान र तत्त्वज्ञान अर्थात् असत् र सत्को विवेचन गर्नसक्ने श्रेष्ठ पशु मानिसले जन्म, व्याधि, जरा र मृत्युलाई दुःख देखेर नै अजरामरतत्त्व चिन्तनद्वारा अपवर्ग प्राप्त गर्न सक्छ भन्ने न्यायदर्शनको सिद्धान्त हो। त्यसो गर्नु मानवकर्तव्य पनि हो भन्ने न्यायदर्शनको तर्क हो। न्यायदर्शनले पनि संसारका प्रवृत्तिहरूबाटै प्रवृत्तिजन्य पुनर्जन्मादि दोष निवृत्ति र अपवर्ग दुवै प्रवृत्तिलाई मानव धर्ममै केन्द्रित मानेको छ। प्रवृत्तिहरू प्रमाण र लक्ष्यचाहिँ प्रमेय हो। प्रत्यक्ष, अनुमान, उपमान र शब्दलाई प्रमाण मानी प्रमेय (आत्मा) अनुभव गर्नु नै न्यायदर्शनको लक्ष्य हो, यही साध्य हो। प्रमेय शुद्ध चेतनमा जन्मादि दोष (शरीर, इन्द्रिय, विषय, मन, बुद्धि जस्ता पञ्च प्रवृत्ति दोष) को आवरणले हुने दुःखाभासलाई मनबाट निवृत्त गर्नुलाई दुःखको अत्यन्ताभाव अर्थात् अपवर्ग भनिएको छ[१२८]।

---

*१२७. सर्वं कर्माखिलंपार्थ ज्ञानेपरि समाप्यते। (गी. ४।३३)*
*चतुर्विधा भजन्तेमां जनाः सुकृतिनोऽर्जुन।*
*आर्तो जिज्ञासुरर्थार्थी ज्ञानि च भरतर्षभ॥*
*तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते। (गी. ७।१६, १७)*
*सर्वधर्मान्परित्यज्य मामेकं शरणं ब्रज।*
*अहंत्वा सर्वपापेभ्यो मोक्षयिस्यामि मा शुचः॥ (गी. १८।६६)*

*१२८. प्रत्यक्षानुमानोपमानशब्दाः प्रमाणानि (न्या.द. १।३)*
*इन्द्रियार्थ सन्निकर्षोत्पन्नंज्ञानमव्यपदेश्यमव्यभिचारिव्यवसायात्मकं प्रत्यक्षम्। (न्या.द. १।४)*
*इच्छाद्वेषप्रयत्न सुख-दुःखज्ञानान्यात्मनो लिङ्गम्।*

स्थूल शरीरको आधार पञ्चमहाभूत हो । इच्छा, द्वेष, प्रयत्न, सुख-दुःख र अनुभव आत्मामै लीन हुनसक्ने चिह्नका कारण पञ्चतन्मात्रा भएकाले सूक्ष्म शरीरलाई लिङ्ग भनिएको हो । त्यसैले प्राणीका पञ्चप्राणमा आश्रित महाभूत, इन्द्रिय र तन्मात्रालाई स्थूल सूक्ष्म र कारण शरीर मानिएको छ[१२९] ।

जडचेतन सूक्ष्मतम तत्त्वको प्रत्यक्ष प्रकटलाई लिङ्गको आकृति भनेर न्यायदर्शनले बताएको छ । पञ्चतन्मात्राको विस्तार (आयतन) चौबीस अवयवको अवयवी पच्चीसौँ शब्दब्रह्म प्राण, इन्द्रिय, मनसँग संयुक्त आत्मा नै भोक्ता (जीव) हो । जन्मप्रवृत्तिगत दोष हटेर अज्ञानरूपी दोष निवृत्त भएपछि दोषमुक्त ज्ञानको अवस्था हुन्छ त्यो नै अपवर्ग हो । यसैको प्राप्ति अत्यन्त आनन्दानुभूति नै न्यायदर्शनको तात्पर्य हो । वेदका चारै महावाक्यहरू सत्य ठानेर पाँचौं वेदवेद्य तत्त्व प्रणवको केन्द्रबिन्दुको उपासनालाई वैदिक पाञ्चायनपूजा (आत्मस्मरण सहितको एक भक्ति) हो । प्राणेन्द्रिय मनोमय मानिसमात्रको स्मार्तकर्म, (सर्वशक्तिमान् आत्माको शरणागति) न्यायदर्शनमा प्रमेय अन्वेषण भनिएको हो[१३०] ।

न्यायदर्शनको लक्ष्य प्राप्त गर्न पनि आत्मउपासना अनिवार्य छ ।

---

*चेष्टेन्द्रियार्थास्यः व्यक्तिर्गुणविशेषाश्रयः शरीरम्, आकृतिर्जाति लिङ्गाख्या । (न्या.द. १।१०, ११, २।६६, ६७)*

*आत्म शरीरेन्द्रिय बुद्धिर्मनः प्रवृत्तिदोषप्रेत्याभाव फलः दुःखापवर्गस्तु प्रमेयम् । (न्या.द. १।९)*

१२९. *पृथिव्यापस्तेजो वायुराकाशमिति, घ्राणरसनचक्षुस्त्वक्श्रोत्राणिन्द्रियाणि, गन्धरसरूपस्पर्श शब्दाः, पृथिव्यादिगुणस्तदर्था (न्या.द. १।१२-१४)*

*गी. १५।७, ८*

*गी. १५।१६*

१३०. *भा. ११।२१।३६*

*कठो. १।३।४*

*गी. १८।४५, १८।४६*

*गी. ४।३३*

*गी. ७।१६, १७*

*सर्वधर्मान्परित्यज्य मामेकं शरणं ब्रज ।*
*अहंत्वा सर्वपापेभ्यो मोक्षयिस्यामि मा शुचः ॥ (गी. १८।६६)*

आत्मउपासना र पाञ्चायन भक्ति (पूजा) भन्नु तात्त्विक रूपमा फरक होइन। त्यसैले न्यायदर्शनमा पनि पाञ्चायनपूजाको महत्त्व छ। न्यायदर्शनले पाञ्चायतनी (आकाशको आश्रय) को अन्वेषण गर्न खोजेको छ। न्यायदर्शन अध्यात्मवादी दर्शन हो, त्यसैले प्रमेय (आनन्द) अन्वेषण उसको लक्ष्य हो।[१३१] पञ्चायतन पूजादिमा अनुराग राख्ने पाञ्चायतनीका उपासक र न्यायदर्शनको प्रमेयका उपासकमा घनिष्ठता सिद्ध हुन्छ।

## २.१.७.२ वैशेषिक दर्शन र पाञ्चायन

'विशेष' पदार्थको व्याख्या भएको कारण वैशेषिक नाम रहेको यस दर्शनका प्रतिपादक कणाद मानिन्छन्। यस दर्शनको मूल ग्रन्थ वैशेषिक सूत्र हो। यसको भाष्य 'पदार्थ धर्म संग्रह' नाममा प्रशस्तपादले लेखेका थिए। कतिपय कुरासँग न्याय झैं वैशेषिक पनि मोक्षलाई जीवनको लक्ष्य मान्दछ। वैशेषिकअनुसार दुःखको कारण र बन्धन अज्ञान हो, त्यसको अन्त नै मोक्ष हो। पदार्थ, (परमाणुकारणरूप), ईश्वर, बन्धन र मोक्ष गरी वैशेषिक दर्शनका चार मुख्य आधार छन्। सृष्टिको कारण परमाणुरूको संयोग भनिएको छ।

पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा यी सबैलाई वैशेषिक दर्शनले द्रव्य मानेको छ[१३२]। यी सबै द्रव्यहरूलाई वैशेषिक दर्शनका अनुसार निःश्रेयस (लक्ष्य) का साधन हुन्। वैशेषिक दर्शनले यही कुरा बताएको छ। सुख-दुःखबाट तटस्थ रहनुलाई मोक्षसरह मानेको छ[१३३]।

---

*१३१. वेदान्त दर्शन दर्शनीयतम भएकाले वस्तुतः दर्शन भन्नु न्याय, वैशेषिक, सांख्य, योग र मीमांसा पाँच हुन्। पूर्वोत्तर मीमांसा भेदले गर्दा षड्दर्शन भनिएको हो। उत्तरमीमांसा दर्शन, दर्शन मात्र नभएर दर्शनीयतम (पञ्चतत्त्वको आश्रय) नै भएकाले त्यहाँ पुग्ने मार्गदर्शन पाञ्चायन हो। वेदान्त र पाञ्चायनको गन्तव्य आनन्द नै हो।*

*१३२. पृथिव्याप स्तेजो वायुराकाशं कालोदिगात्मा मन इति द्रव्याणि। (वैशे. १।५)*
*रूप रस गन्ध स्पर्शवती पृथिवी। (वैशे. २।१)*

*१३३. आत्मेन्द्रियमनोऽर्थ सन्निकर्षात् सुखदुःखे। (वैशे. ५।२।१५)*
*तदभावे संयोगाभावोऽप्रादुर्भावश्च मोक्ष। (वैशे.। ५।२।१८)*

वैशेषिक दर्शनमा मनरहित सूक्ष्म शरीरको आश्रय आकाशलाई द्रव्य मानिएको छ। आत्मा स्वयं पाञ्चायतनी भएकाले उपासनाको साधन पाञ्चायन पनि आकाशमै आश्रित छ। अतः वैशेषिक दर्शन पनि पाञ्चायनको प्रतिकूल दर्शन भएको पाइएन।

वैशेषिक दर्शनले वैदिक सनातन धर्मसमान पञ्चतत्त्वको अभ्युदय र पाञ्चायतनीमा निःश्रेयश हुनुलाई नै धर्मको लक्ष्य मानेको प्रतीत हुन्छ।[१३४]

आश्रयतत्त्वबाट यो जगत् उत्पन्न हुन्छ, त्यसैमा अडिन्छ, त्यसैमा लीन हुन्छ त्यो ब्रह्म वा आत्मा हो भन्ने वैदिक सिद्धान्त हो[१३५]। अभ्युदय र निःश्रेयसको पनि तात्पर्य त्यही हो। वैशेषिक दर्शनको धर्म र वैदिक सनातन दर्शनको प्रकृति एउटै जस्तो देखिन्छ।

वैशेषिकहरू पाञ्चभौतिक शरीरका माध्यमले शरीरि (जीवात्मा) ले भोग र मोक्षको अनुभव सुख-दुःख साक्षात्कार गर्छ, त्यसैलाई अभ्युदय र निःश्रेयस भन्दछन्। निर्गुण निराकार केवल निःश्रेयसुख नै पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा नामका द्रव्यमा रूपान्तरित हुन्छन्। यी सबै द्रव्य लीन हुँदा पनि आकाश रहन्छ भनेर वैशेषिक दर्शनले मानेको छ[१३६]। सबै द्रव्यहरू निःश्रेयस् (लक्ष्य) का अभ्युदय (लक्षण) मात्र हुन्। निःश्रेयसका समेत धारक अनिर्वचनीय, पराप्रकृतिलाई गीता र महाभारतले सनातन भनेका

---

*तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम्। (गी. ६।२३)*

१३४. *यतोऽभ्युदय निः श्रेयस सिद्धि स धर्म। (वैशे. १।२)*

१३५. *यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति।*
*यत्प्रयन्त्यभि संविशन्ति। तद्विजिज्ञासस्व। तद्ब्रह्मेति। (तै. ३।१)*

१३६. *पृथिव्याप स्तेजो वायुराकाशं कालोदिगात्मा मन इति द्रव्याणि। (वैशे. १।५)*
*रूप रस गन्ध स्पर्शवती पृथिवी। (वैशे. २।१)*
*रूप रस स्पर्शवत्य आपोद्रवाः स्निग्धा। (वैशे. २।२)*
*तेजो रूपस्पर्शवत्। (वैशे. २।३)*
*स्पर्शवान् वायुः। (वैशे. २।४)*
*त आकाशे नविद्यते। (वैशे.। २।५)*

छन्[१३७] । भागवतले द्रव्य, कर्म, काल, स्वभाव र प्रत्यगात्मा गरी पाँच प्रमुख तत्त्वहरू धर्म हुन् र स्वयं वासुदेवलाई पुरुषोत्तम, परमात्मा, ईश्वरतत्त्वलाई धर्मीका रूपमा मानेको छ। द्रव्य, कर्म, काल, स्वभाव र जीव भन्नु ईश्वर अर्थात् वासुदेवबाहेक केही होइन भन्ने गीता र भागवत दुवैको निष्कर्ष पनि उस्तै छ[१३८] । वैशेषिकले पञ्चतत्त्व र जीवात्मालाई द्रव्य मान्नुका साथै पाञ्चायन स्वरूप आकाशलाई प्रतीकात्मक रूपमा दिशा भनेर द्रव्यै मानेको छ, काललाई पनि द्रव्य मान्छ[१३९] । आत्मा नै सत् हो भन्ने वैशेषिक दर्शनको तात्पर्य देखिन्छ। त्यसैले गीता भागवतजस्ता स्मार्तग्रन्थ र वैशेषिक दर्शनमा तात्त्विक भिन्नता देखिँदैन। गीता र भागवत दुवैले ईश्वर नामको वासुदेव तत्त्व आत्मा नै हो भनेका छन्[१४०] ।

---

१३७. *भूमिरापोऽनलोवायुः खं मनो बुद्धिरेव च ।*
*अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥*
*अपरेयमितिस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।*
*जीवभूतां महावाहो ययेदं धार्यते जगत् ॥ (गी. ७।४, ५)*
*धारणाद् धर्ममित्याहुर्धर्मेण विधृताः प्रजाः ।*
*यः स्याद् धारणसंयुक्तः स धर्म इति निश्चयः ॥ (महाशान्ति, १०९।११)*

१३८. *द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।*
*क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥*
*उत्तमः पुरुषास्त्वन्यः परमात्मेत्युदाहृतः ।*
*यो लोकत्रयमाविश्य निभर्त्यव्यय ईश्वरः ॥*
*यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तम ।*
*अतोऽस्मि लोके वेदेच प्रथितः पुरुषोत्तम ॥ (गी. १५।१६-१८)*
*वासुदेवः सर्वमिति (गी. ७।१९)*
*द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च ।*
*वासुदेवात्परो ब्रह्मन्न चान्योऽर्थोऽस्ति तत्वतः ॥ (भा. २।५।१४)*

१३९. गीता र भागवतमा वासुदेवको उल्लेख छ। वैशेषिकमा वासुदेवको उल्लेख छैन। गीताले आत्माबाहेक सबै द्रव्य असत् मानेको छ। वासुदेवको उल्लेख नगर्दैमा आश्रयतत्त्व असत् हुन सक्दैन ।
*नाभावो विद्यते सतः (गी. २।१६)*

१४०. *ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति । (गी. १८।६१)*
*वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ (गी. ७।१९)*

मानिसका हृदयमा रहेको प्रत्यगात्मालाई वैशेषिकहरू पनि मान्छन् । पृथिवीदेखि आकाशसम्मका पञ्चतत्त्वायतनमा अन्तर्निहित हृदयाकाशमा अन्तरनिहित आत्मा नै प्रत्यगात्मा हो । पञ्चतत्त्व र प्रत्यगात्माको समवाय सम्बन्ध नै जीवभूतको अस्तित्व सिद्ध गर्ने साधन हो । त्यसैलाई क्षेत्र-क्षेत्रज्ञ संयोग भनेको हो[१४१] । प्रत्यगात्माको अस्तित्व स्वीकारेरै वैशेषिक दर्शन पनि आस्तिक दर्शनमा परेको हो । दुःखको आत्यन्तिक निवृत्ति र परमानन्द दर्शनहरूका दृष्टिकोण आध्यात्मिक र भौतिक भनिए तापनि दुवैको लक्ष्य परमानन्द नै हो । आत्मेन्द्रिय सन्निकर्षले सुख-दुःख हुन्छ । त्यसको अत्यन्ताभाव मोक्ष वा अपवर्ग वा प्रशान्तभाव वा आनन्द लक्ष्य हो । वैशेषिक दर्शनको लक्ष्य पनि त्यही हो[१४२] । उपासनाका लागि निराकार निर्गुण आत्माको आयतन निराकार सगुण आकाश नै पाञ्चायन हो । पञ्चायतनीको भक्ति वैशेषिक दर्शनको निश्रेयस् सिद्धिकै साधन हो । प्रत्यगात्माको लयस्थान भएका कारण महाकाशमा नै सर्वात्मा, भगवान् सिद्ध हुन्छ ।[१४३] वैशेषिक दर्शनमा हृदयाकाशमा रहने प्रत्यगात्मा नै निःश्रेयस् सिद्धिका तत्त्व हुन् ।

सूक्ष्मतम जड तन्मात्रा र प्रत्यगात्माको विवेक श्रद्धा र विश्वासबिना पैदा हुँदैन । विवेकबिनाको दृष्टिकोण केवल दृष्टिकोण रहन्छ, दर्शन बन्न सक्दैन । जसले आफ्ना सिद्धान्तलाई दर्शन भन्ने गरेका छन् उनीहरू अविवेकी हुन सक्दैनन् । वैशेषिक दर्शन आध्यात्मिक दृष्टिकोण भएकाले विवेकवादी दर्शन हो । आत्मा स्वयं पञ्चायतनी भएकाले यसको साधन पनि पाञ्चायन उपासना

---

*१४१. इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।*
*एतद्योवेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः । (गी. १३।१)*
*क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विद्धि भरतर्षभ ॥ (गी. १३।२६)*

*१४२. आत्मेन्द्रियमनोऽर्थ सन्निकर्षात् सुखदुःखे । (वैशे. ५।२।१५)*
*तदभावे संयोगाभावोऽप्रादुर्भावश्च मोक्ष । (वैशे.। ५।२।१८)*
*तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम् । (गी. ६।२३)*

*१४३. विभवान्महानाकाशस्तथा चात्मा । (वैशे. ७।१।२२*

हो । पञ्चायतन पूजाबाटै पाञ्चायन उपासना प्रारम्भ हुन्छ । अतः वैशेषिक दर्शनको अन्वेषण पनि पाञ्चायन भक्तिसँग मिल्छ ।

### २.१.७.३ सांख्य र योगदर्शनमा पाञ्चायन

साङ्ख्यदर्शन सबैभन्दा प्राचीन दर्शन मानिन्छ । यही दर्शनका आधारमा उपनिषद्, महाभारत, गीता, धर्मशास्त्र र पुराणहरूमा अध्यात्म विवेचन भएको पाइन्छ । तर ब्रह्मसूत्रले यस दर्शनलाई श्रुतिमूलको मानेका छैन । शङ्कराचार्यले साङ्ख्यदर्शनलाई वेदान्तको विरोधी दर्शन मानेका छन् । सांख्यका व्याख्याता कपिलमुनिको मूलग्रन्थ तत्त्वसमास हो । पछि यसको सविस्तर व्याख्या उनैले सांख्यसूत्रमा गरेका छन् । कपिलमुनिलाई गीतामा सिद्धहरूमध्ये श्रेष्ठ बताइएको छ । सांख्यका अर्का व्याख्याता ईश्वर कृष्ण हुन्, जसको सांख्यकारिका प्रसिद्ध छ । यस ग्रन्थका अनेकौं टीका लेखिएका छन् । सांख्यशब्दका अनेकौं अर्थ जसमध्ये संख्या अर्थात् सम्यक् अर्थात् ज्ञान, सम्यक् ज्ञान भन्ने अर्थ प्रसिद्ध छ ।

प्रकृति र पुरुष गरी सांख्यदर्शन दुई तत्त्व मुख्य हुन्छन् । सांख्यको पुरुष आत्माजस्तै हो तर यो अनेक छ । यसअनुसार जगत्को कारण प्रकृति हो । प्रकृति शाश्वत छ तर बुद्धि र संकल्पको अभावको कारण प्रकृति व्यक्तित्वहीन छ । प्रकृति आफ्ना तीन गुण सत्व, रज र तमका कारण त्रिगुणात्मक छ । पुरुष प्रकृतिभन्दा अलग चेतन छ, पुरुषमा कुनै गुण हुँदैन । प्रकृति परिवर्तनशील छ भने पुरुष अपरिवर्तनीय छ । सांख्य आत्मालाई अनन्त र गुणातीत भएको कारण आनन्दहीन मान्दछ । तर यस दर्शनले पनि दुःखलाई सांसारिक बन्धन र त्यसबाट छुट्कारा हुनुलाई मोक्ष मान्छ । एउटै शुद्धचैतन्यका परा र अपरा गरी दुई प्रकृति हुन्छन् । अपरा आठ र परा एक गरी नवधा प्रकृति र सोह्र विकृति (एघार इन्द्रिय र पाँच तन्मात्रा) पच्चिस तत्त्वको विवेकलाई सांख्यदर्शन भनिन्छ । गीतादर्शनमा पनि यसको विवेचन

गरिएको छ। सांख्यदर्शनअनुसार न प्रकृति न विकृति पच्चिसौँ तत्त्व (शुद्ध आत्मा) लाई पुरुषः भनिन्छ। पाञ्चायतन स्वरूप जीवभूतसनातन प्रकृति विवेक हुँदा सांख्यदर्शनको तटस्थ पुरुष सर्वात्मा पुरुषोत्तमको ज्ञान हुन्छ भन्ने कुरा श्रुति र स्मृतिका साथै दर्शनशास्त्रहरूमा पाइन्छ[१४४]। परमात्मा जो उपास्य तत्त्व छ त्यो पुरुषोत्तम असङ्ग हो तर अनिर्वचनीय पुरुष निर्वचनका लागि जीवांश र जडांश रूपमा परा र अपरा प्रकृति भनिएको हो। सनातन शुद्ध चेतनकै पृथिवी, जल, तेज, वायु, आकाश, अहंकार, बुद्धि र मनसमेत आठ प्रकृति विकृति जडांश हो। दस इन्द्रिय, पुरुष, पाँच तन्मात्रा र चित्तसहित जम्मा सोह्र विकार जड र जीवांशको अन्योन्याश्रय भएर उत्पन्न हुन्छन्। पच्चीसौँ प्रकृतिविकृतिरहित तत्त्वको सूक्ष्मशरीर आकाशमा इन्द्रियहरूको ईश्वर स्वयम् तन्मय बन्छ[१४५]। कूटस्थ वा तटस्थ पुरुषले तन्मय चित्तलाई विषयेन्द्रियसँग निकट ल्याउन पञ्चप्राणमार्फत् प्रेरित गर्दछ। प्राणद्वारा अनुप्राणित जीव स्वयं विषयेन्द्रिय सन्निकर्षजन्य साक्षात्कारलाई अनुकूल र प्रतिकूल चिन्तनद्वारा सुख-दुःख भनी परिभाषित गर्छ र त्यसैलाई भोग ठानेर आफू भोक्ता हुँ भन्ने निर्वचन गर्दछ। वस्तुतः परा र अपरा प्रकृतिको गुण र

---

*१४४.(क) द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च (गी. १५।१६)*
*उत्तमपुरुषस्त्वन्य परमात्मेत्यु दाहृत्त*
*योलोक त्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः। (गी. १५।१७)*
*अतोऽस्मि लोके वेदे च प्रथित पुरुषोत्तमः। (गी. १५।१८)*

*(ख) एतज्ज्ञेयं नित्यमेवात्म संस्थं नातः परं वेदितव्यं हिकिञ्चित*
*भोक्ता भोग्यं प्रेरितारं च मत्वा सर्वं प्रोक्तं त्रिविधं ब्रह्ममेतत्॥ (श्वेता. १।१२)*
*मायांतु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्।*
*तस्यावयवभूतैस्तु व्याप्तंसर्वमिदं जगत्॥ (श्वेत. ४।१०)*

*(ग) मूलप्रकृतिरविकृतिर्महदाद्या प्रकृति विकृतय सप्त।*
*षोडशकस्तु विकारो न प्रकृति न विकृति पुरुषः॥ (सांख्य कारिका ३)*
*प्रकृतेर्महांस्ततोऽहंकारस्तस्माद् गणश्च षोडशकः।*
*तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्चभूतानि॥ (सांख्य कारिका, २२)*

*१४५. तत्सृस्ट्वा तदेवानुप्राविशत्। (तै. २।६)*

स्वभाव शुद्धात्माको स्वतः परिणति मात्र हो[१४६] । सुख-दुःख साक्षात्कारलाई भोग भनिन्छ । वास्तवमा त्यो यथार्थ नभएर प्रकृतिका तीन गुण सत्त्व, रज, तमका प्रभावले आध्यात्मिक, आधिदैविक र आदिभौतिक तापमात्र हुन् । यो अनुभव ( भोग) र निवृत्ति (मोक्ष) दुवैमा प्रेरित गर्ने उत्तमपुरुष वा महेश्वर वा भर्ता वा उपद्रष्टाको अन्वेषण स्वयम्मा गर्नु वास्तविक सच्चा भक्ति हो । भोगमा दुःख छ, सुख खोज्ने पुरुषको स्वभाव छ, स्वभावैले सुख प्राप्ति दुःखबाट मुक्तिको लागि जीवले कर्म गर्छ । तर सुखमा पनि पुनः दुःख हुने हो कि भन्ने भय कायम रहने भएकोले दुःखै बढ्छ[१४७] । सांख्यदर्शनको प्रादुर्भाव पनि यही दुःखत्रय समापनको जिज्ञासाबाट भएको हो । वेदान्तकै सरह आफैँमा अन्तर्निहित कूटस्थ आनन्दस्वरूप शुद्धात्मानुसन्धानभन्दा फरक लक्ष्य सांख्यदर्शनको पनि छैन । आनन्द ईश्वरकै पर्याय हो । प्रकृतिपुरुष पच्चीस तत्त्वमा ईश्वर शब्दको प्रयोग नभएका आधारमा सांख्यदर्शन निरीश्वरवादी हो कि ? भन्ने तर्क गर्दछन् । त्यसैमा ईश्वर छ शरणागत हुनुपर्छ भन्ने योगदर्शनलाई सेश्वर सांख्य पनि भनिन्छ । तथापि पञ्चतत्त्व र जीवतत्त्व तादात्म्य विवेकको साधन सांख्य-योगादिको गन्तव्य ब्रह्म (आनन्द) नै हो । पाञ्चायनसरह सांख्य र योगदर्शन पनि आश्रय अन्वेषणकै साधन हो ।

---

*१४६. (क) आत्मन एष प्राणो जायते तथैषा पुरुषे छायैतास्मिन्नेतदाततं मनोकृतेनायात्यस्मिञ्शरीरे ( प्रश्नो ३।३)*

*(ख) स य एषोऽन्तहृदय आकाशः । तस्मिन्नयं पुरुषोमनोमयः ।*
*अमृतो हिरण्मयः । (तै. १।६)*

*(ग) मयाध्यक्षेण प्रकृतिः सूयते स चराचरम् । (गी. ९।१०)*
*प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।*
*अहंकार विमूढात्मा कर्ताहमिति मन्यते ॥ (गी. ३।२७)*

*१४७. सुखाय कर्माणि करोति लोको न तैः सुखं वान्यदुपारमं वा ।*
*विन्देत भूयस्ततः एव दुःखं यदत्र युक्तं भगवान् वदेन्नः ॥ (भा. ३।५।२)*
*सुखाय दुःखमोक्षाय कुर्वाते दम्पती क्रियाः ।*
*ततोऽनिवृत्तिरप्राप्तिर्दुःखस्य च सुखस्य च ॥ (भा. ६।१६।६०)*
*कर्माण्यारभमाणानां दुःखहत्यै सुखाय च ।*
*पश्येत्पाकविपर्यासं मिथुनीचारिणां नृणाम् ॥ (भा. ११।३।१८)*

योगदर्शनका प्रणेता पतञ्जलिले 'योगसूत्र' को रचना गरे । यसका अनेक भाष्यहरू लेखिए। सांख्यको समान योगको लक्ष्य पनि मोक्ष हो। तथापि सांख्यले सैद्धान्तिक पक्षमा मात्र जोड दिएको छ भने योगले क्रिया पक्षलाई महत्त्व दिएको छ। चित्तवृत्तिको निरोधलाई योग भनिएको छ। चित्तवृत्तिको अर्थ अन्तस्करण अर्थात् मन, बुद्धि, चित्त, अहंकारको पाँच ज्ञानेन्द्रिय एवं पाँच तन्मात्रामा हुने प्रवृत्ति हो । चित्त जीवात्मामा आश्रित छ। यसलाई परमात्मामा अनन्य राख्नुलाई योगदर्शनमा चित्तवृत्ति निरोध अर्थात् योग मानिन्छ। सांख्य विवेक ईश्वर र प्रणिधान दुवै भगवत्प्राप्तिका साधन हुन्। अतः सांख्य र योगदर्शन आत्मानुसन्धानकै क्रियापक्ष हो ।

सांख्य र योगदर्शनले वेदको *'पुरुष एवेदं सर्वं'*का आधारमा चौबिस अवयवस्वरूप प्रकृति-विकृतिभन्दा विलक्षण पुरुषलाई नै सिद्ध गरेकाले सांख्यको मतलाई अनीश्वरवादी भन्न मिल्दैन। योगदर्शनले प्रकृति-विकृतिभन्दा तटस्थ पुरुषलाई सर्वशक्तिमान् ईश्वरसँग निरन्तर जोडी राख्नु हो। सांख्यदर्शनको पुरुष प्रकृतिसँग साँठगाँठ गरेर भोग प्राप्त गर्छ। वाक्क भएपछि भोग त्याग्छ, तटस्थ रहन्छ त्यो पुरुष वेदको पुरुष एवेदं सर्वं सरह हो। त्यसैको एक चौथाइ अंशले विश्व (सगुणब्रह्म) अडेको छ। तीन चौथाई अंश अनिर्वचनीय (निर्गुण निराकार) छ[१४८] । तर आनन्द अनुभवको उदाहरण सांख्यदर्शनले दिँदैन। योगदर्शनले प्रशान्त अवस्थालाई ईश्वरप्रणिधान भनेको छ। अतः तप, स्वाध्याय, ईश्वर प्राणिधान भनेका आनन्द प्राप्त गर्ने क्रियायोग हुन्[१४९] । पाञ्चायतन (शरीर) मा बसेको पुरुष प्राकृतिक गुणकै भोग गर्छ। गुणका सँगले गर्दा ऊ पुनः सदसद्योनिमा जन्मन्छ। भोक्ताको अवस्था भनेको शरीर

---

*१४८. यत्सांख्यैः प्राप्यतेस्थानं तद्योगैरपि गभ्यते । (गी. ५।५)*

*न प्रकृति र्न विकृतिः पुरुषः (सांख्य, १।३)*

*क्लेश कर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः ॥ (योगद. १।२४)*

*पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम् । (यजु. ३१।२)*

*पादोऽस्य विश्वाभूतानि त्रिपादस्यामृतं दिवि । (यजु. ३१।३)*

*१४९. तपः स्वाध्यायेश्वर प्रणिधानानि क्रियायोगः (योगद. २।१)*

(भोगायतन) प्राप्त गर्नु हो। दुःखको कारण पनि शरीर (भोगायतन) नै हो। कर्म नगरी जीव एक क्षण बस्न सक्दैन र बिनाकर्म शरीरनिर्वाह पनि हुँदैन। कर्म प्रारम्भ नगरी मोक्षमा पुगिँदैन। प्रकृति-पुरुषको गुणको संयोग नै जन्मकर्म हो। यसरी कर्म, संस्कार र जन्मको चक्र चलिरहन्छ भने मोक्ष कसरी हुने ?[१५०] भोक्तामा क्लेष र कर्मविपाक हुन्छ तर कर्ममा प्रेरित गर्ने प्रेरक (ईश्वर) भने तटस्थ हुन्छ। हृदयमा रहेको शुद्ध चेतन (क्लेश कर्म विपाकादिरहित विशेषपुरुष) लाई योगदर्शनले ईश्वर मान्छ। ईश्वरको चिन्तन (शुद्ध चेतनमा निरन्तर मन टिकिरहनु) लाई ईश्वर प्रणिधान भनिएको हो। ईश्वरकै वाचक ॐ को अनन्यभक्ति (नित्य उपासना) लाई अनन्त आनन्दस्वरूप परमात्मासँग जीवात्माको संयोग भनेको हो[१५१]। पाँच क्लेश ( अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश) र चार कर्म (पाप, पुण्य, मिश्रित र पाप-पुण्यरहित) मा आसक्त रहँदासम्म पुनर्जन्म हुन्छ। जन्मेपछि आयु रहेसम्म भोग समाप्त हुँदैन। क्लेशमूलक कर्मसंस्कारका समुदायको वर्तमान र भविष्यमा रहने वासनामा अनासक्त पुरुष विशेष (शुद्धात्मतत्त्व) नै योगदर्शनको ईश्वर हो। सनातन प्रकृतिपुरुषात्मक धर्म र दर्शनको मूल वेदले पनि सगुण साकार ब्रह्मलाई उपर्युक्त क्लेश कर्मविपाकरहित पुरुषसरह भनेको छ[१५२]। वेद

---

*१५०. नहि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्म कृत्। (गी. ३।५)*
*शरीरयात्रापिच ते न प्रसिद्ध्येदकर्मणः। (गी. ३।८)*
*न कर्मणामनारम्भान्नैष्कर्म पुरुषोऽश्नुते। (गी. ३।४)*
*पुरुषः प्रकृतिस्थोहि भुंक्ते प्रकृतिजान्गुणान्।*
*कारणं गुणसंगोऽस्य सदसद्योनि जन्मसु ॥*

*१५१. संयोग योग इत्युक्तो जीवात्म परमात्मनोः।*
*स्वाध्याययोग सम्पत्या परमात्मा प्रकाशते।*
*तस्यवाचकः प्रणव ॥ (योगद. १।२७)*
*तज्जपस्तदर्थ भावनम् ॥ (योगद. १।२८)*

*१५२. (क) अविद्यास्मितारागद्वेषाभिनिवेशाः क्लेशाः ॥ (योगद. २।३)*
*क्लेशमूलः कर्माशयो दृष्टादृष्टजन्मवेदनीयः ॥ (योगद. २।१२)*
*सतिमूले तद्विपाको जात्यायुर्भोगाः ॥ (योगद. २।१३)*
*परिणाम ताप संस्कारदुःखैर्गुणवृत्ति विरोधाच्च दुःखमेवसर्वं विवेकिनः ॥ (योगद. २।१५)*
*(ख) पुरुषः एवेदं सर्वं यद्भूतं यच्च भाव्यम्। (यजु. ३१।२)*

र ब्रह्माण्डलाई नै प्रकट गर्ने अनिर्वचनीय तत्त्वलाई सांख्ययोगले निर्वचनमात्र गर्छ। त्यो जानेपछि समस्त बन्धन (भय) बाट मुक्त हुन्छ भन्ने उपनिषद् ( वेदान्त) कै निष्कर्ष हो। गीतामा त्यसैलाई जीवभूत सनातन (अक्षर र क्षर) पुरुषभन्दा पनि उत्तमपुरुष भनेको छ। सांख्यका चौबीस तत्त्व क्षरपुरुष पच्चिसौँ प्रकृति विकृतिरहित तत्त्व अक्षर पुरुष हो। चौबीस तत्त्वमा पनि प्रकृति, प्रकृतिविकृति र विकृति गरी तीन वर्गमा वर्गीकृत छ। साम्यावस्थालाई प्रकृति, पञ्चमहाभूतसँग मिश्रित अवस्थालाई प्रकृतिविकृति र त्यसबाट उत्पन्न हुने मनसहित इन्द्रियहरू र त्यसका विषयहरूलाई विकृति भनेर व्याख्या गरेको छ। अतः सांख्य र योग (दुवै) अध्यात्मदर्शनका प्राचीनतम सिद्धान्त मानिन्छन्। पञ्चतत्त्व र जीवतत्त्व विवेक गर्नु नै पाञ्चायन दर्शनको पनि लक्ष्य भएकाले यी दुईमा तात्त्विक भिन्नता देखिँदैन।

इन्द्रिय, शरीर, मन र पञ्चतत्त्वद्वारा संयुक्त प्राणी, पञ्चतन्मात्रा वा सगुण साकार प्रकृतिमा आसक्त हुन्छ। पञ्चप्राणमार्फत यस्तो पच्चीस अवयववाला प्राणी आफ्नो मूलस्रोत भगवान्को कृपाले निर्गुण निराकार परमात्मामै लीन हुन्छ। यस्तो मनन आत्मउपासना हो भने त्यसका निम्ति पञ्चतत्त्वको उपयोग गर्नु पाञ्चायनपूजा हो।

त्यसैले मन नै बन्ध र मोक्ष दुवैको कारण हो। अनाशक्त मन मुक्त र आसक्त मन बन्ध हो। चौबीस अवयवमा मुख्य मन हो। प्रकृति विकृति चौबिस अवयवको अवयवी पच्चीसौँ तत्त्व कालपुरुषमा मन निर्भर छ। मन सुमन (आकाशको प्रतीक) र दुश्मन (अहंकारको प्रतीक) बन्न पुग्छ। आफैँमा अन्तरनिहित मनलाई प्रपञ्चबाट पृथक सिद्ध गर्नु सांख्यदर्शनको तात्पर्य भएकाले पञ्चायतनीको अनुसन्धानलाई सांख्यदर्शनबाट धेरै टाढा पुऱ्याउन सकिन्छ। सांख्य, योग, दर्शनहरूमै ईश्वर प्रणीधान हुने हो भने पञ्चायतनी अनुभूत गर्न सकिन्छ। सांख्यसिद्धान्तको निचोड दुःख संयोगबाट वियोग गर्नु हो। योगदर्शनका विश्लेषक महर्षि पतञ्जलिले पनि ईश्वर प्रणिधानाद् वा

भनेर तटस्थ पुरुषलाई पञ्चायतनीको उपासनाको सङ्केत गर्नुभएको छ[१५३] ।

पञ्चायतनीलाई संस्कृत वाङ्मयका चारै दर्शन शास्त्रहरू जस्तै– न्याय, वैशेषिक, सांख्य र योगसम्मले ईश्वरको पर्याय मान्दछन् । त्यसको अनुभव गर्ने क्रियायोगलाई पाञ्चायन भक्ति ठान्दछन् ।

## २.१.७.४ **पूर्वमीमांसादर्शन र पाञ्चायन**

कर्मकाण्ड र ज्ञानकाण्ड गरी वेदका तात्पर्य निरूपणका प्रमुख दुई काण्ड प्रसिद्ध छन् । ब्राह्मण ग्रन्थहरूले कर्मकाण्डलाई विस्तृत गरे, कर्मको मीमांसा गरे । यो धर्ममीमांसा हो, जसलाई पूर्वमीमांसा भनिन्छ । उत्तरमीमांसा वेदान्तभन्दा धेरै पृथक् छैन । वेदान्त झैँ उत्तरमीमांसा पनि ज्ञानकै कुरा गर्छ । जैमिनीको मीमांसा सूत्र हालसम्म प्राप्त मीमांसाका ग्रन्थहरूमध्ये प्रथम मानिन्छ । यसमाथि शबरस्वामी, प्रभाकर मिश्र, कुमारिल भट्टले भाषा र टीका लेखेका छन् । तात्पर्य निर्णयार्थ गरिने कर्मविवेचनलाई मीमांसा भनिन्छ ।

वेदको कार्यान्वयन पक्षमध्ये कर्मकाण्ड पनि एक हो । कर्म नै धर्म पनि हो । यज्ञ सम्पादन गर्नु कर्मकाण्ड हो । पञ्चमहायज्ञ स्वयं सनातन नित्यकर्म, पूर्वमीमांसाको सार हो । तेत्तीस प्रमाणलाई मान्ने पूर्वमीमांसा दर्शनको धर्मजिज्ञासा अर्थात् अलौकिक तत्त्व जान्ने इच्छाको मतलब धर्ममै धर्मीको अनुसन्धान हो । प्रमाण र प्रमेय अनेक प्रकारका भए पनि उही वेदको सृष्टि, स्थिति, लय, तुरीय र तुरीयातीतको मूर्तरूप ॐ एकाक्षर ब्रह्म अर्थात् मूल शब्द प्रमाणअन्तर्गत आयतन हो । प्राणेन्द्रिय मनोयुक्त आत्मा तेत्तीस प्रकारले व्यक्त भएको हो । शब्दब्रह्मकै आत्मेन्द्रिय मनोयुक्त प्राणको दिव्यमूर्तिको वर्गीकरण मुख्य धर्म, अंगत्व, क्रम र उद्बोधक पाँच प्रकारले गरिएको छ । जस्तो–

---

*१५३. योगसूत्र १।२३ ।*

**आठ मुख्य प्रमाणहरू** : विधि, अर्थवाद, मन्त्र, स्मृति, नामधेय, आचार स्तुति, जाति र वाक्यशेष

**छ धर्म भेदबोधक प्रमाणहरू** : शब्दान्तर, अभ्यास, संख्या, संज्ञा, गुण र प्रकरण,

**छ अङ्गत्वबोधक प्रमाणहरू** : श्रुति, लिङ्ग, वाक्य, प्रकरण, स्थान र समाख्या,

**छ क्रमबोधक प्रमाण** : श्रुति, अर्थ, पाठ, स्थान, मुख्य र प्रवृत्ति,

**सात उह प्रमाणहरू** : वचन, लाभ, लिङ्ग, प्रत्याम्नाय, प्रतिबोध स्थानापत्ति, अर्थ लोप समेत तेत्तीस प्रकारका प्रमाणहरू सबै प्रमा अर्थात् वाच्यस्वरूप ॐमा आश्रित प्रमाणमात्र हुन् ।

सबैको आश्रय **प्रमा** अर्थात् शब्दब्रह्मद्वारा जानिने परब्रह्म हो । प्रमाका अभावमा प्रमाणको अस्तित्त्व हुँदैन । अस्तित्वहीनता नै प्रपञ्च हो । मुख्य गरी पाँच **धर्मबोधक, अङ्गत्वबोधक, क्रमबोधक** र **उहबोधक** प्रमाणहरूकै तेत्तीस प्रकारहरू विस्तार भएका हुन् । ईश्वरका सान्निध्यले प्रकट एवं प्रदर्शित सबै देवताहरूमा प्रसिद्ध तेत्तीस प्रकारलाई नै तेत्तीसकोटि भनिएको हो । तेत्तीस प्रकारका अवयवहरूको अवयवी परमात्माकै प्रत्यगात्मा हो, त्यसैका प्रभावले सबै अवयव दिव्यसरह हुन्छन् । प्रत्येक जीवात्माको उपाधि हटेपछि बाँकी रहने आत्मा अद्वितीय हो । त्यस्तो यथार्थबोध नै मोक्ष वा अपवर्ग हो । उपासनाचाहिँ त्यस्तो अद्वैत लाभ प्राप्तिको प्रयास हो । मीमांसादर्शनले यस्तो कार्य यज्ञद्वारा सम्पादन हुन्छ भन्दछन्[१५४] । गीतामा त्यस्तो उत्तम यज्ञपुरुष स्वयं श्रीकृष्ण

*१५४. अथाऽतो धर्मजिज्ञासा । (मी. द. १।१)*

*द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।*

*क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥ (गी. १५।१६)*

*उत्तम पुरुषस्त्वन्य परमात्मेत्युदाहृतः । (गी. १५।१७)*

अर्थात् वासुदेवलाई मानेको छ तर त्यस्तो ज्ञानवान् महात्मा ज्यादै दुर्लभ हुन्छन् भनिएको छ ।

जन्म, व्याधि, जरा, मृत्यु चार दुःखरूप संसृतिको कारण अविद्या हो । अविद्याको उपचार विद्या हो । विद्याहरूमा अध्यात्म विद्या सर्वोत्तम विधा हो । आत्मतत्त्वबोध भनेको ब्रह्मोपासनाको रहस्य– दुःखको अत्यन्ताभाव भएको केवल साक्षीस्वरूप निर्गुणमन हो । यो कुरा स्मृति, पुराणेतिहास र उपनिषद्मा उल्लेख छ[१५५] । सगुण ब्रह्म अर्थात् पाञ्चायन उपासनाका सहयोगबाट उक्त अनुभव हुन्छ भन्ने मीमांसा दर्शन हो । वैदिक वाङ्मयहरूको विश्लेषणबाट यज्ञद्वारा आत्मतत्त्वकै अनुसन्धान भएको निष्कर्ष निस्कन्छ ।

पूर्वमीमांसाको प्रारम्भ नै धर्मजिज्ञासार्थ भएको र जिज्ञासुले अविद्या हटाउन विद्याको अभ्यास गर्ने भनेको सांख्य र योग सिद्धान्तको आवरण हो । शब्द ब्रह्मको ज्ञान र परब्रह्मको अनुभव गर्नु सनातन स्मार्तकर्म हो । पञ्चमहायज्ञको रहस्य पनि त्यही हो । अतः पाञ्चायन यजनको सिद्धान्त र पूर्वमीमांसा दर्शनमा समानता देखिन्छ ।

विराट विश्व प्रकट गर्ने यज्ञपुरुषलाई कर्मद्वारा प्राप्त गर्नु पुरुषार्थ हो भन्दछ । योग दर्शनले क्लेशकर्म विपाक अपरामृष्ट विशेष पुरुष र मीमांसा दर्शनको यज्ञपुरुष समान हो भन्न सकिन्छ । योग र मीमांसाको ईश्वर र यज्ञपुरुषको विधिपूर्वक गरिने कर्मयोगले ईश्वरीय सत्ता प्राप्त हुन्छ । तर

---

*अतोस्मि लोके वेहे च प्रथितः पुरुषोत्तमः । (गी. १५।१८)*
*अहं क्रतुरहं यज्ञ स्वधाहमहमौषधम् ।*
*मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥ (गी. ९।१६)*
*सर्व धर्मान्परित्यज्य मामेकं शरणं ब्रज । (गी. १८।६६)*
*वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ (गी. ७।१९)*

१५५. (क) *स्वाध्यायेन, ब्रतैर्होमै स्त्रैविद्येनेज्यया सुतैः ।*
*महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः । (मनु. २।२८)*
(ख) *अविद्या संसृतेहेतुर्विद्या तस्यनिवारिका (अ.रा. २।४।३४)*
(ग) *एकोदेव सर्वभूतेषु गूढ सर्वव्यापी सर्वभूतान्तरात्मा ।*
*कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च (श्वेता. ६।११)*

पुरुषार्थद्वारा प्राप्त ईश्वरीय सत्ता पुरुषार्थकै सीमासम्म सीमित हुन्छ। पुरुषार्थको पुण्यफल क्षीण भएपछि पुरुष फेरि जन्ममृत्युमा जानुपर्छ। तर उत्तमपुरुष, परमात्मा, ईश्वर सर्वान्तरयामीको अनन्य भक्त भने पुनर्जन्मको मायाजालबाट मुक्त हुन्छन् भन्ने कर्मयोगको सार हो। साथसाथै विधिपूर्वक गरिने यजन भनेको पूर्व मीमांसाको कर्मकाण्ड यज्ञ अर्थात् देवताहरूको पूजा हो। अद्वितीय आत्माप्रति श्रद्धापूर्वक गरिने कुनै पनि देव-यजन कर्म भगवान्‌को भक्ति हो। कर्ममीमांसा पनि धर्म जिज्ञासा समाधान गर्ने महत्त्वपूर्ण दृष्टिकोण हो। ब्रह्मजिज्ञासा समाधान गर्न भने यसले सक्दैन। ब्रह्म जिज्ञासाबाट उत्तरमीमांसा अर्थात् वेदान्त प्रारम्भ हुन्छ[१५६]। भागवत फलश्रुति र गीता कर्मस्मृति मानिए तापनि कामनानुसारको भौतिक फल दिने मात्र यिनीहरूको तात्पर्य होइन। यो दर्शनीयतम रहस्य अनन्त आनन्दसमेत दिन सक्नेको क्रियायोग हो। श्रुति, स्मृति, पुराण र दर्शन आदि संस्कृत वाङ्मयकै सार पाञ्चायन उपासना आत्मानुभव गराउने भक्तिदर्शन हो।

पौराणिक तथा तान्त्रिक विधिबाट गरिने पाञ्चायन यजनलाई पनि अर्वाचीन वा असंस्कृत, स्मृतिप्रतिकूल भन्न मिल्दैन। वेदान्तबाहेक पाँचै दर्शनहरूको निचोड कर्मफल हो। सोही अनुसार **पञ्चायतनी**को उपासना पौराणिक र तान्त्रिक पद्धतिका भक्ति पनि अद्वितीय ब्रह्मउपासनासरह मानिएको छ। उपासकका रुचि वैचित्र्यले केन्द्रावरण भेदस्वरूप पञ्च पाञ्चायन हुने र पूजाविधिहरू देशकाल परिस्थितिअनुसार अपनाइने भए पनि आनन्द प्राप्त गर्ने सङ्कल्प सबैको एउटै हो। भय र दुःख निवृत्ति अर्थात् परमानन्द प्राप्ति सबैको सङ्कल्प हो। परमाणुदेखि ब्रह्माकोपरमायुसम्मका प्रत्यक्ष फलहरू विनाशशील भएकाले त्यहाँसम्मका सबै फलप्राप्त भए पनि जीवलाई मृत्यु भयानक लाग्छ। जन्मदेखि मृत्युपर्यन्तको समय कलयत काल

---

*१५६. गी. ९।२१-२४*

*अथातो धर्मजिज्ञासा (मी. द. १।१)*

*अथातो ब्रह्म जिज्ञासा (वेदानत द. १।१)*

र कहिल्यै अयन हुने महाकाल दुवै भगवान्‌को स्वरूप हो। अक्षय कालस्वरूप परब्रह्मका लागि द्विपरार्धावधिसम्मका क्रियाकलाप एक निमेष सरह हुन्छ। त्यसैले ईश्वर कालाका अधीन हुँदैन। उपासकहरू सबै मायाधीन हुने भएकाले पुरुषार्थले द्विपरार्ध पार गरेर अक्षयकालस्वरूप परब्रह्मलाई ज्ञान प्राप्त गर्न सक्दैन। केवल पूजा, प्रार्थनाद्वारा ईश्वरप्रणिधान गर्न सक्छ। अनन्य रूपमा ईश्वर स्मरण गर्न सके योगक्षेम दुवै उनैले वहन गरिदिन्छन्। त्यसैले पूजादिमा अनुराग अर्थात् भक्तिको रहस्य पनि भगवान्‌को नित्यस्मरणद्वारा भगवत्प्राप्ति नै हो[१५७]। अध्यात्मवादी वैदिक वाङ्मयहरूकै मीमांसाको उत्तरकाण्ड शाङ्कर वेदान्तको रहस्य आत्मतत्त्वानुसन्धान र **पञ्चायतनी**को उपासना भगवान्‌कै अनन्य भक्तिका उत्कृष्ट साधन हुन्। पूर्वमीमांसा दर्शनको विवेचनबाट पनि यही सिद्ध हुन्छ।

वेदको महावाक्य *तत्त्वमसि*को कार्यान्वयन पक्ष हो। यज्ञमा प्रतिष्ठित ब्रह्मतत्त्व सम्पादन गर्नु हो। पञ्चमहायज्ञ पनि स्वयं सनातन ब्रह्ममा समर्पित हुने नित्यकर्म हो। सनातन धर्म (अध्यात्म दर्शनको नित्यकर्म) को तात्पर्य स्वयंलाई ब्राह्मीय बनाएर नित्यतत्त्वबोध गराउनु हो[१५८]। अद्वितीय आत्मनिरूपण गर्ने शब्दब्रह्मको अन्तिम निष्कर्षलाई मीमांसा भनिन्छ। यसका दुई खण्ड धर्म र ब्रह्ममध्ये पूर्वखण्ड (कर्मकाण्ड) पूर्व मीमांसाको यज्ञपुरुष र पञ्चायतनमा तात्त्विक भेद छैन। अध्यात्म दर्शनहरूमा अन्यतम उत्तरमीमांसाचाहिँ दर्शनीयतम दर्शन हो।

---

१५७. *कालोऽयं द्विपरार्धाख्यो निमेष उपचर्यते*
*अव्याकृतस्या नन्तस्य अनादेर्जगदात्मनः।*
*कालोऽयं परमाण्वादिर्द्विपरार्धान्त ईश्वरः।*
*नैवेशितुं प्रभुर्भूम्न ईश्वरो धाममानिनाम्॥ (भा. ३।११।३७, ३८)*
*अनन्यचेताः सततं यो मां स्मरति नित्यशः।*
*तस्याहं सुलभः पार्थ नित्ययुक्तस्थ योगिन॥ (गी. ८।१४)*

१५८. *स्वाध्यायेन, व्रतैर्होमै स्त्रैविद्येनेज्यया सुतैः।*
*महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः। (मनु. २।२८)*
*अविद्या संसृतेहेतुर्विद्या तस्यनिवारिका (अ.रा. २।४।३४)*

### २.१.७.५ उत्तरमीमांसा दर्शन र पाञ्चायन

आत्मनिरूपण गर्ने अद्वितीय दर्शन उत्तरमीमांसा हो। यसैलाई वेदान्त भनिन्छ षड्दर्शनहहरूमा अन्तिम दर्शन वेदान्त हो, यसको अर्थ यसैमा वैदिक सिद्धान्तको अन्त भन्ने हुन्छ। यसको मान्यता वेदभन्दा कम छैन। उपनिषद्हरूमा दर्शनहरूको उत्तरमीमांसा अर्थात् वेदान्तको चर्चा भएको छ। बादरायणको ब्रह्मसूत्र वेदान्तको प्रसिद्ध ग्रन्थ हो। वेदान्तको नामले विभिन्न दार्शनिक विचार विकसित हुन पुगे। अद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, द्वैत आदि।

वेदान्तको मूल विश्वास अद्वैतवाद हो जसमा जीव र ब्रह्म एकै मानिन्छ। ऋग्वेदको पुरुषसूक्त (जो यजुर्वेदमा पनि पाइन्छ) पहिलो कृति हो जहाँ आदिपुरुषको कुरा गरिएको छ। आत्मा ब्रह्म हो (अयम् आत्मा ब्रह्मः) यस कारण 'स्वयं म ब्रह्म हुँ' *(अहम् ब्रह्मास्मि)* भन्ने विचार आत्माज्ञानीको हुन्छ। यसलाई परमानन्दको अवस्था भनिन्छ। जसमा प्राणीले आफूलाई फेरि जन्म लिने जीव मान्दैन बरु सबै दुःखबाट मुक्त आत्मा ठान्छ। मोक्ष यसै अवस्थाको नाम हो। यस सम्बन्धमा वेदान्तका अनेकौँ मत प्रचलित भए जसमा शंकराचार्यको मुख्य अद्वैतवाद, रामानुजाचार्यको विशिष्ट अद्वैतवाद, निम्बाकाचार्यको द्वैताद्वैतवाद र माध्वाचार्यको द्वैतवाद, वल्लभाचार्यको शुद्धाद्वैतवाद, कृपालुजीको समन्वयवाद बढी प्रसिद्ध हुँदै गए। सबै दार्शनिकहरूको तात्पर्य आनन्दस्वरूप ब्रह्म, परमात्मा, भगवान्कै अनुभव गर्नु रहेको छ।

अद्वैत मतलाई दृढताका साथ व्याख्या गर्ने श्रेय शङ्कराचार्यलाई जान्छ। उनको विचारमा ब्रह्मबाहेक अर्को कुनै सत्ता नै छैन। जीव जगत् ईश्वर सबै ब्रह्मकै प्रपञ्चमात्र हुन्। उनको यो भनाइ ज्यादै प्रसिद्ध छ : "(केवल) ब्रह्म सत्य छ, संसार झूठो छ र जीव ब्रह्म नै हो केही होइन।"[१५९] शङ्कराचार्यले

*१५९. ब्रह्म सत्यं जगत् मिथ्या जीवो ब्रह्मैव नापरः।*

अविद्यालाई माया (छल) मानेका छन् । उनको विचारमा माया, स्वतन्त्र होइन, जड र परतन्त्र हो । माया ब्रह्ममै बस्ने ब्रह्मकै शक्ति भए तापनि उसको ब्रह्मसँग कुनै सम्बन्ध छैन । मायाले ब्रह्मलाई छोप्ने काम गर्छ, भ्रम पैदा गर्छ र सत्ज्ञानमाथि भ्रमको सिर्जना गर्छ । तर मायाबाट ब्रह्म कहिल्यै विचलित हुँदैन । ब्रह्ममात्र यथार्थ हो, माया यथार्थ होइन । ब्रह्म ज्ञानीलाई मायाले कुनै प्रभाव पार्न सक्तैन ।

ब्रह्म सत्य छ, शाश्वत छ, अविनाशी छ, अनन्त छ । ब्रह्मजगत्जस्तो गरी कहिल्यै परिवर्तन हुँदैन । ब्रह्म साकार वा मूर्तिमान् ईश्वर पनि होइन तथापि ईश्वर ब्रह्मकै रूप हो । यसरी सबै कुराको आधार रहेर पनि ब्रह्म तटस्थ निराकार, निर्गुण र निर्लिप्त छ । ब्रह्म आफ्नै सत्य (सत्), आफ्नै ज्ञान (चित्) र आफ्नै आनन्दको अद्वितीय स्वरूप छ ।

ईश्वर ब्रह्मको सगुण स्वरूप हो किनभने त्यो मायाले ढाकिएको छ । ईश्वरलाई मायाले बेरिएको ब्रह्म भनिएको छ । ईश्वरले यसै रूपमा सृष्टि गर्छ । ईश्वर ब्रह्मको विवर्त हो, रूपान्तरण हो । ब्रह्मज्ञानीलाई यस्तो जानकारी हुन्छ । अतः यस्ता ब्रह्मज्ञानीका कर्म समाप्त भएका हुन्छन् ।

वैष्णव आचार्य रामानुजले विशिष्ट अद्वैतवादको मत चलाए । उनले ब्रह्मसूत्र र गीताको भाष्यका साथै अनेकौं स्वतन्त्र ग्रन्थ रचना गरे । उनको मत पनि अद्वैत हो तर विशिष्ट प्रकारको मत हो । उनले ब्रह्मका तीन अङ्ग ईश्वर (विष्णु), चित्त र जड मानेर सगुण तर अद्वैतवाद मानेका छन् । यो मत निर्गुण र निर्विशेष ब्रह्म मान्ने अद्वैतवादभन्दा पृथक् विशिष्ट किसिमको छ । विशिष्टाद्वैतको विचारमा आफ्नो कारणावस्थामा ब्रह्म अव्यक्त र निर्विकार छ तर कार्यावस्थामा भने ब्रह्म साकार र सगुण रूपमा संसारको सृष्टि, पालन र विनाश गर्ने ईश्वर हुन्छ । ब्रह्मको सगुण स्वरूप ईश्वर (वासुदेव वा नारायण) हो । ईश्वरका विभिन्न स्वरूप र गुण हुन्छन् । यस दर्शनमा भक्तिमाथि जोड दिइएको छ र यसैबाट मोक्ष पाइने विश्वास गरिएको छ ।

ईश्वरलाई पाँच रूपमा मानिएको छ। जस्तो–

| | | |
|---|---|---|
| **ईश्वर** | : | वैकुण्ठमा बस्ने नारायण वासुदेव, |
| **व्यूह** | : | लीला गर्दै सृष्टि, पालन र विनाशका कर्ता, |
| **विभव अर्थात् अवतार** | : | जीव वा मनुष्यका रूपमा पृथ्वीमा अवतरण गर्ने, |
| **अन्तर्यामी** | : | प्राणीभित्र निवास गर्ने, प्रेरणा, नियन्त्रण र कर्मफलदाता, |
| **अर्चावतार** | : | पूजा गरिने उद्देश्यले निर्मित मूर्ति वा प्रतीकमा प्रतिष्ठा गरिएको प्राणमा बस्ने। |

रामानुजाचार्यले 'माया'को खण्डन गरेका छन्। शङ्कराचार्यले ब्रह्मज्ञलाई ब्रह्म हुने कुरा गर्छन् भने रामानुज ब्रह्म झैँ हुन्छ भन्ने मान्छन्। उनी 'अविद्याको नाश उक्त पाँच अवस्थामा गरिने भगवान्को भक्तिबाट उत्पन्न कृपाले मात्र सम्भव हुन सक्छ भन्ने विचार प्रस्तुत गर्छन्।

वेदान्तको अर्को सम्प्रदाय द्वैताद्वैत सम्प्रदाय हो। प्रत्यक्ष अनुमान र शब्दप्रमाणका आधारमा उपनिषद्को ब्रह्मलाई चित्, अचित् र ब्रह्म मान्ने र तीनवटैमा भिन्नता, अभिन्नता दुवै मान्ने भएकोले द्वैताद्वैतवाद भनिन्छ। यसका आचार्य निम्वार्क हुन्। उनको ग्रन्थ **वेदान्त पारिजात सौरभ** हो **।** उनी पनि मुमुक्षुको ज्ञातव्यतत्त्व ब्रह्मलाई नै मान्दछन्। व्यवहारमा आउँदा भने जीव र ईश्वर भिन्नभिन्न छन्। यो ब्रह्मको द्वैतावस्था हो। चित्-अचित्भन्दा पृथक अमृतमय त्रिपादस्वरूप चराचरभन्दा पर ब्रह्मलाई स्वीकार्ने निम्बार्क मतलाई द्वैताद्वैत वेदान्त भनिन्छ। जीवात्मा र ईश्वर दुवै मानेका आधारमा द्वैत प्राणेन्द्रिय मनोमय जीवात्मा र पञ्चतन्मात्राको चित्स्वरूप एकै मानेका अवस्थामा अद्वैत हो। निम्वार्कले दुवै स्वीकारेर द्वैताद्वैत सिद्धान्त कायम गरे।

अद्वैत र विशिष्टाद्वैतभन्दा फरक भाष्य स्वामी मध्वाचार्यको **पूर्णप्रज्ञा भाष्य** हो। अद्वैत अभेद हो भेद भन्नु द्वैत हो। भेद पाँच प्रकारको हुन्छ। जीव

र ईश्वरभेद, जड र ईश्वरभेद, जीव र जडभेद, जीव र जीवभेद, जड र जडभेद सबै अनादि सत्य हुन्। यस्तो पाँच भेद भएको प्रमाण उनले शब्द, प्रत्यक्ष र अनुमान गरी तीन मानेका छन्। तीनै प्रमाणले आयतन वा पदार्थमा प्रमुख स्वतन्त्र र परतन्त्र गरी दुई भेद मान्दछ। पूर्ण शुभगुण सम्पन्न भगवान्– विष्णु स्वतन्त्र, बाँकी सबै पदार्थ परतन्त्र। स्वतन्त्रलाई ईश्वर र परतन्त्रलाई जीव मानिन्छ। उपर्युक्त पाँच भेदका आयतनहरूमा आयतनी भावले रहेको तत्त्व नै जीव हो। यद्यपि जीव पनि भाव हो, अभाव होइन, त्यसैले परतन्त्र पनि सबै सत् हुन्, असत् होइनन्[१६०]। सत् हुँदाहुँदै परतन्त्र भएका जीवहरू स्वतन्त्र हुन चाहन्छन्। त्यसै चाहनालाई 'मुमुक्षा' भनिन्छ। मुक्त हुनसक्ने शक्ति प्रदान गर्नसक्ने ऊभन्दा शक्तिशाली ईश्वर छ, त्यसैको भक्ति अर्थात् सेवा गर्ने सबै ईश्वरकै सेवक हुन्। सेवा नै भक्ति, सेवा नै पूजा र पूजा नै भक्ति हुन गयो। भक्त र भगवान् भएकाले मध्वाचार्यको वेदान्त दर्शनलाई **द्वैत वेदान्त** भनिन्छ।

शुद्धाद्वैत दर्शनका व्याख्याता बल्लभाचार्य हुन्। उनी श्रीकृष्णतत्त्वलाई मूल दर्शन मान्दछन्। जीवभूत सनातन उनैको अंश हो। प्राणेन्द्रियमनोमय जीव त्यसबाट स्वतः तटस्थ हुन सक्दैन। प्रकृतिका तीन गुण (दुःख, सुख, मोह) र पाँच मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) को साम्यावस्थामा अन्तर्निहित पुरुष नै मूल प्रकृति पनि हो[१६१]। वेदले त्यसैलाई *पुरुषएवेदं सर्वम्* भनेको छ। यो मूल प्रकृति, दैवी गुणवती माया भएकाले प्राणीलाई बलपूर्वक खिचेर लैजान्छ। जीवात्मा केवल अहंकारले मात्र कर्ता, भोक्ता हुँ भनिठान्छ। यथार्थमा सबैथोक गर्ने प्रकृतिले नै हो। प्रकृतिका विषय पञ्चतन्मात्राको भोग गर्न जीव (पुरुष) प्रकृतिमै बस्न बाध्य छ। किनभने

---

*१६०. नासतो विद्यते भावो नाभावो विद्यते सतः।*
*उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्व दर्शिभिः॥ (गी. २।१६)*

*१६१. न प्रकृति र्न विकृतिः पुरुष (सां. का. ३)*
*जीवभूतमहावाहो ययेदं धार्यते जगत्। (गी. ७।५)*

पुरुषले इन्द्रियहरूमार्फत नै विषय भोग गर्छ। इन्द्रियहरू सबै प्राकृत हुन्। प्रकृतिका गुण बलवान् भएकाले जीव नियन्त्रित हुन्छ। प्रकृति जड भएकाले जीवको मुक्तिको इच्छा पूरा गर्न पनि सक्दैन। त्यसैले श्री कृष्णको भक्तिद्वारा प्राप्त कृपाले मात्र जीवको अन्तिम इच्छा पूरा हुन्छ। प्रकृतिका गुण कर्मबाट जीव मुक्त हुनु ब्रह्मसमान अवस्था हो[१६२]। यसरी वेदान्तका सबै मतहरू जडचेतनको समन्वयकर्ता आत्मालाई सर्वोपरि ठान्दछन्। तर ब्रह्म, नारायण, विष्णु, श्रीकृष्णजस्ता आफ्नै इष्टदेवका नामले निर्वचन गर्दछन्। अद्वितीय आत्मनिरूपण शुद्धाद्वैत वेदान्तको तात्पर्य हो।

पञ्चम मूल जगत्दगुरुत्तम उपाधि प्राप्त श्री कृपालुजी महाराज हाल विशिष्टाद्वैत र शुद्धाद्वैत दर्शनको आत्मउपासनालाई नै महत्त्व दिन्छन्। उनी आफ्नो **प्रेमरससिद्धान्त** नामक ग्रन्थमा श्रवण, कीर्तन र स्मरणका माध्यमले राधाकृष्णको भक्तिद्वारा भगवत्प्रेम-प्राप्तिको उपाय यसरी बताउँछन् :

"तीन तत्त्व सनातन हुन्– ब्रह्म, जीव र माया। जीव एवं माया ब्रह्मकै शक्ति हुन्। निराकार र साकार गरी ब्रह्मका दुई स्वरूप हुन्छन्। सगुण साकार सविशेष-ब्रह्म नै श्रीकृष्ण हुन् र उनकै अर्को प्रकाशरूप निराकार ब्रह्म हो। निराकार ब्रह्मका उपासकहरूलाई ज्ञानी भनिन्छ। एवं साकार ब्रह्मका उपासकहरूलाई भक्त भनिन्छ।

विवेक, वैराग्य, शमादि (शम, दम, उपरति, तितीक्षा, समाधान र श्रद्धा) षट्सम्पत्ति, मुमुक्ष्या जस्ता साधन चतुष्टच सम्पन्न साधक नै निराकार निर्विशेष ब्रह्मको उपासना गर्ने अधिकारी हुनसक्छन्। यस्ता अधिकारी करोडौँ मनुष्यहरूमा पनि दुर्लभ छ। कलियुगमा त प्रायः असम्भव नै छ। पुनः साधनाकालमा पनि अनेक नियम छन् र फेरि अन्तमा प्राप्त हुने परिणाम सात्विक सुख (मायिक) नै हो। पश्चात् भक्तिद्वारा श्रीकृष्णकृपा प्राप्त गरी

---

*१६२. दैवी ह्येषा गुणमयी मम माया दुरत्यया।*
*मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते॥ (गी. ७।१४)*
*अयमात्मा ब्रह्म (माण्डू. २), जीवोब्रह्मैवनापरः (शङ्कर. वेदान्त)*

ब्रह्मानन्द प्राप्त हुन्छ। अतः सनकादि, जनकादि, ब्रह्मादिक ब्रह्मानन्दीहरू पनि हठात् प्रेमानन्दमा लीन भएका हुन्। श्रीकृष्णभक्ति अति सरल हुनुका साथै सम्पूर्ण जीव यसका अधिकारी हुन्। यहाँ कुनै नियम छैन, केवल अबोध बालक झैँ बनेर निष्काम आँसु बगाउनुपर्छ। गुरु शरणागति-भक्तिद्वारा मन शुद्ध एवं दिव्य हुन्छ अनि दिव्य प्रेम पाइन्छ।"

मुख्यतः भक्तहरूको चार प्रकार हुन्छ। आर्त, जिज्ञासु अर्थार्थी र ज्ञानी। उपर्युक्त चारमध्ये भगवान्सँग नित्ययुक्त ज्ञानी भक्त विशेष मानिन्छ। भगवान्लाई नित्यस्मरण गर्ने त्यस्ता ज्ञानीभक्तहरू वेदान्ती भनिन्छन्। वेदान्तीमा पनि सविशेष वेदान्तवादी वैदिक पञ्चदेवका उपासक सनातनीहरू स्मार्त हुन्।[१६३] युगअनुसार उपासनाका उपायहरू भिन्न-भिन्न भए पनि कलिमा भक्ति नै सर्वोत्तम साधन हो। कलियुगका ज्ञानी शङ्कराचार्य थिए। उनले भक्ति साधनामार्गका रूपमा पाञ्चायन पूजापरम्पराको व्याख्या गरे। कृपालुजी राधाकृष्णको भक्तिद्वारा कृपा याचना बताउँछन्। शङ्कराचार्य पाञ्चायनपूजालाई "चित्तशुद्ध गर्ने शारीरिक तप", स्वस्वरूपानुसन्धान वा आत्मतत्त्वानुसन्धानजस्ता शब्दद्वारा व्यक्त गर्छन् भने कृपालुजी राधाकृष्णको अनन्य स्मरणलाई नै भक्ति मान्दछन्। वस्तुतः दर्शनशास्त्रहरू पनि आनन्दस्वरूप ब्रह्म, परमात्मा, भगवान्कै उपासनाका सिद्धान्तशास्त्रहरू हुन्।

वेदान्तका साधना खण्डमा 'धर्म' र साध्यखण्डमा 'ब्रह्म' को विवेचन छ। ब्रह्म विवेचक विद्याहरूमा सर्वोत्तम अध्यात्मविद्या उत्तरमीमांसा दर्शनलाई

---

*१६३. चतुर्विधा भजन्तेमां जनाः सुकृतिनोऽर्जुन।*
*आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥*
*तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते। (गी. ७।१६, १७)*
*वेदान्त भी हैं दो गोविंद राधे।*
*निर्विशेष सविशेष वादी बता दे ॥ (राधागोविंद गीत ३६५१)*
*सविशेष वादी पाँच गोविंद राधे।*
*विष्णु, शिव, गणेश, दुर्गा, सूर्य बता दे ॥ (उही, ३६५२)*

दर्शनीयतम मानिन्छ।[१६४] वैदिक वाङ्मय विश्लेषणबाट ब्रह्म अनुसन्धान हुन्छ। त्यो आफ्नै स्वरूपानुसन्धान भएकाले चार वेदका चारै महावाक्यको तात्पर्य अविद्याबाट निवृत्ति र विद्यामा स्थित गराउने उपाय बताउने हो। अविद्या-निवारण र विद्या अनुशरण दुवै बुद्धिका खेल हुन्। भौतिक पक्ष कर्मकाण्ड अविद्या र चिदात्म पक्ष ब्रह्मकाण्ड विद्या भनिएको हो[१६५] ।

प्राकृतिक निरन्तरता नै सनातनधर्म हो। त्यसको अनुभव गर्ने साधन पाँच ज्ञानेन्द्रिय भए पनि ज्ञाता मनको अनुगत आत्मा नै सबैको ईश्वर मानिन्छ[१६६] । सबै कर्मकाण्डको तात्पर्य शरीरलाई प्रवृत्त गर्ने कालका प्रभाव पञ्चप्राणहरूलाई प्राणायामका माध्यमले भौतिक पदार्थबाट निरोध चिदात्मामा अनन्य राख्नु हो। प्राकृत साधन साधनावस्थामा मात्र सत्य हुन्। नित्यतः चिदात्मा मात्र शाश्वत सत्य हो। श्रुति, स्मृति दुवैले सिद्ध गर्ने अद्वैत ब्रह्मबोध सांख्य र योगको माध्यमबाट हुन्छ। सांख्य र योगद्वारा जान्न सकिने वेदान्त र पञ्चतत्त्वको रहस्य विवेक उत्तरमीमांसा हो। अध्यात्मवादी दर्शनहरूमा सांख्य, योग र पूर्वमीमांसापछिको विवेचन वेदान्त हो।

शब्दब्रह्मद्वारा परब्रह्म अनुभव गराउने वैदिक वाङ्मयहरूमा चार वेद, पाँचौं पुराण-इतिहास र छ दर्शनहरूसमेत भौतिक दृष्टिले आकाश र वैचारिक दृष्टिले आत्माको आश्रय मन र वाणीको विषय होइन आनन्द मात्र हो

---

*१६४. अध्यात्म विद्या विद्यानाम्। (गी. १०।३२)*
*अध्यात्म ज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्। (गी. १३।११)*

*१६५. देहोऽहमिति या बुद्धिरविद्या सा प्रकीर्तिता।*
*नाहंदेह श्चिदात्मेति बुद्धिर्विद्येति भण्यते। (अ.रा. २।४।३३)*

*१६६. मनः सृजति वै देहान् गुणान् कर्माणि चात्मनः।*
*तन्मनः सृजते माया ततो जीवस्य संसृतिः॥ (भा. १२।५।६)*
*मनः कर्ममयं नृणामिन्द्रियैः पञ्चभिर्युतम्।*
*लोकाल्लोकं प्रयात्यन्य आत्मा तदनुवर्तते॥ (भा. ११।२२।३६)*
*इन्द्रियाणां तु सर्वेषामीश्वरं मन उच्यते।*
*एतद्विशन्ति भूतानि सर्वाणीह महायशः॥ (महा., शान्ति, ३११।२१)*

भन्दछन् । त्यसैले शब्दविद्याभन्दा अध्यात्मअनुभव श्रेष्ठ मानिन्छ[१६७] ।

यसरी चेतन र जड दुवै आत्माका विषय हुन् । शब्दब्रह्म स्वयं दुर्बोध्य छ । यसलाई कठीन परिश्रमले मात्र जान्न सकिन्छ । शब्दका तन्मात्रा, शब्द, स्पर्श, रूप, रस र गन्ध गरी पाँच छन् । त्यसलाई शब्दभण्डारद्वारा बोध गर्न सकिँदैन । स्वयं शब्दादि तन्मात्राहरूमा प्राणेन्द्रिय मनोमय भएपछि कर्ता, भोक्ता, प्रमाता-ज्ञाता उपाधियुक्त आत्मा चेतन शब्दद्वारा निर्वचन हुन्छ । त्यस्तो जीवभावमा अनुगत प्राणेन्द्रिय मनोमय आत्माको पाञ्चभौतिक आयतन नै लोकप्रसिद्ध पाञ्चायन हो भन्नसम्म त सकिन्छ तर त्यस्तो अनुभूतिको स्वरूप बताउन सकिँदैन । आत्मा अनुवर्ति पञ्चइन्द्रियहरूमार्फत् पञ्चदेवको उपासना गर्नु पाञ्चायनपूजा हो भनेर शास्त्रीय परिभाषामा भर पर्नुपर्ने हुन्छ ।[१६८]

सूक्ष्मशरीर अर्थात् पञ्चतत्त्वायतन आकाश (शून्य) बाट प्राणेन्द्रिय मनोमय भोक्ता उत्पन्न भयो अथवा आत्माबाट असत् आकाश ! यो विवादलाई वेदले सत् असत् दुवै मानेर आकाशलाई आत्माकै शरीर बतायो । अन्तराकाश हृदय, मनोमय र बहिराकाश सर्वव्यापक हिरण्मय भनी परिभाषित छ । स्मृतिले बताएको क्षर र अक्षर पुरुष नै आत्माको आयतन प्राणेन्द्रियसहितको पाञ्चभौतिक शरीर मनमा र मन महान् आकाशमा आश्रित छ । आकाश

---

*१६७. माण्डू. २*
*यजु. ३१।३*
*महा., शान्ति, २३२।३०*
*मुण्ड. १।१।४, १।१।५*
*गी. १०।३२*

*१६८. आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।*
*बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ॥*
*इन्द्रियाणि हयान्याहुर्विषया स्तेषु गोचरान् ।*
*आत्मेन्द्रिय मनोयुक्त भोक्तेत्याहुर्मनीषिणः ॥ (कठो. १।३।३, ४)*
*न रूपमस्येह तथोपलभ्यते । (गी. १५।३)*
*मनः कर्ममयं नृणामिन्द्रियैः पञ्चभिर्युतम् ।*
*लोकाल्लोकं प्रयात्यन्य आत्मा तदनुवर्तते ॥ (भा. ११।२२।३६)*

पञ्चतत्त्वको आश्रय हो, त्यसैले पञ्चायतन हो, त्यसको पनि आश्रय ब्रह्म, परमात्मा, भगवान्चाहिँ **पञ्चायतनी** हो । यो पनि सत्-असत् दुवैभन्दा परको अनिर्वचनीयकै निर्वचनमात्र हो ।[१६९]

वैदिक पञ्चायतनी अर्थात् स्वस्वरूपको अनुसन्धान नै परम्परागत पाञ्चायनपूजामा प्रतिबिम्बित छ । मानवमात्रको नित्यकर्मको रहस्य अद्वैत आत्मबोधको उत्तम साधन नित्यस्मार्तकर्म अर्थात् पाञ्चायनपूजा हो ।

आत्माको सगुण-साकार, सगुण निराकार र निर्गुण निराकार गरी तीन स्वरूप प्रसिद्ध छन् । निर्विशेष परब्रह्मभन्दा सविशेष ईश्वर साक्षात्कार गर्न सजिलो हुन्छ । निरन्तर आत्मस्मरणद्वारा आफ्नै मनका सविशेष उपाधिरूप कल्मषहरू समाप्त पार्न सके प्रशान्त भावको आविर्भाव हुन्छ । त्यो सगुण साकार पाञ्चायन पूजाद्वारा पञ्चायतनीको साक्षात्कार हो ।

## २.२ सारांश

सनातन धर्मको सदाचार व्यवस्थित गर्ने अनेकौँ ग्रन्थहरू सङ्ग्रहित पौरस्त्यवाङ्मय भण्डारमा वेद, उपवेद, वेदाङ्ग, उपनिषद्, गीता, ब्रह्मसूत्र आदि निगम र शैव वैष्णवादि आगम विधाहरूका प्रशस्त ग्रन्थहरू सङ्कलित छन् । वेद र वेदअनुकूल श्रुति, स्मृति, पुराण, आगम र दर्शनशास्त्र जस्ता वाङ्मयहरूले आत्मतत्त्वसँग तुलनात्मक विवेचन गरेका विष्णु, सूर्य, देवी, गणेश र शिवको समन्वयलाई **पञ्चायतन** वा **पञ्चायतनी** भनिएको छ । **आयतन** र **आयतनी** दुवै शब्दहरूको भावार्थ पञ्चतत्त्वको विस्तार र पञ्चतत्त्वको आश्रय मानेका छन् । वेद, उपवेद, वेदाङ्ग र दर्शनशास्त्रहरूले

---

१६९. *आत्मा वा इद्मेक एवाग्र आसीत् । (ऐतरेयो, १।१।१)*
*तस्माद् वा एतस्मादात्मन आकाशः संभूतः । (तै. २।१)*
*आकाशशरीरं ब्रह्म । तै. १।६, २।७*
*स य एषोन्तर्हृदय आकाशः । तस्मिन्नयं पुरुषो मनोमयः । अमृतोहिरण्मयः । (तै. १।६)*
*अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥ (गी. १३।१२)*

परोक्ष र स्मृति, पुराण र आगमहरूले परोक्ष एवं प्रत्यक्ष दुवै रूपमा पाञ्चायनको विश्लेषण गरेका छन्। वाङ्मयहरूमा पञ्चायतनका सम्बन्धमा अद्वितीय आत्मतत्त्व र मन, बुद्धि, चित्त, अहङ्कारको विवेचन छ। पञ्चतन्मात्रा-पञ्चज्ञानेन्द्रिय, पञ्चप्राण, पञ्चमहाभूतको समन्वयस्वरूप मानिसको शरीर, इन्द्रियादि बहिष्करण र मन, बुद्धि, चित्त, अहंकार आदि अन्तःकरणको मूर्तरूप हो। त्यस्तो शरीरलाई ब्रह्म, परमात्मा, भगवान्को नमुना मानेर तत्त्वविवेचन गरिएको छ। प्रकारान्तरले पञ्चायतन बहिष्करण हो र पाञ्चायन अन्तःकरण हो। दुवैको आश्रय ब्रह्म, परमात्मा, भगवान्चाहिँ पञ्चायतनी हो। यस्ता शास्त्रहरूका वैदिक र लौकिक गरी दुई विशेषताहरू छन्। वेदान्तका पनि सविशेष र निर्विशेष दुई दृष्टिकोण छन्। सविशेषवादी सनातन पञ्चदेवका उपासकहरूका दृष्टिकोणमा ईश्वरकोटिका पाञ्चायन देवताहरू केन्द्र र आवरण भेदले पाँचै प्रकारका छन्। केन्द्रका देवताका नामबाट शिवपाञ्चायन, गणेशपाञ्चायन, दुर्गापाञ्चायन, सूर्यपाञ्चायन र विष्णुपाञ्चायन गरी पाञ्चायनका पाँच नाम छन्। सबै स्वस्वरूपानुसन्धानकै सिद्धान्तअनुसारका उपास्य देवताहरू हुन्। समस्त वाङ्मयहरूका आधारस्वरूप वेदान्तदर्शनका भक्ति सिद्धान्तहरू र पाञ्चायन उपासकहरूको पाञ्चायनपूजा दुवैको आश्रयचाहिँ भगवान् नै हुन्। त्यसैलाई परमात्मा, ब्रह्म मानेर नित्यस्मरण गर्दै आ-आफ्ना इष्ट पाञ्चायनका माध्यमले समर्पित हुनु पाञ्चायनपूजाको तात्पर्य हो। तत्त्वबोधका लागि ज्ञान र भक्तिजस्ता फरक पद्धतिहरूलाई अवलम्बन गरे तापनि वेदान्त र पाञ्चायन दुवै दर्शनहरू भगवान्का भक्ति सिद्धान्त हुन्। क्रियायोगका रूपमा पाञ्चायनपूजा भने पनि ज्ञानयोगका रूपमा पञ्चदेवयजनद्वारा परमात्मामा अनुराग पैदा गर्नु वाङ्मयविश्लेषणको सारांश हो।

# परिच्छेद : तीन

# पाञ्चायनपूजाको क्रियात्मक पक्ष


## ३.१ परिचय

अद्वैतवेदान्तका प्रतिपादक शङ्कराचार्यले वेदान्तकै पञ्चीकरण सिद्धान्त-अनुसार पञ्चतत्त्वका अधिष्ठाता पाँच देवताको संयुक्त उपासनालाई आफ्नै स्वरूपको अनुसन्धान, परमात्मा भक्तिको प्रारम्भिक चरणका रूपमा मानेका छन् । धर्मशास्त्रका इतिहासदेखि पुराणतन्त्र शास्त्रसम्मले पञ्चतत्त्वका अधिष्ठाता पाँच देवताकै– इष्टावरण भेदले बन्ने पाँच आयतनलाई पाञ्चायन मानेका छन् । पाँच देवताहरू विष्णु, सूर्य, देवी, गणेश र शिवका सामूहिक स्वरूप नै सगुण साकार ईश्वर उपासनाको मूर्तिमान् केन्द्र हो । शब्दकोषहरूले त्यसैलाई पाञ्चायतनी भनेर परिभाषित गरेको छ[1] ।

---

*१. पाञ्चायतनी, 'पञ्चानामुपास्य देवरूपाणामायतनानां समाहारः ।*
*गणेशादि पञ्चदेवरूपोपासन समाहारे । पञ्चदेवोपासकस्य यस्मिन्दिने यस्यपूज्यता तद्दिने मध्ये स्थापनमन्येषां च दिग्भेदेषु स्थापन मुक्तं तन्त्रसार यामलके (भट्टाचार्य, वाचस्तत्यम्, २०१८ : पृ. ४१९७-९८)*

*(क) गणेशो भास्करो देवी शिव विष्णुश्च पञ्चम (शिखरनाथ भाष्य) ।*
*हेरम्बं तु यदामध्ये ऐशान्यामच्युतं यजेत् ।*
*आग्नेयां पञ्चव क्त्रं तु नैर्ऋत्या द्युमणिं यजेत ॥*
*वायव्यामम्विकां चैव यजेन्नित्यमतन्द्रितः ।*




गणेश पाञ्चायन

*(ख) सहस्रांशुर्यदामध्ये ऐशान्यां पार्वतीपतिम् ।*

सर्वव्यापक चित्सत्ताको वाचक विष्णु र शिवलाई समान (आकाशका अधिपति) मानेको पाइन्छ। सर्वव्यापक र सबैको आश्रय (अयन) मानिएको आकाशको प्रतीक चिह्न, ज्ञानस्वरूप सम्पूर्ण वेदहरूको स्रोत शब्दब्रह्मले


---

*आग्नेयामेकदन्तं च नैऋत्यामच्युतं तथा ॥*
*वायव्यां पूजयेद्देवीं भोग मोक्षैक भूमिकाम् ।*




**सूर्य पाञ्चायन**

*(ग) भवानींतु यदामध्ये ऐशान्यां माधवं यजेत् ।*
*आग्नेयां पार्वतीनाथं नैऋत्यां गणनायकम् ॥*
*प्रद्योतनं तु वायव्यामाचार्यस्तु प्रपूजयेत् ।*




**देवी पाञ्चायन**

*(घ) यदा तु शङ्करं मध्ये ऐशान्यां श्रीपतिं यजेत् ।*
*आग्नेयां च तथा हंसं नैऋत्यां पार्वतीसुतम् ॥*
*वायव्यां च सदापूज्या भवानी भक्तवत्सला ।*



**शिव पाञ्चायन**

*(ङ) यदातु मध्ये गोविन्द मैशान्यां शङ्करं यजेत ।*
*आग्नेयां गणनाथं च नैऋत्यां तपनं तथा ॥*
*वायव्यामम्बिकां चैव यजेन्नित्यं समाहित । (शर्मा, आह्निक-सूत्रावलि : १९९५, पृ. १०६)*



**विष्णु पाञ्चायन**

आकाशकै गुण गाउँछन् । सगुण निराकार आकाशमा सृष्टि स्थिति, लय, निग्रह र अनुग्रह पाँचै सामर्थ्य लीन भएको छ । यसैको आयतन शिव, गणेश, देवी, सूर्य र विष्णुको संयुक्त स्वरूप प्राण, इन्द्रिय, मन, बुद्धि, आत्मासमेतलाई अन्तर्निहित गरेको विराट् विश्वप्रपञ्च नै पाञ्चायतन मानिन्छ । सृष्टि, स्थिति, लय, तुरीय, तुरीयातीतको मार्गनिर्देशन गर्ने आकाशकै गुण शब्दको चित्र ॐ नै पाञ्चायन पूजाको मूलमन्त्र पाञ्चायनदर्शनको स्रोत हो[२] । सबै मानिसको सुखप्राप्ति दुःख समाप्ति शास्त्रीय मर्यादाका नित्यकर्म (सनातन धर्म) पाञ्चायनपूजाबाट हुन्छ र पञ्चदेवलाई वैदिक, लौकिक र तान्त्रिक गरी तीनै विधिले पूजा गर्न सकिनेछ भन्ने उल्लेख पाइन्छ । पाञ्चायनका सामूहिक स्वरूपहरूलाई पाञ्चायनका प्रकार पनि भनिन्छ ।

### ३.१.१ पाञ्चायनका प्रकार

आ-आफ्ना गुण र स्वभावअनुसार चित्, तेज, शक्ति, ज्ञान र सत् पाँच शक्तिमध्ये कुनै एकलाई इष्ट मान्ने तर बाँकी चारलाई आवरण (सहयोगी) ठान्ने शक्ति समन्वयका उपासकहरू सनातन स्मार्त हुन् । सबैको स्वभाव गुणअनुसार इष्ट पाञ्चायन पाँच प्रकारका मानिन्छन् । आदित्यादि वा

---

२. *आकाशस्याधिपो विष्णु रग्ने श्चैव महेश्वरी ।*
*वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिपः ॥*
*शिवः खमनिलःशक्ती रविरग्निर्जलं हरिः ।*
*मही गणेशः संप्रोक्तो ही विश्वमेतद्वयं नुमः ॥ (कल्याण गणेशाङ्क, पृ. ४५ र १४६ बाट साभार)*
*एतेषां पञ्चभावानां विज्ञानात्समजायत ।*
*उपासनानां पञ्चानां सगुणानां समुद्भवः*
*सच्चिदानन्द भावानामद्वैते ह्येकरूपता ॥ (सूर्यगीता, २।३८, ३९)*
*चित्तेजः शक्तिविज्ञानसद्रूपाः परमा मताः ।*
*पञ्च भावास्तत्र चिता चेतनोऽस्मीति निश्चयः ॥ (उही ३२)*
*पञ्चधा सगुणोपास्तावधिकारोऽधिकारिणाम् ।*
*भेदतः पञ्चगीतासु कीर्तिताः पञ्चदेवताः । (उही २१)*
*श्वेता. ३।८*
*गी. ८।१३,१४*

गणपत्यादि पञ्चदेवसमन्वय स्वरूप पाञ्चायतनहरूलाई गुण र स्वभाव अनुसार इष्ट मानिन्छन् । चित्प्रधान स्वभाव भएका उपासकको **विष्णु पाञ्चायन**, तेजप्रधान उपासकको **सूर्य पाञ्चायन**, शक्तिप्रधान उपासकको **देवी पाञ्चायन**, ज्ञानप्रधान उपासकको **गणेश पाञ्चायन** र सत्प्रधान उपासकको **शिवपाञ्चायन** इष्ट हुन्छन् ।[३] तर सबै सनातनीहरू आ-आफ्ना इष्ट पाञ्चायनको पूजा गरे तापनि गुणातीत आत्मा अर्थात् ब्रह्मकै नित्यस्मरण गर्दछन् । मानिस मात्रका भौतिक र अभौतिक संस्कृतिको सम्मिश्रण-पाञ्चायन पूजाको संस्कृति वा पाञ्चायनदर्शन सर्वशक्तिमान् सर्वात्मा सगुण साकार ब्रह्मको भक्तिमा आधारित छ । अतः पाञ्चायनका प्रकारहरू इष्टावरण भेदले पाँचै हुन्छन् ।[४]

शुद्धचैतन्यका पाँच शक्ति चित्, तेज, शक्ति, ज्ञान र सत्का सामर्थ्य स्वरूप विष्णु, सूर्य, देवी, गणेश र शिव हुन् । यसरी पञ्च दिव्यशक्तिहरूको समन्वयात्मक भक्ति नै पाञ्चायन पूजा हो भन्न सकिन्छ । पाञ्चभौतिक, आयतनमा प्रतिष्ठित पञ्चप्राणको अधिदैविक स्वरूप र यसैको अन्तरनिहित अध्यात्मस्वरूपलाई पाञ्चायन उपासकहरू पाञ्चायतनी (आश्रय तत्त्व) का रूपमा सगुण ब्रह्म उपासनाकै रूपमा मान्दछन् । पञ्चप्राणमा अनुगत आत्मस्मरणसहित पञ्चतत्त्वको प्रयोगलाई विभिन्न विधाका वाङ्मयहरूले प्रत्यक्ष एवं परोक्ष रूपबाट पाञ्चायन भक्ति अर्थात् ब्रह्मोपासनाको महत्त्वपूर्ण साधन मानेका छन् । भक्तहरू पृथक् पाँच आयतन मानेर भौतिक रूपमै पञ्चोपचारले तिनको पूजा गर्दछन् । सत् प्रधान शिवलाई पृथिवीका अधिष्ठाता, ज्ञानप्रधान गणेशलाई जलका अधिष्ठाता, शक्तिप्रधान देवीलाई अग्निकी अधिष्ठात्री, तेजप्रधान सूर्यलाई वायुका अधिष्ठाता र चित्प्रधान

३. *पूर्ववत् (शर्मा : पृ. १०६)*

४. *चित्प्रधानो महाविष्णुः सूर्यस्तेजः प्रधानकः ।*
*शक्तिप्रधाना सा देवी विश्वशक्ति प्रकाशिनी ॥*
*ज्ञानः प्रधानो गणपः सत्प्रधानः सदाशिव ।*
*पञ्चैते विवुधा ईशाः सगुण ब्रह्म संज्ञकाः ॥ (सूर्यगीता, २।१९, २०)*

विष्णुलाई आकाशका अधिष्ठाता मानेर पञ्चप्राणका अनुगत आत्माको उपासना पञ्चतन्मात्राको संयुक्त आयतनमा गर्नु फलदायक हुन्छ भन्ने भावार्थ शास्त्रहरूमा पाइन्छ[५]। भक्तहरू वेदका पुरुषसूक्तअनुसार षोडशोपचार वा

---

५. *प्राणो ब्रह्मेति व्यजानात् ॥ (तै. ३।३।१)*
*प्राणोऽपान समानश्चोदान व्यानश्च वायवः ।*
*स्थूलशरीरं अन्नमयकोष, पञ्चकर्मेन्द्रिय सहितं-प्राणपञ्चकं प्राणमयकोषः, पञ्चज्ञानेन्द्रियसहितं मनोमनोमयकोषः, पञ्चज्ञानेन्द्रियसहिता बुद्धि विज्ञानमयकोषः कारणभूतायामविद्यायां यन्मलिनं सत्वमस्ति तन्मोदादिभिर्वृत्तिभिप्रियमोदप्रमोदाख्यैः रिष्टदर्शन लाभ भोगजन्यै, सुखविशेषसहितमहङ्कारात्मक मानन्दमयकौषः ।*
*स्यात्पञ्चीकृत भूतोत्थो देहः स्थूलोऽन्न संज्ञकः ।*
*लिङ्गेतु राजसैः प्राणैः प्राणः कर्मेन्द्रियै सह ।*
*सात्विकै धीरिन्द्रियैः साकं विमर्शात्मा मनोमयः ।*
*तैरेवसाकं विज्ञानमयो धी र्निश्चयात्मिका ।*
*कारणे सत्त्वमानन्दमयो मोहादिवृत्तिभिः*
*तत्तत्कोषैस्तु तादात्म्यादात्मा तत्तन्मयो भवेत् । (पञ्चदशी, १।३४-३६)*
*चित्तेजःशक्तिविज्ञानसद्रूपाः परमामताः ।*
*पञ्चभावास्तत्र चिता चेतनोऽस्मीति निश्चयः । (सूर्यगीता, २।३२)*
*एतेषां पञ्चभावानां विज्ञानात्समजायत ।*
*उपासनानां पञ्चानां सगुणानां समुद्भवः । (सूर्यगीता, २।३८)*
*उपासनं पञ्चविधं ब्रह्मोपासनमेव तत् । (रामपूर्वतापनीय उपनिषद्, कल्याण गणेशाङ्क, पृ. ७५)*
*वहिरंगानुष्ठानशीलानामेव त्वन्तरंगानुष्ठानेऽधिकारः ।*
*सगुणं तु रूपमुपासकानुग्रहार्थं कल्पितमेव इत्युपासक रुचि वैचित्रेणना नाविधम् (कल्याण गणेशाङ्क, पृ. ६३)*
*मानवानां प्रकृतय पञ्चधा परिकीर्तिता ।*
*यतो निरूप्यते सर्गः पञ्चभूतात्मकै वुधै ॥*
*भिन्ना यद्यपि भूतानांप्रकृतिः प्रकृतेर्वशात् ।*
*तथापि पञ्चतत्वानामनुसारेण तत्त्ववित् ॥*
*प्रत्येकं तत्त्वप्राचुर्यं विमृश्य विधिपूर्वकम् ।*
*उपासनाधिकारस्य पञ्चभेदम वर्णयत् ॥ (मन्त्रयोग संहिता)*
*पृथिव्यादीनि भूतानि प्रत्येकं विभजेद्द्विधा ।*
*एकैकं भागमादाय चतुर्धाविभजेत्पुनः ॥*
*एकैकं भागमेकस्मिन भूतेसंवेशयेत्क्रमात् ।*
*ततश्चाकाश भूतश्च भागाः पञ्च भवन्ति हि ॥ (पञ्चीकरण वार्तिक ८, ९)*
*आकाशस्याधिपो विष्णुरग्ने चैव महेश्वरी ।*
*वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिप । (कल्याण गणेशाङ्क, पृ. ४५)*

पञ्चोपचारले तिनको पूजा गर्दछन् । यद्यपि नित्य पाञ्चायनपूजा गर्नेहरूमा प्रायः पञ्चतत्त्व चन्दन, नैवेद्य, दीप, धूप र पुष्प (पृथिवी, जल, तेज, वायु र आकाशको प्रतीक सङ्कल्प समर्पण गरी पञ्चोपचारले पूजा गर्ने प्रचलन बढी पाइन्छ[६] ।

रजोगुणप्रधान जगत्स्रष्टा कालस्वरूप सूर्यलाई ब्रह्माको प्रतीक मान्न शास्त्रीय मर्यादाले बाधा पर्दैन । सर्वव्यापक पुरुषोत्तम वासुदेव नै सूर्यहरूमा विष्णु रूपले रहनुहुन्छ । सृष्टिपछि पालन अनिवार्य छ । पाञ्चभौतिक शरीरका स्रष्टा पञ्चप्राणशक्तिका अधिष्ठाता सूर्यले परमात्माको सत्ता पाएर प्राणीलाई जगाए । तर जीवलाई जीवन्त राख्न पालनकर्ता स्वयं विष्णु चार व्यूह– मन, बुद्धि, अहङ्कार र चित्त (अनिरुद्ध, प्रद्युम्न, सङ्कर्षण र वासुदेव) नामले आवृत्त नारायण वा कालस्वरूप स्वयं भगवान् चतुर्व्यूहाकारमा परिणत भई प्राणरक्षा गर्दछन्[७] ।

सृष्टिस्थिति सबै लीन गर्नसक्ने तमप्रधान महेश्वर नै यथार्थ सत् हो । त्यसैले सत् प्रधान सदाशिव छन् । ईशान पूर्व, दक्षिण, उत्तर, पश्चिम चार मुख (आम्नाय) आवरण रूपमा र सदाशिवमा लीन हुने गुण भएकाले लयकर्ता हुन् । ईशान भन्नु नै स्वयंमा लीन गर्ने सामर्थ्य हो । पुनः ईशानबाटै सृष्टि

---

*आदित्यं गणनाथं च देवी रुद्रञ्च केशवम् ।*
*पञ्च दैवत्य मित्युक्तो सर्वकर्मसु पूजयेत् । (आह्निक सूत्रावलि, पूर्ववत्)*

६. *सुगन्धो सुमनो धूपो दीपो नैवेद्य एव च । (आह्निक सूत्रावलि, पृ. १०९) ।*

७. *स्रष्टा प्रजापतिर्वेधा विधाता विश्वसृड्विधि । (अमर-३४ पङ्क्ति)*
*विष्णुर्नारायणः कृष्णो । (अमर, ३५ पङ्क्ति)*
*तस्मात्स जगत स्रष्टा सर्वस्य च पितामहः ।*
*निदानं सकलस्यास्य भुवनस्यादि कारणम् (सूर्यगीता- २।५४)*
*अहमेवाऽऽसपूर्वन्तु नान्यत्किंचिन्नगाधिय ।*
*तदात्मरूपं चित्सं वित्परब्रह्मैक नामकम् ॥*
*अप्रतर्क्यमनिर्देश्यमनौपम्यमनामयम् ।*
*तस्यकाचित्स्वतः सिद्धा शक्तिर्मायेति विश्रुता ॥ (देवी गीता, २।२, ३)*
*मायां तु प्रकृतिः विद्यान्मायिनं तु महेश्वरम् ।*
*तस्यावयव भूतैस्तु व्याप्तं सर्वमिदं जगत् ॥ (श्वेता. ४।१०)*

स्वभावैले हुनसक्छ। यसरी सत्व, रज, तम, गुणमा अन्तरनिहित शुद्धचैतन्य नै त्रिदेव रूपमा प्रकट, स्थिति र लय हुन्छ। त्रिगुण सृष्टि, स्थिति र लयका देवताहरू सबै विश्रान्त भएको अवस्था मूलप्रकृति अथवा परमात्माकै दैवीशक्ति महामाया हो। अव्यक्त पनि भनिने महामाया भगवती नै महेश्वरसहित सृष्टि, स्थिति र लयको कारण माया महेश्वर नै शिवशक्ति सगुण ब्रह्मस्वरूप मानिन्छ[८]।


प्रकृतिको आश्रय ज्ञानप्रधान गणपति भनेका मन, बुद्धि, अहङ्कार र चित्त नामको अन्तःकरणरूपी चार आवरणले आवृत्त मननशक्ति, निश्चय शक्ति, कर्ताशक्ति र क्रियाशक्तिजस्ता प्राणेन्द्रिय गणका पति नै हुन्। चार गण पतिहरूले सञ्चालन गरेका इन्द्रिय, प्राण, शरीरादि गणहरूको पति जीवको पनि ईश आत्मा भएकाले गणेश भनेर ब्रह्मलाई नै भनिएको हो[९]।

---

८. *सूर्यः आत्माजगततस्थुषश्च (ऋ. १।११५।१)*
*आदित्यानामहंविष्णु। (गी. १०।२१)*
*हिरण्यगर्भो जगदन्तरात्मा (अद्भुतरामायण, १५।६)*
*स्रष्टा प्रजापतिर्भेदा विधाता विश्वसृड् विधिः। (अमर, १।१।३४(*
*हिरण्यगर्भो लोकेशः स्वयंभूश्चतुरांनन। (उही, ३२)*
*शरीरस्था इमे... । (अमर, १।४।२६, २७)*
*शिवःस्तंभस्थितः साक्षात् सर्वपापहरः शुभः।*
*सतु पञ्चमुखो ख्यातो लोके सर्वार्थ साधनः॥*
*पञ्च ब्रह्मात्मको यस्मात्तेन पञ्चमुखः स्मृतः।*
*पश्चिमेतु मुखेसद्यो वामदेवस्तथोत्तरे॥*
*पूर्वेतु तत्पुरुषं विद्याद्दघोरञ्चापि दक्षिणे।*
*ईशानः पञ्चमो मध्ये सर्वेषामुपरिस्थित॥*

९. *शिवे विष्णौ च शक्तौ च सूर्ये मयि नराधिप।*
*चाऽभेद बुद्धिर्योगः स सम्यग्योगो मतोमम॥ (गणेशगीता, १।२१)*
*'गणानां जीवजातानां यः ईशः– स्वामी स गणेश' (कल्याण गणेशाङ्क, पृ. ४१)*

### ३.१.१.१ विष्णु पाञ्चायन



विष्णु पाञ्चायन

विष्णुलाई इष्ट मान्ने सनातन स्मार्तहरूका पञ्चदेव पञ्चशक्तिका समन्वयात्मक स्वरूप भएकाले केवल विष्णुमात्र पाञ्चायन भनिँदैनन्। केन्द्रमा विष्णु ईशान कोणमा शिव, आग्नेयकोणमा गणेश, नैऋत्यमा सूर्य र वायव्यकोणमा देवी स्थापना गरेर विष्णुपाञ्चायतन भनिन्छ। स्मृति, पुराण र आगम ग्रन्थमा यो व्यवस्था उल्लेख पाइन्छन्। शास्त्रमा सूर्य, विनायक, दुर्गा, शिव र विष्णु क्रमशः पूजा गर्नु तर स्थापना विधि यस्तो रहोस् भन्ने मनसायले लोकव्यवहार क्रम प्रसिद्ध छ : 'गणेशो भास्करो देवी शिव विष्णुश्च पञ्चम'। यति हुँदाहुँदै पनि आ-आफ्ना इष्ट पाञ्चायनको ध्यान गर्दा केन्द्रबाट क्रमशः ईशानादि आवरण देवताको नामको क्रमले आवाहन गरिन्छ। जस्तै– विष्णु पाञ्चायनको ध्यान गर्दा– ॐ **विष्णु शिवगणेशसूर्यदुर्गाभ्यो नमः** भनेर पाँचै देवको आवाहन गरिन्छ। सनातन हिन्दुहरूको नित्य पाञ्चायनपूजा इष्टदेव विष्णु भए पनि उनीहरू वैष्णव भनिँदैनन्, स्मार्त भनिन्छन्। धर्मशास्त्रलाई स्मृति भनिन्छ। त्यसैले स्मृति प्रतिपादित धर्म पञ्चमहायज्ञलाई स्मार्तकर्म भनिएको पाइन्छ। हिन्दु वर्णाश्रममा द्विज शब्दका महत्त्वपूर्ण अर्थ छन्। सुरुका तीन वर्णले द्विज भनिने अधिकार पाएका छन्। दुई फेर जन्मनुलाई द्विज भनिन्छ। मनुष्यको भौतिक जन्म पहिलो पल्ट माताका गर्भबाट हुन्छ भने मन्त्राधिकार उपनयन संस्कारपश्चात् उसको दोस्रो जन्म हुन्छ। उपनयन अर्थात् व्रतबन्धमा प्राप्त ब्रह्मगायत्रीलाई मूलमन्त्र मान्नेहरू पाञ्चायनपूजाको अधिकार प्राप्त गर्छन्। पाञ्चभौतिक शरीरका माध्यमले ब्रह्मस्मरण गर्ने पञ्चदेव उपासकहरू स्मार्त हुन्, वैष्णव, सौर, शाक्त, गाणपत, शैव होइनन्। चित्, तेज, शक्ति, ज्ञान र सत् पाँच भावशक्तिका संयुक्त उपासकलाई शाक्त भनिए पनि ब्रह्म उपासक सनातन स्मार्त भन्ने नै बुझाउँछ। यसले वैष्णव शैवादि सम्प्रदाय विशेषलाई बुझाउँदैन, अद्वैत

आत्माज्ञानलाई बुझाउँछ[10]। शुद्ध चैतन्य ब्रह्म उपासक पाञ्चायतनी स्मार्तहरूका पाँच इष्ट पाञ्चायन केवल मार्गमात्र हुन्। आकाशबाट परेको पानी जसरी विभिन्न नदीमार्फत् सागरमा पुग्छ त्यसैगरी सबै सम्प्रदायहरू परमात्मामामै पुग्छन्। यो विश्वमा देखापर्ने विविधता शिवशक्तिस्वरूप एउटै सगुणब्रह्मको खेल मात्र हो। केवल चित्प्रधान गुण भएका भक्तहरू ब्रह्म उपासनामा विष्णु पाञ्चायनलाई इष्टसाधन मान्दछन्।

अनन्त कोटि विश्वशक्ति पञ्चतन्मात्रामा समेटिएर शुद्धचैतन्यका सान्निध्यले नाना नामरूपमा प्रदर्शित हुनपुगेका हुन्छन्। पञ्चतन्मात्राको परिणामी शक्ति सन्निहित शुद्धचैतन्य पञ्चतत्त्वको इष्टावरण भेदले बन्ने पाँच अयनहरूका अधिष्ठाता पाँच देवरूपमा देखापर्ने मात्र हो। मन्त्रशक्तिको प्रयोगद्वारा शुद्धचैतन्यको प्रकटतालाई तन्त्र भनिन्छ। पञ्चतन्त्रका साधक अर्थात् पाञ्चायनका मन्त्र अनुसरण गर्ने सबै स्मार्तहरू शक्तिसहित पाञ्चायतनकै उपासक हुन्। देवी पाञ्चायतनका उपासक मात्र शाक्त र अन्य सौरशैवगाणेशवैष्णवादि उपासकहरू शाक्त होइनन् भनिठान्नु उचित होइन। पाँचै प्रकारका शक्तिमान्का स्मरणकर्ता उपासकहरू सनातन स्मार्त हुन्।

---

*१०. सर्वेशाक्ता द्विजाप्रोक्ता न शैवा न च वैष्णवा। (तन्त्र)*
*सौराश्च शैवगाणेशा वैष्णवा शक्तिपूजका।*
*मामेव ते प्रपद्यन्ते वर्षाम्भ सागरं यथा॥ (पद्मपुराण, कल्याण शक्ति अङ्क, पृ. ८४)*
*शैवा च वैष्णवाश्चैव सौरा शाक्ता स्तथैव च*
*गाणापत्या आगमाश्च प्रणीता शङ्करेण तु*
*तत्र वेदा विरुद्धोंशो व्यक्त एव क्वचित्क्वचित्।*
*वैदिकै तद्ग्रहेदोषो न भवत्येव कर्हिचित्॥ (देवी गीता, ९।३०, ३१)*
*न शिव शक्तिरहितो न शक्ति र्व्यतिरेकिणी।*
*शिव शक्त स्तथाभावानिच्छया कर्तुमीहते।*
*शक्ति शक्तिमतोर्भेदः शैवेजातु न वर्ण्यते॥*
*शक्तिरेव स्वतन्त्रत्वात्कर्तुं भावान्विचित्रकान्।*
*सामर्थ्यं यदिकल्पेत तन्नामानन्त्य मेव वा॥*
*भेदे हि शक्ति किं कार्यं करोत्युत च शक्तिमान्।*
*शक्तिमानेव शक्तिः स्याच्छिववत्करणार्थतः॥ (शिवदृष्टि, ३।२-४) (चित्र : परिशिष्ट ४)*
*न हि ज्ञानेन सदृशं पवित्र मिहविद्यते। (गी. ४।३८)*

पञ्चदेव भनेका शक्तिमान्कै पञ्चभाव चित्, तेज, शक्ति, ज्ञान र सत् अर्थात् कारणशक्तिका अवयव हुन् । पञ्चीकृत महाभूतको नमुना मानिसमा उक्त भाव प्रकट भएका हुन्छन् । गुरुले पञ्चीकृत तत्त्वहरूको न्यूनाधिक्यका आधारमा निर्मित शिष्यका स्वभावअनुसार उपदेश गर्ने इष्टमन्त्र जपद्वारा वैदिक पाञ्चायनको स्मरणभक्ति शारीरक तपका रूपमा गर्दछन् । त्यही शिष्टानुशिष्ट उपदिष्टमन्त्र सम्यक्ज्ञान प्रदायक बन्दछ । सम्यक् ज्ञान प्रदान गर्नु पाञ्चायनपूजाको रहस्य हो अर्थात् पूजादि कर्म ज्ञान प्राप्तिका लागि गरिन्छ । ज्ञान प्राप्त भएपछि कर्म समाप्त हुन्छ । अतः पाञ्चायन पूजा पनि तत्त्वज्ञान प्राप्तिको क्रियायोग मात्र हो[११] ।

चित्सत्ता प्रधान स्वभाव भएका पाञ्चायतनीहरू विष्णुलाई मूल अन्यलाई सहयोगी ठान्दछन् । त्यस्तो मान्ने उपासकहरूलाई विष्णु पाञ्चायनी भनिन्छ । उनीहरूले विष्णुदीक्षामन्त्र सद्गुरुबाट पाएका हुन्छन् । पञ्चदेवका अधीनमा सबै जगत् रहेको छ, मन्त्रका अधीनमा देवताहरू हुन्छन्, ब्रह्मज्ञानीका अधीनमा मन्त्रहरू हुन्छन्, त्यसैले सद्गुरु, श्रोत्रीय ब्रह्मनिष्ठद्वारा प्रदत्त दीक्षामन्त्रका आधारमै तन्त्र, पुराण र स्मृतिले पञ्चदेव स्थापना विधि बताएका हुन्छन् । पाञ्चायनका उपासकहरू मान्त्रिक, तान्त्रिक र यान्त्रिक जे भए पनि शक्ति उपासक हुन् । गुरुले बताएको रहस्यलाई श्रद्धाभक्तिपूर्वक स्मरण गर्ने स्मार्तहरू आ-आफ्ना स्वभावानुसारका इष्टपाञ्चायतनको नित्यपूजा इष्टमन्त्रको अनन्य स्मरण गर्दछन् । विष्णुदीक्षाअनुरूप बनेको पाञ्चायतनका भक्तलाई विष्णु पाञ्चायतनी भनिएको हो ।


दीक्षामन्त्र दिँदा सम्यग्ज्ञान गराउने मन्त्र उपदेश गर्नुपर्छ । निर्गुण निराकार निर्विशेष ज्ञेय मात्र हो ज्ञान हुने होइन । पाञ्चायतनी अर्थात् चेतन र जडको सूक्ष्मतम-स्वरूप विवेक गर्नसक्ने सामर्थ्यलाई नै सम्यग्ज्ञान भनिएको

---

११. *सर्वकर्माखिलं पार्थ ज्ञानेपरि समाप्यते ।*
*येऽप्यन्य देवता भक्ता यजन्ते श्रद्धयान्विताः*
*तेऽपि मामेव कौन्तेय यजन्त्य विधि पूर्वकम् । (गी. ९।२३)*

हो। पाञ्चायन पूजादि क्रियायोगहरू पाञ्चायन दर्शनपछि समाप्त हुन्छ। यसरी वैदिक पाञ्चायन दर्शनलाई ज्ञानमार्ग र पाञ्चायन पूजालाई कर्ममार्ग भन्न सकिन्छ। सिद्धान्त र प्रयोग दुवैको संयोग नभए मार्ग पार गर्न कठिन हुन्छ। परमात्म सत्ता सूक्ष्मतम रूपमा पञ्चतत्त्वमा प्रतीत हुनु तादात्म्याध्यास हो। पाञ्चायन पूजा सम्यक् ज्ञानका लागि, सम्यग्ज्ञान सम्यक् दर्शनका लागि र सम्यक् दर्शन आत्म उपासनाका लागि महत्त्वपूर्ण साधन हुन्। उपासकका गुण र स्वभावअनुसार पाँच मार्ग (पाञ्चायन) भएका हुन्। सबै श्रवण, मनन र निदिध्यासनजस्ता मानसपूजाद्वारा पञ्चतत्त्वाश्रयी, शुद्धचैतन्यकै भक्ति गर्ने साधन हो। पाँचवटै पाञ्चायतन सम्यक् दर्शनका प्रदर्शन हुन्। पाञ्चायतनको भक्ति आत्मउपासनाकै प्रकारान्तर हो। चित्प्रधान स्वभाव र सत्वगुणप्रधान विचार भएका साधकहरू विष्णु पाञ्चायनमार्फत् स्वस्वरूप अर्थात् आत्मतत्त्वमै आकर्षित हुन्छन्।

### ३.१.१.२ **सूर्यपाञ्चायन**




सूर्यपाञ्चायन

सूर्य साकार ईश्वरको अर्को रूप हो। सूर्यलाई इष्ट मानेर केन्द्रमा र विधिपूर्वक शिवलाई ईशान, गणेशलाई आग्नेय, विष्णुलाई नैऋत्य देवीलाई वायव्यकोणमा स्थापना गर्ने पाञ्चायतनीहरू आफूलाई सूर्यका उपासक ठान्दछन्। सूर्यका उपासकलाई सौर सम्प्रदायी भन्ने गरेको पाइन्छ तापनि सूर्यपाञ्चायनीहरू सौर नभएर स्मार्त नै हुन्। तेजतत्त्व केन्द्रमा वायुका अधिष्ठाता सूर्य रहेका अवस्थामा ईशानमा पृथिवीका अधिष्ठाता शिव, आग्नेयमा जलका अधिष्ठाता गणेश, नैऋत्यमा आकाशका अधिष्ठाता विष्णु र वायव्यमा शक्तिकी अधिष्ठात्री दुर्गालाई आवरण रूपमा राखेर उपासना गरिने पाञ्चायनलाई सूर्य पाञ्चायन भनिन्छ। पञ्चशक्ति समन्वयका माध्यमले तेजप्रधान स्वभाव र रजोगुणप्रधान विचार भएका सबै साधकहरू सूर्यपाञ्चायमा आकर्षित हुन्छन्। सूर्यलाई पनि तेज

प्रदान गर्ने सर्वान्तरयामी स्वयं वासुदेवको उपासना सूर्यपाञ्चायनको पनि रहस्य हो । पञ्चदेव उपासना श्रद्धापूर्वक गरिन्छ भने त्यहाँ पञ्चमहाभूतमध्ये एक सूर्यको मात्र उपासना हुँदैन । स्मृतिहरूमा महत्त्वका साथ बताइएको स्मार्तकर्म अर्थात् ईश्वर उपासना हुन्छ । तेज अर्थात् रजप्रधान स्वभाव र गुण भएका जगत्कै आत्मा सूर्य पाञ्चायन देवताहरूमध्ये एक हुन् । पञ्चशक्ति समन्वयको साम्यावस्था नै मूलप्रकृति अर्थात् महामाया हो । महामायाकै एक अङ्ग सूर्यलाई इष्ट र अन्य चारलाई आवरण मान्ने पाञ्चायन उपासकहरू सबै स्मार्त हुन्, सौर होइनन् । तर सूर्यको भिन्न सम्प्रदाय सौर नामले प्रसिद्ध रह्यो । पाञ्चायनअन्तर्गत सूर्यपूजन भने विशुद्ध पञ्चतत्त्वका अनुयायीहरूको स्मार्तकर्म हो । आकाशबाट क्रमशः पृथिवीसम्म पाँच शक्तिहरू अन्य चार शक्तिलाई आवरणमा राखेर बन्ने पाँच अयनमध्ये एक वायुप्रधानको साधन सूर्य पाञ्चायनलाई स्मार्तहरूको क्रियायोग मानिन्छ ।

### ३.१.१.३ **देवीपाञ्चायन**

पञ्चतत्त्वमध्ये अग्नितत्त्वकी अधिष्ठात्री देवीलाई केन्द्रमा राखी देवी पाञ्चायन स्थापना हुन्छ । ईशानबाट क्रमशः आकाश, पृथिवी, जल र तेजका देवता विष्णु, शिव, गणेश र सूर्यलाई आवरणशक्तिका रूपमा अधिष्ठित गरी उपासना गर्नुलाई **देवी पाञ्चायनपूजा** भनिन्छ । चार आवरण दैवीशक्ति साधनाभक्तिका रूपमा र पाँचौं केन्द्रशक्ति देवीलाई साध्यभक्तिका रूपमा ब्रह्मोपासना नै मानिन्छन् । सृष्टि प्रारम्भ हुँदा आकाश (शून्य) स्वरूप केवल शक्ति (माया) मात्र थियो, अरू केही थिएन ।[१२]



देवीपाञ्चायन

*१२. अहमेवाऽस पूर्वन्तु नान्यत्किं चिन्न गाधिप ।*
*तदात्मरूपं चित्संवित्परब्रह्मैक नामकम् ॥*
*अप्रतर्क्य मनिर्देश्य मनौपम्य मनामयम् ।*
*तस्य काचित्स्वतः सिद्धाशक्ति मायेति विश्रुता ॥ (देवीगीता २।२, ३)*

विष्णु, शिव, गणेश र सूर्यले आवृत्त विश्वकै कारणरूप जगच्चराचरलाई आवरण शक्ति भनिन्छ। उपाधि विलय हुँदा केवल सत्ता (आत्मा) मात्र रहन्छ।[१३] सबै योगीगणले इष्टमन्त्र स्मरणसहित ध्यानावस्थामा हृदयमै यो स्वरूप शक्तिदर्शन अर्थात् आत्मज्योतिको उपासना गरे[१४]। यसरी शक्तिप्रधान सत्ता नै देवी पाञ्चायन भनिएको हो। सगुण साकार देवीका उपासकहरूमा शक्तिप्रधान गुणका साथ तेजप्रधान विचार हुन्छन्। सूक्ष्मतम पञ्चतत्त्वको प्रपञ्च शक्ति हो भने तेजतत्त्व शक्तिमान् हो। शक्ति स्वतः प्रकाशित हुँदैन। समवाय सम्बन्ध नै शक्तिपाञ्चायन भनेर निर्वचन भएको हो। शक्तिसहित शक्तिमान्को सगुणब्रह्म-स्वरूपलाई देवी पाञ्चायतन भनिएको हो। पञ्चीकृत पञ्चतत्त्वायतन तेजतत्त्व आधिक्य भएका उपासकहरूको केन्द्रमा देवी हुने इष्टपाञ्चायन स्वाभाविकै हो। आवरणमा आकाश, पृथिवी, जल र वायुप्रधान विष्णु, शिव, गणेश र सूर्य हुनुपर्छ भन्ने शास्त्रीय मर्यादा माथि पनि उल्लेख भएको छ। तर देवी पाञ्चायनलाई नमस्कार निवेदन गर्दा क्रमशः *"ॐ दुर्गा विष्णुशिवसूर्यगणेशेभ्यो नमः"* भनेको पाइन्छ। यो क्रम विष्णु, शिव, गणेश, सूर्य, ईशानादि क्रमैले हुनु स्वाभाविक हुन्थ्यो भन्ने तर्क गर्न सकिन्छ। ईशान,


---

*१३. उपाधि विलये जातेकेवलात्मा वशिष्यते।*
*देहत्रये पञ्चकोशा अन्तः स्थाः सन्ति सर्वदा। (देवीगीता, ४।३०)*
*एषोऽणुरात्मा चेतसा वेदितव्यो*
*यस्मिन् प्राणः पञ्चधा संविवेश।*
*प्राणैश्चित्तं सर्वमोतं प्रजानां*
*यस्मिन् विशुद्धं विभवत्येष आत्मा॥ (मुण्ड. ३।१।९)*

*१४. ध्यानावस्थित तद्गतेन मनसा पश्यन्तियं योगिनो। (भा. १२।१३।१)*
*या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता। (दु. स. ५।३२)*
*ॐ गणेशविष्णुशिवदुर्गा सूर्येभ्यो नमः*
*ॐ सूर्यशिवगणेश दुर्गाविष्णुभ्यो नमः*
*ॐ दुर्गाविष्णु शिवसूर्य गणेशेभ्यो नमः*
*ॐ शिवविष्णुसूर्यदुर्गागणेशेभ्यो नमः*
*ॐ विष्णु शिवगणेश सूर्य दुर्गाभ्यो नमः।*
*मिश्र, **नित्यकर्म पूजाप्रकाश,** २०५७ (गोरखपुर : पृ. १२४)*
*अचिन्त्या खलु ये भावा न तां स्तर्केण योजयेत्।*

आग्नेय, वायव्य, नैऋत्य पृथिव्यादि क्रमले निवेदन गर्नु पनि तान्त्रिक दृष्टिले बेठिक होइन । पृथिव्यादि क्रमले गणना गर्दा देवी तेस्रो क्रम अर्थात् तेज तत्त्व हुन् । सत्वप्रधान विष्णु र तमोगुणप्रधान शिवलाई इष्ट मान्ने सनातन स्मार्त, पाञ्चायनीहरूको पनि शक्तिमान् शिव र विष्णुको उपासना पृथक् आयतनमा गर्दछन् । साथसाथै रजप्रधान प्रकृति (सृष्टिकी कारण) देवी (शक्ति) लाई इष्ट पाञ्चायतन मान्नेहरूको पनि चित्सत्ताको उपासना अन्तिम लक्ष्य हो ।[१५] एकमात्र स्त्रीशक्तिलाई मान्ने अन्य चार आवरणदेवलाई नमान्ने शाक्त मत मात्र स्मार्त पाञ्चायनभन्दा भिन्न भनिएको हो ।

### ३.१.१.४ गणेश पाञ्चायन



गणेशपाञ्चायन


जलका अधिपति ज्ञानप्रधान गणेशलाई इष्ट मान्ने चौथो प्रकारका गणेश पाञ्चायतनीहरू ईशानक्रमले विष्णु शङ्कर, सूर्य, देवीलाई चार कोणमा आवरण देवता मान्दछन् । केन्द्रमा गणेश स्थापना गर्ने स्मार्त पाञ्चायन शक्ति उपासक नै हुन् । जसरी आकाशमा वायु, तेज, जल, पृथिवी लीन छन् त्यसै गरी पृथिवी, जल, तेज, वायुमा आकाश अन्तर्निहित रहन्छ । त्यसैले जलतत्त्वका अधिपति गणेशलाई इष्ट मानेर बन्ने चौथो प्रकारको पाञ्चायनको आफ्नै महत्त्व छ । गणपतिको प्रदर्शित मूर्तिबाट गणेशको दर्शन पाउन योग्य अन्तरङ्गानुष्ठानशील गणेश पाञ्चायनका उपासकहरू पनि दर्शनीयतम ब्रह्मकै उपासक हुन् । अतः विघ्ननाशक, प्रथम पूज्य, मङ्गलमूर्ति गणेश पाञ्चायन उपासनाको रहस्य पनि चराचरकै स्वामी

---

*१५. अहमेवाऽऽसपूर्वन्तुनान्यत्किं चिन्नगाधिप ।*
*तदात्मरूपं चित्संवित्परब्रह्मैक नामकम् ॥ (देवीगीता, २।२)*
*तत्रैव च वधिष्यामि दुर्गमाख्यं महासुरम् ।*
*दुर्गा देवीति विख्यातं तन्मे नाम भविष्यति ॥ (दुर्गासप्तशती, ११।५०) (चित्र : परिशिष्ट ६)*

ब्रह्मकै उपासना मानिन्छन्[१६] ।

### ३.१.१.५ शिव पाञ्चायन



शिवपाञ्चायन

सत्प्रधान तर तमोगुणका आधिक्यले पञ्चीकृत पाञ्चभौतिक शरीर भएका व्यक्तिहरूका इष्टदेव शिव मानिन्छन् । अपञ्चीकृत पञ्च महाभूतमा तमप्रधान महाभूत पृथिवी भएकाले शिवजीलाई पृथिवीका अधीश्वर पनि भनिन्छ । पृथिवीका अधिष्ठाता केन्द्रमा हुँदा आकाश, वायु, जल र तेजका अधिष्ठाता क्रमशः विष्णु, सूर्य, गणेश, देवी ईशानादि चार कोणमा आवरण देवका रूपमा रहन्छन् । शिवपाञ्चायनका उपासकहरू शैव होइनन् सनातन प्रकृति पुरुषात्मक, स्मार्त नै हुन्[१७] । शिवको तात्पर्य नै कल्याण हो । कल्याणकै सगुण र निर्गुण दुई स्वरूप शिव र शक्ति हुन् । कल्याणको पराकाष्ठा अनन्तानन्द नै हो । पञ्चशक्ति समन्वयको सदुपयोगले नै परमानन्दमा पुगिने हुँदा पञ्चशक्तिका सहायताले शक्तिमान् ( आत्मा) को स्मरण निरन्तर कायम रहने विश्वास गरिन्छ । आत्माबाटै आकाशादि सनातन धर्म उत्पन्न हुन्छ[१८] । शिवपाञ्चायन (निगमानुसारका पञ्चदेव) का उपासकहरूका धारणामा पञ्चतत्त्व समन्वयको अधिपति ईश्वर

---

*१६. गणानां जीवजातानां य ईश स गणेश*

*१७. पञ्चभूतैः समारब्धो देहोऽयं पाञ्चभौतिक*
*तत्र प्रधानं पृथिवी शेषाणां सहकारिता ॥ (शि.गी. ८।२)*
*निर्गुण सगुणश्चेति शिवोज्ञेयः सनातन ।*
*निर्गुणः प्रकृतेरन्य सगुण सकलः स्मृतः ॥*
*सच्चिदानन्द विभवात् सकलात्परमेश्वरात् ।*
*आसीच्छक्ती ततो नादो नादान्विन्दु समुद्भवः ॥ (शारदा तिलक)*
*प्रकृतिं पुरुषं चैव विद्यनादी उभावपि । (गी. १३।१९)*

*१८. अयमात्मा ब्रह्म (माण्डू. २)*
*ॐ आत्मा वा इदमेक एवाग्र आसीत् । (ऐ. १।१।१),*
*एतस्मादात्मन आकाश संभूतः । (तै. २।१)*

हो। इष्टावरण भेदले आफ्ना गुण र स्वभावका अनुरूप पञ्च पाञ्चायनमध्ये कुनै एक उत्तम साधन हो। शिव पाञ्चायनका माध्यमले वेद प्रतिपादित जीवजगत्को ईश्वरको नित्यशरणागति अर्थात् आत्मबोध हुन्छ भन्ने नै हो[१९]।

आकाशदेखि पृथिवीसम्मका महाभूत स्वयंमा पूर्ण छन्। अपूर्ण केही हुँदैन, सबै पूर्ण हुन्। पूर्णबाट पूर्ण झिक्दा, पूर्ण थप्दा पूर्णै रहिरहने निरन्तर प्रक्रियालाई सनातन धर्म र त्यसको आश्रय आत्मालाई सबैको धर्मी मानिएको छ। पूर्णतत्त्व (आत्मा) कै सूक्ष्मतन्मात्रा गन्ध, रस, तेज, स्पर्श र शब्दका परिणाम आकाश, वायु, तेज, जल र पृथिवी एवं पृथिवी, जल, तेज, वायु, आकाश पूर्णब्रह्मकै विवर्त हो। अतः अपञ्चीकृत वा पञ्चीकृत पञ्च महाभूतहरू आत्मसत्ताले गर्दा नै पूर्ण हुन्छन्। पञ्चीकृत पञ्चमहाभूतमा भने सबै गुण हुँदाहुँदै पनि सीमित छ। सीमित भए तापनि असीमकै अंश भएकाले पूर्ण ब्रह्म अर्थात् सगुण साकारपञ्चदेवका सहायताले निर्गुण निराकार आनन्दको खोजीमा लाग्नु स्वाभाविक हो। जसको जुन गुण र स्वभावको प्राधान्य छ उसका इष्ट सोहीअनुरूप हुन्छन् भन्ने प्रसिद्ध सूत्रका आधारमा पाञ्चायन क्रम विवेचन भएको हो। सबैका इष्ट केन्द्रमा रहने भएको र केन्द्रमा हुने देवता स्वभावैले आवरणका आश्रय हुन जाने देखिन्छ। केन्द्रको पनि अधिपति वास्तविक इष्ट शाश्वत आत्मा हुनु स्वाभाविक हो। ज्ञान (वेद) र विज्ञान (पञ्चप्राण) को सम्बन्धजन्य सच्चिदानन्द स्वरूपको निर्वचन गर्ने शब्द स्वयं आकाशको गुण भएकाले शब्दमा आत्मा अर्थात् चेतन अनुवर्ति छ भनेर मान्न कर लाग्छ तर मन-बुद्धिले जान्न र वाणीद्वारा व्यक्त गर्न सकिँदैन।

व्यवहारमा शुद्ध चैतन्यको सूक्ष्मशरीर आकाश र आकाशको अवयव वायु, तेज, जल, पृथिवीको समन्वय पाञ्चायतन हो। मानिसहरू सामूहिक स्वरूपमा उपास्य आकाश नै शरीर भएको सूक्ष्मचैतन्य पाञ्चायतनीकै नित्यस्मरण गर्दछन्। तर पाञ्चायतन अर्थात् आफ्नै शरीर स्मार्तकर्मको

---

*१९. अवाङ् मनसगम्यं तं श्रुतिर्बोधयितुं सदा।*
*जीवमीशं जगद्वापि समाश्रित्य प्रवोधयेत्॥ (पञ्चदशी, ८।७२)*

माध्यम हो। सबै सम्प्रदायको ईष्ट आनन्दस्वरूप आत्मा हो। सगुणब्रह्म, विराट्पुरुषको अंश भोक्ता पुरुषको पनि सूक्ष्मरूप आकाश समान नै हुन्छ[२०]। सूक्ष्मतम पञ्चतन्मात्राको विस्तार, पाञ्चभौतिक आयतनमा सृष्टि, स्थिति, लय तीन गुणहरू अजीव रूपमा अनुगत रहन्छन्। सजीव पञ्चप्राण पाञ्चायन नामको अद्भुत शक्ति मानिन्छ। जसरी शिव र विष्णु सजीव मायाका साथ सशक्त हुन्छन् त्यसैगरी सूर्य र गणेश पनि प्रकृतिकै ईश मानिन्छ। प्रकृति स्वयं दैवी गुणवती माया भएकाले देवीलाई सजीवमाया अर्थात् शक्तिमान् सरह मनिन्छ। भौतिक तत्त्वको सम्मिश्रण तेज, जल र पृथिवी गरी तीन पृथक् स्वरूप र गुणका आधारमा ब्रह्मा, विष्णु, महेश्वर सगुण साकार त्रिदेव भनिए पनि सगुण निराकार शिवशक्तिस्वरूप आकाश र वायुसमेतको मिश्रणलाई पञ्चदेव अर्थात् कारणशक्ति मानिन्छ। शिवपाञ्चायन पृथिवीका स्वामी, तमोगुणी, भूतप्रेतपिशाचादिका पति **भूतनाथ** हुन् भन्ने तर्क पर्याप्त छ। शिवपाञ्चायतनीहरू शैव सम्प्रदायी नभएर सनातन ब्रह्म शिवरहस्यस्मरण गर्ने शक्तिका उपासक हुन्।

जीव र अजीवको इष्टावरणस्वरूप दिव्यतत्त्वकै सामूहिक अस्तित्त्व क्षेत्र-

---

*२०. आकाशशरीरं ब्रह्म (तै. १।६)*

*आकाशाद्वायुः। वायोराग्निः। अग्नेरापः। अद्भ्य पृथिवी।*

*पृथिव्यामोषधयः। ओषधिभ्योऽन्नम्। अन्नात्पुरुषः।*

*स वा एषपुरुषोऽन्नरसमयः। (तै. २।१)*

*पुरुषः एवेदं सर्वम्। (यजु. ३१।२)*

*पादोस्या विश्वाभूतानि त्रिपादस्यामृतं दिवि। (यजु. ३१।३)*

*द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च।*

*क्षर सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्चेत॥ (गी. १५।१६)*

*शब्दब्रह्म सुदूर्वोधं प्राणेन्द्रिय मनोमयम्॥ (भा. ११।२१।३६)*

*आत्मेन्द्रिय मनोयुक्त भोक्तेत्याहुर्मनीषिणः। (कठो. १।३।४)*

*प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः। (गी. ३।२७)*

*वदन्ति तत्तत्त्वविदस्त त्वं यज्ज्ञानमद्वयम्।*

*ब्रह्मेति परमात्मोति भगवानिति शब्द्यते॥ (भा. १।२।११)*

*येऽप्यन्य देवता भक्ता यजन्ते श्रद्धयान्विता।*

*तेऽपि मामेव कौन्तेय यजन्त्य विधिपूर्वकम्॥ (गी. ९।२३)*

क्षेत्रज्ञ संयोग स्वरूपलाई सनातन धर्म मान्ने स्मार्तहरू पाञ्चायतन ईश्वर समान मान्दछन्। पाञ्चभौतिक प्रदर्शनलाई पाञ्चायतन र त्यसको आधार सूक्ष्मतन्मात्रालाई मार्ग ठान्दछन्। मार्गदर्शकका रूपमा पाँच देवताहरू मानिन्छन्। पञ्चतत्त्वमा अनुगत दर्शनीयतम **शुद्धचैतन्यकै** अनुयायी पञ्चशक्तिसहित शक्तिमान्लाई स्मरण गर्नेहरू सच्चा स्मार्त हुन्छन्। पाञ्चायतन प्रदर्शन र पाञ्चायन दर्शन दुवै पाञ्चायतनीको अनुभव गर्ने सनातन स्मार्त कर्मका साधनमात्र हुन्। सबैको इष्ट त अनिर्वचनीय आनन्द मात्र हो। त्यो केवल स्मरण मात्र हो वाणी र मनको विषय होइन। वाच्यवाचक स्वरूप ॐ अर्थात् श्रुतिको तात्पर्य पनि शक्तिको सहायताले शक्तिमान्को स्मरणमात्र हो। पाञ्चायतनस्वरूप सगुण ब्रह्मोपासनाको मूलमन्त्र ॐ को अनन्य उपासना अर्थात् पाञ्चायनसँग कत्ति पनि टाढा नहुनु पाञ्चायनपूजाको तात्पर्य हो। अतः पाञ्चायन उपासकहरूलाई शैव, वैष्णव, शाक्त, सौर, गाणपत सम्प्रदायी नभनेर सनातन स्मार्त भनिन्छ।

## ३.२ पाञ्चायन-पूजाविधि

यज्ञ र पूजाको तात्विक अर्थ एउटै हो। आ-आफ्ना इष्टदेवमा ससङ्कल्प वस्तुसमर्पण गर्नु नै यज्ञ हो। पञ्चमहायज्ञमा पञ्चात्मा तृप्तिका सङ्कल्पसहित हवन, तर्पण, स्वअध्ययन (जप), अतिथिसेवा र भूतबलि समर्पण गरिन्छ। पञ्चदेवको पूजाविधि विवेचन गर्नुपूर्व पाञ्चायनबारे केही चर्चा गर्नु वाञ्छनीय छ। पाञ्चायन पूजामा पञ्चतत्त्वाधिष्ठाता आत्माहरूको सगुण साकार स्वरूप पाञ्चायन मूर्तिमा ससङ्कल्प पञ्चतत्त्वका प्रतीकात्मक गन्ध, पुष्प, धूप, दीप, नैवेद्य समर्पण गरिन्छ। तर यहाँ पञ्चमहायज्ञभन्दा पाञ्चायन पूजाको चर्चा प्रासङ्गिक देखिन्छ। यज्ञमा विशेषतः हवनलाई यज्ञ भनेर विधिपूर्वक स्थापित अग्निमा सङ्कल्पसहित घ्यू, चरु, समिधा समर्पण गरिन्छ। यहाँ यजन शब्द हवन अर्थमा होइन पूजन अर्थमा प्रयोग भएको छ।

पाञ्चायन देवतालाई पञ्चोपचार विधिले गरिने समर्पण कर्म पाञ्चायन उपासना हो। पाञ्चायन अनिर्वचनीय आत्माकै पर्याय भएकाले निर्गुण, निराकार, निर्विशेष नै हो तापनि सगुण निराकार (आकाश, वायु) र सगुण साकार (तेज, जल, पृथिवी) गरी पाँच तत्त्वको समन्वय गरी ब्रह्मका स्वरूप निर्गुण निराकार, सगुण निराकार र सगुण साकार गरी तीन मानिन्छ। सगुणसाकारको पूजा र उपासना सुगम हुन्छ। सूर्यदेव प्रत्यक्ष साकार रूपमा देख्दादेख्दै उपासक समीपमा गएर प्रत्यक्ष वस्तु समर्पण गर्न सक्दैन। अग्नि सूर्यकै प्रतीक जगदन्तरात्माकै रूप मानिन्छ। अग्निमा प्रत्यक्ष सङ्कल्पसहित समर्पण गरेको हवनको फल भगवान्ले सूर्यमार्फत् दिन्छन्। यज्ञमा सामग्रीहरू यज्ञस्थान, समय, वस्तु, यजमान, मन्त्र र विधि शुद्ध नभएमा विपरीत फलसमेत भोग्नुपर्ने जटिलता छ। प्राण प्रतिष्ठित पाञ्चायतनमूर्तिमा प्राणका आश्रय आत्मा विद्यमान रहन्छन्। श्रद्धा र विश्वासपूर्वक पत्रम् पुष्पम् फलम् तोयं वा पञ्चोपचारले ससङ्कल्प वस्तु समर्पण गर्ने हो भने सजिलै भगवान्मय हुन सकिन्छ भन्ने शास्त्रमा उल्लेख भएको पाइन्छ। पूजा स्मार्तकर्म भएकाले भगवान्लाई स्मरण गरेर वस्तुसमर्पण गर्न सरल छ। स्मृतिले पाञ्चायन मूर्तिमा भावसमर्पण गर्नु नित्य कर्तव्यकर्म मानेको छ। भाव भगवान् स्मरणमा र कर्मलाई पूजा रूपमा पञ्चतत्त्वप्रतिको आशक्तिलाई पञ्चतत्त्वाश्रय अर्थात् पाञ्चायतनीमा अर्पण गर्नु स्मृतिसाहित्यको तात्पर्य हो[२१]। कर्मको प्रतीक पूजालाई नित्य, नैमित्तिक र काम्य गरी तीन वर्गमा

---

२१. *अनन्यचेता सततं यो मां स्मरति नित्यशः।*
*तस्याहं सुलभ पार्थ नित्ययुक्तस्य योगिन॥ (गी. ८।१४)*
*दैवी ह्येषा गुणमयि ममभाया दुरत्यया।*
*मामेव ये प्रपद्यन्ते माया मेतां तरन्तिते। (गी. ७।१४)*
*सर्व धर्मान्परित्यज्य मामेकं शरणं ब्रज। (गी. १८।६६)*
*वासुदेवे भगवति भक्तियोगः प्रयोजितः। (भा. १।२।७)*
*भक्त्या त्वनन्यया शक्य अहमेवं विधोऽर्जुन*
*ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप॥ (गी. ११।५४)*

विभाजन गरेको छ। पञ्चतत्त्वका आश्रय परमात्माको स्मरणलाई नित्यकर्म मानिएको छ। यज्ञ, यजन, पूजन, अर्चनजस्ता समानार्थी शब्द प्रयोग गरी आ-आफ्ना वर्णाश्रम अनुसारका स्वधर्मद्वारा कर्मफलासक्ति त्यागलाई पाञ्चायनपूजा मानेको देखिन्छ। मानिस मात्रको परमलक्ष्य आनन्दप्राप्ति हो। त्यस्तो सिद्धि प्राप्त गर्ने साधन पाञ्चायनका माध्यमले आसक्ति त्याग हो। नित्यकर्मका बारेमा शास्त्रले भनेको छ : त्यो कर्म गरेर विशेष फल प्राप्त हुँदैन, नगरेमा लक्ष्यप्राप्तिमा प्रत्यवाय हुन्छ। नित्य अर्चन गर्दा पाँच प्रकारका पाञ्चायनमध्ये आफ्ना स्वभाव र गुणअनुरूप कुनै एकको अर्चनाले सिद्धि मिल्छ। यसरी स्मृतिग्रन्थहरूमा प्रकारान्तरले भगवान्को नित्यस्मरण, स्वकीय कर्तव्य कर्म, स्मार्तकार्य सगुण ब्रह्ममा शरणागत हुनुलाई ईश्वरकै पूजा मानिन्छ[२२]। अतः भावसङ्कल्पसमेत पञ्चोपचार विधिले पञ्चआयतनमार्फत् ईश्वरमै समर्पण हुनु पाञ्चायन पूजाको तात्पर्य देखिन्छ।

नित्यकर्म, पाञ्चायनपूजा ईश्वरको स्वरूप अनुसन्धानको प्रक्रियाको रूपमा रहन्छ। पूजा उपासनादिले चित्तका बहिर्मुखवृत्तिहरू हटाउने काम गर्छ। दुःख अर्थात् अन्तःकरणको मलीनता हटाउन नसक्ने क्रियायोग पूजा

---

*दृष्ट्वेदं मानुसं रूपं तवसौम्यं जनार्दन।*
*इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः॥ (गी. ११।५१)*
*नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत।*
*स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव॥ (गी. १८।७३)*

२२. *पञ्चैते बिबुधा ईशाः सगुणः ब्रह्म संज्ञकाः। (सूर्यगीता २।२०)*
*नैमित्तिकानामकृतौ काम्यानां च न कश्चन।*
*प्रत्यवायोऽत्र वाऽमुत्र लोके भवितु मर्हति॥*
*नित्यानान्त्वकृतावत्रामुत्र वा प्रत्यवायभाक्। (सूर्यगीता ४।४६, ४७)*
*तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च।*
*मय्यर्पितमनोबुद्धिर्मामिवैष्यस्य संशयम्॥ (गी. ८।७)*
*स्वकर्मणा तमभ्यर्च्य। (गी. १८।४६)*
*देवान्देव यजोयान्ति मद्भक्ता यान्ति मामपि। (गी. ७।२३)*
*अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्।*
*यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः। (गी. ८।५)*

ठहर्दैन। आध्यात्मिक उपासनामा पूजाका पाँच प्रकारका भूमिका मानिन्छन्। अधिदैविक उपासनामा पाँच प्रकारका भावसमर्पण तत्त्वहरूप्रतिको आसक्ति त्याग गरिन्छ। पञ्चोपचार विधिमा भावसहित वस्तु समर्पणक्रियालाई पाञ्चायन पूजा भनिएको हो। यद्यपि दश, षोडश, अष्टचत्त्वारिंशद् आदि अनेक उपचारविधि छन् तापनि पञ्चतत्त्वभित्रै सबै उपचार समन्वित छन्। तान्त्रिक, पौराणिक र स्मार्तभूमिका सगुण साकार उपासनामा प्रमुख मानिन्छ। सगुण पूजाविधिहरूमा तान्त्रिक, मिश्र र वैदिक प्रमुख मानिन्छन्[२३]। पूजा सगुण साकारको हुने हुँदा सगुण साकार पाञ्चभौतिक प्रकृति (माया) नै मायाधीशका प्रभावले पाञ्चायन स्वरूपमा पूज्य हुन आयो। पञ्चतत्त्वको उपयोग मात्र गरेर मायाबाट मुक्त हुन सकिँदैन, भाव समर्पणबाट तन्मय हुन सकिन्छ। किनभने पञ्चतत्त्व स्वयं परमात्मामा आश्रित छ। प्रकृति परमेश्वरको सत्तास्फूर्तिले जीव बीजलाई जगत र जगत् अन्नलाई जीवमा रूपान्तर गर्ने शक्तिमान्सरह भएको छ। शक्तिका सहायताले प्रारम्भ भएको शक्तिमान्को भक्ति पाञ्चायन उपासना हो। पाञ्चायन उपासनाबिना नित्यकर्म अर्थात् क्रियायोगमात्रले अद्वितीय आनन्दको प्रत्याभूति हुँदैन। पाञ्चायनको वैज्ञानिक सिद्धान्त जडचेतन सूक्ष्मतम दर्शनका सहायताले दर्शनीयतमको अन्वेषण हो। अध्यात्मदर्शन पञ्चतत्त्वको आश्रय भएकाले पाञ्चायतनी सरह हो। आत्मतत्त्व पाञ्चभौतिक जगत्का समवाय सम्बन्धले मात्र प्रत्यक्ष हुन्छ। स्मार्त, पौराणिक सिद्धान्त भनेका पनि वेदअनुकूल प्रयोगात्मक उपासना पद्धति भएकाले पाञ्चायन पूजा वैदिक हो। पाञ्चायनको शाब्दिक अर्थ गर्दा शब्दकोशहरूले पुराण र तन्त्रमा विवेचन भएका पञ्चदेव समूह भनेर परिभाषित गरेका छन्। सनातन स्मार्तकर्मद्वारा गर्नु प्रकारान्तरले स्वरूपानुसन्धान अर्थात् पच्चीसतत्त्व विवेक आत्मस्मरण हो। मूर्तरूपमा पाञ्चायन पूजा स्मृतिप्रतिपादिन नित्यकर्ममा पर्दछ। त्यसैले पाञ्चायनपूजा

---

*२३. वैदिक स्तान्त्रिको मिश्र इतिमे त्रिविधो मखः।*
*त्रयाणामिप्सिते नैव विधिना मां समर्चयेत्॥ (भा. ११।२७।७)*

वैदिक एवं स्मार्तयज्ञकर्मसरह हो[२४]। वेदको प्रतिपाद्य विषय आत्मा हो, पञ्चतत्त्व त साधन मात्र हो। वैदिक, तान्त्रिक, मिश्र कुनै पनि विधिबाट सर्वशक्तिमान्को सगुण साकार आयतनमा समर्पित हुन्छ भने आत्मअनुसन्धान अर्थात् आनन्द अनुभवकै लागि नै हुन्छ। भौतिक पदार्थको कामना भयो भने काम्यकर्म हुन्छ। नित्य पाञ्चायनपूजा परोक्ष रूपमा भगवत्प्राप्तिका निम्ति भावसमर्पण भएकाले शुद्धस्मार्त कर्म हो। वैदिक कर्मकाण्डका नैमित्तिक कर्म चित्त शुद्ध गर्ने पूजादिमा अनुराग सबै साधन हुन्[२५]।

चित्तशुद्ध नभएसम्म आनन्द र दुःखको यथार्थ ज्ञान हुँदैन। अज्ञानका कारण हुने दुःखाभास निवृत्त गर्न ज्ञान प्राप्तिका विभिन्न क्रियायोगहरू पञ्चमहायज्ञादि गरिन्छ। पाञ्चायनपूजा पञ्चमहायज्ञकै प्रकारान्तर हो। दुःखनिवारण गर्न नसक्ने क्रियायोलाई पूजा आत्माको यथार्थ बोध गराउन नसक्ने ज्ञानलाई विद्या भनिँदैन[२६]। ज्ञान र कर्म भनेका समझदारी र जिम्मेवारी हुन्। ज्ञानबिना कर्म र कर्मबिना ज्ञान अपूर्ण रहन्छन्। पूजादि क्रियायोग र आत्मानुसन्धानादि ज्ञानयोग वस्तुतः वैदिक (कर्मयोग र सांख्ययोग) नै हो[२७]। आफ्ना इष्टदेव अन्तर्यामी आत्माको नित्यस्मरण नै

---

*२४. श्रुतिस्तु वेदो विज्ञेयोधर्मशास्त्रन्तु वै स्मृतिः। (मनु २।१०)*

*२५. परोक्षवादो वेदोऽयं,*
*महायज्ञैश्च यज्ञैश्व ब्राह्मीयं क्रियते तनु।*
*यावन्नेन्द्रिय संशान्तिर्यावन्न मनसोऽप्ययः।*
*यावन्न प्राणशान्तिश्च तावच्छुद्धं समाचरेत्॥ (सूर्यगीता, ४।७०)*
*आरुढः पञ्चमी भूमिं शुद्धे नै वाव तिष्ठते। (सूर्यगीता, ४।६१)*

*२६. अध्यात्म विद्या विद्यानाम्। (गी. १०।३२)*
*अध्यात्म ज्ञान नित्यत्वम् (गी. १३।११)*
*ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम्। (गी. ३।३)*
*एकं सांख्यं च योगं च यः पश्यति स पश्यति। (गी. ५।५)*
*कर्मसन्यासात्कर्मयोगो विशिष्यते। (गी. ५।२)*
*पूजादिष्वनुरागइति पाराशर्यः (ना.भ.सू. १६)*

*२७. वेदोऽखिलो धर्ममूलम्। (मनु. २।६)*
*नित्यो नित्यानां चेतनश्चेतनानामेको वहुनांयो विदधातिकामान्।*
*तत्कारणं सांख्ययेगाधिगम्यं ज्ञात्वादेवं मुच्यते सर्वपाशैः॥ (श्वे. ६।१३)*

स्वस्वरूपानुसन्धान नित्यपूजा, अनन्य भक्ति जस्ता शब्दान्तरले व्यक्त हुने हो। यसबाट मात्र अनन्तानन्द अनुभव हुन्छ। शुद्ध आत्मतत्त्वको नित्यस्मरण गर्दै दुःखनिवृत्ति आनन्दप्राप्तिका सङ्कल्पले आआफ्ना वर्णाश्रमविहित कर्तव्यकर्मद्वारा ब्रह्ममयतनु बनाउनु स्वकर्म हो। चित्तशुद्धिस्वरूप शुद्धआत्मामा समर्पित हुनु पाञ्चायनपूजादि क्रियायोग आत्मानुसन्धानकै साधना हो। यस्तो आत्मउपासनाकार्यको प्रारम्भ पञ्चशक्तिका अधिष्ठाता– पाँच देवताका माध्यमबाट गरिन्छ। विष्णु (शालग्रामशिला), सूर्य (स्फटिक विम्ब), देवी (धातु, यन्त्र), गणेश (चतुष्कोण रक्तवर्ण प्रस्तरविशेष), शिव (लिङ्ग) को सामूहिक स्वरूप (सगुण साकार ब्रह्मसमान पाञ्चायतनमा पूजा हुन्छ। यस्ता पाँच चिह्नका आयतन दक्षिण भारतीय ब्राह्मणहरूले नित्यपाञ्चायनस्वरूप मानेर पूजा गर्ने गरेको पाइन्छ। यो परम्परा चलाउने श्रेय आद्यशङ्कराचार्यलाई दिइएको छ। इष्टावरण भेदले बन्ने पाँच विशेषतालाई यहाँ पनि लागू गरिन्छ। शालिग्राम शिलाहरूमा पाँचै चिह्नहरू पहिचान गरी पाञ्चायन स्थापना र पूजा गर्न सकिन्छ। वस्तुतः पञ्चतत्त्वले बनेका मूर्तिहरू सबै पाञ्चायतन हुन् भन्दा अत्युक्ति हुँदैन।

मूर्त वस्तुहरूमध्ये शालिग्राम शिलालाई प्राथमिकता दिइएको पाइन्छ। प्राणप्रतिष्ठित दयालु पुरुषाकृतिलाई अर्चावतार नै भनिन्छ। शिवका पनि पञ्चलक्षण ईशान, तत्पुरुष, अघोर, वामदेव, सद्योजात पञ्चमुखलिङ्ग प्रसिद्ध छन्। ईशान (सबैका शासक) कै पूर्व दक्षिण उत्तर पश्चिम मुख चार अवयवलाई चतुर्व्यूहका रूपमा लिन सकिन्छ। रुद्रका प्रसिद्ध एकादश लक्षण छन्। शालिग्राम शिलामा विष्णु, शिव, सूर्य, गणेश देवीका दैवी चिह्नहरू मूर्त रूपमा पाञ्चायनकै प्रतीक मानिन्छ। विष्णुका नारायणादि पञ्च, शिवका इशानादि पञ्च, गणेशका जीवात्मादि पञ्च, देवीका आकाशादि पञ्चव्यूहलाई पाँच वर्गमा निर्वचन गर्न पाँच प्रकारका पाञ्चायन भनिएका हुन्। वस्तुतः परमात्माका प्रतिमूर्ति मात्र हुन्। पाँच आयतन मुख्य भने पनि अद्वितीय सर्वान्तर्यामीकै विश्वरूप विष्णु, सूर्य, देवी, गणेश, शिव पाँच अवस्था हुन्।

शक्ति समन्वित स्वरूपमा स्वयं ज्योतिस्वरूप परमात्मा मात्र उपास्यदेव हुन्। पाञ्चायन दर्शनको रहस्य पनि यही हो। पुरुषाकृतिमा दयालु, आनन्दमय, अन्तरयामी नै अन्न, प्राण, मन र विज्ञानमय चार कोषद्वारा आवृत्त छ। त्यसैको नित्यस्मरण गर्ने भएर पाञ्चायनका उपासकहरू स्मार्त भनिएका हुन्[२८]। नारायण, हिरण्यगर्भ, आकाश, जीवात्मा र ईशान पाँच नामले विष्णु, सूर्य, देवी, गणेश र शिव नै मार्गदर्शक पञ्चदेव हुन्। वस्तुतः सांख्य र योगदर्शनका पञ्चकोषावृत्त पच्चीसौँ तत्त्व पुरुष र हिरण्यगर्भ, सर्वान्तरयामी छब्बीसौँ ईश्वर उपास्य हुन्। पञ्चदेवहरू उनैका वाच्यवाचक स्वरूप श्रुति अर्थात् ॐ कै प्रतीक हुन्। त्यसैले पञ्चतत्त्वसमन्वय स्वरूप पाञ्चायन उपासना (परमात्माको भक्ति) सनातन वैदिक स्मार्तकर्म बन्न गएको बुझिन्छ। यो कुरो श्रुति, स्मृति, पुराण, आगम र उपनिषद् समेतले प्रमाणित गर्दछन्। औपनिषदीय, तान्त्रिक, पौराणिक, स्मार्त, श्रौत पाँचै भूमिका पार गर्ने क्रममा पाञ्चायनपूजा प्रत्यक्ष साधन सिद्ध हुन्छन्।

परोक्ष रूपमा श्रौत उपनिषदीय भूमिका वैदिक वाङ्मय रहस्यका वाच्यवाचकस्वरूप प्रणवः (ॐ) मा समाहित छन्। शब्दब्रह्मचिह्न ॐ को अनिर्वचनीय अनुभूतिपछि पाञ्चायन उपासनाकर्म पनि समापन हुन्छ[२९]। नित्यनिरन्तर गतिशील रहने सनातन धर्म स्वाभाविक ज्ञान र क्रियाशक्ति ( चित्, तेज, शक्ति, ज्ञान र सत्) आकाश, वायु, तेज, जल र पृथिवीका रूपमा पञ्च पाञ्चायतनमा विस्तृत हुन्छन्। विष्णु, सूर्य, देवी, गणेश र शिव इष्टावरण रूपमा पाँचै आयतनमा सगुण-ब्रह्मस्वरूप छन्। उनैका प्रार्थना पूजादि क्रियायोगबाट उपलब्ध हुने सांख्यदर्शनको स्रोत ॐ नै पाञ्चायतन मूर्ति प्राणेन्द्रिय मनोमय विराट् विश्वरूपको पनि स्रोत हो। मानिस त्यसैको

---

*२८. मम प्रकाराः पञ्चेति प्राहुर्वेदान्तपारगाः*
*परो व्यूहश्च विभवो नियन्ता सर्वदेहिनाम्*
*अर्चावतारश्च तथा दयालुः पुरुयाकृति*
*इत्येवं पञ्चधा प्राहु मांरहस्य विदोजना। (शा.मी., पृ. २६)*

*२९. सर्व कर्माखिलं पार्थ ज्ञानेपरि समाप्यते। (गी. ४।३३)*

नमूना पाञ्चायन अनुसन्धानको कार्यक्षेत्र हो[३०] । ज्ञान र योग (कर्म) परस्पर सापेक्ष रूपमा स्वरूपानुसन्धान कै सिद्धान्त हुन्। परमात्माको अनन्यस्मरणसहित पाञ्चायनपूजा उक्त दुवै सिद्धान्तको सामूहिक प्रयोग हो। त्यसैको प्रदर्शन पहिलो पाञ्चायतन विश्वरूप हो भन्दा अत्युक्ति हुँदैन। पाञ्चायनपूजा विश्वरूपदर्शन प्राप्तिका साधनाभक्ति मानिन्छ। भक्ति गर्ने अनेक विधिहरूमा पूजाविधि एक हो। पूजाहरूमा पाञ्चायनपूजा समन्वयात्मक पञ्चतत्त्व उपासना पद्धति हो। पञ्चोपचार मुख्य समर्पणक्रिया हो तापनि षोडशोपचार (सोह्र कलासहित भावसमर्पण) पुरुषसूक्तका सोह्र मन्त्रहरूलाई महत्त्व दिइन्छ। यो वैदिक विधि हो, लौकिक र तान्त्रिक विधिका रूपमा अन्य प्रमुख दुई समेत तीन प्रकारका विधिले पाञ्चायन पूजा गर्नु भनेको मूर्तिमान अद्वैत आत्मोपासना नै हो। क्रियायोग साधन हुन्, स्वयं ज्योतिस्वरूप शुद्धचैतन्य स्मृति निरन्तर कायम रहनु साध्य हो। त्यस्तो साध्य सिद्धिका साधनका रूपमा भगवान्को पूजा गर्ने प्रमुख विधि तीन बताइएको छ।

### ३.२.१ वैदिक विधि

वैदिक विधिमा अग्निस्थापना शक्तिकी अधिष्ठात्री देवीको स्वरूपलाई प्रतिष्ठा मानेर त्यसमा षोडशोपचारले जन्म, जरा, व्याधि र मृत्युजस्ता दुःखका कारणहरूलाई पूर्ण रूपमा त्याग्ने सङ्कल्पसमर्पण गरिन्छ। देव, पितृ, ऋषि, मनुष्य र भूतात्माको तृप्तिको सङ्कल्पसहित वस्तुसमर्पण गर्नु पञ्चमहायज्ञ भनिन्छ। प्रकारान्तरमा पुरुष सूक्तका सोह्र मन्त्रहरूले विविध उपचार समर्पण गरी पाञ्चायनपूजा गरिन्छ। वस्तुतः पञ्चतत्त्वका अधिष्ठाता शुद्धचैतन्यका

---

*३०. स्वस्वरूपानुसन्धानं भक्तिरित्य भिधीयते। (वि.चू. ३२)*

*अहंब्रह्मास्मि (वृ. १।४।१०)*


*तत्त्वमसि। (छा., ६।८।७)*

*अनन्य चेता सततं यो मां स्मरति नित्यशः।*

*तस्या हं सुलभः पार्थ नित्ययुक्तस्थ योगिनः॥ (गी. ८।१४)*

नामरूपात्मक सगुण साकार पाञ्चायन यजन निम्न आयतनमा गरिन्छ ।

**विष्णु पाञ्चायन  सूर्य पाञ्चायन  देवी पाञ्चायन  गणेश पाञ्चायन  शिव पाञ्चायन**




(**चित्तप्रधान**)  (**तेजप्रधान**)  (**शक्तिप्रधान**)  (**ज्ञानप्रधान**)  (**सत्प्रधान**)

उपर्युक्त पाञ्चायतनहरूमा आफ्ना भावप्रधान इष्टदेवमा वस्तुगत एवं मानस सङ्कल्प समर्पणको विचार वैदिक विधि हुन् । पञ्च, दश, षोडशोपचार विधिले उक्त कार्य भौतिक र मानस दुवै प्रकारले सम्पन्न गरिन्छ[३१] ।

### ३.२.२ लौकिक विधि

कलि युगमा दान र कीर्तनलाई उत्तमभक्ति अर्थात् पूजा मानिन्छ । नवधाभक्तिका सर्वोत्तम तीन चरण कीर्तन, श्रवण र स्मरण मानिन्छ तापनि

*३१. गन्ध पुष्पधूप दीप नैवेद्य पञ्चोपचार ।*
*अर्घ्यंपाद्यं चाचमनीयं स्नानं वस्त्र निवेदनम् ।*
*गन्धादयो नैवेद्यञ्चाचार दशमः क्रमात् ।*
*आसनं स्वागतं चार्न्घ्यं पाद्यमाचमनीयकम् ।*
*मधुपर्कार्पणं स्नानं वसना भरणा नि च ॥*
*सुगन्ध सुमनो धूपो दीपो नैवेद्य एव च ।*
*माल्यानुलेपने चैव नमस्कारो विसर्जनम् ॥*
*(ज्ञानमाला, आह्निक सूत्रावलि : पृ. १०९ बाट साभार)*
*पुराणोक्त संक्षिप्त मानसपूजा–*
*ॐ लं पृथिव्यात्मकं गन्धं परिकल्पयामि ।*
*ॐ हं आकाशात्मकं पुष्पं परिकल्पयामि ।*
*ॐ यं वाय्वात्मकं धूपं परिकल्पयामि ।*
*ॐ रं वह्न्यात्मकं दीपं दर्शयामि ।*
*ॐ वं अमृतात्मकं नैवेद्यं निवेदयामि ।*
*ॐ सौं सर्वात्मकं सर्वोपचारं समपर्ययामि ।*
*(नित्यकर्म पूजाप्रकाश पृ. ११७)*

कीर्तन र श्रवण दुवै स्मरणका साधन हुन् । अनन्य रूपमा शुद्धचैतन्यको स्मरण कायम राख्नुसिवाय सगुण पाञ्चायन शक्तिउपासक स्मार्तहरूको दोस्रो लक्ष्य हुँदैन । तिनीहरू कीर्तन र श्रवणका सहायताले पाञ्चायनप्रति ससङ्कल्प मन समर्पण गर्दछन् । प्रकारान्तरले भन्नु पर्दा इन्द्रिय, मन र प्राणलाई प्रशान्त बनाउने साधन ब्रह्ममय पञ्चमहायज्ञ पाञ्चायन यजनमा अनुरक्त रहन्छन् । कीर्तन र श्रवणका सहायताले आत्मस्मरण हुन्छ । साथै, तान्त्रिक र वैदिक दुवैको मिश्रण लौकिक विधि हो । परमात्मा स्मरणको विधि कीर्तन र श्रवण लाई मुख्य मानिन्छ । अनन्य स्मरणविधि भन्नु लक्ष्यप्राप्तिको उत्तम साधना हो । त्यसैले कलिमा कीर्तन र श्रवणलाई उत्तम साधना भनिएको हो भन्दा अत्युक्ति हुँदैन । तान्त्रिक एवं पौराणिक विधिले स्थापित पाञ्चायन होस् वा स्वेच्छाले व्यक्तिका घरमा राखिएका शालिग्रामशिला सबै आत्मस्मरणको साकारस्वरूप मात्र हो । ती त मनलाई आनन्दमय परमात्माको स्वरूपमा टिकाउन प्रयोग भएका साधनमात्र हुन् । पञ्चदेवको समन्वयमा विश्वास राख्ने पाञ्चायन शक्तिका नित्य उपासक स्मार्तहरू सकेसम्म पञ्च, षोडश, अष्टत्रिंशदादि उपचारका-माध्यमले दुःखनिवारण र परमानन्द अनुभव गर्ने प्रयत्न गर्दछन् । यसको पनि रहस्य पञ्चतत्त्वादि सगुण साकारशक्तिमा आसक्ति त्याग र आनन्दलाभको सङ्कल्पलाई ईश्वरमा समर्पण गर्नु नै हो ।

तान्त्रिक र वैदिक दुवै विधि युगमा प्रायः असम्भव छन् । लौकिकविधि आगम निगम दुवै पद्धतिमा छैनन् तर आगम-निगम दुवै पद्धतिहरूमा लौकिक परम्परा मिश्रित छन् । त्यसैले यसलाई मिश्रविधि पनि भनिन्छ । कीर्तनमा क्रियायोग र श्रवणमा ज्ञानयोग प्रधान छ । वैदिक र तान्त्रिक वाङ्मयहरू 'निगम र आगम'मा भएका सबै विश्लेषणहरू र ज्ञान एवं कर्मको प्रयोगबाट आत्मस्मरण हुन्छ । यसो भन्नु पनि लौकिक रूपमा कीर्तन र श्रवण नै हुन आउँछ । कसैद्वारा भनेपछि सुनिन्छ, कसैद्वारा सुनेपछि सम्झिइन्छ, सम्झिएपछि विश्वास बढ्दै जान्छ । पाञ्चायन उपासकका विधि जेसुकै भए पनि पञ्चत्त्वका माध्यमले इष्टदेव, आश्रयतत्त्वको उपासना हुन्छ । आ-आफ्नो

कर्तव्यकर्म ईश्वरमा समर्पण गर्नाले सिद्धि प्राप्त हुन्छ। त्यसको उत्तम उपाय पाञ्चायनपूजा हो भन्ने स्मृतिको कथन चरितार्थ छ। पाञ्चायन उपासकहरूका पाँचदेव वा देवी वर्तमानमा परिभाषित अनेक पन्थ होइनन् सम्यक् ज्ञान दिनसक्ने शिष्टानुशिष्ट उपदिष्ट मन्त्रका प्रयोग हुन्। ईश्वरको स्मरण नै उनीहरूको लक्ष्य भएकाले स्मार्त भनिएका हुन्। आ-आफ्ना कर्मफलासक्ति ईश्वरमा समर्पण गर्नसक्ने लौकिक पाञ्चायन उपासक, गृहस्थ भएर पनि कर्मयोगी सरह हुनसक्छन्। किनभने योगीहरू उनीहरूकै हृदयमा रहेका ईश्वरकै अनुसन्धान गर्ने गर्दछन्। अध्यात्म अनुसन्धानमा देवता कसरी राख्यो, के के चढायो, कति बेला पूजा गऱ्यो आदि-इत्यादिले महत्त्व राख्दैन। आफू के हुँ के त्यागेँ वा के ग्रहण गरेँ त्यो महत्त्वपूर्ण हुन्छ। स्मार्तहरूको सम्पूर्ण कर्म अन्तमा ईश्वरस्मरण होस् भन्ने सङ्कल्पबाट प्रारम्भ हुन्छ। त्यसो हुनाले अनात्मपदार्थमा अनासक्ति र आत्मस्मृतिमा नित्यआसक्ति कायम राख्ने कीर्तन, श्रवण पद्धति अपनाउँछन्। पञ्चोपचारसहित भावसमर्पणद्वारा पाञ्चायतनीको नित्यस्मरण, अनन्यभक्ति महत्त्वपूर्ण मानिन्छ। विधि-विधानलाई भावसमर्पण जस्तो महत्त्व दिइँदैन। मन्त्र, क्रिया, विधि केही पुगेन भने पनि शरीर, मन, बुद्धिले भगवान्‌मा समर्पण हुनु लौकिक (मिश्र) पाञ्चायन पूजाको विशेषता हुन्छ[३२]।

### ३.२.३ तान्त्रिक विधि

पुराण र तन्त्रअनुसार पञ्चदेवको आयतन सामूहिक मूर्ति स्थापना बारे शब्दकोशहरूले स्पष्ट पारेका छन्। पाँचमध्ये एक केन्द्रमा र चार ईशानादि चार कोणमा विधिवत् राखिन्छ र केन्द्रका देवताका नामले इष्टपाञ्चायन भनिन्छ। यसमा दुई दृष्टिकोण मुख्य छन्। शिष्टानुशिष्ट उपदेश भएका दीक्षामन्त्रका देवता केन्द्रमा हुने परम्परा र पञ्चदेवमध्ये पञ्चाङ्ग (तिथि, बार,

---

*३२. कयेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मनावा प्रकृतेः स्वभावात्।*
*करोमि यद्यत् सकलं परस्मै नारायणायेतिसमर्पयेतत्॥*

नक्षत्र, योग, करण) अनुसार जुन दिन जुन देवताको पूज्यता बढी हुन्छ सोही देवता केन्द्रमा र अन्यलाई आवरणमा स्थापना गर्ने परम्परा दुवै ईश्वरस्मरण गर्ने पाञ्चायनपूजाका दृष्टिकोण हुन्[३३]। केन्द्र र आवरण रूपमा देवताहरू स्थापना गर्ने शारदातिलक, यामलकतन्त्र आदि आगमसाहित्यका आधारमा शब्दकोश र आह्निक सूत्रावलीले पाञ्चायन स्थापनाविधि दुवै प्रकारले बताएको छ। शुक्लयजुर्वेद माध्यन्दिनीय शाखाका उपासकहरूको दैनिक नित्यकर्म विधि हुँदाहुँदै पनि लौकिक परम्परा नै दृढ छ। पञ्चतत्त्व र जीवतत्त्वको नित्यनिरन्तर गतिशीलताका सिद्धान्त एवं प्रयोगहरू मन्त्र (वैदिक) र तन्त्र (वैज्ञानिक) दुवैको सम्बन्धका आधारमा परम्परा चलेका छन्।

पहिले सूर्य, गणेश, देवी, शिव र विष्णुलाई पञ्चशक्तिका अधिष्ठाता देवताहरू स्मरण गरेर मात्र वैदिक वा तान्त्रिक जुनसुकै कर्म प्रारम्भ गर्नु भन्ने निर्देशन गर्ने निगम र आगम दुवैलाई सनातन भनिन्थ्यो। वैदिक र तान्त्रिक दुवैले त्यसलाई मानेका छन्। ज्ञान (मन्त्र) र विज्ञान (तन्त्र) दुई तत्त्वको समन्वय स्वरूप कर्मकर्ता स्वयं मानिएको छ। सगुण र निर्गुण गरी उपासना दुई प्रकारका मानिन्छन्। वैदिक (शास्त्रीय) र तान्त्रिक (प्रयोगात्मक) दुवै मान्यता सनातन स्मार्तहरूमा प्रचलित थियो। स्मार्तहरू देवयजनमा वैदिक र तान्त्रिक दुवैको प्रयोग गर्दछन्। शारीरिक तपलाई ब्रह्मोपासना अर्थात् आश्रयस्वरूपकै भक्ति भन्दछन्[३४]। स्मार्तहरू आचारलाई धर्म र श्रुतिलाई अकाट्य प्रमाण मान्दछन्। तान्त्रिकहरू प्रत्यक्षमा बढी विश्वास गर्दछन्। श्रुति अर्थात् वेदको विशेषता नै प्रत्यक्ष र अनुमानसमेतले प्राप्त गर्न नसकेको ज्ञान बोध गराउनु हो। स्मार्तहरू जीव, ईश्वर र जगत् (माया) को सम्मिश्रण पञ्चतत्त्वाश्रय, परम-शुद्धचैतन्य, वेदवेद्यतत्त्व मात्र उपास्य मान्दछन्। जीव

---

*३३. सौराश्च शैवगाणेशा वैष्णवा शक्तिपूजकाः।*
*मामेवते प्रपद्यन्ते वर्षाम्भ सागरं यथा॥ (कल्याण शक्ति अंक, पृ. ८४)*
*शैवाश्च वैष्णवाश्चैव सौराशाक्तास्तथैव च।*
*गाणपत्या आगमाश्च प्रणीताः शङ्करेण तु॥ (देवी, गी. ९।३०)*

*३४. देवद्विज गुरूप्राज्ञपूजनं... शारीरं तप उच्यते (गी. १७।१४)*

ईश र जगत्कै आयतनबाट वेदवेद्यतत्त्व बोध हुन्छ। त्यसैले पाञ्चायतनलाई साधन भन्दछन्। यसरी सनातन स्मार्तहरू वैदिक र तान्त्रिक दुवै मिश्रित भएकाले प्रचलनमा लौकिक (मिश्रित) भनिएका हुन्। आचार लौकिक हो, पद्धतिहरू तान्त्रिक हुन् र श्रौतादि सिद्धान्तहरू मान्त्रिक (वैदिक) हुन्। यसरी लौकिक विधिमा मन्त्र र तन्त्र अर्थात् सिद्धान्त र प्रयोग दुवै हुन्छन्। उपासनापद्धति नै पाञ्चायन दर्शनको प्रदर्शन यजन पक्ष हो। सगुण साकार भक्ति भन्नु पनि यही नै हो।

सिद्धान्त प्रयोग गर्ने पद्धतिलाई तान्त्रिक विधि भनिएको हो। तन्त्र (आगम) हरू पनि सबै अवैदिक होइनन्।[३५] पञ्चाम्नाय (शिवशक्ति) र पञ्चमकार (तान्त्रिक शक्ति) दुवै आगम प्रयोग हो। प्रपञ्चस्वरूप (विश्वरूप) बाट विषयवस्तुको आशक्ति, त्याग र निर्विषयानन्दलाभका क्रियायोग गर्ने शैव शाक्तादि आगमभण्डारहरू तान्त्रिक पद्धतिका सिद्धान्त शास्त्रहरू वेदकै अनुकूल मानिन्छन्[३६]। तान्त्रिक विधिको सिद्धान्तअनुसार विभिन्न आगम शास्त्रभण्डार, अक्षर एवं वर्णहरूलाई मन्त्र भनिन्छ। त्यसको साधना प्रतिकात्मक रूपमा गरिन्छ। वैदिक शास्त्रहरूमा पनि पञ्चमहाभूत, पञ्चतन्मात्रा, पञ्चप्राण, दस इन्द्रियहरू, चार अन्तःकरण तीन गुण सहित बत्तीस विषयवस्तुलाई अवयव (शरीर) र तेत्तीसौँ जीवात्मालाई अवयवी (शरीरि) मानेको छ। सांख्य र योग दर्शनमा प्रकृति, पुरुष र ईश्वर भनेर छब्बीस तत्त्व विवेचन छ। जीवात्मा पनि प्रकृतिकै पर्याय (पराप्रकृति) भए तापनि क्षेत्रज्ञ भएकाले नित्य आत्मज्ञान पनि भनिन्छ।[३७] तीन गुण र चेतनको तादात्म्य, प्रकृतिपुरुषात्मक पाञ्चायनका

---

*३५. शैवा च वैष्णवाश्चैव सौरा शाक्ता तथैव च।*
*गाणपत्या आगमाश्च प्रणीता शङ्करेण तु ॥ (देवीगीता ९।३०)*
*वैदिकं तद्ग्रहेदोषो न भवत्येव कर्हिचित्। (उही ३१)*

*३६. ॐकार मात्रं सचराचरं जगत्। (अ.रा. ७।५।४८)*
*शक्तिमानेव शक्तिः स्याच्छिववत्करणार्थतः। (शिवदृष्टि, ३।४)*
*वेद्यं पवित्रमोंकार ऋक्सामयजुरेवच। (गी. ९।१७)*

*३७. इदंशरीरं कौन्तेय क्षेत्र भित्यभिधीयते।*
*महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च।*

सहायताले जीवात्माबाट ब्रह्मको उपासना हुन्छ। उपास्यतत्त्व अन्वेषण, सनातन दर्शन, पाञ्चायनपूजाजस्ता प्रक्रियाहरूले स्वस्वरूपानुसन्धानकै रहस्य निर्वचन गर्छन्।[३८] पञ्चतत्त्वका अधिष्ठाता पाञ्चायन देवताहरूको वैदिक एवं तान्त्रिक महत्त्व यस प्रकार देखिन्छ :

| | | |
|---|---|---|
| **महाविष्णु** | = आकाश, ऊर्ध्वाम्नाय, मैथुन | = चित्प्रधान सगुण ब्रह्म |
| **सूर्य** | = वायु, पूर्वाम्नाय, मुद्रा | = तेजप्रधान सगुण ब्रह्म |
| **देवी** | = शक्ति (तेज), उत्तराम्नाय, मद्य | = शक्तिप्रधान सगुणब्रह्म |
| **गणेश** | = जल, दक्षिणाम्नाय, मत्स्य | = ज्ञानप्रधान सगुणब्रह्म |
| **शिव** | = पृथ्वी, पश्चिमाम्नाय, मांस | = सत्प्रधान सगुण ब्रह्म |

शाक्त आगमका पञ्चमकार (मैथुन, मुद्रा, मद्य, मत्स्य र मांस) प्रयोग सर्वसाधारणका लागि अगम्य छ। उक्त पाँच साकार विषयमा आसक्त मनलाई आसक्ति रहित मन्त्रसेवन (पञ्चदेवको निराकार मन्त्रस्मरण) गर्नु पञ्चमकार र पाञ्चायन दुवै पद्धतिको रहस्य हो।[३९] प्रदर्शनदेखि वियोग र दर्शनमा संयोग

---

*इन्द्रियाणिदशैकं च पञ्च चेन्द्रियगोचराः ॥*
*इच्छा, द्वेषः सुखं-दुःखं संधातश्चेतना धृतिः।*
*एतत्क्षेत्रं समासेन सविकारमुदा हृतम् ॥ (गी.१३।५, ६)*
*मूलः प्रकृति रविकृतिः प्रकृति विकृतय सप्त।*
*षोडशकस्तु विकारो न प्रकृति न विकृतिः पुरुष ॥*
*एतद्यो वेत्ति तं प्राहु क्षेत्रज्ञ इति तद्विदः। (गी. १३।१)*
*अध्यात्म ज्ञान नित्यत्वं तत्त्वज्ञानार्थ दर्शनम्। (गी. १३।११)*

३८. *अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम्।*
*विविधाश्च पृथक् चेष्टा दैवं चैवात्र पञ्चमम् ॥ (गी. १८।१४)*
*अहमात्मागुडाकेश सर्व भूताशय स्थित। (गी. १०।२०)*

३९. *क्षित्यंशेन भवेन्मांसं तोयांशेनापि मीनकम्।*
*वाय्वंशेन भवेन्मुद्रा तेजोऽशेनापि कारणम् ॥*
*शून्यांशे मैथुनं प्रोक्तं पञ्चतत्त्वमयं शुभम्। (कुलार्णव-रहस्य, पृ. १०६)*
*शैवाश्च वैष्णवाश्चैव सौरा शाक्ता तथैव च।*
*गाणपत्या आगमाश्च प्रणीता शङ्करेण तु ॥ (देवीगीता, ९।३०)*
*सौराश्च शैवगाणेशा वैष्णवाा शक्तिपूजका।*

भनेकै विषय भोगेच्छा समाप्त हुनु हो। मन्त्रमा लीन तन्त्रलाई पाञ्चायनदर्शनकै स्वरूप मानिन्छ। प्रतीकात्मक रूपमा पञ्चमकार सेवन पनि सगुण साकारबाट सगुण निराकार र सगुण निराकारबाट निर्गुण निराकारमा लीन गर्ने सिद्धान्त हो[४०]। पञ्चदेवको मन्त्र ॐ को नित्य जप र भगवान्को रूपस्मरण निन्य गर्ने सांख्य र योग सिद्धान्तकै प्रयोग स्मार्त साधना हो भन्न सकिन्छ[४१]। विषयासक्तभावलाई निर्विषयमा पुऱ्याउने सङ्कल्पको क्रियायोग पाञ्चायन उपासना नै हो। श्रुतिप्रतिपादित आचार शास्त्र भनेको दुःख त्याग र सुख लाभ अर्थात् नित्य आनन्दस्मरण हो। मनलाई पाञ्चायन (आकाश) को उपयोग गरी त्यसैको तन्मात्राका आसक्तिबाट वियोग गराउने सामर्थ्य उपासना तन्त्र-मन्त्र उपासनाकै परिणाम हो। त्यसैले शक्तिसहित शक्तिमान् दुवैको तादात्म्याध्यास स्वरूप पाञ्चायनमूर्ति सबैको लक्ष्य प्राप्त गर्ने साधन

---

*मामेव ते प्रपद्यन्ते वर्षाम्भ सागरं यथा ॥ पद्मपुराण(कल्याण शक्ति अङ्क, पृ. ८४)*
*चिन्मयस्याप्रमेयस्य निर्गुणस्या शरीरिणः ।*
*साधकानां हितार्थाय ब्रह्मणो रूपकल्पना ॥ (कुलार्णव-रहस्य, पृ. १२९)*
*अचिन्त्यस्या प्रमेयस्य निर्गुणस्य गुणात्मनः ।*
*उपासकानां सिद्धयर्थं ब्रह्मणो रूपकल्पना ॥ (उही, ४२)*
*पञ्चमेन यजेच्छक्तिं पञ्चतत्त्वेन पूजयेत् ।*
*शाक्ताचारमिदं ज्ञेयं सर्वाचारस्य सम्मतम् ॥ (उही, १२)*
*–सर्वे शाक्ता द्विजाः प्रोक्ता न शैवा न च वैष्णवाः ।*
*उपासते ह्यादिशक्तिं गायत्रीं वेदमातरम् ॥ (उही, १४)*

४०. *वैदिक स्तान्त्रिको मिश्र इतिमे त्रिविधो मख । (भा. ११।२७।७)*
*प्रथमा तान्त्रिकी प्रोक्ता परा पौराणिकी मता ।*
*स्मार्ता तृतीया तुर्यातु श्रौता सङ्कीर्तिता बुधैः ॥*
*पञ्चमी त्वौपनिषदी विवुधोत्तम सम्मता ।*
*यस्याः परं न किञ्चित्स्याद्वाप्यं ज्ञेयं च सत्तमाः ॥ (सूर्यगीता, ४।१२, १३)*
*आत्मानं देवतां मत्वाऽप्यात्मानं तोषयेद्यदि ।*
*सिद्धान्ताचारो विज्ञेयस्तस्य जीवः शिवो भवेत् ॥ (कुलार्णवरहस्थ, पृ. १३)*
*पशुभाव युताः कौलाः वेद्य वैष्णवशैवकाः ।*
*वीरभावयुताः कौलाः सिद्धान्तौ वामदक्षिणौ ॥ (उही १४)*

४१. *अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।*
*तस्याहं सुलभः पार्थ नितययुक्तस्य योगिनः ॥ (गी. ८।१४)*
*ज्ञानयोगेनसांख्यानां कर्मयोगेन योगिनाम् । (गी. ३।३)*

हो। अतः पाञ्चायनपूजा मान्त्रिक (शास्त्रीय) र व्यावहारिक (लौकिक) दुवै रूपमा विवेचन गर्ने गरिन्छ।

नित्य पाञ्चायन भक्तिको निर्देशन स्मृतिले श्रुतिका आधारमा गरेको छ। समस्त स्मृति वाङ्मयको मूलमन्त्र वेदमाता गायत्री जपलाई सर्वश्रेष्ठ ( ब्रह्म) यज्ञ भनेको छ। वास्तवमा वेदका ऋचाहरू सबै मन्त्र हुन्। श्रुतिको अनुशीलन गर्ने स्मार्तकर्महरू वैदिक कर्म हुन्। स्मार्तकर्म पञ्चदेवयजन पनि पाञ्चायन स्वरूपकै सदाचार हुन्। वैदिक मन्त्र सिद्धान्तको प्रयोग स्मार्तकर्म पाञ्चायनपूजामा भूत, मनुष्य, पितृ, ऋषि र देव उपाधिसहितका आत्मालाई तृप्त पार्ने गरिन्छ। यस्तो क्रियायोगलाई पञ्चमहायज्ञ र त्यसको नित्यपालनाको सिद्धान्तलाई मान्त्रिक विधि भनिएको हो[४२]। मन्त्रकै क्रियात्मक पक्षलाई तन्त्र मानिन्छ। पञ्चदेव उपासना मानिसहरूको अनिवार्य स्वकर्म हो। असीम पञ्चतत्त्वका अधिष्ठाता विष्णु, सूर्य, देवी, गणेश र शिवका माध्यमले माया महेश्वरको उपासना गरिन्छ। द्वादश आदित्य, अष्ट वसु, एकादश रुद्र इन्द्र र प्रजापति आदि सबै देवताहरूको प्रतिनिधित्व पाँच प्रमुख देवताहरूले गर्दछन्[४३]। पञ्चभूत, पञ्चतन्मात्रा पञ्चकर्मेन्द्रिय, पञ्च ज्ञानेन्द्रिय,

---

*४२. ऋषयः पितरो देवा भूतान्यतिथयस्तथा।*
*आशासते कुटुम्बि भ्यस्तेभ्यः कार्यः विजानता॥ (मनु. ३।८०)*
*पञ्च कक्तृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम्॥*
*होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्।*
*अध्यापनं ब्रह्मयज्ञ पितृयज्ञस्तु तर्पणम्॥*
*पञ्चैतान्यो महायज्ञान्न हापयति शक्तितः। (मनु. ३।६९-७१)*
*स्वाध्यायेन व्रतैर्होमैस्त्रै विद्येनेज्यया सुतैः।*
*महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः॥ (मनु. २।२८)*

*४३. चित्तेजः शक्तिविज्ञानसद्रूपाः परमा मता।*
*पञ्चभावाःस्तत्रचिता चेतनोऽस्मीति निश्चयः॥ (सूर्यगीता २।३२)*
*निज चेतनसत्तया निजास्तित्त्वस्य च स्वतः*
*स्वस्व चैतन्य सत्ताभ्यां दृश्ये त्वनुभवोस्तयोः (उही. २।२७)*
*निर्गुणं ब्रह्म सगुणं निजानन्दाय जायते।*
*प्रकाशते च प्रकृति पुरुषालिङ्गनादयम्॥ (उही. २८)*
*महादेवी पुरुषयोर्मिथुनत्वमुदेति चेत्*

पञ्चप्राण, चार अन्तःकरण, तीन गुणसमेत तेत्तीसतत्त्व समन्वयको जीवात्माको मूर्तरूप सचेत प्रकृति नै पाञ्चायतनी हो। सूक्ष्मतम जडतन्मात्रामा तादात्म्याध्यास स्वरूप सूक्ष्मतम चेतन तत्त्व नै पाञ्चायन दर्शनको अनुसन्धेय विषय हो। चित्त, तेज, शक्ति (विज्ञान), ज्ञान र सत् तत्त्वका स्वामी विष्णु, सूर्य, देवी, गणेश र शिव नाम रूपमा ईश्वरका सगुणसाकार पाँच आयतन हुन्। पाञ्चायन दर्शनकै प्रदर्शन आकाश, वायु, तेज, जल, र पृथ्वीका प्रतीक मानिन्छ।[४४] पञ्चदेव कर्तु, अकर्तु, अन्यथाकर्तु, समर्थ ईश्वरकोटिका भएकाले असीम सामर्थ्य मानिन्छन्। पञ्चभूतका प्रतीक गन्धपुष्प, धूप दीप, नैवेद्य स्वरूप पञ्चज्ञानेन्द्रियका विषयासक्तिलाई सङ्कल्पसहित पञ्चदेवमा समर्पण आत्माको आनन्दस्मरण नै वैदिक पाञ्चायन उपासना हो। आगमहरूले यसैलाई मान्त्रिक विधिको रहस्य भनेका हुन्। साधक दुःखसमाप्ति र सुखप्राप्तिका लागि निर्गुण, निराकार मन्त्रस्मरण र सगुण, निराकार असीम सामर्थ्य कामनाले पाञ्चायनपूजा गर्छन् किनभने सगुण साकार शरीरधारी उपासकलाई निराकारको उपासना ज्यादै कठिन छ।[४५] इष्टावरण भेदले बन्ने उपर्युक्त पञ्चदेवको सगुण साकार पाञ्चायनस्वरूपमा आफ्ना गुण र स्वभाव अनुसार पञ्चोपचारले भावसमर्पण गर्नु ज्यादै सुगम छ। विषयासक्तिको

---

*भान्ति तदा पञ्च भावा ब्रह्मानन्दानु कूलतः। (उही ३१)*

४४. *आकाशस्याधिपो विष्णुरग्नेश्चैव महेश्वरी।*
*वायोसूर्य क्षितेरीशो जीवनस्य गणाधिपः॥*
*चित्प्रधानो महाविष्णुः सूर्यस्तेजः प्रधानकः।*
*शक्तिप्रधाना सा देवी विश्व शक्तिप्रकाशिनी॥*
*ज्ञान प्रधानो गणपः सत्प्रधानो सदाशिव।*
*पञ्चैते विवुधा ईशाः सगुण ब्रह्मसंज्ञकाः॥*
*पञ्चधा सगुणोपास्तावधिकारोऽधिकारिणाम्।*
*भेदतः पञ्चगीतासु कीर्तिताः पञ्चदेवताः॥ (सूर्यगीता, २।१९-२१)*
*दृष्ट्वेदं मानुषं रूपं तव सौम्य जनार्दन।*
*इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः॥ (गी. ११।५१)*

४५. *क्लेशोऽधिकतरस्तेषामव्यक्ता सक्तचेतसाम्।*
*अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते॥ (गी. १२।५)*

कामना त्याग भए पनि जीव जबसम्म पूर्णतया सङ्कल्प समर्पित हुँदैन त्यस समयसम्म भगवद्भक्ति अर्थात् चित्तशुद्धिको निम्ति शरीर, इन्द्रिय, मन, बुद्धिद्वारा कर्म गरिरहन्छ।[४६] वैदिक मन्त्रहरूले ब्रह्मकै अंश आफ्नै स्वरूपलाई अनन्तानन्दमय ब्रह्ममै लीन गराउने क्रियायोग, पाञ्चायन उपासना नै भगवत्प्राप्तिको उत्तम मार्ग मानेका छन्[४७]। साधकको स्वभाव कर्म नगरी वस्न नसक्ने हुन्छ। यो प्रकृतिको नियम नै हो। अपरा र परा प्रकृति वा क्षेत्र र क्षेत्रज्ञ संयोगस्वरूप नरनारायण सौम्यमानुषरूपमा भक्त एवं भगवान् हुन्। विषयेन्द्रिय सन्निकर्षका प्रेरक आफैँमा अन्तर्निहित परमात्मा मान्त्रिक उपासनाका केन्द्र मानिन्छ। सबै प्राणीमात्रका आदि, मध्य र अन्त्यसमेत उनै भएकाले[४८] जीवात्माले उनैको स्मरणबाहेक के नै गर्नसक्छ ! परमात्माका अध्यक्षतामा प्रकृतिद्वारा नै निरन्तर जीवात्मामा प्रकृति गुण र कर्म परिणत भइरहन्छन्। विचरा, मनुष्य इन्द्रिय र विषयको सन्निकर्षले प्राप्त हुने अनुभवलाई सुख र दुःखको मिथ्या मनन मात्र गर्नसक्छ। विषयेन्द्रियको प्रत्यक्षता केवल भोग्य ब्रह्मकै प्रत्यक्षीकरणमात्र हुन्। प्रेरक अस्तित्वबोधको प्रत्यक्ष साधनमात्र हुन्। अस्तित्व भनेको अजरामर नित्य शाश्वत विषयेन्द्रिय

---

४६. *कायेन मनसा बुद्धया केवलैरिन्द्रियै रपि।*
*योगिनः कर्मकुर्वन्ति सङ्ग त्यत्वात्म शुद्धये॥ (गी. ५।११)*

४७. *यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत्।*
*यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम्॥ (गी. ९।२७)*
*कायेन वाचा मनोसेन्द्रियैर्वा बुद्धयात्मना वा नुसृत स्वभावात्।*
*करोमि यद्यत्सकलं परस्मैनारायणायेति समर्पये तत्॥*
*–यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुत स्तुन्वन्ति दिव्यैस्तवै।*
*वेंदै साङ्गपदक्रमोपनिषदै र्गायन्ति यं सामया॥*
*ध्यानावस्थित तद्गतेन मनसा पश्यन्ति यं योगिनो।*
*यस्यान्तं नविदुः सुराऽसुर गणादेवाय तस्मै नमः॥ (भा. १२।१३।१)*
*नित्यो नित्यानां चेतन श्चेतनाना*
*मेको वहुनां यो विदधाति कामान्।*
*तत्कारणं सांख्य योगाधि गम्यं*
*ज्ञात्वादेवं मुच्यते सर्व पाशै॥ (श्वेता. ६।१३)*

४८. *अहमादिश्च मध्यं च भूतानामन्त एव च। (गी. १०।२०)*

सन्निकर्षका प्रेरक परमात्मा मात्र वैदिक सनातन स्मार्तहरूको लक्ष्य हो।[४९] त्यस्तो सर्वान्तरात्मा सबैको आश्रय आत्मअनुभव गर्ने मार्ग पाञ्चायन हुन्। पाञ्चायतनी भने स्वयंमा सुख, दुःख केही होइन केवल अनुभव मात्र हो। अर्को शब्दमा ज्ञानसहित विज्ञानलाई जान्ने र मान्ने सनातन सिद्धान्त नै पाञ्चायन हो। यो वैदिक एवं आगम उपासना विधि मात्र हो। त्यसको कारण सांख्य र कार्य योग हो। सांख्य र योग पद्धतिले पञ्चतत्त्वबाट वियोग र परमात्मामा संयोग गराउँछ। अतः सम्पूर्ण बन्धनबाट मुक्त पार्ने अध्यात्म दर्शनको संस्कृति पाञ्चायन पूजा सनातन वैदिक स्मार्तकर्म हो।

जीवन्त मानिसको यथार्थ बोधको क्रियायोग अर्थात् शारीरक तप नै आगम, निगम दुवै संस्कृतिको विशेषता हो।[५०] सूक्ष्मतम जड पञ्चतन्मात्रासँग संयोग जन्म हो भने वियोग मृत्यु हो। पाँच विषयको आसक्ति नै व्याधि, जरा, मृत्यु आदि सुख-दुःख अनुभव र पञ्चतत्त्वादि विषयको विरक्ति आनन्दअनुभव हो। सामान्यतः वियोग दुःख हो तापनि चित्तवृत्तिनिरोधद्वारा हुने आसक्ति वियोगचाहिँ वियोग नभएर आत्मसंयोग हो।[५१] त्यो पनि चेतनको जडसँग हैन चेतनको चैतन्यसँग संयोग भएकाले योग हो। साङ्ख्य र योग दुवैले अनुभव गराउने विषयको वियोग र विषयीको संयोग गराउने पाञ्चायन संस्कृति सनातन धर्मको मान्त्रिक विधि वैदिक जपयज्ञ एवं भगवत्स कीर्तन हो[५२]।

---

*४९. नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः॥ (गी. २।२४)*
*अहमात्मा गुडाकेश सर्वभूताशय स्थित। (गी. १०।२०)*
*वेदैश्चसर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम्। (गी. १५।१५)*

*५०. देवद्विजगुरुप्राज्ञपूजनं... शारीरं तपउच्यते। (गी. १७।१४)*
*येऽप्यन्य देवता भक्ता यजन्ते श्रद्धयान्विताः।*
*तेऽपि मामेव कौन्तेय यजन्त्य विधिपूर्वकम्॥ (गी. ९।२३)*

*५१ तं विद्यादुःखसंयोगवियोगं योगसंज्ञितम्। (गी. ६।२३)*
*योगश्चित्तवृत्ति निरोधः। (यो.सू. १।२)*

*५२. आत्मसस्थं मनः कृत्वा न किंचिदपि चिन्तयेत्। (गी. ६।२५)*
*सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः।*
*सर्वथा वर्तमानोऽपि सयोगी मयि वर्तते॥ (गी. ६।३१)*
*कृते यद्ध्यायतो विष्णु त्रेतायां यजतो मखैः।*
*द्वापरे परिचर्यायां कलौ तद्धरि कीर्तनाद्॥ (भा. १२।३।४८)*

अनित्यको वियोग र नित्यको संयोग गराउने पाञ्चायन दर्शनको क्रियायोग, भक्तिलाई आत्मस्मरणको रूपमा लिइन्छ। आत्मस्मण र अनात्मविस्मरणको प्रत्यक्ष साधन पाञ्चायन हो। समस्त निगमागमकै प्रतिपाद्य अद्वैतानन्द प्रत्यक्षतः पाञ्चायन-उपासनाबाट अनुभव हुन्छ। पाँचै प्रकारका पाञ्चायन उपासना भनेका आफ्नै आत्मस्मरण गराउने देवयजन अर्थात् आत्मयोगको अनुशासन) पद्धति हो[५३]।

पञ्चदेवका उपासकहरू प्रायः पाञ्चायनस्थापना तन्त्रविधिले र आत्मस्मरण मन्त्रविधिले गर्दछन्। मिश्रित उपासना पद्धतिलाई व्यवहारमा लौकिक विधिको सिद्धान्त पनि भनिन्छ। विधिविधान मुख्यतः मन्त्र, तन्त्रमा आधारित हुन्छन्। सिद्धान्तलाई मन्त्र र प्रयोगलाई तन्त्र भनिन्छ। तन्त्र, मन्त्रअन्तर्गत अनेक सिद्धान्तका अनेक प्रयोगहरू भए तापनि पाँच मूल स्वरूपमा संहिताबद्ध छन्। अन्तःकरण र बहिष्करण दुवै पञ्चतन्मात्राका मार्गबाट आनन्द प्राप्तिका साधन हुन्। पाँचै प्रकारका विषयेन्द्रिय संयोगमा अन्तरनिहित चेतनमात्र मन्त्र, तन्त्र दुवै साधनाको साध्य हो। वास्तवमा मन्त्र र तन्त्र दुवै सिद्धान्तका संयुक्त अनुयायीहरू लक्ष्यमा पुग्दछन्। शुद्धात्माका भूत, मनुष्य, मृत, मुक्त र दिव्य सोपाधिक पाँच अवस्था यज्ञपुरुषकै स्वरूप हुन्। शुद्धात्मस्मृतिका पाँच ज्ञानेन्द्रिय र पाँच विषयहरूको क्रियायोग मार्गमात्र हुन्। पाँचमा देवयजन योगीहरूका दिव्य उपासनाका पाँच अयन विष्णु, सूर्य, देवी, गणेश शिव आ-आफ्ना हृदयमा आत्मस्मरण गराउने इष्टसाधन हुन्। स्वयं क्षेत्र-क्षेत्रज्ञस्वरूप शुद्धात्मातत्त्व ज्ञाता योगीको देवयजन शारीरिक तप नै हो। यसले उपासकको शरीर ब्रह्ममय हुन्छ। पाँच ज्ञानेन्द्रिय, पञ्च तन्मात्रा, पाँचमहाभूत र आत्मा सोह्र कलाको सजीवमूर्ति प्राणप्रतिष्ठित, पञ्चदेवायतन हो। पुरुषसूक्तका सोह्र मन्त्रहरूले विषयत्याग, आनन्दलाभका षोडशोपचार

---

५३. *सर्वस्यचाहं हृदिसंनिविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च।*
*वेदैश्च सर्वैरहमेववेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥ (गी. १५।१५)*
*दैवमेवापरे यज्ञं योगिनः पर्युपासते। (गी. ४।२५)*

वैदिक यजनविधि हो। तन्त्र विधिमा पञ्चमकार समर्पणको पनि तात्पर्य पञ्चदेवयजन नै हो। व्यावहारिक (लौकिक) विधिमा पनि प्रतिकात्मक गन्ध, पुष्प, धूप, दीप, नैवेद्य समर्पण पञ्चोपचारले पाञ्चायनकै पूजा हुन्छ। अतः पाञ्चायन पूजाविधि मान्त्रिक र तान्त्रिक दुवै मिश्रित मानिन्छ।

मूलतः पञ्चोपचार गन्ध, पुष्प, धूप, दीप, नैवेद्य (क्रमशः पृथ्वी, आकाश, वायु, तेज र जल) का प्रतिकात्मक रूपमा मांस, मैथुन, मुद्रा, मद्य र मत्स्यजस्ता पाँच विषयासक्तिलाई पाञ्चायनमा ससङ्कल्प समर्पण गरिन्छ[५४]। तन्त्रमा स्थापनाको विशेषता र मन्त्रमा विधिको विशेषता हुन्छ। व्यवहार ( तन्त्र-मन्त्र दुवै) मा भावभक्तिको विशेषता हुन्छ। पृथ्वी (गन्ध), जल (रस), तेज (रूप), वायु (स्पर्श), आकाश (शब्द) क्रमशः चन्दन, नैवेद्य, दीप, धूप र पुष्पमा प्रतिबिम्बित मानेर मांस, मत्स्य, मद्य, मुद्रा, मैथुनमा लय हुने आकाश समान मनमा अन्तरनिहित स्वभाव हो। व्यावहारिक रूप भावभक्तिपूर्वक नारायणमा मन्त्र, क्रिया, विधिभन्दा सङ्कल्प समर्पणलाई महत्त्वपूर्ण मानिएको हो[५५]। स्मार्तहरू गणेशादि, सूर्यादि पाञ्चायन सम्झेर शालिग्रामशिलामा नै

---

*५४. पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः।*
*संहार पश्चिमो ज्ञेयो ह्यन्तर्लीनस्तथोत्तरः॥*
*उर्ध्वश्चानु ग्रहो ज्ञेयश्चाधो विश्रान्तिको भवेत्॥ (कुलार्णव रहस्य, पृ. ४५)*
*–पृथिव्यापस्तथा तेजो वायुराकाशमेव च।*
*पञ्च भूतात्मको देहो ज्ञातव्यश्च वरानने॥ (उही ३७)*
*उर्ध्वाम्नायस्य तत्त्वं हि पूर्णब्रह्मात्मकं परम्। (उही, ३४)*
*वेदशास्त्र पुराणानि प्रकाश्यानि कुलेश्वरी।*
*शैवशाक्तागमा सर्वे रहस्या परिकीर्तिताः॥*
*रहस्यातिरहस्यानि रहस्यमिदमम्बिके। (उही)*

*५५. मन्त्रहीनं क्रियाहीनं विधिहीनं सुरेश्वर।*
*यत्पूजितं यथादेव परिपूर्ण तदस्तुमे॥*
*कायेन वाचा मनसेन्द्रियैर्वा बुद्धयात्मना वा निसृत स्वभावात्।*
*करोमि यद्यद्सकलं परब्रस्मैनारायणापेति समर्पयेतत्॥ (भा. ११।२।३६)*
*अपवित्र पवित्रोवा सर्वावस्थाङ्गतोपि वा।*
*य स्मरेत् पुण्डरिकाक्ष स वाह्याभ्यन्तर शुचिः॥ (पद्मपुराण)*
*एन केनाप्युपायेन मन कृष्णे निवेशयेत्।*

देश, काल, परिस्थिति र स्वभावअनुसार पाञ्चायनकै पूजा गर्छन् । जुनसुकै कर्म (यज्ञ) गर्दा पनि पाञ्चायनस्मरण गर्नु भन्ने शुक्लयजुर्वेदीय स्मार्तहरूलाई अह्निक सूत्रावलीमा निर्देशन छ । प्रायः यज्ञकर्म गर्दा षडङ्ग (रुद्रीपाठ) सहित शालिग्राममा जलधारा समर्पण गर्ने गरेको पाइन्छ। यज्ञपुरुष नारायण र शिवशक्ति स्वरूप पञ्चशक्तिको यज्ञ शालिग्राम यजनमै हुन्छ। यज्ञपुरुष नारायण र शिवमा भेद मानिदैन । गणेश र सूर्यको पनि भावार्थ अभेद छ[५६] । मन्त्रविधिअन्तर्गत साङ्ख्य योगादिले जानिने चौबीस गण (जड, अवयव) र पच्चीसौँ गणपति (चेतन, अवयवी) दुवैलाई क्षर अक्षर  पुरुष रूपमा मान्ने सिद्धान्तहरू वैदिकसरह मानिन्छ। मन्त्रका पच्चीस अवयवावयवी (सजीव स्वरूपसमेत) तीन गुण र पाँच प्राण जोडेर तेत्तीस (जीवजगत्का) प्रकार उल्लेख गरिएको पाइन्छ। तन्त्रमा पनि तेत्तिसकोटी देवी-देवता पञ्चप्राण प्रतिष्ठित आत्माकै आयतन भएर पाञ्चायतन पूज्य भएका छन् । प्राणहरू आत्मामा आश्रित भएर जीवन्त बनेका हुन्छन् । पञ्चभावलाई शुद्धात्मतत्त्वमा समर्पण गर्नु पाञ्चायनपूजाको तात्पर्य हो । मान्त्रिक (सैद्धान्तिक) र मिश्रित ( व्यावहारिक) दुवै लाई वैदिक पाञ्चायनपूजाका क्रियायोगका रूपमा मानिन्छ । आत्मा नै पञ्चप्राणका रूपमा पाञ्चभौतिक आयतन (मूर्ति) रूपान्तर हुन्छ । जीवन्त प्राणीको आश्रय (आत्मा) नै पाञ्चायतनी भनिएको हो । पाञ्चायतनीकै विस्तार पञ्च-पाञ्चायतन सनातनस्मार्तहरूको लक्ष्यप्राप्तिको सुगम साधन हो ।

## ३.३ सारांश

पञ्चतत्त्वका अधिष्ठाता विष्णु, सूर्य, देवी, गणेश र शिव क्रमैसँग

---

*५६. न शिव शक्तिरहितो न शक्तिव्यतिरेकिणी । (शिवदृष्टि, ३।२)*
*शक्तिमानेव शक्तिः स्याच्छिववत्करणार्थतः । (उही ४)*
*गणानां जीवजातानां य ईश स गणेश,*
*सूर्यः आत्मा जगतस्युषश्च ।*

केन्द्रावरण भेदले पाँचै प्रकारका पाञ्चायन स्थापना हुन्छन् । **विष्णुपाञ्चायन**मा केन्द्रमा विष्णु ईशानादि क्रमले शिव, गणेश, सूर्य, दैवी रहन्छन् । **सूर्यपाञ्चायनमा** केन्द्रमा सूर्य ईशानादि क्रमले शिव, गणेश, विष्णु, देवी रहन्छन् । **देवीपाञ्चायनमा** केन्द्रमा देवी ईशानादि क्रमले विष्णु, शिव, गणेश, सूर्य रहन्छन् । **गणेशपाञ्चायनमा** केन्द्रमा गणेश ईशानादि क्रमले शिव, विष्णु सूर्य, देवी रहन्छन् । त्यस्तै **शिवपाञ्चायन**मा केन्द्रमा शिव, ईशानादि क्रमले विष्णु, सूर्य, गणेश, देवी रहन्छन् ।

आकाशदेखि पृथ्वीसम्मका पाँच शक्ति चित्, तेज, शक्ति, विज्ञान र सत् समन्वय सगुण साकार ब्रह्म हुन् । केन्द्रावरणभेदले सम्यक्ज्ञान दिनसक्ने पाँच मार्गका रूपमा पाञ्चायनलाई मानिन्छ । वैष्णव, शैवशाक्तादि पृथक्पृथक् नामद्वारा सम्प्रदाय शब्द पनि प्रयोग हुन्छन् । उपासकका इष्टभेदले फरकजस्ता भए पनि पञ्चतत्त्वकै समन्वयात्मक स्वरूप हुन् । उपासना सगुणब्रह्म अर्थात् पूर्णसनातनकै हुने हो । शक्तिका नाम र रूपान्तर भए पनि शक्तिमान् अद्वैत हो । शक्तिमान्का पनि स्वांश र विभिन्नांश भेद हुने हुँदा लक्ष्मीसहित नारायण, सन्ध्यासहित सूर्य, प्रकृतिसहित पुरुष, सिद्धिसहित गणेश र उमासहित महेश्वर शक्तिमान्का स्वांश भएकाले पूर्णब्रह्मसमान हुन् । सचेत प्रकृति भन्नु पनि भगवान्कै योगमाया शक्ति हो ।[५७] उपर्युक्त प्रकृति र परमेश्वर संयोगले सनातनधर्म सशक्त हुन्छ । शक्ति, प्रकृति र माया पर्यायवाची भएकाले ज्ञानसहित विज्ञान भन्नु सचेत प्रकृति नै हो । कर्ता, धर्ता, हर्ता भनिने

---

*५७. ममैवांशो जीवलोके जीवभूतः सनातनः । (गी.१५।७)*
*नाहंवेदैर्न तपसा न दानेन न चेज्यया ।*
*शक्यएवं विधोद्रष्टुं दृष्टवानसि मांयथा ॥ (गी. ११।५३)*
*मयाप्रसन्नेन तवार्जुनेदं रूपं परं दर्शित मात्मयोगात् । (उही। ४७)*
*आश्वासयामास त्व भीतमेनं भूत्वापुनः सौम्यवपुर्महात्मा । (उही ५०)*
*दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।*
*इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥*
*सुदुर्दर्शमिदं रूप दृष्टावानसि यन्मम ।*
*देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥ (गी.११।५१, ५२)*

योगमाया शक्ति सगुण साकार ब्रह्मसमान नै हो । अतः योगमाया भगवान्को निजी शक्ति मानिन्छ ।

यस्तो प्रकृति परमेश्वरको संयुक्त अस्तित्वबोध जीवको आफ्नो मात्र पुरुषार्थद्वारा अपार छ। योगमायाले आवृत्त परमेश्वर सर्वसाधारणका इन्द्रिय विषय सान्निध्यले मात्र थाहा पाउन नसक्ने हुन्छ। प्रकाशित नभई देवता भनिँदैन, अनादि सूक्ष्मतम पञ्चतत्त्व र गणना गरिने कालस्वरूपको तादात्म्यले प्रकाशित प्रत्यक्षतः सगुण साकार स्वरूप जीवतत्त्व नै देवता हो । प्रकाशित पञ्चतत्त्व शक्ति हो, अप्रकाशित पञ्चतत्त्वाश्रय अर्थात् कालचाहिँ शक्तिमान् हो । त्यसैले जड् र चेतनकै शक्तिप्रधान अभिव्यक्ति **पाञ्चायतन** र आश्रयप्रधान अभिव्यक्ति **पाञ्चायतनी** भनिन्छ। दुवै पञ्चतत्त्व र आश्रयतत्त्वको विवेक गर्ने उपाय साधनामार्गका रूपमा पञ्चतत्त्वका अधिष्ठातालाई **पाञ्चायनदेवता** भनिएको हो । पञ्चतत्त्वमा व्याप्त जीव र माया वस्तुतः शक्तिसहित शक्तिमान् ब्रह्मकै अंश हुन् ।

नवधाप्रणालीबाट दिव्यत्व प्रत्यक्ष हुन्छ। त्यसरी प्राप्त परा र अपरा प्रकृतिको अभेद स्वरूप नै पाञ्चायनको पर्याय हो । चिज्जड सूक्ष्मतम दर्शनका प्रदर्शन पनि सशक्त प्रकृति नै हुन्। विशेषतः त्रिगुणात्मक पञ्चतत्त्वका अधिष्ठाता, ईश्वरकोटिका देवताहरूको आयतन पाँचभन्दा बढी प्रकारका बन्नै सक्दैनन्। अनन्त नामरूपहरू उक्त पाञ्चायतनबाटै विस्तृत हुन्छन्। त्यसैले पाञ्चायतन पूजा सगुण साकार ब्रह्मकै मूर्तिपूजाको केन्द्रबिन्दु मानिएको हो । इष्ट पाञ्चायतनमा श्रद्धापूर्वक भक्ति गर्नु भनेको पञ्चज्ञानेन्द्रियको ईश्वरसमान मानिने मनलाई अनन्य भावले आफ्नो इष्ट आत्मामा समर्पण गर्नु नै हो। प्रतीकात्मक रूपमा पञ्चतन्मात्राका सूक्ष्म आयतन चन्दन, फूल, धूप, दीप, नैवेद्यमा भावसमर्पणलाई पञ्चोपचारविधि मानिन्छ। तत्त्वतः विषयेन्द्रिय सन्निकर्षजन्य अनुभवप्रति मनको आसक्ति नरहोस् भनेर सङ्कल्प नै आफ्ना इष्ट पाञ्चायनमा समर्पण गर्ने हो। कर्मक्षेत्रमा प्रयोग हुने **आत्मा** सङ्कल्पविकल्परहित मनकै पर्याय हो। वैदिक, तान्त्रिक र लौकिक विधिद्वारा

आसक्ति समर्पण गरी मनलाई निर्विषय पार्नु पूजाको तात्पर्य हो । आत्मसमर्पण भनेको मनोभाव ईश्वरमा समर्पण गर्नु हो । श्रोत्रीय ब्रह्मनिष्ठ गुरु ईश्वरसमान हुने हुँदा गुरुबाट भगवद्भक्तिको ज्ञान पाएका सम्यक् ज्ञानमार्गीहरू उत्तम भक्त भनिएका हुन् । त्यसैले भगवान् भन्नुहुन्छ भक्तहरूमा ज्ञानीभक्त मेरो प्रिय हुन्छ । पञ्चदेवमा आफ्ना इष्टलाई अन्य चतुरावरणरहित शैव वैष्णवादि एकाङ्गी स्वरूप इष्ट हुँदा भेदबुद्धि हुने र परधर्मद्वेषी साम्प्रदायिक कलह बन्न पुग्ने हुन्छ । पाँचै शक्तिको इष्टावरण समन्वय पाञ्चायतनका उपासक **शाक्त** एवं सनातन **स्मार्त**हरू भने अद्वैत आत्माका अनन्यभक्त मानिन्छन् । वेदोक्त शक्ति प्राप्त गर्ने सनातन धर्मलाई स्मृति र स्मृतिका आचरण पालन गर्नेलाई स्मार्त भनिएको हो । पञ्चशक्तिका संयुक्त उपासकहरू तत्त्वतः अनन्य आत्मस्मरणकर्ता भएका हुनाले सनातन **स्मार्त** भनिएका हुन् । शैव, वैष्णवादि इष्ट पाञ्चायतन केवल भगवत्प्राप्तिका क्रियापक्ष हुन् । यसरी पाञ्चायनपूजाका पाँच सिद्धान्तहरू पाञ्चायनदर्शन अर्थात् आत्मउपासनाका मार्गदर्शन हुन् । अतः सबै मार्गका अनुयायीहरू स्वस्वरूप वा आत्मतत्त्व अर्थात् पाञ्चायतनीमा पुगेर प्रशान्त हुन्छन् । यो क्रियात्मक पक्षको सारांश हो ।

# परिच्छेद : चार

# पाञ्चायन उपासनाको वैचारिक विवेचन

## ४.१ परिचय

क्रियापक्षकै सिद्धान्तलाई वैचारिक एवं दार्शनिक पक्ष भनिन्छ। आनन्दस्वरूप भगवत्प्राप्तिको क्रियापक्ष पञ्चायतनपूजा र वैचाकिर पक्ष पाञ्चायन उपासना दुवै साधन हुन्। लक्ष्यमा पुग्ने साधन भएकाले अयन हुन्। त्यसैले पाञ्चायन आत्मअनुसन्धानको महत्त्वपूर्ण सिद्धान्त हो। भक्तिमार्गको क्रियापक्ष पूजा  हो भने पाञ्चायनभक्तिको सिद्धान्त दर्शन हो। पाञ्चायनको वैचारिक विवेचन यस परिच्छेदको विषयवस्तु हो। सनातनधर्ममा पाञ्चायनको दार्शनिक विचार यस परिच्छेदमा गरिएको छ।

परमात्माका सनातन सूक्ष्मतम जडचेतन अंश पञ्चतन्मात्रा र जीवको संयुक्त निरन्तरतालाई नै सनातनधर्म भनिएको हो। जीव र परम दुई उपाधिसहितको आत्मा सनातनधर्म र धर्मी रूपमा व्यवहार भएको पाइन्छ। जीव र पर दुवै उपाधि हटाउँदा बाँकी रहने आत्मा शब्द र पञ्चायतनी शब्दको तात्त्विक अर्थ फरक छैन। जीवभूत सनातन भनेका पनि आत्माकै उपाधि हुन्। आत्माको अंश जीव र जीवको उपाधि शरीर हो। शरीर पक्ष मूर्त हो भने जीवपक्ष अमूर्त हो। दुवैको संयुक्त मूर्तामूर्त स्वरूपको विवेचन यस परिच्छेदको विषयवस्तु हो। वाङ्मयहरूमा विश्लेषण भएका स्थूल, सूक्ष्म, कारण शरीर, शरीरमा विद्यमान् अन्न, प्राण, मन, विज्ञान र आनन्दमय कोशसमेत आठै अवयव जड उपाधिमात्र हुन्। यी सबै शब्द, स्पर्श, रूप रस र गन्धका विस्तार हुन्। पञ्चतन्मात्रा र सत्व, रज, तम (ज्ञान, लोभ, अज्ञान)

तीन गुण मिलेर हुने आठसङ्ख्या पनि जड प्रकृतिकै सूक्ष्मतम स्वरूप हो ।

आठै प्रकारको जड उपाधिले आवृत्त जीवात्मा पनि परा प्रकृति नै हो । जड र चेतन दुवै प्रकृतिको पञ्चभाव समन्वयस्वरूप पञ्चतत्त्वायतन वाक्यांश मूर्तामूर्त ब्रह्मकै वाचक हो । परमात्माको उपाधि विश्व र जीवात्माको उपाधि शरीर दुवैलाई व्यवहारमा पञ्चायतन भन्दा अत्युक्ति हुँदैन । पञ्चायतनको आश्रय आत्मालाई दार्शनिक शब्दमा पञ्चायतनी भन्नु स्वाभाविकै हो ।

जीवात्माले प्राण, अपान, समान, उदान र व्यान पाँच प्रकारका वायुलाई अयन बनाएर पञ्चकोशीय शरीरलाई धान्ने हुँदा जीवात्मालाई प्राणी र प्राणीको आश्रय पञ्चायतनी भनिएको हो । जीव र भूत दुवैको सूक्ष्मतम पञ्चप्राणको समेत ज्यादै सूक्ष्म परमात्माका अंश पञ्चदेवहरू पनि सनातन हुन् । त्यसैले जीव भूतसनातनको सूक्ष्मतम स्वरूपलाई पाञ्चायन देवता भनिएको हो । पञ्चतत्त्वको विस्तार पञ्चमहाभूतले पञ्चप्राणकै आश्रयमा मूर्तरूप धारण गरेको हुन्छ । त्यसैले मूर्तिमान् पञ्चायतनको पनि आश्रय परमात्मालाई पञ्चायतनी भनिन्छ । जीवनामले पञ्च महाभूतमा सञ्चार हुने पाँच प्राणमा अनुगत दिव्य तत्त्वलाई पाञ्चायन र प्राणकै नियमनद्वारा सूक्ष्मतम तन्मात्राका अधिष्ठाता पञ्चदेवसमेत लीन रहने परमात्मालाई पञ्चायतनी भनिन्छ । पञ्चलाई नै पाञ्च पनि भनिएको पाइन्छ । पञ्चायतनी, पाञ्चायतनी र पाञ्चायन शब्दहरूको भावार्थ समान नै हो । पाञ्चभौतिक स्थूलशरीर आयातन, सूक्ष्मशरीर अयन र कारणशरीर आयतनी हो । सबैको आश्रय शुद्धचैतन्यलाई ब्रह्म, परमात्मा, भगवान् शब्दले निर्वचन गरिएको छ । ॐ शब्दब्रह्म वाच्यवाचक दुवै हो । ध्यानावस्थामा अन्तर्मनमा योगीहरूले अनिर्वाच्य स्वयंज्योतिस्वरूपको दर्शन पाए । त्यसैलाई वाणीद्वारा व्यक्त नादचिह्न ॐ चराचरको वाचक सगुणब्रह्म भनियो । यस्तो पञ्चतत्त्वकै विस्तार चराचर विश्वको निर्वचनकर्ता सगुण ब्रह्मको विवेचन दर्शनशास्त्रहरूले गरेका छन् ।

शब्दब्रह्म, ॐ मा विश्वास र पाञ्चभौतिक प्रपञ्चको कारण परमात्माको रहस्यबोध दार्शनिक विवेचनबाट हुन्छ। सगुण साकार ब्रह्म ॐ पञ्चायतनीको प्रतीक सनातन धर्मको मूलमन्त्र हो। अज्ञानका कारण विश्वमा अन्तर्निहित पञ्चायतनीको अनुभव सबैलाई हुँदैन। ज्ञानप्राप्तिको साधन परमात्माकै वाच्यवाचक ॐ को उपासनाद्वारा आफ्नै अन्तरात्माको अनुसन्धान पाञ्चायनको अमूर्तपक्ष हो[१]। शास्त्र र गुरुप्रतिको श्रद्धा राखेर सत्, असत् र सदसत्भन्दा विलक्षण तत्त्वको वाच्यवाचक ॐ को जप गरेमा स्वस्वरूपानुसन्धान हुन्छ। यस्तो पाञ्चायनप्रतिको श्रद्धाले उत्पन्न हुने आनन्दस्वरूप आफ्नै आत्मानुभव भगवान्को कृपा हो र वेदान्तको तात्पर्य पनि त्यही नै हो[२]। परमात्माको भक्तिबिना ज्ञान, कर्म र उपासना पूरा हुँदैनन्। जीवभूत सनातनको सूक्ष्मतम दर्शनलाई आत्मदर्शन र आत्मदर्शनको दर्शनीयतम वेदान्तरहस्यलाई शुद्धचैतन्यतत्त्व भनिएको हो। पञ्चायतन स्वरूप स्वयंमा अन्तर्निहित शुद्धचैतन्यको अन्वेषक सबै पाञ्चायनका भक्त हुन्। पाञ्चायनपूजाको अध्ययनको परिणाम आनन्दस्वरूप परमात्मा नै हो। जो पाञ्चायन, पञ्चायतनी दुवै क्षेत्र-क्षेत्रज्ञ संयोग स्वरूप आफ्नै अनुसन्धान हुन्[३]। वस्तुतः अन्तःकरणमा परेको शुद्धचैतन्यको सूक्ष्मतम शब्दचित्र ॐ नै वेद र वेदवेद्य ब्रह्म परमात्मा, भगवान्चाहिँ अनिर्वाच्य सत्तामात्र हो। शब्दब्रह्म

---

१. *पूर्व समाधेरखिलं विचिन्तयेदोङ्कार मात्रं सचराचरं जगत्।*
*तदेव वाच्यं प्रणवोहिवाचको भिभाव्यतेऽज्ञान वशान्न वोधतः॥ (अ.रा. ७।५।४८)*

२. *अवाङ्मनसगम्यं तं श्रुतिर्वोधयितुं सदा।*
*जीवमीशं जगद्वापि समाश्रित्य प्रवोधयेत्॥ (पञ्चदशी ८।७२)*
*वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम्। (गी. १५।१५)*

३. *इदंशरीरं कौन्तेय क्षेत्रमित्य भिधीयते।*
*एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः॥*
*क्षेत्रज्ञंचापि मां विद्धि सर्वक्षेत्रेषु भारत। (गी. १३।१, २)*
*क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विद्धि भरतर्षभ। (गी. १३।२६)*
*अनन्यचेताः सततं यो मां स्मरति नित्यंशः।*
*तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः॥ (गी. ८।१४)*
***तत्त्वमसि*** *(छान्दोग्य, ६।८।७)*

भनेको वेद र सबै वेदले मनन गर्ने पञ्चतत्त्वायतनी आत्मा (प्रत्यक्ष र अनुमान प्रमाणसमेतले व्यक्त गर्न नसक्ने शुद्धचैतन्य) बोध गराउने भएर नै वेदको विशेष महत्त्व रहेको हो । ऋचा कण्ठ गरेर पनि त्यसको रहस्यबोध हुँदैन भने त्यसको के काम ? अतः वैदिक पाञ्चायन उपासनाको रहस्य अमूर्त नै हो तापनि यहाँ मूर्त, अमूर्त, मूर्तामूर्त दृष्टिकोणहरूबाट पाञ्चायनको विवेचन गरिन्छ ।

### ४.१.१ पाञ्चायनको अमूर्त पक्ष

आत्मबोध गराउनसक्ने चार वेद र वेदवेद्य पुराणपुरुषोत्तमको स्मरण गराउनसक्ने वाङ्मय संहिताहरू इतिहास पुराणसमेत पाँचवेदका रूपमा प्रसिद्ध मानिन्छन् । पहिले परमात्मा वाचक पाँच अयन वा मार्गहरूलाई संहिताबद्ध गर्ने शब्दब्रह्मस्वरूप ॐ एकमात्र वेद थियो । त्यसले बोध गराउने पुराणपुरुषोत्तम तत्त्व पहिले ब्रह्माले स्मरण गरेका थिए । त्यसबाट चारवेद ( शब्द ब्रह्म) प्रकट गरे । तुरीयातीत (माथिको बिन्दु) को रहस्यबोध गराउने पछि अ+उ+म+तुरीय चार स्वतन्त्र चिह्नहरूको साङ्केतिक स्वरूप चार वेद र पाँचौं अमूर्ततत्त्व सङ्केत गर्ने माथिको विन्दु तुरीयातीत मानिन्छ । पञ्चतत्त्व संहितास्वरूप एकाक्षर ब्रह्म ॐ प्राचीनतम वेदहरूको वेद एकमात्र ईश्वर हो । यो ज्ञानस्वरूप पञ्चतत्त्व संहिताको विज्ञानस्वरूप चराचर जगत् नै पञ्चायतन हो । दुवैको आश्रय अनिर्वचनीयको निर्वचन गर्दा पञ्चायतनी भन्न सकिन्छ । त्यसैको अनुसन्धानका लागि परिकल्पना गरिएका पञ्चदेव यजनको सूक्ष्मतम अवस्था पाञ्चमहायज्ञ अर्थात् ॐ को जपयज्ञ नै वैदिक वाङ्मयहरूको सार हो भन्नु अत्युक्ति हुँदैन[४] । इन्द्रिय, मनसँग गाँसिएको आत्मा केवल भोक्ता हो ।

---

४. *अनादि मत्परं ब्रह्म न सत्तन्नासदुच्यते । (गी. १३।१२)*
*न सन्नचासच्छिव एव केवलम् । (श्वेता. ४।१८)*
*न सन्नचासत् सदसच्च तन्न । (महाशन्ति, २०२।२७)*
*ममैवांशो जीवलोके जीवभूतः सनातनः*

वेदका ऋचामा लुकेको सूक्ष्मतम जडचेतनको तादात्म्याध्यासस्वरूप चराचर विश्वको विशालस्वरूप बोध गर्ने सनातनधर्मी मानिस हो । धर्म उसको कर्तव्य अर्थात् स्वकर्म नै इष्टदेव यजन हो । मानवमात्रको लक्ष आनन्दको निरन्तर अनुभूति गराउनसक्ने साध्य साधन स्वरूप प्रणवःको जपलाई पञ्चमहायज्ञसरह भनिएको हो । अमूर्त आत्माको सत्ताले पञ्चतत्त्वमा रहेको सामर्थ्य मूर्तिमान् हुन्छ । पञ्चशक्तिमा रूपान्तर हुने सामर्थ्यप्रतिको दृष्टिकोणलाई अमूर्त पक्ष भनिन्छ ।

सृष्टि, स्थिति, लय, निग्रह र अनुग्रह गरी पाँच सामर्थ्य छन् । उक्त सामर्थ्यको प्रतीक अ+उ+म+तुरीय+तुरीयातीतको संहिता ॐ नै पञ्चशक्ति हो । यो वैदिक पञ्चायतनको मूलमन्त्र भएकाले मूर्तामूर्त अर्थात् ज्ञानसहित विज्ञानमूर्ति विश्वरूप हो । यद्यपि व्यवहारमा मूर्त ॐ लाई शब्दब्रह्म र त्यसबाट बोध हुने अमूर्त शुद्धचैतन्यलाई परब्रह्म भनिन्छ तापनि आत्मानुसन्धानबाट बोध हुने वेदवेद्यतत्त्व केवल सर्वान्तरयामीको अनुभवमात्र हो । ज्ञानसहित विज्ञानस्वरूप प्रकृतिपुरुषात्मक विश्वको नमूना स्वयं मानिस हो । आफ्नै स्वरूप कर्तव्यकर्मबोध गर्ने अनुसन्धानलाई वेदान्तले भक्ति अर्थात् पञ्चायतनीको प्रतीकात्मक रूपमा विवेचन गरेको पाइन्छ । त्यस्तो अनुसन्धानको मानव-आचरणलाई श्रुति र स्मृति दुवैले शब्दब्रह्म र परब्रह्मस्वरूप परमधर्म मानेको छ । यसरी पञ्चायतनीको विवेचनबाट पनि

---

*मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥*
*शरीर यदवाप्नोति... । (गी. १५।७, ८)*
*ऋग्यजु सामथर्वाख्या वेदाश्चत्वार उद्धृता ।*
*इतिहास पुराणं पञ्चमो वेदानां वेद । छान्दो ७।१।४)*
*ॐ मित्येकाक्षरं ब्रह्म । (गी. ८।१३)*
*तस्यवाचकः प्रणवः । (यो.सू. १।२७)*
*तज्जपस्तदर्थभावनम् । (यो.सू. १।२८)*
*सर्ववेदायत्पदमामनन्ति । (कठो. १।२।१५)*
*यस्तन्न वेद किमृचा करिष्यति । (ऋक्. १।१६४।३९)*
*आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिण । (कठो. १।३।४)*

भगवान्‌को मानसपूजाका रूपमा ॐ कै जप गरिन्छ। मोक्ष प्राप्तिको साधन स्मार्तकर्म मन्त्र जप र पञ्चदेवयजन ज्ञानसहित विज्ञानको सन्तुलित सेवन मानवमात्रको स्वधर्म हो भन्ने सिद्ध गर्न सकिन्छ।[५]

जडसूक्ष्मतम पञ्चतत्त्वलाई चेतनसूक्ष्मतमसरह आफूमा लिन गर्नसक्ने सामर्थ्य भएको आकाशतत्त्व महान् शक्ति हो। त्यो मानिस स्वयंमा अन्तर्निहित हृदयाकाश हो। शक्तिमान्‌को अनन्य स्मरणद्वारा आफैभित्रको पञ्चायतनी शक्ति अन्वेषण गर्ने सामर्थ्य प्राप्त हुन्छ। त्यसका लागि गरिने उपासनाको केन्द्र पञ्चायतन देवता सगुण साकार ब्रह्मसमान मूर्तपक्ष हो भन्न सकिन्छ। अनिर्वाच्य सत्ताको अनन्यस्मरण गराउने पञ्चशक्तिका उपासक भएर नै पाञ्चायन पूजकहरू सनातनस्मार्त भनिएका हुन्। सनातन स्मार्तहरूको संस्कृति नै पाञ्चायन पूजा हो। त्यसैले ॐ कारदर्शन अर्थात् आत्मवाचक वैदिक दर्शनमा आधारित पाञ्चायन दर्शनलाई पञ्चायतनको सिद्धान्त भन्नु अत्युक्ति हुँदैन। सनातनधर्म परोक्षवादी वैदिक दर्शन हो। सनातन पाञ्चभौतिक प्रदर्शन त्यसैको यथार्थ हो। पाञ्चायन दर्शनको मूलसिद्धान्त वैदिक वाङ्मय भण्डार हो। शब्दशास्त्रहरूमा उत्तम मानिएको अध्यात्मतत्त्व नै वेदवेद्य विद्या हो। त्यसलाई बोध गर्नु अमूर्त पक्ष हो। पाञ्चायनपूजा अर्थात् मूर्तपक्षको रहस्य पनि परोक्ष रूपमा आत्मबोध नै हो।[६] अमूर्त पक्षमा भावाद्वैत महत्त्वपूर्ण हुन्छ भने मूर्त पक्षमा क्रियायोग महत्त्वपूर्ण मानिन्छ। दुवै भगवद्‌भक्तिका ज्ञान र कर्ममार्ग मात्र हुन्। दुवैको गन्तव्य अद्वैत आनन्दानुभव हो।

---

*५. द्वेब्रह्मणि वेदितव्ये शब्दब्रह्म परं च यत्।*
*शब्दब्रह्मणि निष्णातः परंब्रह्मधिगच्छति॥ (महाशान्ति, २३२।३०)*
*ज्ञानं विज्ञानसहित यज्ज्ञात्वा मोक्षसेऽशुभात्। (गी. ९।१)*
*मानवानां स्वकीयकर्तव्यमेव धर्म। (दवाडी, शोधप्रबन्ध, २०४१)*

*६. आचारः परमोधर्म श्रुत्युक्त स्मार्तएव च। (मनु. १।१०८)*
*परोक्षवादो वेदोऽयं वालानामनुशासनम्। (भा. ११।३।४४)*

### ४.१.२ पाञ्चायनको मूर्त पक्ष

पञ्चमहायज्ञ मानव मात्रको कर्तव्य कर्म हो । प्रणवजप र पाञ्चायनपूजा दुवै सनातन कर्म धर्मअन्तर्गत पर्दछन् । श्रुति, युक्ति, अनुभूति र आप्तवचन समेतले पाञ्चायन पूजाको समर्थन गरेका छन् । पञ्चायतनको नमूना स्वयं साधकलाई यज्ञद्वारा यज्ञमय बनाएर पञ्चभावसहित आत्मालाई ब्रह्ममय बनाउने वैदिक पाञ्चायनपूजा अध्यात्मदर्शनको क्रियायोग हो । मानिसमात्रका तपस्याका सर्वोत्तम मार्ग शारीरिक तप पनि देव यजनलाई मानिन्छ । पाञ्चायन देवताहरूलाई इष्टावरण भेदले उपासकलाई अद्वैत परमात्मामा पुऱ्याउने पाँच अयन मान्न सकिन्छ । पञ्चायन मूर्तिपूजा उपासकको स्वरूपानुसन्धानसरह नै मानवमात्रको सनातन धर्म हो । वेदले प्रतिपादन गरेको आत्मतत्त्व र प्रचलित शारीरिक र वाङ्मय तप वैदिक क्रियायोग हुन् । यसरी पाञ्चायनपूजा त्यसैको मूर्त पक्ष हो ।[७]

पञ्च महायज्ञ र पाञ्चायन यजनजस्ता शब्दहरू पूजा, उपासना, भक्तिकै पर्यायका रूपमा प्रयोग भएको पाइन्छ । विधिपूर्वक अग्निस्थापना गरेर घ्यू, चरु, समिधा आदि वस्तुमा सङ्कल्प समर्पण गरी आहुति गर्नुलाई यज्ञ र विधिपूर्वक स्थापित पञ्चायतनमूर्ति वा शालग्रामशिला आदि पाँच देवताहरूमा ससङ्कल्प गन्ध, पुष्प, धूप, दीप, नैवेद्यादि वस्तुको समर्पणलाई पूजाका आधार मानिन्छ । वास्तवमा यज्ञ र पूजा सर्वशक्तिमान्लाई वस्तुविशेषमा भावसमर्पण गरी शरणागत हुने विधि मात्र हुन् । उपासनाको शाब्दिक अर्थ समीपमा (कत्ति पनि दूर नभई) बस्नु भन्ने हुन्छ । उपनिषद् भनेको पनि समीपमा वस भन्ने नै हो । उपनिषद् शब्दको तात्पर्य पनि सर्वशक्तिमान्को नजिक हुनु नै हो । स्वयं जगत्का अन्तर्यामी हिरण्यगर्भले धर्माधनाको माध्यम यज्ञ वर्णाश्रमादि शारीरक

७. *स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते । (गी. १७।१५)*
*देवद्विजगुरुप्राज्ञपूजनं... शारीरं तप उच्यते । (गी. १७।१४)*
*अध्यात्म ज्ञान नित्यत्वं तत्त्वज्ञानार्थ दर्शनम् । (गी. १३।११)*
*अध्यात्म विद्या विद्यानाम् । (गी. १०।३२)*

तपसहित पाञ्चभौतिक शरीरको सृष्टि गरेका हुन् । मानिसका आ-आफ्ना वर्ण र आश्रममा गरिने क्रियाहरू गरेर भावशुद्ध गर्नु स्वकीय कर्तव्य अर्थात् स्वस्वरूपानुसन्धान हो । यही नै स्वधर्म हो ।

आत्मतत्त्वबोधका प्रमुख दुई मार्ग मानिएका सांख्य र योग वैदिक देवयजनका साधन हुन् । दुवैलाई समस्त देवयजनमा कुशल क्रियायोग अर्थात् सनातन धर्मका रूपमा लिइन्छ । यस्तो रहस्यबोध नगराउने वेद ऋचाको काम छैन[८] । तपस्वी, ज्ञानी, कर्मी सबैमा श्रेष्ठ मानिएका योगीहरू देवयजनका रूपमा नित्य पञ्चदेवस्मरण गर्दछन् । सगुण साकार पञ्चतत्त्वायतनलाई साधन बनाएर त्यसैका आश्रय पञ्चायतनीलाई नित्यस्मरण गर्नु योगीहरूको स्वधर्म हो । त्यसैगरी स्वकर्ममा कुशल स्मार्त गृहस्थहरू कर्मयोगी ठहर्छन् । निष्काम भावले नित्यकर्म गर्नेहरू दुःखसंयोगस्वरूप अनात्मवस्तुबाट मनलाई वियोग र सनातन आत्मतत्त्वप्रति संयोग गर्न कुशल मानिन्छन् । वैदिक पञ्चमहायज्ञको रहस्य पनि दुःखको आत्यन्तिक निवृत्ति नै हो । पाञ्चभौतिक शरीरधारीहरूमध्ये श्रेष्ठप्राणी मानिसको चरमलक्ष्य परमानन्द प्राप्त गर्ने पञ्चदेव उपासना उत्तम क्रियायोग हो । यो नै वैदिक दर्शनको मूर्तपक्ष हो भन्नु अतिशयोक्ति हुँदैन ।[९]

---

८. *स्वाध्यायेन ब्रतैर्होमै स्त्रैविद्येनेज्यया सुतैः*
*महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनु ॥ (मनु. २।२८)*
*यस्मिन् देवा अधिविश्वे निषेदुः । यस्तन्नवेदः किमृचाकरिष्यति ॥ (श्वेता. ४।८)*

९. *सहयज्ञा प्रजासृष्ट्वा पुरोवाच प्रजापति । (गी. १३।१०)*
*यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् । (शु. यजु. ३१।१६)*
*अग्नौ प्रस्ताहुतिः सम्यक् आदित्यमुपतिष्ठते ।*
*आदित्याज्जायते वृष्टि वृष्टेरन्नं ततः प्रजा ॥ (मनु. ३।७६)*
*अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।*
*यज्ञात्भवति यर्जन्यो यज्ञः कर्मसमुद्भव ॥*
*कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।*
*तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥ (गी. ३।१४, १५)*
*तपस्विभ्योऽधिकोयोगि ज्ञानिभ्योऽपि मतोऽधिक ।*
*कर्मिभ्यश्चाधिको योगि तस्माद्योगी भवार्जुन ॥ (गी. ६।४६)*

परमात्मालाई नित्यस्मरण गर्नु पनि स्मार्तकर्मअन्तर्गत पर्छ। स्मृतिप्रतिपादित कर्म गर्नेहरू स्मार्त कहलाउँछन्। प्राचीनतम स्मृति मनुस्मृति रहेको र यसलाई मनुले रचना गरेका थिए भन्ने मानिन्छ। मनुस्मृतिले गृहस्थहरूले गर्नुपर्ने पाँच किसिमको कर्महरूको विधान गरेको छ। देव, पितृ, ऋषि, मनुष्य र पशुपक्षी आदि प्रमुख पाँचप्रकारका पाञ्चभौतिक आवरणले आवृत्त आत्माहरूलाई तृप्त गर्नु महायज्ञको लक्ष्य भनिएको छ। होम, तर्पण, स्वाध्यायनाध्यापन, अतिथिसेवा र भूतवलिलाई पञ्चमहायज्ञ भनिन्छ। यस किसिमका आचरणद्वारा सिद्धि प्राप्तिको कुरा भनिएको छ।[१०]

कर्तव्याकर्तव्य निर्धारण गर्ने शिवशक्तिस्वरूप अद्वैत ब्रह्म अर्थात् महान् आकाशको शब्दचित्र ॐ नै प्रथमवेद एवं पाञ्चायनको मूलमन्त्र हो। माया महेश्वर स्वरूपमा ॐ कार उपासनाद्वारा आत्मस्मरण गर्ने स्मार्त कर्मलाई हिन्दुसंस्कृतिमा पूजादिमा अनुराग अर्थात् भगवद्भक्ति नै भन्ने गरेको पाइन्छ।

शब्दब्रह्मको प्रतिपाद्य तत्त्व परब्रह्मलाई दिव्यात्मा, मृतात्मा मुक्तात्मा, मनुष्यात्मा र भूतात्मा गरी पाँच प्रकारका नामरूपसँग तुलना गरिएको छ। त्यस्तो अभेदस्वरूपलाई मायामहेश्वर नै मानेर आफूमा अन्तर्निहित भावहरूलाई पाञ्चभौतिक आयतनबाट वियोग र शुद्धात्मतत्त्वमा संयोग गर्नु पाञ्चायन भक्ति अर्थात् सनातनस्मार्तकर्म हो। चराचरको भरणपोषण निरन्तर

---

*दैवमेवापरे यज्ञं योगिनः पर्युपासते। (गी. ४।२५)*
*तस्माद्योगाय युज्वस्व योगः कर्मसु कौशलम्। (गी. २।५०)*
*तं विद्या दुःखसंयोगवियोग योगसम्मितम्। (गी. ६।२३)*
*ज्ञान योगेन सांख्यानां कर्मयोगेन योगिनाम्। (गी. ३।३)*
*सांख्ययोगौ पृथग्वालाः प्रवदन्ति न पण्डिताः। (गी. ५।४)*
*एकं सांख्यं च योगं च यः पश्यति स पश्यति। (गी. ५।५)*

१०. *पञ्चक्लृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनम्। (मनु. ३।६९)*
*ब्रह्मयज्ञो नृयज्ञश्च दैवयज्ञश्च सत्तम।*
*पितृयज्ञो भूतयज्ञः पञ्चयज्ञाः प्रकीर्तिताः॥*
*अध्यापनं ब्रह्मयज्ञ पितृ यज्ञस्तु तर्पणम्।*
*होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्॥ (मनु. ३।७०)*
*स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दन्ति मानवः। (गी. १८।४६)*

हुनुलाई दिव्यकर्म मानिन्छ। सर्वान्तरयामी देवतत्त्वकै उपर्युक्त पाँच स्वरूप नै ईश्वरकोटिका पञ्चदेव नामरूपले निर्वचन भएका हुन्। सबै वर्णाश्रमी सनातन धर्मानुयायीहरू मूलप्रकृतिको आश्रय शब्द गुणात्मक आकाशको गुण अर्थात् ॐकारका उपासक हुन्। शैव, वैष्णवादि पृथक्पृथक् होइनन्। (पञ्चशक्तिका माध्यमले शक्तिमान्को स्मरण गर्ने सबै स्मार्तहरूलाई शाक्तका रूपमा लिन सकिन्छ। पञ्चशक्तिबिना शक्तिमान्को प्राकट्य हुँदैन, त्यसैले प्रणवसहित वेदमाता गायत्री मन्त्र जप गर्ने सबै शाक्त शैव, वैष्णवहरू हुन्।[११] सनातनशक्ति प्रकृतिपरमेश्वरको अनुशरण गर्ने र शक्तिमान् निर्गुण, निराकार, निर्विशेषको नित्य स्मरणकर्ता पाञ्चायन उपासक हुन्। उनीहरूलाई नै सनातन वर्णाश्रम धर्मानुयायी भनिएको हो।) अनिर्वाच्य शक्तिमान्का ज्ञान, बल र क्रियास्वरूप पञ्चतन्मात्रा र पञ्चप्राणको समन्वयस्वरूप पञ्चायतनशक्तिको अनुसरण भन्नु पञ्चतत्त्वका अधिष्ठाता विष्णु, सूर्य, देवी, गणेश र शिवको उपासना हो। शरीरधारीलाई निराकारको रूपमा उपासना असम्भव प्रायः छ। प्रकृति पुरुषको अभेदस्वरूप चराचरविश्व पाञ्चायनलाई नै ब्रह्म कल्पना गरी आ-आफ्ना स्वभाव र गुणअनुरूप पञ्च पाञ्चायनको समन्वयात्मक स्वरूपको सगुण साकार उपासना सुगमतापूर्वक हुन्छ। पञ्चतत्त्वको सदुपयोग गर्नु पाञ्चायनपूजा हो। यस्ता पञ्चायतनी स्मार्तहरूले अन्तरयामी तत्त्वको नित्यस्मरण गरेर परमानन्दस्वरूप नै प्राप्त गर्दछन्। चराचर विश्वबाटै पाञ्चायन दर्शनको सूक्ष्मतम अनुभूति प्राप्त हुनसक्छ। ती आफ्नै स्वरूप वा आत्मतत्त्वकै अनुसन्धान गर्दछन्। त्यसैले सबै सनातन प्रकृतिका उपासकहरू शाक्त र वैदिक ज्ञानका उपासक स्मार्त भनिएका हुन्। स्वाभाविक ज्ञान, बल र क्रिया आदि पञ्चशक्तिसहित शक्तिमान्को अनन्य स्मरण भक्ति गर्ने हुन्।

शरीरधारीहरूको उपासनामा सुगमता ल्याउन पञ्चभूत, पञ्चप्राण,

---

११. *सर्वेशाक्ता द्विजाः प्रोक्ता न शैवा न च वैष्णवा।*
*उपासते ह्यादिशक्तिं गायत्रीं वेदमातरम्॥ (कुलार्णवरहस्यः, पृ. १४) (चित्र : परिशिष्ट ७)*

पञ्चज्ञानेन्द्रिय, पञ्चतन्मात्रा र अन्तःकरणले आवृत्त चिदाभास समेत पच्चीस तत्त्व समन्वयको विराट् पञ्चायतनका रूपमा परिकल्पना हुन्। त्यस्तो चिज्जडसूक्ष्मतम शुद्धचैतन्य तत्त्व सम्बन्धको नमुनास्वरूप स्वयं साधक पनि ब्रह्माण्डकै पिण्ड पञ्चायतनी हो। देवताहरूको स्वरूप विश्व र त्यसकै नमुना मनुष्य स्वयं भएकाले स्व-स्वरूपको अनुसन्धान गर लक्ष्यमा पुगिन्छ भन्ने नै वेदान्त दर्शनको तात्पर्य हो। सर्वान्तरयामी, सर्वभूताश्रय आत्माको प्रत्यक्ष अनुभव गर्ने सामर्थ्य प्राप्त होस् भनेर भगवान् र ऐश्वर्यभावको सामूहिक भक्ति गर्नु मानवस्वभाव मानिन्छ। सच्चिदानन्दज्ञान र तेज पञ्चभावको अभेद स्वरूप पूज्यतत्त्व हो। स्वयंमा विद्यमान् सद्भाव शिव, चिद्भाव विष्णु, आनन्दभाव देवी ज्ञानभाव गणेश, तेजोभाव सूर्य पूज्य पञ्चदेव मानिन्छन्। उपर्युक्त पाँचै शक्तिको संयोगलाई **तत्त्वमसि** महावाक्यले व्यक्त गरेको छ। तात्त्विक रूपमा सबै दर्शनहरूमा शक्ति र शक्तिमान्को आश्रयलाई अभेदरूपमा हेरिन्छ। पञ्चशक्ति आश्रित शिवतत्त्व निर्गुण निराकार, निर्विशेष हुँदाहुँदै सगुण, साकार, सविशेष शक्तिको सामञ्जस्यस्वरूप हो। सुमधुर गायन गायकसँग सामञ्जस्य हुन्छ र गान सुनेपछि गायकको अस्तित्व सिद्ध भए जस्तै शक्तिप्रदर्शनबाट शक्तिमान् शिव तत्त्व सिद्ध हुन्छ। जगत् प्रपञ्चरूप विश्वको गुण भनेको पञ्चतत्त्वमा मिश्रित सत्त्व, रज र तम भाव नै हो। निर्गुण निराकारको उपासना प्रत्यक्ष हुँदैन, सगुण साकार पञ्चायतन अद्वैत हुँदैन। सत्त्व, रज, तम मिश्रित पञ्चतत्त्व द्वैत, अद्वैत, द्वैताद्वैत आदिमा विवर्त वा परिणत भइरहन्छ। उपास्य र उपासक दुई भएपछि, उपासना अद्वितीयकै हुने गर्छ। सम्पूर्ण वेद, वेदान्तकृत्, वेदविद् शिवतत्त्व सबैका हृदयमा रहने आत्मा अद्वैत भए तापनि वेदका छयानव्वे प्रतिशत मन्त्रहरू कर्म र ज्ञानकाण्डसँग सम्बन्धित अद्वैत सिद्धिका साधन हुन्। केवल चार प्रतिशत मन्त्र अद्वैत आत्मस्मरण गर्ने उपनिषद् हुन्। अनन्तकोटि ब्रह्माण्डका दृश्यप्रपञ्चहरू सृष्टि, स्थिति, लय निग्रह र अनुग्रह जस्ता परिणाम वा विवर्तहरू अद्वैत ब्रह्मकै विद्या र अविद्या दुई शक्ति खेल मानिन्छन् आनन्दस्वरूप अद्वितीय

ब्रह्म केवल स्मृति (स्मरण) मात्र हो ।

अविद्याशक्तिले जीवलाई पशुसमान पाशोमा बाँध्दछ। विद्याशक्तिले पशुसमान जीवलाई पाशबाट मुक्त गर्दछ। शक्तिमान्, पशुपति सदा शुद्ध, बुद्ध, मुक्त नै छ। ब्रह्ममा निहित बन्धमोक्ष दुवै सामर्थ्यलाई शक्ति भनिएको हो। चार प्रकारका ब्रह्म सामर्थ्यहरू छन्, त्यसैलाई शक्तिका भेदका रूपमा सृष्टि, स्थिति, लय, तुरीय मानिन्छ। **तुरीयशक्ति** सर्वदास्वरूपप्रकाशिनी शक्ति हो। यो शक्तिले सृष्टि रूपमा ब्रह्मा, स्थिति रूपमा विष्णु र लय रूपमा शिवस्वरूप प्रकाशित हुन्छ। यसरी निर्गुण ब्रह्मलाई सगुण ब्रह्ममा परिवर्तन (विवर्त) गर्ने सामर्थ्य नै **कारणशक्ति** नामले प्रसिद्ध छ। कारणशक्ति नै विद्या र त्यो अविद्याका रूपमा स्वयं प्रकाशित हुन्छ। सृष्टिका निम्ति ब्राह्मीशक्ति, पालनाका निम्ति वैष्णवीशक्ति र लयका निम्ति माहेश्वरी नामले **सूक्ष्मशक्ति** नै रूपान्तरित हुन्छन्। त्रिशक्तिले सूक्ष्म रूपमा रहेर ब्रह्मा, विष्णु, शिवलाई शक्तिमान् बनाउँछ। शक्ति र शक्तिमान्‌का सामञ्जस्यले सृष्टि, स्थिति, लयको नित्यकर्म निरन्तर भइरहन्छ, तुरीयातीत सूक्ष्मतम महाशक्ति त्यसको कारण हुन्छ। स्थूलरूपमा पृथिवी, जल, तेज र वायु चार भेदलाई आकाशकै **शक्ति** भनिन्छ। यसैबाट सम्पूर्ण सांसारिक क्रिया भइरहन्छ। यसरी निर्गुण-निराकार तुरीयातीत सत्ता नै तुरीय, कारण, सूक्ष्म र स्थूल चार आवरण शक्तिभेदले सगुण साकार पञ्चदेव बन्न गएका हुन्। उपासनाका चित्, तेज, शक्ति, ज्ञान र सत् गरी पाञ्चायन पूजाको पाँच रहस्य हुन्। ब्रह्मकै तुरीय शक्ति गुणमयी दैवी माया हो। त्यो पार गर्न ज्यादै कठिन छ तापनि ब्रह्मउपासकहरूले सजिलै पार गर्न सक्दछन्। त्यस्तो ब्रह्मसत्ता सगुण साकार स्थूल रूपमा प्रदर्शित हामीहरूकै हृदयमा कूटस्थ रूपले रहेको हुन्छ। चार प्रकारका शक्ति मन, बुद्धि, अहंकार र चित्तसमेत पार गरी अन्तर्यामी, परमात्माको शरणगत हुनु भनेको पाञ्चायन र वेदान्त दुवैको रहस्य हो। पाञ्चायनशक्ति उपासना अर्थात् आत्मतत्त्वानुसन्धानको तात्पर्य पनि त्यही हो। स्मृतिग्रन्थहरूमा प्राणापानका गति, पञ्चप्राणका अयनलाई स्थिर गरी आत्मस्मरण गर्ने कुरा

विभिन्न रूपमा विवेचन भएका छन्[१२] ।

शक्ति र शक्तिमान्लाई माया र महेश्वर मान्ने उपनिषद् दर्शनकै प्रदर्शन यो चराचरविश्वरूप स्वयंसिद्ध पञ्चायतन सरह सनातन क्रियायोग हो। विश्वको सूक्ष्मतम विवेक भनेको माया र महेश्वरको यथार्थबोध हो। शक्ति र शक्तिमान्को अभेदस्वरूप प्रपञ्चको नमुना मनुष्य नै हो। मनुष्यको आश्रय विश्व भनेकै अग्नि, वायु, चन्द्रमा, वसु, रुद्र आदित्यादि देवताहरूको समेत निवासस्थल हो। जो छ त्यो माया महेश्वरकै अभेद स्वरूप हो। त्यसको परिभाषाका क्रममा ब्रह्म, परमात्मा भगवान् शब्दद्वारा सम्बोधित भएका हुन् तर सबै शुद्धचैतन्य, तुरीयातीत सत्तामै आश्रित छन्। उही शक्तिमान्का कृपाविना उसलाई अनुभव गर्ने शक्ति प्राप्त नहुने भएकाले कृपा प्राप्त गर्न उपासनाद्वारा शक्तिमान्को भक्ति गर्नुपर्छ। श्रुति, स्मृति, पुराण र आगम सवै शास्त्रहरूको रहस्य भगवान्को भक्ति अर्थात् आत्मानुसन्धान नै हो। पूजादिमा अनुराग भन्नु नै भक्ति हो। पाञ्चायन पूजामा आसक्ति भनेको शुद्ध अन्तःकरणमा चैतन्यरूपले रहेको सर्वान्तरयामी तत्त्वको चित्, तेज, शक्ति, ज्ञान र सत् भाव स्मरण या भजन हो। अतः सबै सगुणसाकारका उपासक शुद्धचैतन्य अर्थात् पञ्चायतनीकै भक्त हुन्।[१३] तर वासुदेवकै विवर्त यो

---

१२. *दैवमेवापरे यज्ञं योगिनः पर्युपासते। (गी. ४।२५)*
*दैवकर्मणियुक्तो हि विभर्तीदं चराचरम्। (मनु. ३।७५)*
*देवान्भावयतानेन ते देवा भावयन्तु वः।*
*परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥ (गी. ३।११)*
*आत्मसंयम योगाग्नौ जुह्वति ज्ञानदीपिते। (गी. ४।२७)*
*प्राणापानगती रुध्वा प्राणायाम परायणाः। (गी. ४।२९)*

१३. *परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबलक्रिया च ॥ (श्वेता. ६।८)*
*वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम्।*
*ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥ (भा. १।२।११)*
*क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्त चेतसाम्।*
*अव्यक्ता हि गतिर्दुःखं देहवद्भि रवाप्यते ॥ (गी. १२।५)*
*येऽप्यन्य देवता भक्ता यजन्ते श्रद्धयान्विताः।*
*तेऽपि मामेव कौन्तेय यजन्त्य विधिपूर्वकम् ॥ (गी. ९।२३)*
*वासुदेवे भगवति भक्तियोगः प्रयोजितः। (भा. १।२।७)*

पञ्चायतन हो भन्ने ज्ञान भएका महात्मा (भक्त)हरू भने ज्यादै दुर्लभ छन् । किनभने तुरीय, कारण, सूक्ष्म र स्थूल चतुर्व्यूह शक्तिले आवृत्त छन् । आवरण रहेसम्म शक्तिमान्, तुरीयातीत तत्त्व सबैमा सजिलै प्रकाशित हुँदैन । अनन्य रूपमा वासुदेवको स्मरण गर्ने भक्तलाई भने सजिलै तत्त्वबोध हुन्छ ।[१४] सनातन पञ्चशक्ति उपासनाद्वारा शक्तिमान्को भक्ति गर्ने वर्णाश्रमधर्मीहरू आफ्नो कर्तव्य कर्मलाई पञ्चमहायज्ञ र आफूलाई सनातन हिन्दू भन्न रुचाउँछन् । हिन्दूहरूको नित्यकर्म (देवात्मा, पितृ, आत्मा, मुक्तात्मा, मनुष्यात्मा, अन्यभूतात्माको सेवा) नै पञ्चमहायज्ञ हो । स्मृति प्रतिपादित कर्तव्यकर्म प्रतीकात्मक रूपमा पाञ्चायनपूजा हो । त्यसैले नित्य पाञ्चायन उपासक शाक्त र स्मार्त दुवै हुन् । सबै यज्ञकर्म गर्नुभन्दा पहिले पञ्चदेवको समेत आश्रयको स्मरण दैनिक कर्तव्यका रूपमा गर्नु भन्ने निर्देशन स्मृतिहरूको छ ।

सबै स्मार्तहरूको कर्म ज्ञानमा र ज्ञान यज्ञपुरुषमा समर्पित भएपछि कर्तव्य पूरा हुन्छ । सर्वश्रेष्ठ यज्ञ जप हो । त्यसको मूलमन्त्र ॐ अर्थात् वेद ज्ञानस्वरूप हो । त्यसैको विवर्त वा परिणाम प्राणेन्द्रिय मनोमय-आत्मेन्द्रिय मनोयुक्त जीवात्मामा श्रेष्ठ मानिस विज्ञानस्वरूप हो । त्यसको उपासक मानिस पनि स्वभावैले ज्ञानसहित विज्ञानमूर्ति हो । स्वतः सत्तासिद्ध नित्यसर्वगत आनन्दलाई आवृत्त गर्ने पञ्चतन्मात्रा र पञ्चभावयुक्त प्रकृति नै उपासनाको साधन योगमाया शक्ति हो । मायाले नियन्त्रणमा राखेको जीवात्मा योगमायावृत्त परमात्मालाई जान्न समर्थ हुँदैन । मायाको संसारमा दुःख छ, दुःख त्याज्य हो, त्यागको उपाय पनि छ तर यो सबै जान्न जीवात्मालाई ज्ञानशक्ति आवश्यक छ । त्यो उही स्वतः सत्ताको कृपाबाट प्राप्त हुन्छ । परमात्माका कृपाले पञ्चशक्तिको सामर्थ्य प्राप्त गर्नु मानिसको पुरुषार्थ एवं स्वधर्म हो । शक्ति र शक्तिमान् अभिन्न रूपमा रहेको हुन्छ । निर्गुण निराकार

---

१४. *अनन्यचेताः सततं योमांस्मरति नित्यशः ।*
*तस्याहं सुलभः पार्थ नित्य युक्तस्य योगिनः ॥ (गी. ८।१४)*

निर्विशेष सर्वशक्तिमान् तत्त्वको नित्यस्मरण सर्वश्रेष्ठ उपासना ठहर्छ। भगवान्को नित्य सङ्कीर्तन कलियुगको उत्तम साधन मानिन्छ। परमात्माको नित्यस्मरण दृढ पार्ने साधनहरू क्रियायोग मानिन्छन्। जीवात्मा परमात्माको अंश भएकाले अंशीलाई प्राप्त गर्नु उसको स्वभावै हुन्छ। त्यसैले वैदिक वाङ्मयहरूमा अध्यात्मयोगलाई मानिसमात्रको उत्तम क्रियायोग भनिएको हो। विद्याहरूमा श्रेष्ठ अध्यात्मविद्या हो। वेदले त्यस्तो अक्षर (नाश नहुने) विद्यालाई नै यज्ञपुरुष भनेकै छ। स्मृतिहरूले त्यसैको अनुसरण गर्छन्। त्यो अक्षरातीत स्वयंसिद्धसत्ताको एक चौथाइ योगमायाले आवृत्त छ। त्यसैको छायाले जीवभूत सनातनलाई ढाकेको छ। शक्ति र शक्तिमान्को सूक्ष्मतम स्वरूप अपरा र परा प्रकृतिले सनातन धर्मको मूर्तरूप चराचर विश्वलाई धानेको छ। अमृतमय परमेश्वरको तीन चौथाई ब्रह्मलोकभन्दा पनि पर अनिर्वचनीय मानिन्छ। प्रकृति, पुरुष, अपरा, परा, क्षेत्र, क्षेत्रज्ञ आदि अनिर्वचनीयका निर्वचन गर्ने शब्द मात्र हुन्। एक चौथाई ब्रह्मसत्ताले ब्रह्ममय नै छन्। सगुण साकार ईश्वरकै वाचक शब्दब्रह्म पञ्चतत्त्वावृत्त आत्माकै वाच्य मानिन्छ। परा प्रकृतिको नमुना इन्द्रिय, प्राण, मनयुक्त आत्मालाई वेदले तिमी नै हौ भनेको हुँदा स्मृतिहरूले त्यसैलाई जीव भूतसनातन भनेका हुन्।

वेदको पुरुष वा आत्मा पनि त्यही जीवभूत सनातनकै अंशी हो। सनातन धर्मका चार लक्षणहरूमा अन्तिम मोक्ष भनेको श्रुति, स्मृति, सदाचारजस्ता क्रियायोगद्वारा आफ्नै अन्तरात्माको अनुसरण गर्नु पाञ्चायन उपासना हो। शुद्ध आत्मा भनेको सुख दुःखरहित तत्त्व हो। यो अनुभव सबैलाई सजिलै प्राप्त हुँदैन। जीवात्मा भनेको सुख दुःखसहितको आत्मा हो। केवल आत्मप्रेम हुनलाई सुख, दुःख दुवै त्याग्न सक्नुपर्छ। आनन्द ब्रह्मको अंश जीवात्मा, स्वभावैले आनन्द चाहने हुँदा आनन्दकै आभास सुख त्याग्न सक्दैन। सुखदायक सांसारिक वस्तु नै त्याग्न गाह्रो छ। सांसारिक विषयसँग इन्द्रियसंयोगजन्य आनन्दको आसक्ति शरीर छाड्दा पनि सँगै जान्छ। सुख

क्षणिक, सीमित र नित्य क्षीण हुँदै जाने भएकाले परमार्थतः त्यो पनि दुःखै हो । त्यसैले स्वभावैले अपनाउने सांसारिक सुख समेतलाई वियोग गर्नसक्ने उपाय जीवात्मा र परमात्माको संयोगमात्र हो[१५] । पाञ्चायन देवतालाई पञ्चोपचार स्वरूप पञ्चतत्त्वमा आसक्त भावसमर्पण गर्नु आत्मशुद्धिको उपाय हो । परमात्माकै प्रतीक सगुण साकार पञ्चायतनमा आसक्ति त्यागको भाव अर्पणले जीवात्मा शुद्ध हुन्छ। भगवान्‌को भक्ति अर्थात् जीवात्मा र परमात्माको संयोगको उत्तम क्रियायोग पाञ्चायन उपासना हो । जबसम्म ज्ञान हुँदैन तबसम्म मानव मात्रका सांस्कृतिक क्रियाकर्महरू दुःखसमाप्ति, सुखप्राप्तिका लागि हुन्छन् । दुःखको आत्यन्तिक निवृत्ति भएपछि प्राप्त हुने अनुभवलाई पुनः अज्ञानले ढाक्नसक्दैन, त्यसैलाई ज्ञान भनिन्छ। सांसारिक पदार्थका कामना नराखी कर्तव्यकर्म भगवान्‌को कीर्तन, श्रवण र स्मरण गरेमा शब्दब्रह्मको ज्ञान हुन्छ । ब्रह्मज्ञानीले गर्ने वास्तविक कर्म भगवद्‌भक्ति अर्थात् पञ्चदेवयज्ञको रहस्य जीवात्मा परमात्मा संयोगसरह वेदान्तको पनि रहस्य हो ।

नारायणको स्मरण गर्ने सनातन क्रियायोग भएकाले वर्णाश्रम धर्मलाई स्मार्तकर्म भनिएको हो । सनातन धर्ममा शास्त्रीय मर्यादापूर्वक पाञ्चायनयजन (विशेषतः पञ्चदेवको सामूहिक मूर्ति पूजन गर्ने हिन्दूहरू आफ्नो लक्ष **परमानन्द** प्राप्त गर्न समर्थ हुन्छन् । वैदिक उपासनाको तात्पर्य पनि आनन्द अनुभव गराउनु नै हो। सनातनीहरूको आचरणका सवालमा वर्णाश्रम व्यवस्थामा निष्ठा राख्नु, गाईको सेवा गर्नु, वेद, गुरु, ईश्वर र आत्मा, आकाशसमान व्याप्त हुन् भन्ने विचार दृढ पार्नुलाई प्रमुख लक्षण मान्दछन् । सनातनीहरू सगुणब्रह्म अर्थात् योगमायाले युक्त महद्योनिबाट उत्पन्न चराचर

---

*१५. गी. ७।२५, ९।४, ७।१९, १६।२४*
*यजु. ३१।२, ३१।५, ३१।३*
*मनु. २।१२, २।१०, १।१०८*
*आदित्यं गगनाथं च देवीं रुद्रञ्च केशवम् ।*
*पञ्चदैवत्यमित्युक्तम् सर्वकर्मसु पूजयेत् ॥ (शर्मा,* ***आह्निक सूत्रावलिः****, १६९५, पृ. १०५)*

विश्व पाञ्चायनको सजीवस्वरूपलाई अवज्ञा गर्दैनन्। सबै धर्महरूलाई समादर र सबै जीवात्माका अनुकूल व्यवहार गर्छन्, हिंसाबाट दूर रही दुःख ( पुनर्जन्म)बाट मुक्त हुन चाहन्छन्। सदा आत्मामा चित्तस्थिर र मानव मात्रको कर्तव्य आत्म प्रेमलाई नित्य आचरणमा उतार्ने जस्ता उदात्त व्यवहार भएका मानिस सनातन हिन्दू कहलिन्छन्[१६]। वास्तविक सनातनी आचारवान् पुरुष स्वयं वेद स्मृति र सदाचारको प्रतिमूर्ति हो। संस्कृति भनेका आवरण र धर्म भनेका आचरण हुन्। वर्णाश्रमभन्दा इतर संस्कृति लोकाचारमा रहेर पनि उपर्युक्त सदाचारी मानिस सनातन स्मार्त सनातनीसरह नै हुन्छन्। सर्वदेवमय विश्वको मूर्तिमान् नमुना भएकाले मानिसले मूर्तिपूजाको अवज्ञा गर्न सक्दैन। देवताको मूर्तिपूजा गर्नेहरूले मुख्यतः तीन प्रकार आध्यात्मिक, आधिदैविक र आधिभौतिक रूपमा देवयजन गर्दछन्। आत्माको मानस पूजामा प्रत्यक्ष मूर्ति नभए पनि पाञ्चायन उपासना देवयजन नै हो। सबै देवताका आयतन सोह्र कलाले पूर्ण मानिन्छन्। मूर्तिपूजामा सामग्री समर्पण गर्ने वैदिक पुरुषसूक्तका सोह्र मन्त्रहरू प्रसिद्ध मानिन्छन्। पाञ्चायन र पञ्चोपचार सोह्रकलापूर्ण ईश्वर कोटिका देवताको समन्वयात्मक पूजा हो। पृथ्वीदेखि आकाशसम्मका पाँच तत्त्वका सूक्ष्मतम पञ्चतन्मात्राकै प्रतीकात्मक चन्दन, नैवेद्य, दीप, धूप, पुष्पलाई पञ्चोपचार मान्दछन्। उपास्य देवप्रति सद्भाव राखी ससङ्कल्प उक्त वस्तु समर्पणलाई पञ्चोपचारविधि भनिन्छ। यो ज्याँदै सुगम, ज्याँदै व्यापक र वैज्ञानिक विधि भएकाले अधिकांशले पाञ्चायनको पञ्चोपचार उपासना स्वभावैले सरल ढङ्गले गरेकै हुन्छन्। अध्यात्म रूपमा देवपूजा गर्नेले आफ्नै हृदयकमलमा इस्टपाञ्चायन देवता स्थापन गरेर मानसपूजा गर्दछन्।

---

१६. *यो वर्णाश्रम निष्ठावान् गोभक्त श्रुतिमातृकः।*
*मूर्तिञ्च नावजानाति सर्वधर्मसमादर ॥*
*उत्प्रेक्षते पुनर्जन्म तस्मान्मोक्षण मीहते।*
*भूतानुकूलं भजते स वै हिन्दूरिति स्मृतः।*
*हिंसया दूयते चित्तं तेन हिन्दूरितीरितः ॥*
*विनोवा भावे, 'हिन्दू कौन ?' कल्याण (हिन्दू संस्कृति अङ्क), १९५०, पृ. ६३)*

अधिदैवरूपमा व्रतवन्धादिद्वारा इष्ट मन्त्र प्राप्त गरेपछि मन्त्रजपको नित्यकर्मसँग दिव्यस्वरूप विष्णु, सूर्य, दुर्गा, गणेश, र शिव उपासना गर्दछन् । आधिभौतिक रूपमा प्रत्यक्ष सूर्य भगवान्को प्रायः सबै मानिसले अनिवार्य रूपमा सेवन गर्दछन् । कुनै न कुनै रूपमा सूर्यबाट सेवा लिएका मानिसले सूर्यलाई कृतज्ञता स्वरूप जलमात्र भए पनि अर्धसमर्पण गर्दछन् । नारायण-विष्णुको आधिभौतिक स्वरूप जगदन्तरात्मसूर्य नै सत्वगुणद्वारा पालक भएर रजोगुणमा स्रष्टा भएर प्रकट हुन्छन् । भगवान् शिव संहारकालमा तमोगुणले आधिभौतिक रूपग्रहण गरी चराचरकै लय गर्दछन् । विघ्नहर्ता गणेश्वर भगवानको प्रकट पुराणहरूमा विभिन्न प्रकारबाट भएको बयान पाइन्छ । देवताहरूको दिव्यतेज एकत्रित भएर असुरादि विनाश गर्न भगवती दुर्गाको आधिभौतिक स्वरूप देखापर्छ । सगुण ब्रह्मोपासनामा शाक्त एवं स्मार्तहरू पाञ्चदेवयजनलाई भक्तिको उत्तम साधन मान्छन् । यसरी हाम्रा पाञ्चभौतिक स्वरूपका पूर्णब्रह्मसमान पाञ्चायनमूर्तिमा पञ्च, दश, षोडशादि उपचारले ससङ्कल्प वस्तु समर्पण गर्नु पाञ्चायन पूजाकै प्रकारान्तरमा पर्दछ ।

साधारणतः यो संसारमा सर्वदा दुई शक्तिले काम गरेको देखिन्छ । **दैवीशक्ति** र **आसुरी शक्ति ।** दैविशक्ति वृद्धिहुँदा संसार सुख, शान्ति, समृद्धिमय हुन्छ र आसुरीशक्ति वृद्धि हुँदा सुख, शान्ति, संवृद्धिमा बाधा पर्दछ । **अध्यात्म रूपले** देवउपासना, मानसपूजा गर्दा पञ्चतत्त्वप्रति अनासक्त रही निस्काम भावले सङ्कल्प समर्पण गरिन्छ । सन्तकवीरले चित्तलाई ब्रह्मानन्दमा स्थिर, शुद्धचैतन्यको नित्यस्मरण गर्न नसक्ने धर्म-संस्कृतिहरू आवरणमात्र ठहर्छन् भन्ने भावार्थको दोहा लेख्नुभएको छ । जस्तै :

"करमें तो मालाफिरे जीभफिरे मुखमा ही ।
मनुवा तो जहँ तहँ फिरे यहतो सुमिरन नाही ।"

सनातन स्मार्तहरूको सगुण पञ्चदेव उपासनाको रहस्य अद्वैत आत्मस्मरण नै हो । त्यस्तो अध्यात्मदर्शनको संस्कृति सगुण पञ्चदेव उपासना वैदिक

पाञ्चायनपूजा हो। अनन्त देवी-देवताको मूर्तिपूजामा धार्मिक सांस्कृतिक सहिष्णुताको उदाहरण पाञ्चायनपूजा हो। स्थूल, सूक्ष्म, कारण शरीरमा रहेको आत्मप्रेम सबै धर्मसंस्कृतिको लक्ष्य हो। पाञ्चायन पूजाको रहस्य पनि यही हो। श्रुतिले बताएको सगुण आनन्दस्वरूप अनिर्वचनीय आनन्द नै स्मृतिअनुसार सबै धर्मको मूल हो। त्यो आत्मा हो। श्रुति र स्मृतिमूलक विभिन्न पुराण र दर्शनशास्त्रअनुसार महात्माहरूको अनुभव मूर्त रूपमा वैदिक पञ्चायतन हुन्। यो कुरा वेदकै **तत्त्वमसि**द्वारा प्रमाणित छ। आफ्नो अस्तित्त्व विपरित वैचारिक आधारमा मात्र धर्म र संस्कृति प्रतिपादन गर्ने सिद्धान्तहरू दर्शन हुनसक्दैनन्।

श्रुति, युक्ति, अनुभूति र आप्तवाक्य चारै प्रमाणहरूले जड चेतनको सूक्ष्मतम विवेक गर्दछन्। सनातन धर्मको वैदिक पाञ्चायन उपासनालाई उक्त प्रमाणहरूले खण्डन गर्दैनन्। केवल आवरणलाई धर्म र तर्कलाई दर्शन ठानेर अज्ञानवश धार्मिक कलह हुने गरेको पाइन्छ। पाञ्चायनको वैचारिक पक्षको ज्ञान नभएका अध्यात्मदर्शनका सनातन धर्मानुयायीहरू समेत त्यस्तो धार्मिक कलहको कारक बन्ने गरेको पाइन्छ। अनेकतामा एकताको विशेषता भएको वैदिक पाञ्चायन दर्शनको मूर्त पक्ष पाञ्चायनपूजा हो।

### ४.१.३ पाञ्चायनको मूर्तामूर्तपक्ष

वेदले शब्द र परब्रह्म भनेर निर्वचन गरेको अनिर्वाच्य सत्ता नै शक्ति र शक्तिमान्को सूक्ष्मतम एवं अभेद स्वरूप हो। त्यसैलाई विभिन्न दर्शनको आधार मानिन्छ। संसारको निरन्तरता कायम राख्ने शक्ति र शक्तिमान्को अद्वितीय सामर्थ्य नै यथार्थमा सनातनधर्म हो। सनातन धर्म र त्यसको धर्मी दुवैको अद्वैतसत्ता व्यक्त गर्ने प्राचीनतम सिद्धान्त **वेद** हो। अतः सबै धर्मदर्शनहरूको मूल पनि वेद नै हो। वेदले मूर्त र अमूर्त दुवै ब्रह्मलाई मान्दछ।

निगम र आगम पद्धतिद्वारा वैदिक सिद्धान्तलाई आचरणमा उतार्नु र त्यसबाट सन्तोष अनुभव गराउनु सबै वर्णाश्रमि स्मार्तहरूको धर्म हो। निगमागमादि शास्त्रहरूको तात्पर्य आत्मामा मन स्थिर गरी आफैँमा सन्तुष्ट रहन सिकाउनु हो। ईश्वर कोटिका पञ्चदेव उपासना अर्थात् स्मार्तकर्मद्वारा मनलाई आत्मामा टिकाइराख्नु सनातन धर्मकै सर्वोत्तम क्रियायोग हो। स्वरूपानुसन्धान भनेको पनि त्यही हो।[१७] सनातन वर्णाश्रमीहरू आफूलाई स्मार्त भन्न रुचाउँछन्। हिंसाबाट चित्तलाई दूर राख्नु वर्णाश्रमी हिन्दुहरूको विशेषता हो। सनातन धर्मको विनाश हुँदैन। जो विनाश ठानिन्छ त्यो रूपान्तरण मात्र हो, हिंसा होइन। अतः सनातनीहरू आफूलाई अविनाशी भन्न रुचाउँछन्।

अजरामर मानिएको भावतत्त्व नै नाशवान् मानिने जड पञ्चतत्त्व पनि हो। त्यसैले नाश हुँदैन, परिणत हुँदा पूर्वरूप नाश भएझैँ लाग्छ। तर '**वायुमा गन्धसमान**' लीन भएर सूक्ष्म रूपमा रहिरहन्छ। कालान्तरमा रूपान्तर भएर पुनः प्रकट हुन्छ। त्यसकारण पाञ्चायन मूर्तामूर्त दुवै हो। यद्यपि जडकै

---

१७. *आत्मैव तदिदं विश्वं सृज्यते सृजति प्रभुः। (भा. ११।२८।६)*
*तस्मान्न ह्यात्मनोऽन्यस्मादन्यो भावो निरूपितः। (भा. ११।२८।७)*
*आसीज्ज्ञानमयो ह्यर्थएकमेवा विकल्पितम्।*
*तन्माया फलरूपेण केवलं निर्विकल्पितम्।*
*वाङ्मनोऽगोचरं सत्यं द्विधा समभवद् बृहत्॥*
*तयोरेकतरोह्यर्थ प्रकृतिः सोभयात्मिका*
*ज्ञानं त्वन्यतमो भावः पुरुषः सोऽभिधीयते॥ (भा. ११।२४।२-४)*
*प्रकृतिर्ह्यस्योपादानमाधारः पुरुष परः।*
*सतोऽभि व्यञ्जकः कालो ब्रह्म तत्त्रितयंत्वहम्॥ (उही १९)*
*अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः। (गी. १०।२०)*
*ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति। (गी. १८।६१)*
*मोक्षकारण सामग्र्यां भक्तिरेव गरीयशी।*
*स्व स्वरूपानुसन्धानं भक्तिरित्य भिधीयते। (वि.चू. ३२)*
*ध्यानावस्थित तद्गतेन मनसा पश्यन्ति संयोगिनो। (भा. १२।१३।१)*
*येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः।*
*तेऽपि मामेव कौन्तेय यजन्त्य विधिपूर्वकम्॥ (गी. ९।२३)*

रूपान्तर हुने भए तापनि जडतत्त्व स्वतः रूपान्तरण हुँदैन । सर्वशक्तिमान्का प्रभावले रूपान्तर हुन्छ । मूर्तलाई प्रभाव र अमूर्तलाई भाव मानेको हो । प्रभावको स्वयं सत्ता हुँदैन र प्रभावबिना भाव पनि प्रकट हुँदैन । प्रभावलीन अवस्थामा पनि सर्वशक्तिमान्को अभाव भने हुँदैन । भाव र प्रभाव अर्थात् आत्मा र पञ्चतत्त्वको संयोग र वियोगलाई जन्म र मृत्यु अर्थात् भाव र अभाव भनिएको हो । जीवभूत सनातन भनिएको पनि त्यही नै हो । सनातन, अजरामर, शाश्वत सत्ता नै पञ्चतत्त्वमार्फत् प्रत्यक्ष हुन्छ । त्यसैले क्षेत्र प्रकृति र क्षेत्रज्ञ पुरुष दुवै मूर्त र अमूर्त पाञ्चायन नै हो ।

पञ्चतत्त्वको संयुक्त मूर्ति, आत्मेद्रियमनोमय पञ्चप्राणमा रूपान्तर भयो भन्ने कुरा ज्याँदै दुर्वोध्य छ तापनि यसलाई यथार्थ जानेमा मात्र अनन्तानन्द मिल्छ भन्ने वेदान्तदर्शनको निष्कर्ष छ । अज्ञान मायाशक्तिले अनुभवकर्ता ढाकिएको छ । योगमायाशक्तिले सच्चिदानन्द ढाकिएको छ । पञ्चप्राणमा अनुगत आत्माका प्रभावले पञ्चतन्मात्रा, पञ्चभूत र चेतन विवर्त हुन्छ । तुरीय, कारण, सूक्ष्म र स्थूल चार आवरण शक्तिसहित पाँचौं सर्वशक्तिमान् सनातन तत्त्व स्मरण गर्ने स्मार्त, सनातन वर्णाश्रमीहरू मूर्तामूर्त पाञ्चायनका उपासक हुन् । पञ्चतत्त्व र जीवतत्त्व विस्तार हुनुलाई सांख्य र योग दर्शनले प्रकृति, पुरुष, विवेक र ईश्वर प्रणिधान भनेको छ । यसै आधारमा वैदिक पाञ्चायन पूजा भएको हो भन्न मिल्ने देखिन्छ । बीज वृक्ष न्यायले निरन्तर कायम रहने सनातन धर्मको कारण सविशेष ब्रह्म सृष्टि, स्थिति, लय कार्यमा सूर्य (स्रष्टा), विष्णु (पालक), महेश्वर (संहारक) विद्या र अविद्या नामले मूल प्रकृतिका रज, सत्त्व र तम गुणहरू क्रियाशील हुने मूर्तामूर्तस्वरूप हुन् ।

पाँच शक्तिको सगुण अवस्था मूर्तामूर्त ब्रह्म नै पाञ्चायन हो । पाञ्चभौतिक स्वरूप पाञ्चायन मूर्त ब्रह्म हो । त्यसको उपासनाबाट अभयस्वरूप अद्वितीय परमानन्द अमूर्त आनन्द प्राप्त हुन्छ, त्यो मानव मात्रको सनातन धर्म हो । श्रुति, स्मृति पुराण र आगमादि सबै शास्त्रहरूले यो कुरा

मानेका छन्[१८] । शास्त्रीय मर्यादामा रहेर जुनसुकै कार्य गर्दा पञ्चतत्त्वका आश्रयी अमूर्त नारायणलाई स्मरण गरेर मात्र यज्ञ गर्नु भन्ने स्मृतिको निर्देशन छ। सत्कर्मको लक्ष्य शरीरिको सहयोगले निरन्तर आत्मस्मृति नै हो। यसरी सनातन धर्म बुझेका स्मार्तहरूका निम्ति मृत्युको भय हुँदैन। सनातन धर्मको उद्देश्य मानिसलाई अभयप्रदान गर्नु हो। विश्वभरका मानिसहरू दुःख निवृत्ति आनन्दप्राप्तिका उद्देश्यले नै कर्म गर्ने गर्दछन्। वेदअनुकुल धर्म एवं दर्शनशास्त्रहरूले प्रतिपादन गरेका वर्णाश्रमादि आचरणले दुःखको आत्यन्तिक निवृत्ति हुन्छ। त्यसैले आचारलाई परमधर्म भनिन्छ। वेदमूलक स्मृति र दर्शनशास्त्रहरू आचारशास्त्र हुन्[१९] । शुक्लयजुर्वेदका माध्यन्दिन शाखाअन्तर्गत स्मार्तहरूको नित्यकर्मको सिद्धान्त **आह्निक सूत्रावलि**ले वैदिक पाञ्चायन उपासना गर्नेहरूलाई स्मृति प्रतिपादित यज्ञप्रारम्भ गर्नुपूर्व आदित्य, गणनाथ, देवी, रुद्र र केशवको पूजा गर्न निर्देशन गरेको छ। त्यसैले सबै वैदिक एवं स्मार्तहरू मूर्तामूर्त ईश्वर उपासनाको अनुशरण स्वाभाविक रूपले गर्दछन्[२०] ।

---

१८. *अनन्य चेता सततं यो मां स्मरति नितयशः ।*
*तस्याहं सुलभः पार्थ नित्य युक्तस्य योगिनः ॥ (गी. ८/१४)*
*धारणाद्धर्ममित्याहु धर्मेण विधृता प्रजा ।*
*य स्याद्धारण संयुक्त स धर्म इति निश्चय ॥ (महा. शान्ति, १०९/११)*

१९. *आचारः परमोधर्मः श्रुत्युक्त स्मार्त एव च । (मनु. १/१०८)*
*वेदोऽखिलो धर्मभूलं स्मृतिशीले च तद्विदाम् । (मनु. २/६)*
*श्रुतिस्तु वेदो विज्ञेय धर्मशास्त्रं तु वै स्मृतिः । (मनु. २/१०)*
*यज्ञदानतपः कर्म न त्याज्यं कार्यमेव तत् ।*
*यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥ (गी. १८/५)*
*ज्ञात्वा शास्त्रविधानोक्त कर्मकर्तु मिहार्हसि । (गी. १६/२४)*
*आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् । (गी. १६/२२)*

२०. *आदित्यं गणनार्थ च देवी रुद्रञ्च केशवम् ।*
*पञ्चदैवत्यमित्युक्तम् सर्वकर्मसु पूजयेत् ॥ (शर्मा, आह्लिक सूत्रावलिः, १९९५, पृ. १०५)*
*सदाशिवो महाविष्णुर्महादेवी गणेश्वरः ।*
*सूर्यश्च परिकीर्त्यन्ते सगुण ब्रह्मसञ्ज्ञया*
*एत एवामराः पञ्च सगुणब्रह्म कीर्तिताः*
*स्वस्वोपासकवृन्दानां शुभदातार ईश्वराः ॥ (सूर्यगीता, २/५६, ५७)*

वेदअनुकुल स्मृति वा दर्शन शास्त्रहरूले प्रकृतिलाई धान्ने, र परमेश्वरलाई मान्ने क्रियायोग पाञ्चायनपूजा हो । पाञ्चभौतिक शरीरमा बसेर त्यसमा अन्तर्निहित आनन्दस्वरूपको अनुभव गर्नु ईश्वरभक्ति हो। श्रुतिप्रतिपादित आत्मअनुशरण गर्ने मनु आदि स्मृतिहरूले पाञ्चायन यजनलाई नित्यकर्म मानेका हुन्। स्मृतिग्रन्थहरूका सार गणेश, देवी, सूर्य, शिव र श्रीमद्भगवद् पाँचै गीताहरूमा वाचक रूपमा पाँच पञ्चायतन र वाच्य रूपमा अद्वैत **पञ्चायतनी**कै भक्ति गर्नु भनिएको छ। यसै आधारमा शब्दकोशहरूले पाञ्चायन, पञ्चायतन र पञ्चायतनी शब्दको भावार्थ पञ्चदेव हो भनेका छन्। स्मृतिहरूको तात्पर्य स्वकर्मद्वारा आत्मतत्त्वानुसन्धान गरी त्यसैमा समर्पित हुनु अनन्य भक्त हो। पाञ्चायन पूजाको रहस्य पनि पञ्चशक्ति उपासनाद्वारा शक्तिमान्को अनन्य स्मरण गर्नु हो। अद्वैत आत्मतत्त्वको नित्यस्मरणलाई अनुभवले पुष्टि गर्ने पञ्चतन्मात्रा र पाँच ज्ञानेन्द्रियहरू पञ्चायतन अर्थात् शरीरका सूक्ष्मतम जडस्वरूप नै हुन्। पाँच अयनमा अनुगमन गर्ने पाँच प्राणका सूक्ष्मस्वरूपको पनि आश्रय मन पनि सूक्ष्मतम जडतत्त्व नै हो। तर मन नै त्यस्तो साधन हो जो चेतन आत्मामा अनन्य भावले लीन हुनसक्छ। यसरी पञ्चायतनीको पाँच शक्तिसामर्थ्यस्वरूप पाँच प्रकारकै पाञ्चायनसमेत लीन भएको शुद्धचैतन्यको प्रतीक ॐ पाञ्चायनको मूर्तामूर्त पक्षकै मूलमन्त्र हो। पञ्चायतन शब्दले मूर्तस्वरूप विश्व र पाञ्चायन शब्दले अमूर्त स्वरूप विषयलाई बुझाउँछ। पञ्चायतनी भनेको ज्ञानविज्ञानकै आश्रय शुद्धचैतन्य हो। पञ्चायतन र पाञ्चायन शब्दहरू अनिर्वचनीय आश्रयतत्त्व अभिव्यक्त गर्ने साधनमात्र हो। ज्ञानविज्ञानको आश्रयको पनि भावार्थ पञ्चायतनीचाहिँ साध्यसरह नै हो। सनातन धर्मका सबै क्रियायोगहरू शक्तिमान्का मूर्तामूर्त पक्षका निरन्तरता हुन्। पञ्चदेवको सगुणोपासनाबाट अनन्तानन्द अनुभव गर्नु स्मार्तकर्मको रहस्य हो।

अन्तःकरणलाई परमानन्दस्वरूप मूलमन्त्र ॐमा लीन गराउने वैदिक पाञ्चायनपूजा हो। वस्तुतः मूर्तामूर्त स्वरूप नै हो। त्यसैले सगुण साकार

मूर्तिका उपासक भक्तहरू कर्मयोगी हुन् भने निर्गुण निराकार ज्योतिस्वरूपका उपासक ज्ञानीहरू सांख्ययोगी हुन् । सांख्य ज्ञानमार्ग हो भने कर्म योगमार्ग हो । कर्म र ज्ञान दुवैका कर्ता जीवात्मा परमात्मामा शरणागत हुनु भक्तिमार्ग हो । मूर्तामूर्तस्वरूप पञ्चदेव उपाशनामा प्रशान्त रहनु पाञ्चायन भक्तियोग हो ।

### ४.१.४ भक्त, भक्ति र भगवान्

सच्चिदानन्दस्वरूप, प्रकृतिपुरुषात्मक विश्व भगवान्कै प्रथम अवतार हो । निर्गुणनिराकार निर्विशेष स्वयंज्योतिस्वरूप विश्वात्मा ज्ञेयतत्त्व मात्र हो । वेदान्त र सांख्यदर्शनमा ज्ञेय भनिएको अद्वितीय ब्रह्म अनिर्वचनीय छ । सोही सर्वात्माको निर्वचन पाञ्चायनका रूपमा गरिएको हो । वस्तुतः काल, स्वभाव, सत्, असत्, मन, द्रव्य, विकार, गुण र इन्द्रियहरूको विराटस्वरूप उक्त पाञ्चायन नै मानवमात्रको सम्पूर्ण कार्यमा अग्रपूज्य हुन्[२१] । सगुण साकार सविशेष रूपमा ज्ञेय, पूज्य उपासना नै पञ्चायनपूजा हो[२२] । सामवेदको महावाक्यले आद्यअवतार विराटपुरुषको नमुना पञ्चदेवका उपासक स्वयं ज्योतिस्वरूपको नमुना भनेको छ ।[२३] वेदान्त दर्शनले स्वस्वरूपको अनुसन्धानलाई भक्ति मान्दछ । साथै मोक्षको महत्त्वपूर्ण साधन पनि भक्तिलाई नै ठान्दछ ।[२४] नारद भक्तिसूत्रमा व्यासको सिद्धान्तका रूपमा पूजादिमा अनुराग नै भक्ति भनिएको छ ।[२५] त्यसैले भक्तको आफ्नै स्वरूपको अनुसन्धान भक्ति हो । भगवान्चाहिँ सगुणसाकार सविशेष ब्रह्म हो । यथार्थमा आनन्दकै

---

२१. *आद्योऽवतारः पुरुषः परस्य कालस्वभावो सदसन्मनश्चः ।*
*द्रव्यं विकारो गुण इन्द्रियाणि विराट्स्वराट् स्थास्नु चरिष्णुः भुम्नः ॥ (भा. २।६।४१)*

२२. *आदित्यं गणनाथं च देवी रुद्रञ्च केशवम् ।*
*पञ्च दैवत्यमित्युक्तो सर्वकर्मषु पूजयेत् ॥ (शर्मा, आह्निक सूत्रावलिः पृ. १०५)*

२३. *तत्त्वमसि (छा. ६।८।७)*

२४. *विवेक चूडामणि ३२*

२५. *नारदभक्तिसूत्र १६*

तीन अवस्था भोक्ता, भोग्य र प्रेरकका पर्यायवाची भक्त, भक्ति र भगवान् ब्रह्मकै स्वरूप हुन् ।

आनन्द अनुसन्धानका साधन उत्तरमीमांसासम्मका दर्शनशास्त्रहरू न्याय, वैशेषिक, सांख्य, योग र मीमांसा र वेदान्त जीव र ब्रह्मको ऐक्य प्रतिपादन गर्ने साधना शास्त्र मात्र हुन् । शरीर, इन्द्रिय, तन्मात्रा, मन र चेष्टाजस्ता यिनै पञ्चप्रवृत्तिजन्य सुख र दुःखबाट मुक्त रहनुलाई न्यायदर्शनमा अपवर्ग भनिएको छ । आत्मा सुखदुःखातीत आनन्दको अंश हुँदाहुँदै प्राणेन्द्रिय मनोमय दोषको तादात्म्यले गर्दा आफूलाई दुःखी वा सुखी ठान्दछ । आनन्दस्वरूप आत्मा प्रमेय हुँदाहुँदै प्राणेन्द्रियमनको प्रमाण बन्दछ । यस्तो मिथ्या आवरणबाट निरावरण हुनु न्यायदर्शनको प्रमेय हो ।[२६]

न्याय दर्शनले प्रमाण र प्रमेय भनेझैँ वैशेषिक दर्शनमा अभ्युदय र निःश्रेयसलाई धर्म भनिन्छ । धर्मको आश्रय चैतन्य आत्माधर्मी हो । सनातन धर्मका साधन पृथ्वी, जल, तेज, वायु, आकाश पनि सूक्ष्मतम परमाणुस्वरूप स्पर्शादि तन्मात्रा र मनसमेत सूक्ष्म जड आकाशको गुण शब्दब्रह्ममा लीन हुन्छन् । शरीर भएकाले चेतनसमान भनिएको हो । यसरी अभ्युदय भनेको पञ्चतत्त्व विस्तार र निःश्रेयस भनेको शब्दब्रह्ममा लीन हुनु हो । वैदिक धर्मको लक्ष्य कर्ता, भोक्तालाई अनिर्वचनीय आत्माको अनुभव गराउनु हो ।[२७] आकाश जड सूक्ष्मतम र चेतन सूक्ष्मतम जीव दुवैको तल्लीनताजन्य प्रादुर्भाव अर्थात् दुःखाभास वस्तुतः मिथ्या हो । यथार्थमा जीव शुद्धचैतन्यमात्र हो । कारणशरीरमा तल्लीन जडचेतनको सम्बन्ध यथार्थ नभएर व्यवहार मात्र हो ।

---

२६. *दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तराऽपाये तदन्तरापायादपवर्ग (न्या.द.१।२)*

२७. *यतोऽभ्युदय निःश्रेयससिद्धि स धर्म । (वै.द. १।२)*

*पृथिव्यापोस्तेजोवायुराकाशं कालोदिगात्मामनइति द्रव्याणि । (वै.द.१।५)*

*रूपरसगन्धस्पर्शवती पृथिवी । (वै.द.२।१)*

*रूपरसस्पर्शवत्यापोद्रवाः स्निग्धा । (वै.द.२।२)*

*तेजोरूपस्पर्शवत् । (वै.द.२।३)*

*स्पर्शवान् वायुः । (वै.द.२।४)*

यसरी पञ्चतत्त्व र आत्मतत्त्व एक नभएर केवल एकजस्तो लाग्ने मात्र हो । न्याय र वैशेषिक दर्शनका पवर्ग र प्रादुर्भाव लक्षण हुन् । प्रमेय-निश्रेयसचाहिँ लक्ष्यसरह हुन् । दुवैमा तात्त्विक अन्तर छैन । द्रव्यकर्मकाल स्वभाव र जीवको आश्रय आकाशको पनि आश्रय आत्मा मात्र प्रमेय हो । अतः आकाश पञ्चतत्त्वको आश्रय आत्मा पनि सर्वात्मामा आश्रित हुने हुँदा पञ्चायतनी र सर्वात्मा भगवान् समान हो । पञ्चतत्वाश्रय आत्माभक्त हो, पञ्चतत्त्वातीत सर्वात्माचाहिँ भगवान् हो ।[२८] अनन्य चिन्तकलाई भगवान् सुलभ हुन्छ ।

सांख्यदर्शनले प्रकृति, प्रकृतिविकृति र विकृतिसमेत चौबीस पदार्थलाई प्रमाण र पच्चिसौँ न प्रकृति न विकृति तटस्थ पुरुषलाई प्रमेय समान विवेक गरेको छ । सांख्य र वेदान्त दुवैको व्याख्या गर्ने क्रममा श्रीमद्भगवद्गीताले प्रमाणलाई क्षेत्र र प्रमेयलाई क्षेत्रज्ञ भनेर स्वीकार्छ । तर प्रमाणप्रमेयातीत **उत्तमपुरुष**लाई दुवैको लक्ष्य मानेको छ । केवल जान्ने साधन चौबीस पदार्थलाई प्रदर्शन र जानिने पच्चिसौँ जीवात्मालाई दर्शनका रूपमा **पुरुषएवेदं सर्वम्** सरह नै वैदिक सांख्यदर्शनको विवेचन छ । गीतादर्शनले अपरा र परा प्रकृति एवं क्षर र अक्षर पुरुषमा वर्गीकरण गरी प्रकृतिपुरुष दुवैको ईश्वरका रूपमा **उत्तमपुरुष**लाई महत्त्व दिएको छ । भागवतदर्शनले **वासुदेव**लाई साक्षात् भगवान् नै भनेको छ । पुरुषलाई उत्तमपुरुषमा संयोग गर्नु योग हो । सांख्यदर्शनको पच्चिसौँ स्वतन्त्र तत्त्वलाई परमात्मामा संयोजित गर्नु योगदर्शनको ईश्वरप्रणिधान हो । वस्तुतः सविशेष वेदान्त दर्शनसरह सेश्वर सांख्य दर्शनको पुरुषभक्त, ईश्वर भगवान् हो । सबै धर्मदर्शनलाई त्यागेर वासुदेवको शरणागत शुद्ध आत्मज्ञानी भक्त हो, परमात्माचाहिँ भगवान् हो ।[२९]

---

२८. *त आकाशे न विद्यते । (वै.द. २।५)*
*द्रव्यं कर्मच कालश्च स्वभावो जीव एव च ।*
*वासुदेवात्परो ब्रह्म न चान्योर्थोस्ति तत्त्वतः ॥ (भा. २।५।१४)*
*अनन्यचेतासततं यो मां स्मरति नित्यशः ।*
*तस्याहं सुलभः... ॥ (गी. ८।१४)*

२९. *सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज (गी. १८।६६)*

ईश्वरसिद्ध गर्न सकिन्छ ! ? भन्ने सांख्यदर्शनको विस्मयकारी प्रश्न र शरणागतिबाटै ईश्वरसिद्ध हुन्छ भन्ने योगदर्शनको विश्वासलाई दृष्टिगत गरी सांख्य र योगदर्शनमा आत्माकै विवेचन भएको छ। सेश्वर सांख्य र केवल सांख्यमा तत्त्वगत हिसाबले छब्बीस र पच्चीस तत्त्व विवेचन भएको छ। वास्तवमा वेदले बताएको **पुरुष सवेदं सर्वम्** नै सांख्य र योग दुवै हो। सांख्यको पच्चीसौँ तटस्थ तत्त्व क्लेशकर्म विपाकरहित पुरुष विशेषचाहिँ योगदर्शनको छब्बीसौँ तत्त्व मानिन्छ। ईश्वर भक्तिले व्यक्तिको क्लेशकर्म विपाकादि समाप्त भई चित्तवृत्तिनिरोधपछि भक्त भगवान्सरह हुन्छ[३०] । पुरुषले प्रणवःको नित्यस्मरण गर्नु ईश्वरप्रणिधान हो। जसले अनन्य रूपले प्रणवःको समेत वाच्य उत्तम पुरुषको स्मरण गर्छ त्यो ईश्वरसमान भइहाल्छ भन्ने योगदर्शनको तात्पर्य देखिन्छ।[३१] वस्तुतः पुरुष भक्त (जीव) हो, प्रणवः जप भक्ति हो र भगवान्चाहिँ पुरुषोत्तम हो। सबै दर्शनहरू आनन्दस्वरूप आत्माका मार्गदर्शक सिद्धान्त हुन्। आत्मा दर्शनीय छ, अनिर्वाच्य छ, त्यसको अनुभव सबैको लक्ष्य हो। सांख्य र योगदर्शनको पँचीसौँ र छब्बीसौँ तत्त्वलाई गीतामा क्षर र अक्षरपुरुषका रूपमा व्याख्या गरिएको छ। पच्चिसौँ अक्षरपुरुष सांख्यको केन्द्र मानिन्छ। छब्बिसौँ विशेष पुरुष योगको केन्द्र हो। त्यसैलाई मीमांसा दर्शनले यज्ञपुरुषको रूपमा विवेचन गरेको छ। सांख्यदर्शनले विवेचन गरेको प्रकृति-विकृतिरहित पुरुष, योगदर्शनले विवेचन गरेको क्लेशकर्मविपाकरहित पुरुष, मीमांसादर्शनको यज्ञपुरुष, भागवतको द्रव्य, कर्म, काल, स्वभाव र जीव अन्तर्निहित स्वयं प्रकाशित आत्मा भनेका वेदकै **पुरुषएवेदं सर्वम्** सरह हुन्। अतः भक्तिदर्शनको भगवान् कर्मको यज्ञपुरुष,

---

*धर्म प्रोज्भिोत कैलवोऽत्रा परमो निर्मत्सराणां सताम् । (भा. १।१।२)*

*ईश्वर प्रणिधानाद्वा । (यो.द.१।२३)*

*श्रीमद्भागवत् १।२।६, ७*

३०. *क्लेशकर्म विपाकाशयैरपरामृष्ट पुरुषविशेषः ईश्वरः । (यो.द.१।२४)*

*योगश्चित्तवृत्ति निरोधः । (यो.द.१।२)*

३१. *तस्य वाचकः प्रणव । (यो.द.१।२७)*

*तज्जप स्तदर्थ भावनम् (यो.द.१।२८)*

गीताको वासुदेव वेदान्तको ब्रह्म, स्मार्तको पञ्चायतनी भन्नु परमात्मा भगवान्‌कै नामान्तर हुन् । सबैका उपासकहरू पञ्चायतनी (शुद्धआत्मा) कै भक्त हुन् ।[३२]

**पुरुष एवेदं सर्वम्** भन्ने वैदिक सूक्तअनुसार नै न्याय, वैशेषिक, सांख्य, योग र मीमांसा पाँच आस्तिक दर्शनहरू विकसित भए। संस्कृत वाङ्मयहरूमा आत्मदर्शनका सिद्धान्तलाई आस्तिक दर्शन मानियो । यद्यपि सबै दर्शनहरू पञ्चतत्त्व मीमांसा गर्ने मीमांसादर्शन उत्तरखण्ड वेदान्त दर्शनको ब्रह्म र गीतादर्शनको उत्तमपुरुष अर्थात् ईश्वर नै सम्पूर्ण स्मार्तहरूको जपयज्ञको केन्द्र पञ्चायतनी हो । त्यस्तो लोक र वेद दुवैमा प्रसिद्ध आत्मा आनन्दकै पर्याय हो । ईश्वरकोटिका पञ्चदेव त्यसै इन्द्रिय अगोचर आत्माको सगुणसाकार स्वरूप हुन् । पञ्चमहायज्ञको केन्द्र पनि पञ्चतत्त्वाश्रय अद्वितीय आनन्द नै हो ।[३३] शिव, गणेश, देवी, सूर्य र श्रीमद्‌भगवद्‌गीता समेत पाँचै गीताहरूमा सम्पूर्ण वेदोपनिषद्‌को निचोड आत्मालाई ईश्वर मानिएको छ । पुराणइतिहासको सारसंहिता श्रीमद्‌भागवतमा त्यसैलाई सर्वान्तरात्मा अर्थात् वासुदेव भनिएको छ । त्यस्तो सर्वान्तरात्माबाहेक अन्य द्रव्य, कर्म, काल, स्वभाव र जीवसमेतको स्वअस्तित्व आकाशसमान शून्य छ । त्यसैले समस्त

---

३२. *न प्रकृति न विकृतिः पुरुषः । (सां.का.३)*
*क्लेशकर्म विपाका शयैरपरामृष्ट पुरुष विशेषः ईश्वरः । (यो.सू.१।२४)*
*द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च ।*
*वासुदेवात्परो ब्रह्म न चान्योर्थोस्ति तत्त्वतः ॥ (भा. २।५।१४)*
*मनः कर्ममयं नृणामिन्द्रियैः पञ्चभिर्युतम् ।*
*लोकाल्लोकं प्रथात्यन्य आत्मा तदनु वर्तते । (भा.११।२२।३६)*

३३. *चोदना लक्षणोऽर्थो धर्मः । (मी.द.१।२)*
*अर्थ (तात्पर्य) एव धर्म, न अनर्थ (इन्द्रियादि प्रमाणलक्षण) धर्मः । चोदन लक्षणएव धर्मः ।*
*द्रव्यक्रियागुणादिनां धर्मत्वं स्थापयिष्यते ।*
*तेषामैन्द्रियत्वेऽपि न ताद्रूप्येण धर्मता ॥*
*श्रेयः साधनताह्येषां नित्यं वेदात्प्रतीयते ।*
*तद्रूप्येण च धर्मत्वं तस्मान्नेन्द्रियगोचरः ॥*
*–(कुमारिल भट्ट,* ***श्लोक****, वार्तिक : १३, १४)–मीमांसादर्शन पृ.२८ पादटिप्पणीबाट साभार ।*

वैदिक र लौकिक दर्शनशास्त्रहरूको केन्द्र खं ब्रह्म हो। श्रीमद्भागवतले पनि आआफ्ना पाञ्चभौतिक शरीरको आश्रय आकाशको आधार पञ्चायतनीलाई नै ब्रह्म, परमात्मा, भगवान् भनेको हो।[३४] पञ्चायतनीका भक्तहरू पाँच प्रकारका हुन्छन्। यसलाई निम्न सन्दर्भमा प्रकाश पार्न सकिन्छ।

### ४.१.४.१ **विष्णुपञ्चायतनका भक्त**

चित्सत्तालाई इष्ट र सत्, ज्ञान, तेज र शक्तितत्त्वलाई क्रमशः ईशान, आग्नेय, नैऋत्य र वायव्य चार कोणका आवरण सहयोगी आवरणशक्ति उपासना गर्नेहरू **विष्णुपञ्चायतनी** भनिन्छन्। यसैगरी अन्य पञ्चायतनी पनि केन्द्रिय शक्तिका आधारमा नामकरण हुन्छन्। आदित्य, गणनाथ, देवी, रुद्र र केशवको पूजा अनुक्रम हो र त्यसको विपरीतलाई व्युत्क्रम भनेको पाइन्छ। पूजाविधि र स्थापनाविधिको अनुक्रम मिलेको देखिँदैन। विष्णु पञ्चायतनीले नैऋत्य, आग्नेय, वायव्य, ईशान र केन्द्रलाई अनुक्रम हुनुपर्ने तर नैऋत्य, वायव्य, ईशान, आग्नेय र केन्द्रमा उक्त देवताको स्थापना व्युत्क्रम जस्तो देखिन्छ। स्थापनाक्रम भने वैदिक निर्देशनअनुरूप स्पष्ट छ तापनि लौकिक पूजाक्रमचाहिँ तान्त्रिक विधिले गरेजस्तो देखिन्छ[३५]। सर्वशक्तिमान् भगवान्को

---

३४. *ऋग्यजु सामथर्वाख्या वेदाश्चत्वार उद्धृता। (भा. १।४।२०)*
*इतिहास पुराणानि पञ्चमो वेदमीश्वरः। (भा.३।१२।३९)*
*इतिहास पुराणं पञ्चमो वेदानां वेदः। (छा. ७।१।४)*
*इदं भागवतं नाम पुराणं ब्रह्म सम्मितम्। (भा.१।३।४०)*
*वेदोपनिषदां साराज्जाता भागवती कथा। (भा.म.१।२।६७)*
*वदन्ति तत्तत्त्वविद स्तत्त्वंयज्ज्ञानमद्वयम्।*
*ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते॥ (भा. १।२।११)*
*ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति। (गी. १८।६१)*

३५. *यदातु मध्ये गोविन्दं ऐशान्यां शङ्करं यजेत्।*
*आग्नेयां गणनाथं च नैर्ऋत्यां तपनं तथा॥*
*वायव्यामम्बिकां चैव यजेन्नित्यं समाहित।*
*रविर्विनायकश्चण्डी ईशोविष्णु तथैव च।*

अनन्य भक्तिमा विधिनिषेधको महत्त्व हुँदैन, भक्तिचाहिँ गर्दछन् । विष्णु, पाञ्चायन नामले पूजा भए पनि पञ्चायतनी अर्थात् पञ्चतत्त्वकै आश्रय परमात्माकै अनन्य भक्ति हो ।

### ४.१.४.२ **सूर्यपञ्चायतनका भक्त**

तेजभावलाई इष्ट मान्ने र नैऋत्यादि क्रमले चित्, शक्ति, सत् र ज्ञानभावलाई आवरण ठानेर उपासना गर्नेहरू **सूर्यपञ्चायतनी** हुन् । केन्द्रमा सूर्य, ईशानमा शिव, आग्नेयमा गणेश, नैऋत्यमा विष्णु र वायव्यमा देवीको स्थापना गर्ने वैदिक निर्देशन मान्दछन् ।[३६] तर आग्नेय, नैऋत्य, वायव्य ईशान र केन्द्रमा हुने स्वाभाविक गणेशादि पाञ्चायन देवताका क्रमले पूजा नगरेर आग्नेय, वायव्य, ईशान, नैऋत्य र केन्द्रको अस्वाभाविक क्रम तान्त्रिक जस्तो देखिन्छ । किनभने यसभन्दा विपरीत गर्नेहरू शोक, दुःख, भयका भागीदार हुन्छन् भन्ने निर्देशन उल्लङ्घन गर्न चाहन्नन् । उपासकका गुण र स्वभाव फरक परे पनि आनन्द विपरीत लक्ष्य कसैको हुँदेन । मूर्तिमान् पञ्चतत्त्वका अधिष्ठाता पाँच देवताहरू सबै ईश्वर कोटिका भएकाले समान हुँदाहुँदै उपासकका गुण र स्वभावका आधारमा इष्टावरण भेदले पाँच प्रकारका भए पनि उपास्य तत्त्व सबैको अमूर्तिमान् परमात्मा नै हो । गुण र स्वभाव व्यक्त हुने **मन**बाटै हो । शरीरधारीलाई निराकारमा मन टिकाउन कठिन हुने भएर मूर्तिनिर्माण, स्थापना र पूजा विधिले महत्त्व पाएको हो । जगत्कै आत्मा सूर्यको मनोमयी मूर्तिकेन्द्रमा र अन्य चार विधिवत् आवरण भएको सूर्यपञ्चायतन पनि सनातन स्मार्त अर्थात् अमूर्त पञ्चायतनीकै उपासना केन्द्र हो ।

---

*अनुक्रमेण पूज्यन्ते व्युत्क्रमेतु महद्भयम् ॥ (शर्मा, **आह्निकसूत्रावली**, १९९५ ई. : १०५)*

३६. *सहस्रांशुर्यदा मध्ये ऐशान्यां पार्वतीपतिम् ।*
*आग्नेयामेक दन्तं च नैऋत्यायच्युतं तथा ॥*
*वायव्यां पूजयेद्देवी भोग मोक्षैक भूमिकाम् । (उही)*

### ४.१.४.३ देवीपञ्चायतनका भक्त

शक्तितत्त्वलाई प्रधानता दिएर ईशानादि क्रमले सत्, ज्ञान, चित् र तेजतत्त्वहरूलाई आवरणमा राखेर उपासना गर्नेहरूलाई **देवीपञ्चायतनी** भनिन्छ। ती केन्द्रमा देवी र क्रमशः ईशानमा शिव, आग्नेयमा गणेश, नैऋत्यमा विष्णु र वायव्यमा सूर्यस्थापना गर्ने तान्त्रिक जस्तो लाग्ने निर्देशनअनुसार देवायतन स्थापना गर्दछन्।[३७] तर पूजा भने वायव्यादि क्रमले नगरेर वायव्य, आग्नेय, केन्द्र, ईशान र नैऋत्यको अस्वाभाविक क्रमले गर्नुपर्ने देखिन्छ। चार कोणको अनुक्रम जहाँबाट प्रारम्भ गरे पनि परिक्रमा पूरा भएपछि केन्द्रमा प्रवेश हुनु स्वाभाविक देखिन्छ। जस्तै : वायव्यमा रवि हुँदा विनायक ईशानमा, शिव आग्नेयमा, विष्णु नैऋत्यमा र देवी केन्द्रमा स्वाभाविक हुन्थ्यो, तर स्थापनाविधिले नै निर्देशन गरिसकेपछि पूजाविधिको अनुक्रम वायव्यबाट आग्नेय, त्यसपछि केन्द्र हुँदै ईशान र नैऋत्यमा पूजा हुने गर्छ। पञ्चायतनपूजा भन्ने चलनलाई दृष्टिगत गर्दा पाँचवटै मार्ग भएकोले केन्द्र पनि साधनमात्र हो। शाक्तहरूको साध्य अधाम्नाय अर्थात् विश्रान्तिलाई तन्त्रविधिमा महत्त्वपूर्ण मानिन्छ। वाचस्पत्यम् शब्दकोशले पञ्चदेवमध्ये पञ्चाङ्ग विधि (तिथि, बार, नक्षत्र, योग, करण) अनुसार जुन देवताको पूज्यताले प्राथमिकता पाउँछ त्यो दिन ती देवता केन्द्रमा र अन्य दिग्भेदले स्थापना गरिने कुरा तन्त्रसार र यामलक ग्रन्थका आधारमा परिभाषित गरेको छ। यसरी इष्टदेवलाई केन्द्रमा राख्ने वैदिक विधि हो। तन्त्र र पुराणले गरेका प्रतिदिन केन्द्रावरण फेरिने परम्परा व्यवहारिक देखिँदैन। सनातन स्मार्तहरू ईश्वरकोटिको देवी पञ्चायतनका माध्यमले भगवती पञ्चायतनीकै सरह अनन्य भक्ति गर्दछन्।

---

३७. *भवानी तु यदामध्ये ऐशान्यां माधवंयजेत्।*
*आग्नेयां पार्वतिनाथं नैऋत्यां गणनायकम्॥*
*प्रद्योतनं तु वायव्यांमाचार्यस्तु प्रपूजयेत्। (उही)*

### ४.१.४.४ गणेशपञ्चायतनका भक्त

ज्ञानसत्ताप्रधान पाञ्चायन स्थापनालाई प्राथमिकता दिने सनातन स्मार्त उपासकहरू केन्द्र **गणेशपञ्चायतनी** भनिन्छ । उपासकहरू इष्टदेव गणेशलाई केन्द्रमा र क्रमशः ईशानादि कोणमा चित्, सत्, तेज र शक्तितत्त्वका अधिपति विष्णु, शिव, सूर्य र देवीलाई स्थापना गर्दछन् ।[३८] गणेशलाई प्राकृतिकगुण, द्रव्य, कर्म, काल, स्वभाव र जीव पाँचैको मालिक अर्थात् जगदीश्वरसरह ठानेर आफ्नो इष्ट बनाउँछन् । त्यसैले गाणपतहरू पनि साम्प्रदायिक नभएर शक्तिसमन्वयमा ज्ञानप्रधान पद्धति अवलम्बन गर्ने सनातन स्मार्तमय छन् । सनातन शक्ति अर्थात् पञ्चायतनीका उपासकहरू सबै शैव, वैष्णवादि नभएर शाक्त नै हुन् । पञ्चशक्तिका सहायताले सर्वशक्तिमान् भगवान्कै भक्ति गरिन्छ ।

### ४.१.४.५ शिवपञ्चायतनका भक्त

सत् तर तमोगुणप्रधान पृथिवीका अधिपति रुद्रलाई इष्ट मानेर पञ्चायतनको उपासना गर्नेलाई **शिवपञ्चायतनी** भनिन्छन् । शिवलाई इष्टदेवका रूपमा केन्द्र मान्दछन् र विधिवत् दिग्भेदले ईशानमा विष्णु, आग्नेयमा सूर्य, नैऋत्यमा गणेश र वायव्यमा देवी (चित्, तेज, ज्ञान र शक्तिका अधिपतिहरू) लाई आवरणका रूपमा राख्ने शास्त्रीय निर्देशन पालना गर्दछन् । त्यसैले शिवपञ्चायतनीहरू पनि साम्प्रदायिक शैव नभएर सनातन स्मार्त हुन्[३९] ।

---

*३८. हेरम्बं तु यदामध्ये ऐशान्यामच्यूतं यजेत् ।*
*आग्नेयां पञ्चवक्त्रं तु नैऋत्यां द्युमणिं यजेत् ॥*
*वायव्याम्बिकां चैव यजेन्नित्य मतन्द्रित । (उही)*

*३९. यदातु शङ्करं मध्ये ऐशान्यां श्रीयतिं यजेत् ।*
*आग्नेयांच तथा हंसं नैर्ऋत्यां पार्वतीसुतम् ॥*
*वायव्यांच सदा पूज्या भवानी भक्तवत्सला । (उही)*

सच्चिदानन्द विग्रह नै **पञ्चायतन** स्वरूपमा पञ्चदेवसमन्वयार्थ ब्रह्मका पाँचरूप कल्पना हुन्। यसरी पाञ्चायन दर्शनका सिद्धान्तअनुसार नै पञ्चदेवपूजाको प्रदर्शन स्वस्वरूपमै प्रकट भएको पाइन्छ। त्यसैले यजुर्वेदको महावाक्य **अहं ब्रह्मास्मि**को अनुसन्धान नै पञ्चमहायज्ञको तात्पर्य सिद्ध हुन आउँछ। वेदान्त दर्शनले आनन्दस्वरूप आफ्नै आत्मा अनुसन्धानका पाँच मार्गहरू न्यायवैशेषिकादि पाँच अध्यात्म दर्शनमार्फत् सबैको लागि बताएको हो। विभिन्न निगमागम, वाङ्मयहरूले दर्शनीयतम छैठौँ वेदान्तदर्शनकै आधारमा पाञ्चायनदर्शन क्रियायोग पाञ्चायनपूजा पुष्टि गरेका छन्। पाँचवटै पाञ्चायनहरू ब्रह्मकै रूपकल्पना हुन्। सबैको रहस्य भने अद्वैतब्रह्म सिद्ध गर्नु नै हो भन्ने संस्कृत वाङ्मयहरूले पुष्टि गरेका छन्[४०]। *आत्मार्थे पृथिवीं*

---

४०. *शिवःस्तंभस्थितः साक्षात्सर्वपापहरः शुभ।*
*सतु पञ्चमुखःख्यातो लोके सर्वार्थसाधनः॥*
*पञ्च ब्रह्मात्मको यस्मात्तेन पञ्चमुखः स्मृतः।*
*पञ्चभूतै समारब्धे देहोऽयं पाञ्चभौतिक।*
*तत्र प्रधानं पृथिवी शेषाणां सहकारिता॥ शि.गी.८।२)*
*निर्गुण सगुणश्चेति शिवोज्ञेयः सनातन*
*निर्गुर्णा प्रकृतिरस्या सगुण सकलः स्मृतः*
*सच्चिदानन्द विभवात् सकलात्परमेश्वरात्।*
*आसीच्छक्ति स्तो नादो नादाद्विन्दुः समुद्भवः (शारदातिलक)*
*अहमेवाऽऽसपूर्वन्तु नान्यत्किं चिन्नगाधिप।*
*तदात्मरूपं चित्संवित्परब्रह्मैक नामकम्।*
*अप्रतर्क्य मनिर्देश्य मनौपम्य मनामयम्।*
*तस्यकाचित्स्वतः सिद्धाशक्तिमायेति विश्रुता॥ (दे.गी.२।२,३)*
*शक्तिमानेव शक्तिस्याच्छिववत्करणार्थतः।*
*शक्ते स्वातन्त्र्य कार्यत्वाच्छिवत्वं न क्वचिद्भवेत्॥*
*मुञ्चतोऽपि निजांशक्तिं स्वातन्त्रे ज्ञानमापतेत्।*
*न हिमस्यपृथक्शैत्यं नाग्नेरौष्ण्यं पृथग्भवेत्॥ (शिवदृष्टि २।५,६)*
*गणानां जीवजातानां यः ईश स गणेशः (कल्याण, गणेशाङ्क, पृष्ठ ४१)*
*इन्द्रियाणां तु सर्वेषामीश्वर मन उच्यते। (महाशान्ति ३११।२१)*
*अहमेको नृणां नाथो जातः पञ्चविधः पुरा। (ग.गी.१।२५)*
*मत्तोऽग्नि रापोधरणी मत्त आकाश मारूतौ॥*
*अज्ञानान्मां नजानन्ति जगत्कारणकारणम्। (ग.गी.१।२४)*

*त्यजेत्* भन्ने नीति वाक्यअनुसार सबैका नियन्ता वैदिक पञ्चायतन अर्थात् ईश्वरमा आत्म भावसमर्पण गर्नु भगवान्को सच्चा भक्ति हो ।

पूजाका लागि प्रतिमा वा कुनै विग्रह चाहिन्छ। पञ्चतत्त्वबाटै त्यस्तो प्रतिमा अर्थात् मूर्ति बन्दछ । पाञ्चभौतिक शरीरमा अन्तर्निहित ईश्वरीय सत्ता अर्थात् स्वस्वरूपको अनुसन्धानको माध्यम– पाञ्चायन उपासना हो । भगवान् स्वयं उपासकको प्रेरक हुन् । मन, बुद्धि, अहंकार र चित्त चार आवरणले आवृत्त चेतनसमेत उपासकका स्वभावानुसारका पञ्चपाञ्चायन भक्ति भनेर स्वस्वरुपानुसन्धानलाई नै श्रुति, स्मृति, पुराणजस्ता निगम साथै आगमशास्त्रहरूले समेत पाञ्चायन, पञ्चायतन र पञ्चायतनी शब्दहरूद्वारा शब्द्रब्रह्म र परब्रह्मकै दार्शनिक विवेचन गरेका छन् ।

### ४.१.४.६ पाञ्चायन भक्तिको तुलनात्मक विवेचन

पाँच शक्तिहरू चित्, तेज, शक्ति, ज्ञान र सत्को आश्रय अद्वैत आत्मा निगमको विषय हो । चित् सत्तालाई केन्द्रमा र तेज, शक्ति, ज्ञान र सत् अर्थात् सूर्य, देवी, गणेश र शिव आवरणमा भएको आयतन विष्णुपाञ्चायन हो । त्यसैलाई वैष्णवागमले वैष्णवहरूको वैष्णवहरूको उपासना केन्द्र मानेको

---

*अहमेव जगद्यस्मा त्सृजामि पालयामि च ।*
*कृत्वा नानाविधं वेषं संहरामि स्वलीलया ।*
*अहमेव महाविष्णुरहमेव सदाशिवः ।*
*अहमेव महाशक्ति हमेवार्यमाप्रिय । (उही २२, २३)*
*सूर्यः आत्मा जगततस्थुषश्च (ऋ। १।११५।१)*
*आत्मा वा इदमेक मेवाग्र आसीत् । (ऐ। १।१।१)*
*शिवेविष्णौ च शक्तौच सूर्ये मयि नराधिप ।*
*याऽभेद बुद्धिर्योगः स सम्यग्योगो मतो मम ॥ (ग.गी.१।१२१)*
*मम प्रकाराः पञ्चेति प्राहुर्वेदान्त पारगाः ।*
*परो व्यूहश्च विभवो नियन्ता सर्वदेहिनाम् ॥*
*अर्चावतारश्च तथा दयालु पुरुषाकृति ।*
*इत्येवं पञ्चधा प्राहु मांरहस्यविदो जना ॥ (शा.मी. पृ.२६)*

छ । यसै गरी तेज (सूर्य) लाई केन्द्रमा, चित्, शक्ति, ज्ञान र सत् अर्थात् विष्णु, देवी, गणेश र शिव आवरण भएको सूर्य पाञ्चायनलाई सौरागमले उपासनाको केन्द्र मान्दछ। यस्तै शक्ति केन्द्रमा, चित्, तेज, ज्ञान र सत् अर्थात् विष्णु, सूर्य, गणेश र शिव आवरण भएको देवी पाञ्चायन **शाक्तागमको उपासनाकेन्द्र** बन्दछ। ज्ञान केन्द्रमा, चित्, तेज, शक्ति र सत् अर्थात् विष्णु, सूर्य, देवी र शिव आवरण भएको गणेश पाञ्चायन गाणपतागमको उपासना केन्द्र हुन्छ। अन्त्यमा सत् अर्थात् पार्थिवतत्त्वका अधिष्ठाता केन्द्रमा, चित्, तेज, शक्ति र ज्ञानका अधिष्ठाता विष्णु, सूर्य, देवी र गणेश आवरण भएको शिव पाञ्चायन शैवागमको उपासनाकेन्द्र बन्दछ। चित्-सत् वा सत्-चित् भन्नु समानार्थक शब्द हुन्। सत् र चित्का बीचमा तेज, शक्ति र ज्ञानसमेत पाँच भावहरू छन्। सबैलाई आनन्द स्वरूप सत्ता आवश्यक हुन्छ। यथार्थमा पाञ्चायन भनेकै आनन्दका पञ्चभावहरूको समन्वय हो । समन्वयस्वरूप पाँचै प्रकारका आयतनहरू आनन्दप्राप्तिकै पाँच मार्ग हुन्। आनन्द अनिर्वचनीय हुँदाहुँदै अनुसन्धानका लागि ब्रह्म, परमात्मा, भगवान् शब्दद्वारा निर्वचन भएको हो। आनन्दस्वरूप ब्रह्म सबैको गन्तव्य हो । त्यस्तो शब्दह्मकै सिद्धान्त पक्ष निगम अर्थात् मन्त्र हो भने प्रयोग पक्ष आगम अर्थात् तन्त्र भनिएको हो ।

पाञ्चायनपूजा शारीरिक क्रिया हो तापनि शरीरको मनसँग संयोग नभई क्रिया हुँदैन। मनले नअह्राएसम्म इन्द्रियहरूले कर्म प्रारम्भ गर्दैनन्। प्राणेन्द्रियको क्रियायोग गर्ने काम मनले गर्छ। पुरुषोत्तममा पुग्नलाई पुरुषलाई तन, मन दुवैको संयोग अनिवार्य हुन्छ। त्यसैले नाशवान् तन र मनतिर ढल्किएको पुरुषलाई क्षर र अविनाशी आत्मा अनुसन्धानतिर ढल्किएको पुरुषलाई अक्षर भनिएको हो। क्षेत्र-क्षेत्रज्ञसंयोग नहुने हो भने दुवै अशक्त ठहर्छन्। सबैको लक्ष्य त ब्रह्म, परमात्मा, भगवान्मा पुग्ने आध्यात्मिक र भौतिक सामर्थ्यको अनुसरण गर्नु हो। पञ्चशक्तिसँग जीवशक्तिको

समन्वयस्वरूप पाँच आयतनबाहेक सर्वसत्तावानशक्ति अरू बन्नै सक्दैन[४१]। क्षेत्र-क्षेत्रज्ञ सगुण निराकार संयोगस्वरूप आयतन भन्नु पञ्चशक्ति समन्वयात्मक सूक्ष्मतम प्राण र आत्माबाहेक अरू हुनसक्दैन। प्राण र प्राणीजस्तै पाञ्चायन र पञ्चायतनी अभेद छ। आत्मा र प्राणका सत्ताले विकसित भएको पञ्चतन्मात्रा अर्थात् सचेत प्रकृति) सगुण साकार भगवान्को दैवी माया हो। त्यसैले सर्वात्म वासुदेवको अनन्य भक्तलाई भागवत भनिएको हो। यसरी स्वस्वरूपको अनुसन्धाता र भक्तमा तात्त्विक अन्तर देखिँदैन। पाञ्चायनपूजा अथवा श्रीमद्भागवतमा अनुराग भएका पञ्चायतनीहरूलाई भगवान्कै भक्त भनिन्छ। क्षेत्र-क्षेत्रज्ञ संयोगस्वरूप जीवभूत सनातन पञ्चतत्त्वको मूर्तावस्था अद्वैत आत्माकै विवर्त वा परिणाम मात्र हो। तत्त्वतः अनिर्वचनीय, शुद्धात्मान्वेषण नै पञ्चायतनीहरूको स्मार्तकर्म हो।[४२] सच्चिन्तनद्वारा भगवान्को नित्य स्मरण गर्ने भक्तले भगवानलाई सजिलै प्राप्त गर्छ। यसरी आगमपरक पाञ्चायनपूजा र निगमपरक पाञ्चायन दर्शनहरू वेदान्त दर्शनका क्रियायोगभन्दा भिन्न प्रतीत हुँदैन।

---

४१. *पुरुषःएवेदं सर्वम्। (यजु. ३१।२)*
*प्रकतिं पुरुषं चैव विदध्यनादि उभावपि। (गी.१३।१९)*
*उत्तम पुरुषस्त्वन्यःपरमात्मेत्युदाहृतः। (गी.१५।१७)*
*द्वाविमौ पुरुषौलोके क्षरश्चाक्षरएव च। (गी.१५।१६)*
*भूम्यम्बग्न्यनिलाकाशा भूतानां पञ्चधातवः।*
*आब्रह्म स्थावरादीनां शारीरा आत्म संयुता॥ (भा.११।२१।५)*

४२. *स वै पुसां परोधर्मो यतोभक्तिरधोक्षजे।*
*अहैतुक्यप्रतिहता ययाऽऽत्मा सम्प्रसीदति॥*
*वासुदेवे भगवति भक्तियोगः प्रयोजितः।*
*जनयत्याशु वैराग्यं ज्ञानं यद्ब्रह्मदर्शनम्॥ (भा. ३।३२।२३)*
*नारायणस्त्वं न हि सर्वदेहिनामात्मास्यधीशाखिललोकसाक्षी।*
*नारायणोङ्गं नरभूजलायनात् तच्चापिसत्यं न तवैव माया॥ भा.१०।१४।१४)*
*एकस्त्वमात्मा पुरुषः पुराणः सत्यः स्वयंज्योतिरनन्त आद्यः।*
*नित्योऽक्षरोऽजस्रसुखो निरञ्जनः पूर्णोऽद्वयो मुक्त उपाधितोऽमृतः॥ (उही २३)*
*वस्तुतो जानतामत्र कृष्णं स्थास्नु चरिष्णु च।*
*भगवद्रूपमखिलं नान्यद्वस्त्विह किञ्चन॥ (भा.१०।१४।५६)*

पाञ्चायन दर्शनका रूपमा ज्ञान (ॐ) र प्रदर्शनका रूपमा आत्मेन्द्रियमनोयुक्त प्राणको अधिष्ठान पाञ्चभौतिक शरीरको चर्चा माथि नै भइसकेको छ। अनुसन्धानको क्षेत्र स्वयं ज्ञानसहित विज्ञानस्वरूप पञ्चायतनलाई[४३] वैदिक सिद्धान्तमा चार प्रकारले अभिव्यक्त गरेको छ। **प्रज्ञानं ब्रह्म, तत्त्वमसि, अहंब्रह्मास्मि, अयमात्मा ब्रह्म**। प्रज्ञा अर्थात् ज्ञानस्वरूप (वेद) स्वयं ब्रह्म हो। त्यो तिमी स्वयं हौ। त्यसैले वाच्य (रहस्य) र वाचक (रज, सत्व, तम र गुणातीत) सहित त्यसका प्रेरक शुद्धचैतन्य तत्त्व अर्थात् **पञ्चायतनी**को निर्वचन सृष्टि, स्थिति, लय र तुरीय नामले भएको कुरा चर्चा भइसकेको छ। त्यस्तो तत्त्वान्वेषणलाई पञ्चदेवपूजा, पाञ्चायनदर्शन, पाञ्चायनभक्ति भनेको पाइन्छ। नार (जल) अयन (आश्रय) अर्थात् जल नै जसको आश्रय छ त्यो **नारायण** हो भने झैँ पाञ्चभौतिक आयतन नै जसको निवास अर्थात् आश्रय छ त्यो पाञ्चायन हो। सजीव पाञ्चभौतिक आयतन जसलाई अधिष्ठान पनि भन्न सकिन्छ। अधिष्ठान, कर्ता, करण, चेष्टा र दैव पाँच तत्त्व समन्वयको नमुना मानिएको हो। त्यो वास्तवमा क्षेत्र (शरीर) र क्षेत्रज्ञ (जीवात्मा )को संयोग स्वरूप हो[४४]। आफ्ना मूलस्वरूप कूटस्थ चैतन्यको यथार्थ अन्वेषणको साधन पाञ्चायन दर्शन सिद्धान्त हो भने

---

४३. *इदंशरीरं कौन्तेय क्षेत्र मित्य भिधीयते।*
*एतद्यो वेत्ति तं प्राहु क्षेत्रज्ञ इतितद्विद॥*
*क्षेत्रज्ञं चापि मांविद्धि सर्वक्षेत्रेषु भारत। (गी. १३।१-२)*
*ज्ञानंविज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात्। (गी. ९।१)*
*क्षेत्र-क्षेत्रज्ञ संयोगा त्तद्विद्धि भरतर्षभः। (गी. १३।२६)*

४४. *सर्वे वेदा यत्पदमा मनन्ति। (कठो. १।३।४)*
*आत्मेन्द्रियमनोयुक्त भोक्ता। (कठो. १।३।४)*
*शब्दब्रह्म सुदुर्बोधं प्राणेन्द्रियमनोमयम्। (भा. ११।२१।३६)*
*द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च।*
*वासुदेवात्परो ब्रह्मन्न चान्योऽर्थोस्ति तत्त्वतः॥ (भा. २।५।१४)*
*पञ्चैतानि महावाहो कारणानि निवोधमे।*
*सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम्॥ (गी. १८।१३)*
*अधिष्ठानं तथाकर्ता करणं च पृथाग्विधम्।*
*विविधाश्च पृथक् चेष्टा दैवं चैवात्र पञ्चमम्॥ (गी. १८।१४)*

पाञ्चायनपूजा प्रयोग हो। दर्शनीयतम रहस्यचाहिँ अद्वितीय ब्रह्म नै हो। सिद्धान्ततः त्यसको तीन प्रकारले निर्वचन भएको छ। उपनिषद्मा त्यसलाई भोक्ता, भोग्य र प्रेरक भनिन्छ। जीव, तन्मात्रा र आनन्द अर्थात् साधक, साधन र साध्यलाई नै वेदले भोक्ता, भोग्य र प्रेरक भनेको स्पष्ट हुन्छ। चारै वेदको संहिता र इतिहासपुराणसमेतले पञ्चतत्त्व ज्ञानको समन्वय स्वरूप शब्दब्रह्म ॐ र पञ्चतत्त्वायतन प्राणेन्द्रिय मनोमय आत्माको विज्ञानमूर्ति स्वयं मानिसको तुलना गरेको छ। त्यसैले सम्पूर्ण दर्शनहरूमा दर्शनीयतम वेदान्तको तत्त्वान्वेषणपछि **तत्त्वमसि** महावाक्य सामवेदको केन्द्र मानिएको छ। स्मार्तहरूले पनि स्मृतिका आधारमा सबै धर्महरूको मूल मन्त्र ॐ अर्थात् श्रुतिले निर्देशित **आचरण**लाई परमधर्म मानेका छन्। वेद, स्मृति, सदाचार र आत्मप्रियतालाई साक्षाद्धर्मको लक्षण मान्दछन्।[४५] रज, सत्त्व, तम, निग्रह, अनुग्रह पाँच गुणहरूको आश्रय आकाशलाई शरीर र त्यसको समेत गुणातीत आश्रय पञ्चायतनीलाई शरीरि मानेर तत्त्वमसिसँग तुलना गरिएको हो[४६]। अतः पाञ्चभौतिक प्रकृतिको निरन्तरता धान्न सक्ने जीवभूत सनातन शक्ति-सामर्थ्यको नित्यस्मरण नै सनातन स्मार्तकर्मको तात्पर्य हो[४७]।

---

४५. *आचारः परमोधर्मः श्रुत्युक्तः स्मार्तएव च। (मनु. १।१०८)*
*श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः। (मनु. २।१०)*
*वेदः स्मृति सदाचारः स्वस्य च प्रियमात्मनः।*
*एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम्॥ (मनु. २।१२)*

४६. *आकाश शरीरं ब्रह्म। (तै. १।६)*
*ॐ आत्मा वा इदमेक एवाग्र आसीत्। (ऐ. १।१।१)*
*तस्यैष एव शरीर आत्मा यः पूर्वस्य। (तै. २।६)*

४७. *धारणाद्धर्ममित्याहु धर्मेण विधृता प्रजा।*
*यस्याद्धारण संयुक्त सधर्म इति निश्चय॥ (महाशान्ति, १०९।११)*
*जीवभूतांमहावाहो ययेदं धार्यते जगत। (गी. ७।५)*
*एषः धर्म सनातन।*

## ४.५ सारांश

पाञ्चायनद्वारा सबैका अन्तर्यामी तत्त्व नै पञ्चशक्तिसहित शक्तिमान् विष्णु, सूर्य, देवी, गणेश, शिव सगुण साकार पाँच आयतनमा विस्तार भएका हुन्। पञ्चदेवको उपासना, साधना भक्तिका स्वरूप हुन्। यद्यपि साधक (भोक्ता) साधन (भोग्य) र साध्य (प्रेरक) परमात्मभन्दा पृथक होइनन् तापनि जीवभूत सनातन प्रकृतिलाई भोक्ता, सगुण प्राणेन्द्रिय मनोमय आत्मालाई भोग्य र शुद्धात्मालाई प्रेरक नामले सम्बोधन गरिन्छ। समस्त वाङ्मयहरूको रहस्य आत्मबोध गराउनु नै हो। आत्मतत्त्व नै भगवान्को रूपमा मान्नु र प्रणवको रहस्य अनुभवद्वारा जान्नु वैदिकशास्त्रहरूका अनुशीलन हुन्। सनातन स्मार्त कर्म अर्थात् पाञ्चायन देवताका उपासना गर्ने पद्धतिहरू मूलतः कर्म, ज्ञान र भक्तिकै आचरण हुन्। वेदान्त दर्शनअनुसार सबैको लक्ष्य सोपाधिक ब्रह्मका सहायताले निरूपाधिक परमानन्द अनुभव गर्नु नै हो। मन्त्र एवं तन्त्र साधनाहरू त्यसैका सिद्धान्त हुन् भने साध्यचाहिँ स्वयंसिद्ध आनन्द नै हो। आनन्द प्राप्तिको क्रियात्मक प्रयोग पाञ्चायनपूजाको वैचारिक पक्ष पाञ्चायन दर्शन हो। र, धर्मशास्त्रअनुकूल त्यसको प्रदर्शन सनातन स्मार्तकर्मचाहिँ आचरण नामले प्रसिद्ध छ। त्यसैले श्रुति र स्मृति दुवैले आचारलाई परमधर्म मानेका छन्। अतः परम्परागत सनातन स्मार्त कर्म, पाञ्चायनपूजाको सिद्धान्त पाञ्चायनदर्शन वेदान्तदर्शनको आनन्दस्वरूप ब्रह्ममै आधारित छ।

# परिच्छेद : पाँच

# पाञ्चायनको आध्यात्मिक विवेचन

## ५.१ परिचय

सामान्यतः विचार, दर्शन र सिद्धान्त समानार्थी जस्ता लाग्छन् तथापि दर्शनको तात्पर्य कुनै वैचारिक सिद्धान्त विशेषमा मात्र सीमित छैन । यथार्थमा आफ्नो अनिर्वचनीय अनुभूतिको अभिव्यक्ति दर्शन हो । आत्मअनुभवको क्रियापक्ष पूजा हो भने सिद्धान्तपक्ष विचार हो । दुवैको सूक्ष्मतम सम्बन्धलाई यहाँ अध्यात्मिक विवेचन भनिएको हो । पाञ्चायनपूजामा तन्त्र र मन्त्र दुवै पद्धति सिद्धान्त र क्रियाका रूपमा प्रयोग भएको छ । मन-विचारपक्ष हो भने शरीर, इन्द्रिय र प्राणादि क्रियापक्ष हो । मनबाट मन्त्र, तनबाट तन्त्र बनेको छ । त्यसैले दुवैको तादात्म्यस्वरूप पाञ्चभौतिक शरीर अध्यात्मदर्शनको क्षेत्र हो । आत्मज्ञान गराउने दर्शनहरूमा उत्तम वेदान्त हो, जो वेदवेद्य विद्या अध्यात्मविद्या हो । यहाँ पञ्चतत्त्वका अधिष्ठाता पाँच देवताहरूका सहायताले आत्मदर्शनको आध्यात्मिक विवेचन गरिएको छ ।

पञ्च र अयन शब्दहरूले बनेको पञ्चायन शब्दको पञ्च पाँच र अयन भनेको मार्ग एवं आश्रय दुवै हो । पञ्चतत्त्वको माध्यमले आश्रयमा पुग्नु भनेको आत्मा अनुभूति हुनु हो । पञ्चप्राणस्वरूप पाँच अयनबाट पञ्चतन्मात्राको बिस्तार गर्ने सामर्थ्य बोध पाञ्चायनको रहस्य हो । पञ्चशक्तिका रूपमा पञ्चमहाभूतको संयुक्त आयतन प्रकट हुन्छ । पाञ्चभौतिक शरीरको मूलशक्ति पञ्चतत्त्व आफ्नै आत्मामा लीन हुने हुँदा उक्त अनिर्वचनीय आत्मा नै श्रष्टा, पालक र संहारक नामरूपले निर्वचन

हुन्छ । त्यो शब्द ब्रह्मकै विस्तार मात्र हो । शब्द प्रकट हुनुपूर्व, शब्दबिस्तार र शब्द लीन हुने आकाश अर्थात् शून्य समेतको गन्तव्य शुद्धचैतन्य तत्त्व मात्र थियो । सृष्टिपूर्व र लयपश्चात् त्यो स्वयं ज्योतिस्वरूप मात्रै रहने हो । पाञ्चायनस्वरूप शब्दब्रह्मको आश्रय भन्नु पनि त्यही हो । उक्त अनिवर्चनीय अनुभूतिलाई निर्वचन गर्ने ॐ पनि पाञ्चायनभन्दा फरक होइन । त्यसैले पञ्चायतनीको अर्थ पञ्चदेवको आश्रय भनियो । त्यसको मतलब **पाञ्चायन शब्द** आत्मदर्शनको पर्यायवाची हो । त्यसैले अद्वैत आत्मा अनिर्वाच्य हुँदाहुँदै पञ्चायतनी भनेर निर्वचन गरिएको हो । व्यवहारमा पाञ्चायनलाई सविशेष वेदान्त र दर्शनीयतम अद्वैतब्रह्मलाई निर्विशेष वेदान्तको रूपमा प्रस्तुत गर्नु आध्यात्मिक विवेचन हो, वेदान्तको रहस्य पनि यही हो ।[१]

## ५.१.१ अध्यात्म दर्शन र पाञ्चायन

शुद्धात्मतत्त्वबोधका वैदिक, तान्त्रिक र संयुक्त गरी तीन प्रकारका विधिहरूको उल्लेख पाइन्छ । आत्मनिर्वचन गर्ने क्रममा भोक्ता, भोग्य र प्रेरकजस्ता नामले ब्रह्मको तात्पर्यबोध गराएको छ । जीवको सूक्ष्मतम गति, अनहतनाद र पञ्चतत्त्वको सूक्ष्मतम बिन्दु, आकाशको मूर्तस्वरूप ॐ सबै आनन्दका वाच्य, वाचक हुन् । पञ्चतत्त्व र शुद्ध आत्मा मिलेर बनेको सूक्ष्मतम स्वरूप नाद र विन्दुको यथार्थ विवेचन पाञ्चायनको अध्यात्म पक्ष हो । त्यसैले यज्ञहरूमा उत्तम जपयज्ञको मूलमन्त्र पनि ॐ हो[२] । मान्त्रिक या तान्त्रिक जुनसुकै विधिबाट गरे पनि पाञ्चायनदर्शनको अनुसन्धेय पञ्चायतनी

---

*१. पाञ्चायतनी = पञ्चानामुपास्यदेवरूपाणामायतनानां समाहार*
*(भट्टाचार्य, **वायस्पतयम्**, २०१८ : पृ. ४१९७-९८)*
*सर्वस्यचाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।*
*वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेद विदेव चाहम् ॥ (गी. १५।१५)*

*२. तस्य वाचकः प्रणव (यो.सू. १।२७), तज्जय स्तदर्थ भावनम् (उही २८)*
*पूर्वं समाधे रखिलं विचिन्तये दोङ्कार मात्रं सचराचरं जगत् ।*
*तदेव वाच्यं प्रणवोहिवाचको विभाव्यतेऽज्ञान वशान्नबो धतः ॥ (अ.रा. ७५।४८)*

भनेको आनन्दस्वरूप आत्मा नै हो ।

ज्ञान नै वेद हो, वेदको दार्शनिक निष्कर्ष वेदान्त हो । वेदान्तदर्शन र पाञ्चायन उपासना दुवैको रहस्य आनन्द अनुभूति हो ।[३] वाङ्मयहरूको निष्कर्ष पनि पाञ्चायनका माध्यमबाट पञ्चतत्त्वको आसक्तित्याग र पञ्चायतनीको अनुभूति लाभ गर्नु हो ।[४]

भक्ति ज्ञानसहित विज्ञान भनेको सृष्टि, स्थिति, लय, अनुग्रह र निग्रहकर्ता सर्वान्तर्यामीलाई सविशेष ब्रह्म भनिए जस्तै त्यही शुद्धचैतन्यतत्त्व पाञ्चायनको पनि उपास्य तत्त्व हो ।[५] त्यस्तो पाञ्चायनदर्शन र दर्शनीयतम दुवैको वाचक ॐको नित्यस्मरण पाञ्चायनभक्ति अर्थात् अध्यात्मउपासना हो ।[६] यथार्थमा त्यस्ता सनातन पञ्चायतनीको अनुभव गर्ने ज्ञानी भक्तहरूले आत्मदर्शन प्राप्त गर्छन् ।[७]

---

३. *दृश्यते चिदचित्सूक्ष्मतत्त्व मनेनेति दर्शनम् ।*
*(एस. सन. दासगुप्ता, जनकदर्शन, पृ. १ पादटिप्पणीबाट साभार)*
*आत्मैव तदिदं विश्वं सृज्यते सृजति प्रभु ।*
*तस्मान्न ह्यात्मनोऽन्यस्मादन्यो भावो निरूपित । (भा. ११।२८।६,७)*

४. *मायाविद्ये विहायैवमुपाधी परजीवयो ।*
*अखण्डं सच्चिदानन्दं परं ब्रह्मैव लक्ष्यते ॥ (पञ्च १।४८)*

५. *दृष्ट्वेदं मानुषं रूपं तवसौम्यं जनार्दन*
*इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥ (गी. ११।५१)*

६. *अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।*
*तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥ (गी. ८।१४)*
*नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।*
*शक्य एवं विधो द्रष्टुं दृष्टवानसि मां यथा ॥*
*भक्त्या त्वनन्ययाशक्य अहमेवं विधोर्जुन*
*ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टु च परं तप ॥ (गी. ११।५३, ५४)*

७. *श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।*
*अधिष्ठाय मनश्चार्य विषयानुपसेवते ॥ (गी. १५।९)*
*उत्क्रामन्तं स्थितंवापि भुञ्जानं वा गुणान्वितम् ।*
*विमूढा नानु पश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥*
*यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।*
*यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥ (गी. १५।१०-११)*

पञ्चतत्त्वका अधिष्ठाता पञ्चदेव सृष्टिभन्दा पूर्व चैतन्यमा लीन केवल श्रुतिगम्य थियो। ब्रह्माले वासुदेवका कृपाले पाञ्चायनतत्त्वको दर्शन पाए। त्यसैले उनी सनातन धर्मको श्रुतिअनुकूल पाञ्चायनका स्मरणकर्ता प्रतीत हुन्छ। यही स्मार्तहरूको आध्यात्मिक विवेचनको प्रारम्भ पाञ्चायनपूजाबाट प्रारम्भ हुन्छ।[८]

सनातन धर्मको क्रियापक्ष स्मार्तकर्म र पाञ्चायनपूजा दुवैको मूल वेद नै हो। यसरी वैदिक र पाञ्चायन दुवै दर्शनको भावार्थ चिज्जडसूक्ष्मतमविवेक नै हो। पञ्चतत्त्व र जीवतत्त्वको तादात्म्य भएको सनातन धर्मसंस्कृतिको मूल वेद र तदनुकूल सदाचार प्रकारान्तरले पाञ्चायनपूजा नै हो।[९] पञ्चदेव र जीवमा समानता भनेको चेतना हो। सचेत प्रकृति परमात्मासरह हो भने अविद्यामा अलमलिएको चेतना जीवात्मा हो। पर र जीव उपाधि हटाइदिँदा बाँकी रहने पञ्चतत्त्वकै आश्रय आत्मालाई पञ्चायतनी भनिएको हो।

यस्तो ज्ञानसहित विज्ञानको पाञ्चायनदर्शनका दुई स्वरूप नै प्राणेन्द्रिय मनोयुक्त जीव र इन्द्रियातीत शिव भनेर निर्वचन भए। शिव असीम र जीव ससीम हुने हुँदा जीव उपासक नै शिव उपास्य हुन गयो। चेतनतत्त्वका हिसाबले जीव र शिव समान हो।[१०] असीमरूपमा रहेको सच्चिदानन्द ईश्वरसमान पाञ्चायनभन्दा पञ्चतत्त्वमा सीमित जीव कम समर्थ छ।

---

८. *अनन्यचेताः सततं यो मां स्मरति नित्यशः।*
*तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः॥ (गी. ८।१४)*
*स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः। (गी. १८।४५)*
*स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः। (गी. १८।४६)*

९. *वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्।*
*आचारश्चैव साधूनामात्मन तुष्टिरेव च॥ (मनु. २।६)*
*वेदः स्मृति सदाचारः स्वस्य च प्रियमात्मनः।*
*एतच्चतुर्विधं प्राहु साक्षाद्धर्मस्य लक्षणम्॥ (मनु. २।१२)*

१०. *तयोर्विरोधोऽयमुपाधि कल्पितो नवास्तवः कश्चिदुपाधिरेष।*
*ईशस्यमाया महदादिकारणं जीवस्य कार्य शृणु पञ्च कोशम्॥*
*एतावुपाधी परजीवयोस्तयोः सम्यङ्निरासे न परो न जीव।*
*राज्यं नरेन्द्रस्य भटस्यखेटक स्तयोरपोहे न भटो न राजा॥ (वि.चू. २४५-४६)*

सामर्थ्य बढाउन जीवले शिव अर्थात् पाञ्चायन देवताकै उपासना गर्नुपर्छ। ईश्वर भन्नु आकाश शरीरवाला चेतन हो। पाञ्चायन पनि आकाशका सीमामा सीमित छन्। पाञ्चभौतिक जड प्रकृतिका अधिष्ठाता पञ्चदेवलाई सचेत पार्ने प्रेरक आत्मसत्ता नै पञ्चायतनी हो।[११] पञ्चतत्त्वको सत्ता एक भएपछि समर्थ बन्दछ। जसरी प्राणेन्द्रिय मनोमय जीवात्मासँग सीमित सामर्थ्य प्रत्यक्ष छ त्यसैगरी चराचर विश्वमा परिणत हुने वाच्य-वाचकस्वरूप एकाक्षर ब्रह्मसँग असीम सामर्थ्य पञ्चशक्तिका रूपमा परोक्ष छ।[१२]

ज्ञान-विज्ञानमूर्ति ईश्वरको कृपाले आसक्त जीव पनि निरासक्त बन्दछ। त्यसैले ईश्वरोपासना आसक्ति निवारणको अद्वितीय उपाय हो,। जडवस्तु पञ्चतत्त्वमा देखिने परिवर्तनीयताका आधार पञ्चमहाभूतका अधिष्ठाता पाँच देवताहरूलाई सगुण साकार ब्रह्म समान मानिन्छ। सगुण साकार शक्तिमान्को सामूहिक भक्ति गर्ने सङ्कल्प पाञ्चायनको वैचारिक पक्ष र त्यसको ब्रह्मस्वरूप चिन्तन अध्यात्म पक्ष हो। जीव मात्रको स्वधर्म पनि त्यही हो। चित्तलाई निरन्तर शुद्धात्मामा टिकाइराख्ने साधनालाई स्मार्तकर्म अर्थात् पाञ्चायनभक्ति भनिएको हो। सिद्धान्त पक्षलाई पाञ्चायनदर्शन र प्रयोग पक्षलाई पाञ्चायनपूजा भने तापनि दुवैको तात्पर्य परमात्माको स्मरण

---

*११. चित्प्रधानो महाविष्णुः सूर्यस्तेजः प्रधानकः।*
*शक्तिप्रधाना सा देवी विश्वशक्ति प्रकाशिनी॥*
*ज्ञानः प्रधानो गणपः सत्प्रधान सदाशिव।*
*पञ्चैते विवुधाइशाः सगुण ब्रह्म संज्ञका॥*
*पञ्चधा सगुणोपास्तावधिकारोधिकारिणाम्।*
*भेदतः पञ्चगीतासु कीर्तिता पञ्चदेवताः॥*
*एत एवा परा देवाः सगुणा जगदीश्वराः।*
*ब्रह्मा विष्णु शिवादिनां जनकायत एव ते॥ (सूर्यगीता, २।१९-२२)*

*१२. गी. १८।६१, ७।१९, १०।२०, ११।४८, ५१*
*भा. ११।२८।६*
*सूर्यगीता, २।४५*
*पञ्च. ८।७२*
*यो.सू. १।२७*

गर्नु नै हो। त्यसको वैदिक र लौकिक पद्धतिद्वारा उपासना हुन्छ। अतः पञ्चदेव उपासनाको क्रियायोगलाई पाञ्चायनपूजा, वैचारिक पक्षलाई पाञ्चायनदर्शन र अनन्य स्मरणलाई अध्यात्म भन्नु युक्तिसङ्गत देखिन्छ।

## ५.१.२ पाञ्चायन र स्वरूपानुसन्धान

वेदको लक्ष्य निरूपणका तीन विषय द्रष्टा, दृश्य र दर्शनको चर्चालाई संस्कृत वाङ्मयहरूमा दर्शनशास्त्र भनिएको छ। दर्शनको विषय भन्नु दर्शनीयतम ब्रह्मका अंश माया र जीवको विवेचन हो। जड सूक्ष्मतम र चेतन सूक्ष्मतमसँग पञ्चज्ञानेन्द्रियको सन्निकर्षले हुने सुख-दुःख अनुभव नै आनन्द अन्वेषणको उपाय हो। चित्, तेज, शक्ति, ज्ञान र सत् पाँच शक्ति सामर्थ्यको मूर्तस्वरूप पाञ्चायन हो। प्राणेन्द्रियमनोमय आत्माको मूर्तरूप मानिसलाई वैदिक पञ्चायतनको नमुना मानिन्छ। सभूतसूक्ष्मेन्द्रिय सन्निकर्ष स्वरूप पञ्चायतनको उपासक जीवात्मा वस्तुतः जीव उपाधियुक्त ब्रह्मै हो[१३]। आत्मतत्त्व अनुसन्धाताको उपाधि हटेपछि बाँकी रहने आनन्दस्वरूप अध्यात्म नै पञ्चायतनी  हो।

अपञ्चीकृत पञ्चमहाभूतमा अनुगत अध्यात्मले सर्वगुणसम्पन्न स्वस्वरूपानुसन्धान निरन्तर गरिरहन्छ। पञ्चायतन स्वरूप आफ्नै शरीरमा रहेको शरीरि **सोऽहं**को अनुभव आत्मउपासना हो। खासगरी गृहस्थले परमगति प्राप्त गर्ने पञ्चमहायज्ञ अर्थात् पाञ्चायनपूजा चित्तशुद्ध गर्ने आत्मउपासनाकै प्रयोग हो।[१४] पूजा र भक्ति साधन र साध्य भेदले आत्मानुसन्धानका दुई

---

*१३. भा. ११।२१।७*
*महाभारत, ३३२।३०*

*१४. हकारो निर्गमे प्रोक्तः सकारेण प्रवेशनम्।*
*हकारः शिवरूपेण सकारः शक्तिरुच्यते॥ (कु.र., पृ. ५३)*
*पञ्चवक्त्रं चतुर्वाहु सर्वाभरणभूषित्।*
*चन्द्र सूर्य त्रिनेत्रञ्च शिवशक्त्यात्मकं भजे॥ (उही ७३)*
*यज्ञानां जपयज्ञोस्मि। (गी. १०।२५)*

स्वरूप स्वाभाविक हुन्। जीवशक्ति सीमित पञ्चशक्ति असीम भएकाले पाञ्चभौतिक विराटरूपको सीमा पार गर्न दिव्यशक्ति चाहिन्छ। स्वयंप्रकाश शक्तिमान्को अनन्य उपासकले मात्र दिव्यशक्ति प्राप्त गर्छ। श्रुति, युक्ति, अनुभूति र आप्त वचनमा पारंगत महापुरुषका वचनको श्रवण, मनन र निदिध्यासनमा विश्वस्त साधकहरू आफ्नै हृदयमा पञ्चायतनीको अनुभव गर्छन्। सर्वान्तरात्मालाई जान्नु भनेको स्वयं ब्रह्ममय हुनु हो। प्राणेन्द्रिय मनोमय पञ्चायतन आत्माको तादात्म्याध्यास मात्र हो। त्यसैले आत्माका उपाधिहरू जीव र परम दुवै प्रकृति हुन्। प्रकृतिको आश्रय शुद्धात्म तत्त्वलाई नै ब्रह्म, परमात्मा, भगवान् भनेको हो[१५]। उपासक स्वयं सचेत प्रकृतिमय बन्न त्रिगुणमय पञ्चतत्त्वको सहयोग एवं ईश्वरको कृपा आवश्यक छ। दिव्यात्मा, मृतात्मा, मुक्तात्मा, मनुष्य, आत्मा र भूतात्माको सेवा प्रकारान्तरले पाञ्चायनयजन हो। देव, पितृ, ऋषि, मनुष्य र पशुपक्षी आदि प्राणीहरूलाई तृप्त गर्ने होम, तर्पण, स्वाध्याय, अतिथि सेवा र भूतबलि पञ्चायतनीकै भक्ति हो। पञ्चमहायज्ञ र पाञ्चायनयजनको तात्पर्य शुद्धात्मतत्त्व बोध गर्नु नै हो। अद्वितीय आनन्द अनुभव गर्ने सामर्थ्यलाई अध्यात्मदर्शन मानिन्छ।

पहिले आत्मा मात्र थियो। त्रिगुणमयी माया पाञ्चभौतिक प्रकृति मनवाणीले अगोचर भए पनि सूक्ष्मतम रूपमा त्यसैमा लीन थियो। त्यो वेदद्वारा मात्र जान्नसकिन्थ्यो। पञ्चतत्त्वमा अनुगत अचिन्त्य, अगम्य स्वयं सत्ता नै चित्शक्तिका रूपमा सचेत प्रकृति अर्थात् माया भनियो। ज्ञानविज्ञानस्वरूप पाञ्चायन र सचेत प्रकृतिको स्रोत ईश्वरकै वाच्यवाचक भेदले शुद्धचैतन्य शिवाय अरू उपास्य तत्त्वसिद्ध गरेको छैन। चित्, तेज,

---

*ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मा मनुस्मरन्।*
*यः प्रयाति त्यजन्देह स याति परमां गतिम्॥ (गी. ८।१३)*

१५. *तत्त्वमसि (छा. ६।८।७)*
*अहंब्रह्मास्मि (वृहदा. १।४।१०)*
*वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम्।*
*ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते॥ (भा. १।२।११)*

शक्ति, विज्ञान् र सत् पञ्चशक्तिको उपासनाद्वारा स्वयंमा ईश्वर अनुभूत गर्नु नै वेदान्तको रहस्य हो। यसैलाई योग पनि भनिन्छ। शक्ति र शक्तिमान् पञ्चतत्त्व र जीवतत्त्वकै विवेचन गर्ने वैदिक र तान्त्रिक ग्रन्थहरूको स्रोत आत्मा नै हो।

अपञ्चीकृत पञ्चतत्त्व समन्वयस्वरूप प्रदर्शित प्रकृति परमात्माकै शक्ति हो भने पञ्चीकृत पाञ्चभौतिक शरीरको अन्तःकरणमा परेको **परमात्मा**को आभास जीवात्मा हो। माया र अविद्याका कारणले उपास्य, उपासना र उपासकमा वर्गीकरण गरिए तापनि ईश्वर शुद्धात्मा मात्र हो। आत्मअनुभवका भावाभिव्यक्ति ब्रह्मानन्द र परमानन्दजस्ता शब्दहरू ईश्वरवाचक हुन्। अतः प्रकृतिपुरुषात्मक चिज्जडसूक्ष्मतम सगुणपञ्चभाव नै सगुणब्रह्म हो[१६]। पञ्चभौतिक शरीर ईश्वरकै प्राणेन्द्रिय मनोमय अंश हो। त्यसैले शुद्धात्म-तत्त्वानुसन्धान, स्वस्वरूपानुसन्धान वा पाञ्चायनउपासना भन्नु ईश्वरभक्तिकै पर्याय हो। यस्तो रहस्यबोधभन्दा अन्य आनन्दप्राप्तिको उपाय वेदान्तमा अरू छैन।[१७] यस्तो भावानुभूतिलाई निगम र आगम दुवै वाङ्मयहरूले निर्वचन

---

१६. *आनन्दो ब्रह्मेति व्यजानात्। (तै. ३।६)*
*रसंह्येवायं लब्ध्वाऽऽनन्दी भवति। (तै. २।७)*
*चित्तेजः शक्तिविज्ञानसद्रूपाः परमा मताः।*
*पञ्चभावास्तत्रचिता चेतनोस्मीति निश्चयः॥ (सूर्यगीता, २।३२)*
*शुद्धश्च मलिनश्चासौ शृङ्गारो द्विविधो रसः।*
*ब्रह्मानन्दमयो शुद्धो विषयानन्दकोऽपरः॥ (सूर्यगीता, २।३०)*
*आनन्दो व्यापकत्वेन द्वयोरेवास्ति चित्सतो। (सूर्यगीता, २।२५)*
*निज चेतनसत्ताया निजास्तित्त्वस्य च स्वतः।*
*स्वस्यचैतन्यसत्ताभ्यां दृश्येत्वनुभवस्तयोः॥*
*निर्गुण ब्रह्म सगुणं निजानन्दाय जायते।*
*प्रकाशते च प्रकृतिपुरुषालिङ्गना दयम्॥ (सूर्यगीता, २।२७-२९)*
*रसो वै स इति श्रुत्या स आनन्दो रसो मतः।*
*महादेवी पुरुषयोर्मिथुनत्व मुदेति चेत्।*
*भान्ति पञ्चतदाभावा ब्रह्मानन्दानुकूलतः॥ (उही ३१)*

१७. *वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमसः परस्तात्।*
*तमेव विदित्वाति मृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय (यजु. ३१।१८, श्वेता, ३।८)*

गरेका छन्। वैष्णवहरू श्रुति अनुकूल स्मार्त एवं आगमविधिले चतुर्व्यूहात्मक सचेतप्रकृतिको आश्रय नारायण अर्थात् पञ्चायतनीको उपासना गर्दछन्। त्यस्तै शैवहरू त्रिशक्तिस्वरूप पार्थिव सत्ताको रहस्य स्वयंमा खोज्ने पञ्चाम्नाय उपासनापद्धति अनुसरण गर्दछन्। शाक्तहरू सच्चिदानन्दस्वरूप कालीको कौलतन्त्र विधिले उपासना गर्दछन्। सूर्यका उपासकहरू जगत्को अन्तरात्मा सूर्यद्वारा पञ्चतत्त्वमा गति  प्रदान हुने हुँदा प्रकृति निरन्तरताको अनुसरण अर्थात् सूर्योपासना गर्दछन्। जगत्कर्ता सूर्यको उपासना सबै मानिसहरूले कुनै न कुनै रूपमा गरेकै हुन्छन्। स्मृतिले बताएअनुसार मानिसका भावसङ्कल्प अग्निमा समर्पित गरेमा सूर्यमा पुग्छ सूर्यबाटै वृष्टि, वृष्टिबाट अन्न र अन्नबाट पुनः प्रजा सृष्टि भइरहन्छ। सृष्टिमा श्रेष्ठतम प्रजा मानिस भएकोले मानवधर्म नै ईश्वरीय कार्य अर्थात् स्मार्तकर्म हुन पुग्छ[१८]। यज्ञ, यजन, पूजनजस्ता शब्दहरूले सनातन धर्मका क्रियात्मक पक्षलाई सम्बोधन गर्छन्। आश्रयतत्त्व आदिदेव सूर्य स्वयं स्रष्टा (प्रकृतिमा रूपान्तरित आत्मा) प्रति गरिने स्वभाव समर्पण सूर्यपाञ्चायन उपासना हो।[१९] यसरी सूर्यपाञ्चायनउपासना पनि

---

*१८. अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपजायते।*
*आदित्याज्जायते वृष्टि वृष्टेरन्नं ततः प्रजा॥ (मनु. ३।७६)*
*अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्न सम्भवः।*
*यज्ञात्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः॥*
*कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षर समुद्भवम्।*
*तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्॥ (गी. ३।१४, १५)*

*१९. सूर्यः आत्मा जगत तस्थुषश्च।*
*हिरण्य गर्भो जगदन्तरात्मा।*
*हिरण्यगर्भोलोकेश स्वयं भुश्चतुरानन।*
*हिरण्यगर्भ समवर्तताग्रे भूतस्यजातपतिरेक आसीत्।*
*भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च।*
*अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा॥*
*अपेरयमितिस्त्वन्यां प्रकृतिं विद्धि मे पराम्।*
*जीवभूतां महाबाहो ययेदं धार्यते जगत्॥ (गी. ७।४, ५)*
*धारणाद्धर्म मित्याहु धर्मेण विद्धृता प्रजा।*
*यस्याद्धारण संयुक्त स धर्म इति निश्चय॥ (महाशान्ति, १०९।११)*


आगम निगमादि वाङ्मयकै निचोड हो। अतः पाँच देवताहरूलाई नारायण स्मरण गर्ने सनातन स्मार्तकर्म, प्रकृतिपुरुष विवेक गर्ने पाञ्चायतनीकै उपासना हो।

सूक्ष्मतम जड-चेतन अर्थात् अपरा र परा प्रकृतिको पनि आश्रय भएको आत्मा भूतगणहरूको पति हो। प्रकृतिपुरुषात्मक सनातन तत्त्वका पाँच अयनहरू प्राण, आपान, समान, उदान र व्यानमा अनुगत जीव समेतका ईश शुद्धचैतन्य पञ्चायतनको आत्मा हो। पाञ्चायनलाई नै सगुण साकार ईश्वरसरह मानेर निगम, आगम र मिश्रपद्धतिले सबैले उपासना गर्छन्। आगमअनुसार पाञ्चायन भनेकै शैव, वैष्णव, शाक्त, सौर र गाणपत पाँच मार्ग हुन्। सनातन स्मार्तसिद्धान्त भनेको पनि सम्यग्ज्ञान प्रदायक पूर्णब्रह्मको उपासना हो। सम्यक् ज्ञानप्रदायक भएर सम्प्रदाय भनिएका हुन्। स्मृतिहरूले पनि सनातन धर्मका पाँचै मार्गहरूलाई समान ठानेका छन्। वस्तुतः त्रिगुणमय पञ्चतत्त्व र जीवतत्त्वको समन्वयात्मक सगुण निराकार शक्ति पाञ्चायन हो। त्यसको प्रयोग सगुण साकार रूप पञ्चायतन हो। यी वेदकै निगमागम प्रयोग हुन्। अतः वैदिक, तान्त्रिक र लौकिक विधिबाट दर्शनीयतममा पुग्ने पाँच अयन भनेका आत्माकै प्रदर्शन हुन्।

पञ्चप्राण, पञ्चज्ञानेन्द्रिय, पञ्चतन्मात्रा र जीवात्मासमेत सोह्र कलायुक्त पुरुष नै पञ्चमहाभूतको त्रिगुणात्मक स्वरूप हो। प्रकृतिपुरुष सन्निकर्षजन्य रसनिष्पत्तिलाई आनन्द मानेर यसको अंशी प्रकृतिपुरुषभन्दा परको अद्वितीय आनन्द अन्वेषण गर्नु आगमशास्त्रको पनि तात्पर्य हो। श्रीराधा र श्रीकृष्णको वास्तविक रासलीलाले निरूपण गर्ने आनन्द नै वैदिक पौराणिक शास्त्रको तात्पर्य हो। अतः निगम, आगम र मिश्र सबै पद्धतिको लक्ष्य आत्मउपासना नै हो[२०]। त्यस्तो अध्यात्मदर्शनको चिह्न षट्कोणलाई विद्याको सङ्केत मानिन्छ।

---

*२०. एतज्ज्ञेयं नित्यमेवात्म संस्थं नातः परं वेदितव्यं हि किंचित्।*
*भोक्ताभोग्यं प्रेरितारं च मत्वा सर्वप्रोक्तंभिविधं ब्रह्ममेतत्॥ (श्वेता. १।१२)*
*प्रकृतेक्रियमाणानि गुणैः कर्माणि सर्वश।*





दुवै त्रिभुज सत्य संयोगले बनेका छवटा ससाना त्रिभुजहरूद्वारा बनाइएका षट्कोण केन्द्र पूर्णआकाशको गुणचिह्न ॐ पञ्चतत्त्वकै आश्रय हो। त्यसैलाई ईश्वरको वाच्यवाचक मन्त्र मानिन्छ। रज र तम दृष्टिकोणमाथि सत्व तल भएको त्रिभुज प्रकृतिवाचक र सत्वदृष्टिकोणमाथि रज, तम, तल भएको त्रिभुज पुरुषवाचक हो। आकाशको गुण शब्द, शब्दको चित्र ॐ अर्थात् पञ्चतत्त्वज्ञानको स्रोत हो। छवटा त्रिभुजहरू वैदिक षड्दर्शनका प्रतीक हुन्। सत्वगुणलाई तल खिच्ने मलीन शक्तिलाई अविद्या र माथि उठाउने शुद्धसत्वलाई विद्या भनिन्छ। वस्तुतः दुवैको योग माया हो। जीवात्मा दुवैमा व्याप्त पञ्चप्राणमार्फत् अन्तर्निहित रहिरहन्छ। पुरुषप्रधान सत्वगुणलाई ज्ञान र पञ्चतत्त्वप्रधान त्रिगुणलाई विज्ञान भनिन्छ। ज्ञानसहित विज्ञानका दुई

---

*अहंकार विमूढात्मा कर्ताहमिति मन्यते ॥ (गी. ३।२७)*
*द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च।*
*क्षर सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥*
*उत्तम पुरुषस्त्वन्य परमात्मेत्युदाहृत।*
*यो लोक त्रयमाविशय विभर्तव्यय ईश्वरः ॥ (गी. १५।१६, १७)*
*एतेचांशकला पुंस कृष्णस्तु भगवान् स्वयम्। (भा. १।३।२८)*
*क्षेत्र क्षेत्रज्ञ संयोगात्तद्विद्धि भरतर्षभ। (गी. १३।२६)*
*–क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत। (गी. १३।२)*
*–महाभूतान्यहंकारोबुद्धिरव्यक्तमेव च। इन्द्रियाणि दशैकं च पञ्चचेन्द्रिय गोचरा ॥*
*इच्छाद्वेष सुखं दुःखं संघातश्चेतना धृति*
*एतच्क्षेत्रं समासेन। (गी. १३।५, ६)*
*–इदं शरीरं कौन्तेय क्षेत्र मित्य भिधीयते।*
*एतद्योवेत्ति तंप्राहु क्षेत्रज्ञ इति तद्विद ॥ (गी. १३।१)*
*–एष वै भगवान्साक्षात् प्रधान पुरुषेश्वरः। (भा.    )*

त्रिभुजको मिथुनीभावमा सन्निकर्ष हुँदा प्रमुख दुई दृष्टिकोण बन्दछन्। एक भौतिकवादी र अर्को अध्यात्मवादी। आफूलाई ज्ञाताको अहंभाव राख्ने) जीवात्माले पञ्चतन्मात्राका सहायताले सुख-दु:ख अनुभव गर्छ। यस्तो प्रक्रियालाई आनन्द अनुभवका पाँच मार्ग भनिन्छ। तुरीय अवस्थाको जीवात्मा मनसहित छ इन्द्रियबाट तटस्थ रहन्छ। योगमायाका प्रभावले यथार्थ ज्ञान नहुनु अविद्या हो। शुद्धचैतन्यकै अंश जीवात्मा र जड्शक्ति दुवैमा व्याप्त शुद्धात्मा अन्वेषण अध्यात्मदर्शनको साध्य हो। पञ्चतन्मात्रा र स्वभावका कारण जीवले स्वस्वरूप अन्वेषण गर्नु उसको स्वधर्म हुनजान्छ। त्यस्तो स्वकीय कर्तव्य नै सनातनधर्म हो[२१]। पञ्चतन्मात्रा र तीन गुण परिणामी भएकाले भोक्ता हुन सक्दैनन्। पुरुषले प्रकृतिको गुण भोग्ने हुँदा जीवात्मा नै भोक्ता हो। परमात्मालाई प्रेरक भनिएको छ। सचेत प्रकृति अर्थात् हृदयस्थ मन नै पञ्चतन्मात्राको अयन, पाञ्चायन हो। श्रुति, स्मृति र आगमको निष्कर्ष पनि यही हो भन्नु उचित हुन्छ। जस्तै–





शब्द, स्पर्श, रूप रस, गन्ध पाँच विषयहरूको अनुभव श्रवण, त्वक्, चक्षु, रसना र घ्राणेन्द्रियहरूका माध्यमबाट मनमा केन्द्रित हुन्छ। पञ्चप्राणमा व्याप्त जीवात्माले इन्द्रियसहित मनलाई विषयप्रति प्रेरित गर्नु प्रकृतिको आकर्षण भनिन्छ। यसरी निर्मित पाञ्चभौतिक शरीरमा मन सर्वेसर्वा जस्तो

---

*२१. ममैवांशो जीवलोके जीवभूत सनातन। (गी. १५।७)*
*श्रोत्रं चक्षु ? स्पर्शनं च रसनं घ्राणमेव च।*
*अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥ (उही ९)*
*मानवानां स्वकीयं कर्तव्यमेव धर्म (दवाडी, ऐ.ऐ.)*


मानिए तापनि पञ्चप्राण त्यसैमा अनुगत छ। तर मन प्राकृत भएकाले प्रेरक होइन, आत्मा शुद्धचैतन्य नै पञ्च प्राणमार्फत् प्रेरक हुन्छ।






आत्मासहित प्राणेन्द्रिय मनोमय मानिस स्वयं पाञ्चायनदर्शनको नमूना हो। ज्ञानमूर्ति ओङ्कार पाँच देवताहरूको मूलमन्त्र वेदको पनि कारण आत्मा हो। मस्त निदाउँदा केही पनि ज्ञान नहुनु ब्युझँदा आनन्द नबिर्सनु आकाश अर्थात् शून्यको विशेषता हो। त्यसैको चिह्न ज्ञानस्वरूप ॐ अर्थात् वेद ज्ञानसहित विज्ञानको मूलमन्त्र हो[२२]। सबै वेद, वेदान्तकृत्, वेदविद् प्राणेन्द्रिय मनोमय आत्मा आदि शब्दहरूको तात्पर्य अनन्त आनन्द निर्वचन गर्नु नै हो।

---

२२. *आनन्दो ब्रह्मेति व्यजानात्। (तै. ३।६)*
*रसो वै सः। रसं ह्येवायं लव्ध्वाऽऽनन्दी भवति (तै. २।७)*
*अयमात्मा ब्रह्म। (माण्डू. २), आकाशशरीरं ब्रह्म। (तै. १।६)*
*तस्माद्वा एतस्मादात्मन आकाश संभूत। (तै. २।१)*
*ओमिति ब्रह्म। (तै. १।८)*
*ओमित्येतदक्षरमिदं सर्वं तस्योपव्याख्यानंभूतं भवद्भविष्यदिति सर्वमोङ्कार एव। यच्चान्यत् त्रिकालातीतं तदप्योङ्कार एव॥ (माण्डू. १)*
*तस्यवाचक प्रवणः। (यो.सू. १।२७)*
*प्रणवः सर्व वेदेषु शब्द खेः पौरुषं नृषु (गी. ७८)*
*शब्द ब्रह्म सुदुर्वोधं प्राणेन्द्रिय मनोमयम्। (भा. ११।२१।३६)*
*अवाङ्मनसगम्यं तं श्रुतिर्वोधयितुं सदा*
*जीवमीशंजगद्वापि समयाश्रित्य प्रवोधयेत् (पञ्च, ८।७२)*
*आत्मेन्द्रिय मनोयुक्तं भोक्तां (कठ. १।३।४)*
*पुरुष एवेदं सर्वं यद्भूतं यच्च भव्यम्। (ऋ. १०।९०।२, यजु. ३१।२, अथर्व १९।६।४, श्वेता. ३।१५)*
*स य एषोऽन्तर्हृदय आकाशः। तस्मिन्नयं पुरुषौ मनोमयः। अमृतो हिरण्मय। (तै. १।६)*

वैष्णवहरूका विष्णु, शैवहरूका शिव, सौरहरूका आत्मा नैयायिकहरूका कर्ता, मीमांसकहरूका कर्म, त्रिगुणमय पञ्चतत्त्वको अधिपति, त्रैलोक्यनाथ हरि नै आनन्दस्वरूप हुन् । शाक्तहरूका महामाया भगवती, गाणपत्यहरूका गणेश सबैका वाञ्छित फलदाता जीवजगत्का ईश्वर सगुण साकारब्रह्म पनि उनै हुन् । उपर्युक्त पाञ्चायनदर्शनका प्रदर्शनहरूको नाम रूप नै पाञ्चायन हो । परोक्ष रूपमा विभिन्न ग्रन्थहरूले उक्त कुराको पुष्टि गरेका छन्[२३] । यस्तो ज्ञानसहित विज्ञानमूर्ति सौम्य मानुष रूपमा सचेत प्रकृतिको उपासना अर्थात् पाञ्चायनपूजा वस्तुतः सविशेष ब्रह्मोपासना नै हो[२४] । त्रिगुणमय पञ्चतन्मात्रा र जीवतत्त्वको संहिता मनसहित छ इन्द्रिय भएको क्षेत्रज्ञ = 

, क्षेत्र = 

र दुवैको संयोग = 

प्रतीकात्मक रूपमा सांख्य दर्शनको प्रकृति पुरुषात्मक जगत हो । सनातनधर्ममा मनसहित छ इन्द्रिय र आध्यात्मिक दृष्टिकोण समेतको यो ॐकार केन्द्रित षट्कोणलाई शिक्षाक्षेत्रमा अध्यात्मविधाको साङ्केतिक चिह्न मानिएको हो । पञ्चप्राणमा

---

*२३. वासुदेव सर्वमिति । (गीता, ७1१९)*
*अहमात्मागुडाकेश सर्वभूताशयस्थितः । (गी. १०/२०)*
*यं शैवा समुपासते शिवइति ब्रह्मेति वेदान्तिनो ।*
*बौद्धा बुद्धइति प्रमाण पटव कर्तेति नैयायिका*
*अर्हन्नित्यथ जैन शासन रता कर्मेति मीमांसकाः*
*सोऽयं नो विदधातु वाञ्छित फलं त्रैलोक्य नाथो हरिः । (सुभाषित सुधारत्नमाण्डागार, प्रथमाण्ड, विष्णुस्तुति, श्लोक २९)*
*चित्सतोः सच्चितोर्वापि सहैवानुभवेन तु ।*
*आनन्दसत्तानुभवो भवतीति विभाव्यताम् ॥ (सूर्यगीता, २/४६)*
*चित्तेज शक्तिविज्ञानसद्रूपाः परमामताः ।*
*पञ्चभावा स्तत्रचिता चेतनोऽस्मिति निश्चयः (उही ३२)*
*आनन्दो व्यापकत्वेन द्वयोरेवास्ति चित्सतोः । (उही २५)*
*सौरा शैवाश्च गाणेशा वैष्णवा शक्ति पूजका ।*
*मामेव ते प्रपद्यन्ते वर्षाम्भि सागरं यथा (कल्याण श.अं., पृ. ८४)*
*निर्गुण ब्रह्म सगुणं निजानन्दाय जायते । (सूर्यगीता, २/२८)*
*२४. न रूपमस्येह तथोपलभ्यते नान्तो नचादिर्न च सम्प्रतिष्ठा । (गी. १५/३)*
*वेदैश्च सर्वै रहमेव वेद्यो वेदान्त कृद्वेद विदेब चाहम् । (गी. १५/१५)*

अनुगत आत्माको प्रभावद्वारा सचेत र मनसहित छ इन्द्रियहरूको विवेक नै अध्यात्मदर्शन हो। आत्मा नै पञ्चायतनी भएकाले अध्यात्मदर्शन नै पाञ्चायनदर्शन हो। वैदिक सिद्धान्तअनुसार भगवत्कृपाले प्राकृत मोह नष्ट र आनन्द अनुभव भएका सनातन स्मार्तहरू पाञ्चायनदर्शनका सच्चा कर्मयोगी हुन्[२५]। नेपालका प्रायः सबै विद्यालयहरूको सङ्केत चिह्नका रूपमा स्थापित षट्कोण र त्यसभित्रको अवकाश प्रतिविम्बित ॐ ले अध्यात्मविद्याको सङ्केत गरेको छ। त्यसैले विद्याहरूमा अध्यात्मविद्या श्रेष्ठ मानिन्छ[२६]। अध्यात्मदर्शनका पाँच दृष्टिकोणहरू न्यायवैशेषिकका कर्ता, साङ्ख्यका पुरुष योगका ईश्वर र पूर्वमीमांसका यज्ञपुरुष वस्तुतः सगुण साकार ब्रह्म समान हुन्। शिव, गणेश, देवी, सूर्य र विष्णु पनि ईश्वर कोटिका देवता हुन्। सबैका आश्रय आनन्दस्वरूप निर्गुणनिराकार परब्रह्मपरमात्मा भगवान् उत्तरमीमांसा दर्शनका प्रतिपाद्य मानिन्छ। अद्वितीय आनन्दस्वरूप अनिर्वचनीय अनुभवमात्रको अनुसन्धानक्रममा उपासनालाई भगवान्को भक्ति भनेर निर्वचन गरिन्छ। वाच्यवाचक रूपमा सृष्टि, स्थिति, लय, तुरीय र तुरीयातीत पाँच दृष्टिकोणहरूको चित्र ॐ नै वैदिक पाञ्चायनदर्शनको मूलमन्त्र हो। षड्दर्शनकै केन्द्र ॐ कै वाच्यस्वरूप दर्शनीयतम आत्मानन्द प्राप्त गर्ने साधन अध्यात्मविद्या हो। वैदिक अध्यात्मदर्शनमा निगम र आगम सिद्धान्त एवं सांख्य र योगका साधना पद्धतिहरू पाञ्चायनकै अनुकूल छन्। सबैको लक्ष्य साध्यसँग अनन्य र साधनासँग निःसङ्ग रहनु नै हो[२७]। त्यसैले पञ्चतत्त्व

---

*२५. नष्टो मोहस्मृतिर्लब्धा त्वत्प्रसादान्ययाच्युत।*
*स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव॥ (गी. १८।७३)*
*दृष्ट्वेदं मानुषं रूपं तवसौम्यं जनार्दन*
*इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिर्गतः॥ (गी. ११।५१)*
*गीता १३।१, २, ५, ६ र २६ पनि हेर्नुहोला।*

*२६. अध्यात्म विद्या विद्यानाम् (गी. १०।३२)*

*२७. श्रुति प्रत्यक्षमैतिह्यमनुमानचतुष्टयम्*
*प्रत्यक्षेणानुमानेन निगमेनात्म संविदा।*
*आद्यन्तवदसज्ज्ञात्वा निः सङ्गो विचरेदिह॥ (भा. ११।२८।९)*

समर्पण र आत्मतत्त्व स्मरण गर्नु पाञ्चायनपूजाको अध्यात्मिक विवेचन हो ।

### ५.१.३ निगम र अध्यात्म

आत्माको अनुसन्धान श्रुतिलाई प्रमाण मानेर प्रारम्भ हुन्छ। चारैवटा वेदसंहिताहरू र तदनुकूल शास्त्रहरू निगम हुन्। वैदिक सिद्धान्तअनुसार पञ्चतत्त्व सन्निकर्ष स्वरूप आत्मवाचक साकार पाञ्चायन देव-देवीहरू वस्तुतः शुद्धचैतन्यमा पुऱ्याउने इष्टदेव हुन् ।

वेदान्तको आत्मतत्त्व केवल आनन्दमात्र हो। अनिवर्चनीय शुद्धचैतन्य स्वयं ज्योतिस्वरूप उक्त अद्वैत आनन्द ब्रह्म, परमात्मा, भगवान् शब्दद्वारा निर्वचन हुने पञ्चदेवको समेत आश्रय हो। त्यसैलाई वैदिक चिन्तनमा **प्रज्ञा** भनिएको छ [२८] । पञ्च ज्ञानेन्द्रियले पञ्चतन्मात्राका गुण ग्रहण गरी अन्तःकरणमा साकार हुने अनुभूति प्रज्ञा हो। चित्तका वृत्तिका आधारमा मन बुद्धिले अनुकूल र प्रतिकूल विवेचन गरी सुख, दुःख, कर्ता, भोक्ताजस्ता भाव उत्पन्न हुनुलाई चाहिँ **अहंकार** भनिन्छ। भावातीत **प्रज्ञा**को प्रभावमा पञ्चतत्त्वमा आउने विकारस्वरूप पञ्चज्ञानेन्द्रियले तत्त्वहरूबाटै पाएको गुण ज्ञानलाई अनुभवकर्ता, अन्तःकरणले स्वयं ज्ञेय सम्झनुचाहिँ **अज्ञान** हो। **ज्ञान** सिद्धान्तले अज्ञाननाश गरी तत्त्वविवेक हुँदा अनुभूत हुने अलौकिक आनन्दको स्वरूप अनिर्वचनीय छ। अनुभव कर्ताले म नै त्यो अहङ्काररहित अद्वैत आनन्द हुँ भन्ने वैदिक ज्ञानचाहिँ पाञ्चायनदर्शन सरह हो भने वेदको तात्पर्य बोध हुँदा हुने असीम आनन्द भने दर्शनीयतम हो। पञ्चतत्त्वले आवृत्त प्रज्ञातत्त्वको नित्यस्मरण वेदान्त एवं पाञ्चायनदर्शनको धेय हो [२९] ।

---

२८. *यत्किंचेदं प्राणि जङ्गमंच यच्च स्थावरं सर्वं तत्प्रज्ञानेत्रम्*
*प्रज्ञाने प्रतिष्ठितं प्रज्ञानेत्रो लोकः प्रज्ञाप्रतिष्ठा प्रज्ञानं ब्रह्म (ऐ. ३।३)*
*वदन्ति यत्तत्त्वविदरुत्तत्त्वं यज्ज्ञान मद्वयं ।*
*ब्रह्मेति परमात्मेति भगवानिति शब्यते ॥ (भा. १।२।११)*

२९. *अन्नं प्राणो मनो बुद्धिरानन्दश्चेति पञ्च ते ।*
*कोशास्तै रावृतः स्वात्मा विस्मृत्या संसृतिं व्रजेत् । (पञ्च. १।३३)*

पञ्चतत्त्वातीत वेदान्तकृत् वेदविद् भनिएको **शुद्धचैतन्य** वैदिक सिद्धान्तकै साध्य हो[३०]। पञ्चतत्त्वावरणबाट स्वरूपलाई निरावरण गरी शुद्धपार्ने र **प्रज्ञा** तत्त्वको नित्यस्मरणमा लगाउने साधना पञ्चतत्त्वका अधिष्ठाता पञ्चदेवकै उपासना हो । यसले उपासकको पञ्चतत्त्वप्रतिको आसक्ति हट्छ, **प्रज्ञा** बढ्छ । यसरी पूर्णरूपमा पञ्चतत्त्वप्रति निरासक्त (शुद्ध) आत्मालाई वैदिक संहिताहरूले ब्रह्म भनिएको हो[३१] । पञ्चतत्त्वात्मक अहंकार समपर्ण गरी तत्त्वातीतमा लीन हुनुलाई निरावरण अर्थात् मुक्तात्मा भनेर परिभाषित गरेको छ । पञ्चतत्त्वलाई 'म' ठान्नु बन्धन र 'म' होइन भनी ठान्नुलाई मोक्ष भनिन्छ[३२] । यस्तो अनुभव कर्ता ऋषिहरूको **स्मृति**लाई तत्त्वदर्शन र अनुभव कर्तालाई तत्त्वद्रष्टा पनि भनिन्छ । पाञ्चायन उपासनाद्वारा तत्त्वस्मरण गर्नेहरू सच्चा स्मार्त हुन् ।

वेदले भोक्ता, भोग्य र प्रेरक ब्रह्म भनेको जीव, जगत् र जगदीश्वरलाई हो । सामवेद संहिताको मन्त्रले त्रिविधब्रह्मको नमुना तिमी नै हो भनेको छ । **तत्त्वमसि** जीवात्मा परमात्मा र दुवैको ऐक्यसमेत बुझाउने महावाक्य हो । तत् भनेको परमात्मा, त्वं भनेको जीवात्मा र असि भनेको ऐक्य बोध हो[३३] । यस्तो महावाक्यको निरन्तर चिन्तन एवं गान नै परमात्माको ज्ञानयज्ञ हो । जसरी सामवेदको उक्त महावाक्य र वेदान्तदर्शनको तात्पर्य जीव र ब्रह्मको ऐक्य हो । जपयज्ञद्वारा परमात्मामा अनन्य भक्ति भएपछि यो प्रदर्शित अभ्यासको अस्तित्त्व रहँदैन । त्यसैगरी पाञ्चायनदर्शनको क्रियायोग, पाञ्चायनपूजा पनि साध्य अर्थात् पञ्चायतनीमा पुगेपछि समाप्त हुन्छ । त्यस्ता भक्ति वेदान्तमा पारंगत साधकलाई साधनको आवश्यकता पर्दैन । तर

---

*३०. अन्वय व्यतिरेकाभ्यां पञ्चकोश विवेकतः ।*
*स्वात्मानं तत उद्धृत्य परं ब्रह्म प्रपद्यते ॥ (उही ३७)*

*३१. अयमात्मा ब्रह्म (माण्डू. २)*

*३२. अहंकार विमूढात्मा कर्ताहमिति मन्यते । (गी. ३।२७)*
*ममेति वध्यते जन्तुर्नममेति विमुच्यते ॥*

*३३. तत्त्वमसि (छा. ६।७८)*
*तत्को अर्थ परमात्म हो बुझिलिनु त्वं भन्नु जीवात्म हो ।*
*तिनको ऐक्य गराउन्या छ असिपद् रात् दिन विचार गर्नु यो ॥ (भानुभक्त)*

साध्यमा पुग्नलाई साधनका रूपमा प्रदर्शित प्रपञ्च अर्थात् पञ्चायतनको आवश्यकता पर्छ। यही व्यवहार सत्ताका आधारमा अचिन्त्य, अप्रमेय, **प्रज्ञा** तत्त्वलाई त्वं र तत् उपाधिले साधक एवं साध्य दुवै ब्रह्मको मूर्तरूप निर्वचन गरेको हो। **तत्त्वमसि** महावाक्य सिद्ध गर्ने वैदिक दर्शनको क्रियायोग ईश्वरभक्तिलाई पाञ्चायनपूजा अर्थात् स्वरूपानुसन्धान भनिएको हो। श्रुति, प्रत्यक्ष, युक्ति र अनुमान प्रमाण समेतले वैदिक दर्शन र पाञ्चायनदर्शनको तात्पर्य अध्यात्मबोध हुन्छ।

स्मृति, रामायण, महाभारत, पुराण आदि विभिन्न शास्त्रहरूले वेदसंहिताकै आधारमा आत्मतत्त्व निरूपण गरेका छन्। वेदकै तात्पर्य निर्णयार्थ स्मृति, पुराण र आगम वाङ्मयहरूले आचरण गराउने हो। उपनिषद् र उपासना तात्त्विक रूपमा समानार्थी शब्द हुन्[३४]। पञ्चतत्त्वको आत्मासँग र जीवको ब्रह्मसँग ऐक्य गराउने सिद्धान्त उपनिषद्को हो। यो आत्मदर्शनकै प्रतीति पाञ्चायनदर्शन र त्यसको प्रदर्शन चराचर विराट् प्रपञ्च हो[३५]। विश्वका सबै धर्महरूको स्रोत वेदको आनन्दबोध नै हो। उपनिषद्ले ब्रह्म, माया र जीवलाई सनातन मान्छ। स्मार्तहरू धर्मको सनातन स्वरूपको अवलम्बन गर्छन् तर मूल भने वेदलाई नै मान्दछन्। आत्मज्ञान गर्ने साधन इन्द्रियहरूको ईश्वर मन नै यथार्थमा पञ्चायतनीको प्रतिविम्ब हो[३६]।

---

*३४. उपासना = समिपमावस्नु*
*उपनिषत् = समिपमावस*
*समिप = कत्ति पनि दूर नहुनु (तल्लीन भएर बस्नु) नै उपर्युक्त दुवै शब्दहरूको तात्पर्य देखिन्छ।*

*३५. यो मां पश्यति सर्वत्र सर्वं च मयिपश्यति।*
*तस्याहं न प्रणस्यामि स.च मै न प्रणश्यति॥ (गी. ६।३०)*

*३६. मनःकर्ममयं नृणामिन्द्रियै पञ्चमिर्युतम्।*
*लोकाल्लो कं प्रयात्यन्यआत्मा तदनु वर्तितते। (भा. ११।२२।३६)*
*परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः।*
*पुरुषः स परः पार्थ भक्त्या लम्यस्त्वनन्यया*
*यस्यान्तः स्थानि भूतानिधेन सर्वमिदं ततम्॥ गी. ८।२०-२२*
*यःससर्वेषु भूतेषु नश्यत्सु न विनश्यति।*

श्रीमद्भगवद्गीतामा परिभाषित अद्वैत ब्रह्मतत्त्व परा प्रकृति र पाञ्चायनदर्शनको लक्ष्य पञ्चायतनी भनेर सबैको हृदयस्थ आत्मा अर्थात् वासुदेवलाई नै श्रीकृष्ण भनिएको छ ।

स्मृति, पुराण र आगमहरूले अद्वैत आत्माको सगुण साकार स्वरूप उपयोग गर्नुलाई नै पाञ्चायन पूजा भनेका हुन् भन्ने कुरा शब्दकोशहरूले समेत पुष्टि गरेका छन् ।[३७] श्रुति, स्मृति पुराणले पाञ्चायन भनेका सगुण साकार ब्रह्मका पाँच आयतनहरूलाई आगममा पञ्चाम्नाय वा पञ्चमकारका रूपमा प्रस्तुत गरेका छन् । शब्दकोशहरूमा तन्त्र एवं पुराणमा बताएअनुसार पञ्चदेव स्थापना विधि बताइएको छ । श्रुति र स्मृतिले निर्दिष्ट गरेका सजीव प्राणीहरूको आत्माकै प्रतीकोपासनाका लागि पाञ्चायनदेवता स्थापना गरेका हुन् । जसरी ध्यान, यज्ञ, सेवा र संकीर्तनलाई लक्ष्यस्मरणका साधन मानिन्छन्, त्यसैगरी पञ्चायतनी, पञ्चायतन, पाञ्चायन पनि आत्माकै प्रतीकोपासनाका समानार्थी हुन् । यसरी विवेचन गर्दा पुराण र इतिहासलाई सिद्धान्ततः पाञ्चायन पूजाको मूलस्रोत भन्नु अत्युक्ति हुँदैन । अतः श्रुति, स्मृति र पुराणको तात्पर्य पनि आत्मानुभव गराउनु नै हो ।

### ५.१.४ आगम र अध्यात्म

मन्त्रशास्त्रलाई निगम र तन्त्रशास्त्रलाई आगम भनिन्छ । श्रुति, स्मृति पुराणादि धर्मशास्त्र र सांख्ययोगादि दर्शनशास्त्रहरू निगमअन्तर्गतका संस्कृत वाङ्मय हुन् । शैव वैष्णव शाक्तादि पञ्चाम्नाय पद्धति अवलम्बन गर्ने तन्त्रहरू आगमशास्त्र हुन् । निगम भन्दा आगमशास्त्रको विस्तार व्यापक छ तापनि प्रस्तुत शोधकार्य निगमपरक पाञ्चायनको अनुसन्धान हो । पाञ्चायनको सहायताले साधना गरिने पाञ्चरात्र, पाञ्चाम्नायका विधिका आधारमा आगम भनिए तापनि वेदको अविरोधीतन्त्रहरूको उद्देश्य निगम सरह नै छ । आगमको

*३७. परिच्छेद तीन पादटिप्पणी १ हेर्नुहोला ।*

पनि उद्देश्य आत्मतत्त्व अनुसन्धान गर्नु नै हो[३८] ।

दैत्यहरूको संहारको उद्देश्य लिई देखापरेकी देवी काली हुन् । देवी, काली, उमा, कात्यायनी, गौरी, हैमवती, अपर्णा, पार्वती, दुर्गा, मृणानी, चण्डिका, अम्बिका नामले पुकारिन्छन् ।[३९] शाक्तहरूका वाम र दक्षिण गरी दुई भेद मानिन्छन् । वाममार्गीकौलहरू पनि आफूलाई तन्त्रका सहायताले शक्तिमान् मनलाई नै आत्मामा समर्पण गर्न रुचाउँछन् । पञ्चमकारको रहस्य विभिन्न तन्त्रमा पाइन्छ । सबै सनातन वर्णाश्रमका अनुयायी पाञ्चायनउपासक स्मार्तहरू पनि आफूलाई आदिशक्ति वेदमाता गायत्री मन्त्रका उपासनाद्वारा मनलाई आत्मामै लीन गर्न रुचाउँछन् ।

वाममार्गीहरू पाञ्चमकार अर्थात् मांस, मत्स्य, मद्य, मुद्रा र मैथुनको प्रयोग गर्छन् र तिनको गूढ रहस्य बताउँछन् । पञ्चतन्मात्रा, पञ्चाम्नाय, पञ्चमकार आदि सिद्धान्तहरू यथार्थमा अध्यात्मदर्शनका उपज हुन् । यसप्रकार शाक्तहरूले देवीको उपासना आनन्दमा लीन हुनकै लागि गर्ने गर्दछन्[४०] ।

---

३८. *सौराश्च शैवगाणेशा वैष्णवा शक्तिपूजकाः ।*
*मामेवते प्रपद्यन्ते वर्षाम्भ सागरं यथा ॥ (कल्याण शक्ति अंक, पृ. ८४)*
*शैवा च वैष्णवाश्चैव सौरा शाक्तातथैव च ।*
*गाणपत्या आगमाश्च प्रणीता शङ्करेण तु ॥*
*तत्रवेद विरुद्धांशो व्यक्त एव क्वचित् क्वचित् ।*
*वैदिकै स्तदग्रहेदोषो न भवत्येव कर्हिचित् ॥ (देवीगीता, ९।३०, ३१)*

३९. *उमाकात्यायनी गौरी काली हैमवतीश्वरी । (अमर, १।१।७२)*
*अपर्णा पार्वती दुर्गाऽमृडानी चण्डिकाम्बिका ॥ (उही ७४)*

४०. *उर्ध्वाम्नायस्य तत्त्वं हि पूर्णब्रह्मात्मकं परम् ।*
*मम पञ्चमुखे भ्यश्च पञ्चाम्नायाः समुद्गताः ।*
*पूर्वश्च पश्चिमश्चैव दक्षिणश्चोत्तरस्तथा ।*
*ऊर्ध्वाम्नायश्च पञ्चैते मोक्षभाग प्रकीर्तिता ! ॥ (कु.र.पृ. ३४, ३५)*
*पराप्रासाद मन्त्रोऽयं तस्मात् सर्वात्मको भवेत् । (उही ५४)*
*उर्ध्वाम्नायस्य चैतानि न सन्ति कुलनायिके । (उही ४९)*
*साक्षाच्छिव स्वरूपत्वान्न किञ्चित् कर्म विद्यते । (उही ४९)*
*कामेशी ललिता बाला महात्रिपुरसुन्दरी ।*
*त्रिपुरा भैरवी ह्येता उर्ध्वाम्नाय समाश्रिताः ॥*

तान्त्रिक पद्धतिहरूमा मनको ठूलो भूमिका रहन्छ । पूजादि क्रियायोगहरू **मन** शुद्ध पार्ने महायज्ञ हुन् । यज्ञलाई पूर्ण गर्न सहयोग गर्ने सत्, ज्ञान, शक्ति, तेज र चित्स्वरूपको पञ्चभाव अर्थात् पाञ्चायन र पञ्चाम्नाय सबैको तात्त्विक अर्थ अद्वितीय आनन्द अर्थात् भावातीत अवस्था अनुभव गर्नु हो । निगम, आगम, पुराण, यज्ञ, तप, तीर्थ-व्रत, मन्त्र, पुरश्चरण आदि कुनै पनि उपायले जान्न नसकिने अचिन्त्य एवं अप्रमेय आनन्दबाट कत्ति पनि दूर नहुनु उपासनाको लक्ष्य हो । पञ्चाम्नायहरूमा श्रेष्ठ ऊर्ध्वाम्नायको गन्तव्य सच्चिदानन्दस्वरूप ईशानतत्त्व हो । गुरुमुखबाट उपदिष्ट दीक्षामन्त्र सबै क्रियायोगहरूका आवश्यक आधार हुन् । रहस्यबोध गुरुदीक्षाबाट नै हुन्छ । कुनै एक आम्नायको रहस्य ज्ञान भएको साधक मुक्त हुन्छ । निगमका प्रतिकुल नहुने आगमको तात्पर्य पनि आत्मानुसन्धान नै हो ।

## ५.१.५ लोकव्यवहार र अध्यात्म

दिव्य, अलौकिक, प्रेरक ब्रह्मकै भोक्ता र भोग्य दुई रूपलाई परा र अपरा प्रकृति एवं अक्षर र क्षर पुरुष पनि भनिन्छ । जीव र जगत्को धारक ब्रह्मका अंश, प्रकृति र पुरुषलाई भागवतमा परमात्मा र भगवान् भनिएको छ । सनातन वैदिक दर्शनको ब्रह्म, माया र जीव अर्थात् प्रेरक, भोग्य र

---

*सर्वचक्रेश्वरी नित्या सर्वाम्नाय प्रपूजिता ॥*
*सर्वसिंहासनमयी ईशानास्येन चोदिता ।*
*परब्रह्मेश्वरी चाद्या देवी नारायणीश्वरी ॥ (उही ५०)*
*तस्या दर्शन मात्रेण साक्षाल्लक्ष्मी पतिर्भवेत् । (उही ५०)*
*पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्य दक्षिणः ।*
*संहार पश्चिमो ज्ञेयो ह्यन्तलीनस्तथोत्तरः ॥*
*उर्ध्वश्चाऽनुग्रहो ज्ञेयश्चाधो विश्रान्तिको भवेत् ॥ (उही ४५)*
*महात्रिपुर सुन्दर्याश्चण्डयोगेश्वरी परा ।*
*न तयो विद्यते भेदो भेदकृन्नरकं व्रजेत् ॥ (उही ४६)*
*विद्याः समस्तास्तव देवि भेदाः*
*स्त्रियः समस्ता सकलाजगत्सु । (दु.स. ११।६)*

भोक्ता ईश्वरकै धारणाशक्तिको स्वाभाविक खेल हो । मन्त्र, तन्त्र र यन्त्र वैदिक सिद्धान्तकै व्यवहार मानिन्छ। यिनै व्यवहारका कारक भोक्ता र भोग्य दुवै भगवद्भक्तिका साधन हुन्। यसरी प्राणेन्द्रियमनोमय पाञ्चायनदर्शनलोक व्यवहारमा अध्यात्म विज्ञान हो ।

पञ्चतन्मात्राका मार्गबाट सगुणब्रह्म समान पञ्चायतन प्रदर्शन हुन्छ। पाञ्चायन पुग्ने निर्गुणब्रह्मकै लौकिक प्रयोग मान्न सकिन्छ[४१] । उत्तमपुरुष, परमात्मा, ईश्वर नै लौकिक र वैदिक दुवै व्यवहारमा परधर्म र अपरधर्मका नामरूप हुन्। पाञ्चायन सिद्धान्तको प्रयोगस्वरूप उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता, महेश्वर, परमात्माकै रूपान्तर मात्र हो[४२] । पाञ्चभौतिक शरीरमा तटस्थपुरुष रूपमा रहेको आत्मा नै पञ्चइन्द्रिय, पञ्चविषय पञ्चप्राणको समन्वय पाञ्चायन हो। आत्मासहित मनको सूक्ष्मतम विवेकका पाँच अयन पाञ्चायनदर्शनका रूपमा मनमै लीन छन्। प्रेरक भगवान्कै सूक्ष्मतम प्रकृति मन हो। पाञ्चायन उपासना मन र वचनको विषय नभएर आनन्द अनुभूति मात्र हो।

पञ्चभावसहित दिव्यतत्त्व चित्, तेज, शक्ति, ज्ञान र सत्प्रधान समन्वय


---

*४१. ॐ पुरुष एवेदं सर्वं यद्भूत यच्च भाव्यम् । (यजु. ३१।२)*
*एतावानस्य महिमातो ज्यायाँश्च पुरूषः । (यजु. ३१।३)*
*द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।*
*क्षरः सर्वाणिभूतानि कूटस्थोऽक्षर उच्यते ॥*
*उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।*
*यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥ (गी. १५।१६, १७)*
*प्रकृतिं पुरुषं चैव विद्धचनादि उभावपि । (गी. १३।१९)*
*पुरुषः प्रकृतिस्थोहि भुक्ते प्रकृतिजान्गुणान् । (उही २१)*
*पञ्चैतानि महावाहो कारणानि निवोध मे ।*
*सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥*
*अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।*
*विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥ (गी. १८।१३, १४)*

*४२. उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।*
*परमातत्मे चाप्युक्तो देहेऽस्मिन् पुरुषः परः ॥ (गी. १३।२२)*

हुँदा पाँच प्रकारका इष्टपाञ्चायन बन्दछन्। स्मृति, पुराण र आगमले त्यसैलाई पञ्चदेवको समन्वयोपासना मानेका छन्। सगुण, साकार, सविशेष पाँच आयतन भगवान्कै भक्तिलाई सुगम पार्न निर्माण गरिन्छ। त्यसैले वैदिक पाञ्चायनदर्शनकै लौकिक प्रयोग पाञ्चायनपूजा हो। पञ्चतत्त्वहरूमा आकाश अन्य चार तत्त्वको आश्रय हो। साकारका उपासकहरू शक्तिका सहायताले शक्तिमान्को उपासना गर्दछन्। शक्ति पाञ्चायन केन्द्रमा हुँदा अन्य चार पनि चार कोणमा रहन्छन्। तर व्यवहारमा पाँचै प्रकारका पाञ्चायनका केन्द्रका देवता पञ्चतत्त्वहरूमा शक्तिशाली आकाशका अधिष्ठाता मानिन्छन्। सबै सगुण साकार ईश्वर समान पञ्चायतनीहरू शब्दब्रह्ममा आश्रित छन्। अतः निर्गुण निराकार ब्रह्मका शक्ति हुन्।

**शक्ति पाञ्चायतनमा केन्द्रित पाञ्चायन**




शक्तिप्रधान शब्दब्रह्मको पञ्च पञ्चायतन स्वरूप

वायुकी अधिष्ठात्री शक्ति प्राणवायुको केन्द्र हृदयमा पञ्चदिव्य रूपमा र अन्य चार अपान, समान, उदान र व्यान नामले क्रमशः गुदा, नाभि, कण्ठ एवं सम्पूर्ण शरीरमा व्याप्त रहन्छ। स्थूल र सूक्ष्म र कारण शरीर त्यसैले धानिएको पाञ्चभौतिक आयतन हो। यद्यपि प्राण पाँचै हुन्, स्वयंमा पूर्ण छन् तापनि व्यक्तिका गुण र स्वभावअनुसार पञ्चभाव समन्वयको केन्द्रावरण भेदले

उपर्युक्त पञ्चदेवायतन बन्दछन् । जो शक्ति पाञ्चायनको उपासक अर्थात् शाक्त पाञ्चायनी छ उसले उपर्युक्त सगुण साकार विश्वब्रह्माण्डकै प्रतीक देवी पञ्चायतनलाई इष्टदेव मान्दछ । यसैगरी विष्णु, शिव, गणेश, सूर्य केन्द्रमा रहेका पूर्णब्रह्मसनातनकै सगुण साकारस्वरूप आयतनहरू आ-आफ्ना इष्टपाञ्चायन बन्दछन् । सबै पञ्चायतनमा आवरणस्वरूप चारै दिक्पालहरू आ-आफ्ना केन्द्रमा समर्पित हुन्छन् । साथै, मूलकेन्द्र पञ्चायतनीमा सबै समर्पित हुन्छन् । श्रुतिअनुकूल निगमागमहरूले सनातन स्मार्तहरूको नित्य उपासनाका पाँच शक्ति केन्द्रका अधिष्ठाता पञ्चदेवहरूको सामूहिक उपासनालाई पाञ्चायनपूजा भनेका छन् । रहस्यमय पञ्चायतनीमा पुऱ्याउने पाँच मार्ग अर्थात् अयनलाई पाञ्चायनदर्शन र सबैको गन्तव्य **आनन्दस्वरूप पञ्चायतनी**लाई **ब्रह्म** नै भनिन्छ ।

उपासकहरू उपासनाकालमा आफूहरू सबैलाई ॐकारकै विस्तार सचराचर जगत्को नमुना मान्छन् । शिव र शक्ति मिलेरै चराचर जगत् सशक्त हुने हो । त्यसैले सबैको उपास्यतत्त्व वेदमाता गायत्रीको स्रोत ॐ नै मूलमन्त्र हो [४३] । उपासकका गुण र स्वभावअनुरूप बन्ने पाँचै प्रकारका प्रपञ्चको नमुना सगुण साकार पञ्चायतनहरू अन्ततोगत्वा आकाशकै गुण शब्दचित्र ॐमा लीन हुने हुन् । प्रतीकात्मक रूपमा शाक्तागमको समन्वयभाव, शैवागमको ऊर्ध्वाम्नाय र वैष्णवागमको चतुर्व्यूहाश्रयलाई पनि आकाशको पर्याय मान्न सकिन्छ । यस्तै सौर, गाणपतसमेत वेदानुकूल सबै आगमहरूको आश्रय आकाशको समेत विश्रान्ति नै हो । अनिर्वचनीय सनातन शुद्धचैतन्य तत्त्वतः शैवहरू अधाम्नाय, शाक्तहरू रसनिष्पति, वैष्णवहरू दर्शनीयतम गाणपतहरू जीव, नातानां ईश र सौरहरू स्वयंज्येतिलाई अनिर्वाच्य

---

*४३. प्रणवः सर्ववेदेषु शब्दःखे पौरुषं नृषु । (गी. ७।८)*
*श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रन्तु वै स्मृतिः । (मनु. २।१०)*
*वेदोऽखिलो धर्ममूलम् । (मनु. २।६)*
*सर्वेशाक्ता द्विजाप्रोक्ता न शैवा न च वैष्णवा ।*
*उपासते ह्यादिशक्तिं गायत्रीं वेदमातरम् ॥ (कु. र. पृष्ठ १४)*

शुद्धचैतन्यकै निर्वचन मान्दछन् । 'रस नै ब्रह्म हो' भन्ने वेदान्त दर्शनसँग स्मार्त, पाञ्चायन र शाक्तदर्शन पनि विरोधी छैनन् । त्यसैले मनोमय पञ्चायतनको लौकिक प्रयोग पाञ्चायनपूजा ईश्वर भक्तिकै पर्याय हो ।

इष्टदेव पाँच माने पनि पञ्चतत्त्वका अधिष्ठाता पाँचै देवताको पञ्चोपचार वा षोडशोपचार विधिले पूजा गरिन्छ । पञ्चतत्त्वका प्रतीक गन्ध, नैवेद्य, दीप, धूप र पुष्प (सुमन) समर्पण गर्नु पाञ्चायन पूजाका सरल र लौकिक प्रयोग मानिन्छन् । यज्ञ र मूर्तिपूजा दुवै विधि प्रयोग गर्नेहरू अन्तमा मन्त्र, क्रिया र विधिहरूमा भएका त्रुटिहरू क्षमा गरेर मेरो सङ्कल्प परिपूर्ण गरिदिनुस् भनेर भक्तियोगका केन्द्रबिन्दु नारायणसँगै क्षमायाचना गर्छन् । अतः पाञ्चायनदर्शनको व्यावहारिक प्रयोग भनेको आत्मउपासनाकै क्रियायोग अर्थात् भक्तिसाधना हो ।

व्यवहारमा अनुभव हुने सुख-दुःखात्मक कर्ता नै मन हो । मनलाई इन्द्रियहरूले कर्ममा सहयोग गर्छन् । सङ्कल्प गर्नमा सहायक पाँच ज्ञानेन्द्रियहरूले मनलाई पाँच विषयको अनुभव गराउन सहयोग गर्छ । विषय-इन्द्रिय सन्निकर्षबाट हुने साक्षात्कारको कर्ता मन ईश्वरसमान मानिन्छ । पाञ्चभौतिक शरीरमा बसेर मनले गरेको अनुभव शरीर छाड्दा पनि मनसँगै रहिरहन्छ । प्राविधिक शब्दावलीमा त्यसलाई आसक्ति भनिन्छ । मन ईश्वर समान मानिने व्यवहारमा मात्र हो । परमार्थमा त्यसको अनुवर्ति आत्मा मात्र अविनाशी हो । आत्मा निर्विशेष भएकाले सविशेष स्वरूप बुझाउन मनलाई आत्मासर मान्नु व्यावहारिक पक्ष हो । मन प्रकृतिकै सूक्ष्मस्वरूप भएकाले स्थूलशरीर नाश हुँदा मन पनि नाश हुन्छ भन्ने भौतिकवादी दृष्टिकोण हो । भौतिक पदार्थ जड भएकाले चेतनमय बनाउन अविनाशी आत्मा त्यसैको अनुवर्ति भएर रहेको हुन्छ भन्ने अध्यात्मवादी दृष्टिकोण हो । दुवैको मूर्तस्वरूप मानिस नै कर्मको सङ्कल्पकर्ता हो । शरीरका तीन अवस्था स्थूल, सूक्ष्म र कारणमध्ये स्थूलशरीर छाडे पनि मानिसको मन, आत्माको कारण शरीरको रूपमा सँगै जान्छ भन्ने अध्यात्मवादीहरूको विश्वास छ । विषयमा आसक्त

मानिस कर्मसङ्कल्प गर्दा श्रुति, स्मृति, पुराणले बताएको फलप्राप्तिको कामना गर्दछ। शास्त्रहरूले भुक्ति र मुक्ति दुवै फल बताएका छन्। सङ्कल्पकर्ताको कामना जस्तो छ, उसले त्यस्तै फल पाउँछ। कामना पूरा गर्नसक्ने सामर्थ्य भएको पाञ्चायनको भक्ति गर्छन्। पाञ्चायन स्वयं पाञ्चायतनीको प्रकट हुने मार्ग भएकाले पाञ्चायनको आश्रयतत्त्व सर्वशक्तिमान् आत्मा नै सङ्कल्पकर्ताको प्रेरक हो। वेदान्तका निर्विशेषवादी ज्ञानीहरूको ब्रह्म र सविशेषवादी भक्तहरूको सविशेष भगवान् अथवा **पाञ्चायतनी** व्यवहारमा प्रयोग हुँदा पाञ्चायन भनिएका छन्। वस्तुतः अनिर्वचनीय आत्मा नै अनुसन्धेय तत्त्व हो।

## ५.१.६ पाञ्चायनपूजा र फलाकाङ्क्षा

सिद्धान्त र क्रियामिश्रित पाञ्चायनदर्शनको लौकिक प्रयोग पाञ्चायनपूजालाई दुःख समाप्ति र आनन्दप्राप्तिको अचुक साधन मानिन्छ।

पञ्चतत्त्वको समन्वयात्मक पञ्चायतनमा मूर्तिमान् सनातन पञ्चायतनीका उपासकहरू स्मार्त भनिन्छन्। स्वभावानुसार गायत्री शक्तिकै आयतनहरूमध्ये कुनै एक इष्ट पाञ्चायनको उपासक हुन्छन्। सबै उपासक दुःखनिवृत्ति र आनन्दप्राप्तिका निम्ति गन्ध, पुष्प, धूप, दीप, नैवेद्यका माध्यमले इष्टदेवमा सङ्कल्प समर्पण गर्दछन्। सङ्कल्पअनुसारको फल प्राप्त हुने विश्वास शास्त्रले दिलाएको छ। प्राकृत वस्तुको कामनालाई काम्य र नित्य आत्मस्मरणलाई निष्काम मानिन्छ। काम्यकर्म शास्त्रले वर्जित गरेको छ। नित्यस्मार्तकर्म अनिवार्य कर्तव्य मानेको छ। अनिवार्य कर्तव्यमा सहायक नैमित्तिक कर्म भने ग्राह्य मानिन्छ। लौकिक फलाकाङ्क्षारहित पाञ्चायनपूजा वास्तविक स्मार्तकर्म हो। फलाकाङ्क्षाले कर्ममा प्रेरित गर्ने हुँदा लौकिक वस्तुत के कुरा मोक्ष पर्यन्तको कामना त्यागी आनन्दमय भगवत्प्राप्तिको मात्र आकाङ्क्षा गर्नु पाञ्चायनपूजाको तात्पर्य हो।

## ५.२ सारांश

यस परिच्छेदको सार आत्मज्ञान प्राप्त हुनु हो। आफ्नो स्वरूप अनुभव गरेको व्यक्तित्व नै ज्ञानी हो। वेदान्तदर्शनका ज्ञानमार्गीहरू *ज्ञानादेव कैवल्यम्* र कर्ममार्गीहरू *सर्वकर्माखिलं पार्थज्ञाने परिसमाप्यते* जस्ता स्मृतिवचनका आधारमा साधना गर्दछन्। आफ्ना हृदयमा भगवान् प्रकाशित हनुभयो, मुक्त भइयो, कर्म सकियो, अब फेरि केही गर्न बाँकी छैन भन्दछन्। तर वेदका उपासनाकाण्डका मन्त्रहरूको निचोड भगवान्को शरणागत हुनु हो। कर्मद्वारा ज्ञानी भएका उपासकहरू श्रोत्रीय ब्रह्मनिष्ठ गुरु 'मानिसका रूपमा साक्षात् भगवान्सरह'द्वारा भक्ति दीक्षा प्राप्त गर्न समर्पित हुन्छन्। गुरुदीक्षा पाएका त्यस्ता ज्ञानी भक्त भगवान्का प्रिय हुन्छन्। पाञ्चायन दीक्षाका दीक्षित भक्त वेदमाता गायत्रीको जप र इष्ट पञ्चायतनीको अनुशरण गर्दछन्। त्यसैले सनातन स्मार्तहरू इष्टदेव र दीक्षालाई समान मानेर पाञ्चभौतिक प्रकृतिको यथार्थ ज्ञानपछि आत्मदीक्षाका लागि गुरुकहाँ गएका हुन्छन्। यो जगत् देवताहरूको अधीनमा छ, देवताहरू मन्त्रका अधीनमा छन्, मन्त्रहरू ब्राह्मणका अधीनमा हुन्छन्। ब्रह्मज्ञानीलाई ब्राह्मण भनिन्छ। आत्मजिज्ञासु उपासकहरू आत्मज्ञानी गुरु र इष्टदेवमा भेद मान्दैनन्। यज्ञ-महायज्ञादिद्वारा स्थूल, सूक्ष्म, कारण शरीर ब्रह्ममय भएको हुन्छ। त्यस्ता उत्तम अधिकारीका हृदय गुरुकृपाले आत्मप्रकाश भएपछि प्रशान्त हुन्छन्। त्यस्ता ज्ञानी भक्तहरू आ-आफ्ना स्वभाव र गुणअनुसार ब्रह्मनिष्ठ गुरुद्वारा प्राप्त दीक्षाअनुरूपको पाञ्चायनको मानसपूजा गर्छन्। सम्यग्ज्ञान दिनसक्ने चित्, तेज, शक्ति, ज्ञान र सत्मा वर्गीकृत सृष्टि, स्थिति, लय, निग्रह र अनुग्रहको प्रतीक सबैको मूलमन्त्र ॐ कारलाई अधीनमा राखेर निरन्तर सोऽहं जप यज्ञ गरिरहन्छन्।

**पञ्चायतनी**मा त्रिगुणात्मक पञ्चतत्त्व, मन, बुद्धि प्राण, पञ्चज्ञानेन्द्रिय, महाभूत र चेतनसहितको मूल प्रकृति समाहित रहन्छ। त्यस्ता प्राकृत चौबीस तत्त्वहरूमा सूक्ष्मतम **मन** नै ईश्वरसमान मानिन्छ। लोकालोकमा अनुगमन गर्ने चेतन आत्मा सबैमा अनुगत छन्। त्यस्तो आत्मा मन, वचनद्वारा अगोचर

छ । त्यो मनवाणीको विषय बन्न सक्दैन । यस्तो चेतनसमेतलाई वशमा राख्ने सामर्थ्य नै भक्तिवेदान्तका भगवान् **योगमायाद्वारा आवृत्त** परमात्मा नै हो । पञ्चदेवका सामर्थ्य स्वरूप इष्टदेवको अनन्य स्मरणद्वारा पाञ्चायनको तात्पर्यबोध हुन्छ । पञ्चदेवहरूमा चाहे जुनसुकै **देवयजन** गर त्यो उनै पञ्चतत्त्वका आश्रय आत्माको यजन ठहर्छ । अनिर्वचनीय आत्मा नै चित्त, अहंकार, बुद्धि र मनको आश्रय हो । तत्त्वतः शुद्धचैतन्य आत्मा नै उक्त पञ्चायतनको पञ्चायतनी हो । सबै पञ्चायतन सर्वान्तरात्माकै सगुण साकार स्वरूप हुन् । अतः मानिस श्रोत्रीय ब्रह्मनिष्ठ गुरुको **पञ्चायतनी** दीक्षा पाएपछि ब्रह्म उपासक बन्छ ।

पञ्चदेवमध्ये कुनै एकलाई इष्ट र अन्य चारलाई आवरण मानेर आयतनातीत परब्रह्मलाई आफ्नै हृदयमा निरन्तर स्मरण गर्दै पञ्चदेवयजन गर्नु सनातन स्मार्तकर्म हो । सम्पूर्ण उपाधिहरूको त्याग गर्ने र परमात्माबाहेक अन्य सङ्कल्प नगर्नेहरू सच्चा स्मार्त हुन् । निःसङ्कल्पजीव ब्रह्मै हो । त्यसैले स्मार्तकर्म अर्थात् पाञ्चायन पूजा आत्मदर्शनको सर्वोत्तम साधन हो । मानवमात्रको लक्ष्य अद्वितीय आनन्द हो । आत्मानुसन्धान त्यसको उत्तम मार्ग हो । त्यसैले भक्तिको प्रारम्भिक चरण पाञ्चायनपूजा हो । **व्रतबन्ध**मा गायत्री जपको अधिकार पाएपछि पाञ्चायनको दीक्षा प्राप्त गर्न योग्य हुन्छ अनि पाञ्चायनपूजाको अधिकार दिइन्छ । पूजा वास्तवमा क्रियायोग भएकाले प्रारम्भिक भन्नु स्वाभाविक हो । साधनाका हिसाबले कर्म, ज्ञान र भक्ति सबै आत्मउपासनाकालमा पूरक हुन् । यसरी वैचारिक पक्षबाट विश्वस्त साधकहरू परमात्माको अनन्य चिन्तनलाई सर्वोत्तम साधना ठान्दछन् । क्रियायोगका रूपमा कर्म र ज्ञान दुवै पर्दछन् । योगमार्गीलाई कर्मी र सांख्यमार्गीलाई ज्ञानी भने तापनि दुवैको गन्तव्य परमात्माको अनन्य चिन्तन अर्थात् भक्ति नै हो । ज्ञानी भक्त भन्नुको तात्पर्य साधना भक्तिद्वारा श्रोत्रीय ब्रह्मनिष्ठ गुरुद्वारा पाञ्चायन दीक्षा (ज्ञान) प्राप्त उपासक हो । अतः पञ्चायतनी दीक्षापछिको पाञ्चायन उपासना भगवान्कै नित्यस्मरण अर्थात् अनन्य भक्ति हो ।

परमात्मामा अनन्य रूपले शरणागत जीवात्मा भगवान्‌को सर्वोत्तम भक्त मानिन्छ।[४४] पाञ्चायनको आध्यात्मिक विवेचनको सारांश पनि भगवान्‌को अनन्य भक्ति नै हो।

अद्वितीय आनन्दका बारेमा वेदान्तदर्शनकै सविशेष र निर्विशेषवादी अवधारणा प्रसिद्ध छन्। त्यसै धरातलबाट पाञ्चायनपूजा परम्परा विकसित भएको छ। पञ्च तन्मात्रा सनातन आत्माबाट विस्तृत र आत्मामै सङ्कुचन हुन्छ भन्ने वैदिक सिद्धान्त छ। पञ्चतत्त्वमा आत्म विस्तृत र आत्मामा पञ्चतत्त्व लीन हुने प्रक्रियालाई एक वाक्यांशमा पाञ्चायन भन्ने गरिन्छ। वेदकै सिद्धान्तपक्ष पाञ्चायनदर्शन र प्रयोगपक्ष पञ्चायतन अर्थात् प्रत्यक्ष विश्व प्रदर्शन हो। सविशेष ब्रह्मस्वरूप विश्वको निर्विशेष आश्रय परमात्मासँग पञ्चतत्त्वका अधिष्ठाता पञ्चदेवसमेत आश्रित छन्। त्यसैले भक्तहरू ब्रह्म, परमात्मा, भगवान् शब्दद्वारा एउटै आनन्दस्वरूपको निर्वचन हुन्छ भन्ने मान्दछन्। तत्त्वतः सृष्टि र लयको प्रतीकात्मक वाक्यांश पाञ्चायनको समेत आश्रय **पञ्चायतनी**प्रतिअनन्य भावले समर्पित हुनु र ब्रह्म अनुभव हुनु भक्तहरूका दृष्टिमा समान हो। प्रत्यक्षप्रति पूजादिमाअनुराग र परोक्षप्रति स्वरूपानुसन्धानको अनन्यता वस्तुतः अद्वितीय आत्मतत्त्वानुसन्धान नै हो। वेदान्तदर्शनले समेत स्वस्वरूपानुसन्धानलाई भक्ति र पूजादिमा अनुरागलाई पनि भक्ति मान्दछ। सामान्य अर्थमा स्वरूपानुसन्धान र पञ्चतत्त्वाश्रयीप्रति पूजादिमा अनुराग दुवै भक्तिका साधन हुन्। विशेष अर्थमा साधनाको पराकाष्ट अर्थात् पराभक्तिको तात्त्विक अर्थ आनन्द प्राप्त गर्नु,

---

४४. *चतुर्विधा भजन्तेमां जनाः सुकृतिनोऽर्जुन।*
*आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ॥*
*तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते।*
*प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः॥ (गी.७।१६,१७)*
*तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः।*
*कर्मिभ्यश्चाऽधिको योगी तस्माद्योगी भवार्जुन॥*
*योगिनामपि सर्वेषां मद्‌गतेनान्तरात्मना।*
*श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः॥ (गी.६।४६,४७)*

सिद्धावस्थाका साधकहरूको साध्य हो। सबै प्रपञ्च ब्रह्म हो भन्ने र दृश्यप्रपञ्च केही होइन भन्ने दुवै दृष्टिकोणको लक्ष्य भने एउटै हो। त्यो आनन्दस्वरूप ब्रह्मको अनुभव गर्नु हो। अतः पाञ्चायनदर्शनको अध्यात्म विवेचनको सारांश वेदान्तदर्शनको आनन्दस्वरूप ब्रह्म अनुभव सरह हो।

# परिच्छेद : छ

# उपसंहार

## ६.१ निष्कर्षात्मक परिचय

सनातन धर्ममा पञ्चदेव उपासनालाई नित्यकर्ममै समावेश गरिएको छ । वेद सनातन धर्महरूको मूल हो । वैदिक सदाचारहरू धर्मशास्त्रका विषय हुन् । स्मृतिअनुकूल आचरणहरूमध्ये पाञ्चायनपूजा पनि पर्दछ । श्रुति र स्मृतिले आचरणलाई परमधर्म भनेका छन् । स्मार्तहरू पाञ्चायनपूजालाई प्राथमिकता दिएर यज्ञकर्म गर्दछन् । हिन्दुहरू विशेषतः नेपाली स्मार्तहरू पाञ्चायनपूजा परम्परालाई वैदिक पञ्चदेवको सामूहिक भक्ति ठान्दछन् । नेपालमा लोकप्रिय पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन माथिल्ला पृष्ठहरूमा भइसकेको छ । यसमा अन्य परिच्छेदगत सारांशहरूका आधारमा उपसंहारको अन्तमा निचोड दिने प्रयास भएको छ ।

वेदमा इन्द्र, मित्र, वरुण, अग्नि, कुवेर आदि अनगिन्ती देवदेवीको उपासनाको उल्लेख छ । चराचर विश्वका तीन स्थान स्वर्ग, मर्त्य र अन्तरिक्षका आदित्य, वसु र रुद्र प्रख्यात छन् । त्यसैगरी सृष्टि, पालन र संहार कार्यका ब्रह्मा, विष्णु र शङ्कर जस्ता देवताहरू छन् । सूर्यलाई वेदले जगत्कै अन्तरात्मा भनेको छ । उपनिषद्ले सर्वान्तरात्मालाई प्रेरक, जीवात्मालाई भोक्ता र पञ्चतन्मात्रालाई भोग्य मानेर तिनै प्रकारहरूलाई ब्रह्म नै मानेको छ । स्मार्तहरू आदित्यलाई स्रष्टा, वसुलाई पालक र रुद्रलाई संहारक मानेर यज्ञकर्म गर्दछन् । भगवान् अनन्तकै प्रमुख तीन स्वरूप आदित्य, वसु र रुद्र

हुन् । आदित्यका बाह्र, वसुका आठ र रुद्रका एघार प्रकारहरू छन् । प्रजापति र इन्द्र वा दुई अश्विनीकुमारसमेत गरी जम्मा देवताहरूका तेत्तिस प्रकार हुन जान्छन् । यसको चर्चा उपनिषद्मा पाइन्छ । कोटि शब्दको अर्थ करोड पनि हुने हुँदा व्यवहारमा तेत्तिस करोड देवी-देवता भन्ने गरिन्छ। तापनि उपनिषद्को अनुसार अनन्त प्रकारहरूमा प्रमुख तेत्तिस प्रकार भन्नु उचित हुन्छ । यिनमा पनि मुख्य पाँच प्रकार आदित्य, वसु, रुद्र, प्रजापति र इन्द्र हुन् । वेदले यिनै पञ्चदेवका अनन्त प्रकारहरूको उपासना विधिहरू विधान गरेको छ । पाञ्चायनपूजाका नामबाट पञ्चतन्मात्राका अधिष्ठाता पञ्चदेवले सूर्य, गणेश, देवी, शिव, विष्णुका नामले प्रसिद्धि पाए । स्मार्तहरू जुनसुकै यज्ञकर्म प्रारम्भ गर्नुपूर्व पाञ्चायनपूजा अनिवार्य ठान्दछन् । सबैका उपास्य पञ्चतत्त्वका आश्रय अद्वितीय ब्रह्म नै पञ्चदेवका पनि प्रेरक हुन् । त्यस्ता सर्वाश्रय भगवान्, परमात्मा, ब्रह्मलाई पाञ्चायनका उपासकहरू **पञ्चायतनी** भन्दछन् । सबै स्मार्तहरूको इष्ट पञ्चायतनका माध्यमले स्मरण हुने पञ्चायतनी र अद्वैत ब्रह्मसमान हो । त्यसैले पाञ्चायपूजा वेदकै उपासना काण्डद्वारा प्रेरित सगुण भक्ति हो । यस्तो तात्पर्य निरूपण वेदान्त दर्शनले गरेको छ । वेदान्त दर्शनका सविशेष र निर्विशेष गरी मुख्य दुई वाद छन् । शङ्कराचार्य निर्विशेष अद्वैतवादका प्रचारक हुन् भने द्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत, अचिन्त्य भेदाभेदवादीहरू पनि छन् । सर्वदर्शन समन्वयाचार्य जगद्गुरु कृपालुजीले पञ्चदेव उपासनालाई सविशेष ब्रह्मोपासना भनेर व्याख्या गरेका छन् । शङ्कराचार्यले पाञ्चायन भक्तिलाई स्वस्वरूपको अनुसन्धान भनेका छन् । यिनै पृष्ठभूमिमा रहेर पाञ्चायनपूजाको दार्शनिक विवेचन गरी शोधकार्यको उपसंहार गरिएको छ ।

पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचन मूल शीर्षकअन्तर्गत शोधपरिचय उपशीर्षकमा पहिलो परिच्छेदको विवेचन छ । शीर्षक, समस्या,

पूर्वाध्ययन, औचित्य, सीमा, विधि एवं संगठनका प्रारूपको परिचय यस परिच्छेदमा गरिएको छ। पाञ्चायनपूजासँग सम्बन्धित वेदान्त र पाञ्चायन दर्शनको तुलनात्मक विवेचन परिच्छेद दुईले गरेको छ। क्रियात्मक प्रयोगको विवेचन परिच्छेद तीनमा, चौथो परिच्छेदमा वैचारिक विवेचन, आध्यात्मिक विवेचन पाँचौँ परिच्छेद र परिच्छेदहरूको सारांश र उपसंहार छैठौँ परिच्छेदमा गरिएको छ।

दार्शनिक विवेचनका लागि वाङ्मयविश्लेषण, क्रियात्मक पक्षको स्वरूप, विभिन्न दर्शनहरूको दृष्टिकोण र वेदान्त दर्शनसँग पाञ्चायनको सम्बन्धको विवेचन परिच्छेद दुईले गरेको छ। पाञ्चायनको विविध पक्षको परिचय, पञ्चतन्मात्रा, पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, पञ्चप्राण, पञ्चमहायज्ञसँग अन्तर्सम्बन्ध, अध्यात्मसँगको तादात्म्य र साम्प्रदायिक सद्भावमा पुऱ्याउने योगदानबारे परिचित गराउने र समस्यासमाधान गर्ने उद्देश्य शोधकार्यले राखेको छ।

सनातन धर्ममा विशेष रूपमा विद्यमान प्रमुख देव-देवीहरूका पाँच प्रकारलाई महत्त्व दिइएको छ। श्रुति, स्मृति, इतिहास, पुराण, आगम एवं दर्शन शास्त्रहरूका दृष्टिकोणहरूका आधारमा दार्शनिक निचोड दिने गरी पाञ्चायनपूजा परम्पराको विश्लेषण गरिएको छ। पाञ्चायनका माध्यमले अद्वितीय आनन्दस्वरूप ब्रह्म अन्वेषण गर्ने प्रयोजन रहेको यस प्रवन्धको औचित्य स्वतः स्पष्ट छ। यसको क्षेत्र भने अध्यात्म दर्शनहरूमा आधारित विष्णु, शिव, देवी, गणेश र सूर्यको सामूहिक स्वरूप र क्रियापक्षको आध्यात्मिक विवेचनमा मात्र सीमित छ। आस्तिक दर्शनकै पनि पाञ्चायनबाहेक देव-देवीको चर्चा यसको सीमामा परेको छैन। पञ्चदेव र तिनका आश्रय (आत्मा) बीचको सम्बन्ध विववेचन गर्न वाङ्मयविश्लेषणको मर्यादित सम्बन्धले शोधकार्यको आधारकै काम गरेको छ। अतएव शोधकार्य

अवलोकन र अन्तरक्रिया जस्ता प्राथमिक विधिभन्दा पुस्तकालयीय विधिमा आधारित छ। परिचय, वाङ्मय विश्लेषण, क्रियात्मक पक्ष, वैचारिक पक्ष, अध्यात्मविवेचन र उपसंहार एवं निष्कर्ष गरी छ परिच्छेदमा शोधप्रबन्ध पूरा भएको छ।

### ६.१.१ शास्त्रीय निचोड

श्रुति, स्मृति, इतिहास, पुराण र दर्शनशास्त्रहरूमा वर्गीकृत वाङ्मयहरूको विश्लेषण गरिएको यस परिच्छेदमा पाञ्चायनसँग सम्बन्धित शास्त्रीय चर्चा भएको छ। आत्मतत्त्व र पञ्चतत्त्वको सम्बन्ध बोध गराउने वेदमूलक दर्शनशास्त्रहरूको विश्लेषण गरी पाञ्चायनपूजा परम्परालाई सविशेष भक्तिवेदान्तकै निरन्तरता सिद्ध गरिएको छ। दुई वर्गमा विभक्त वेदान्तीहरू पूजादिमा अनुराग र स्वस्वरूपानुसन्धानलाई भक्तिको साधन मान्दछन्। दुवैको साध्य भने आत्मउपासना नै हो। यसको प्राचीनतम प्रयोग परम्परालाई पाञ्चायनपूजाका रूपमा विवेचन गरिएको छ। पाञ्चायनपूजा परम्पराको दार्शनिक आधार वेदान्त नै भए पनि लौकिक र तान्त्रिक दुवै पद्धतिहरूको मिश्रण गरी आआफ्ना परम्परागत व्यवहारअनुसार पाञ्चायनपूजा गर्ने गरेको पाइन्छ।

सनातन वैदिक धर्मको आचारशास्त्र स्मृतिहरूले इष्टदेवको भक्तिका निम्ति विभिन्न यज्ञहरूको विधान गरेका छन्। सबै यज्ञहरूमा पञ्चदेव यजनलाई प्राथमिकतामा राखेर आह्निक सूत्रावलिले निर्देशन गरेको छ। धर्मशास्त्रअनुसार आचरणकर्ता र वेदको मर्मज्ञ दुवै भगवान्का अनन्य चिन्तक हुन्। भगवान्लाई नित्य स्मरण गर्दै सनातन धर्म आचरण गर्नेहरू पञ्चतत्त्वका सहायताले आत्मतत्त्वानुसन्धान नै गर्ने हुन्। त्यसैले पञ्चदेवका भक्तहरू स्मार्त कहलिएका हुन्।

वेदको महावाक्य **तत्त्वमसि**अनुसार प्राणेन्द्रिय मनोमय आत्मा पञ्चतन्मात्राप्रति भोगासक्त रहँदासम्म जीव र भोगबाट अमन भएर तटस्थ रहँदा शिव भनिने हो। जीवको आसक्ति र शिवको तटस्थता केवल पञ्चतन्मात्राप्रतिका भाव मात्र हुन्। स्वयं पाञ्चभौतिक भोगालयमा आत्माको आसक्त र तटस्थ भाव तादात्म्य हुनुलाई पारिभाषिक शब्दमा जीवात्मा र परमात्मा भनिएको हो। वस्तुतः तिमी स्वयं आत्मानुसन्धानका साधन हौ भन्ने उक्त महावाक्यको तात्पर्य हो। पञ्चतत्त्वको आयतन पाञ्चभौतिक शरीर नै सनातनधर्म साधनाको माध्यम हो। आफैँमा आत्मबोध गर्ने साधन पाँच ज्ञानेन्द्रियका अधिष्ठाता पञ्चदेवको आलय, पाञ्चभौतिक आयतन नै परम्परागत पाञ्चायनपूजाका केन्द्र हुन्। **अहं ब्रह्मास्मि** महावाक्यअनुसार निर्विशेष, अद्वैतवादीहरूको **जीवो ब्रह्मैव नापर** र सविशेषवादीहरूको **सर्वंखल्विदं ब्रह्म** विश्वरूप ब्रह्माण्ड र आफू पिण्ड रूपमा दुवै पञ्चतत्त्वको आयतन हो। दुवैको आश्रय शुद्ध आत्मतत्त्वचाहिँ पञ्चतत्त्वको पनि **आयतनी** हो। त्यसैलाई वाङ्मयहरूमा ब्रह्म, परमात्मा, भगवान्, ईश्वर, भनेर विवेचन भएको छ। पञ्चज्ञानेन्द्रियका विषयहरू शब्दादि पञ्चतन्मात्रा आत्माबाटै विस्तार भएका हुन् भन्ने उपनिषद्हरूको भनाइबाट पनि पञ्चतन्मात्राका अधिष्ठाता वैदिक पाँच देवताहरू निर्विशेषबाटै रूपान्तरित सविशेष ब्रह्म सिद्ध हुन्छन्। निर्विशेषको साक्षात्कार कठिन हुने हुँदा ब्रह्मसाक्षात्कारको सुगमताका लागि ब्रह्मकै पाँच रूप कल्पना गरी पञ्चदेवको साकार उपासना गर्ने सविशेष वैदिक पाञ्चायनपूजा परम्परा आत्मानुसन्धानकै धर्माचरण हुन्।

### ६.१.२ क्रियात्मक निचोड

आत्मदर्शनको क्रियात्मक पक्ष पाञ्चायनपूजा, पञ्चदेव उपासना दुई पद्धतिले हुँदै आएको पाइन्छ। निराकारका उपासकलाई ज्ञानी र साकार

उपासकलाई भक्तका रूपमा लिइएको पाइन्छ। दुवै सनातन स्मार्त थिए। ज्ञान र कर्मको अन्योन्याश्रय सम्बन्ध छ। ज्ञानविना कर्म र कर्मविना ज्ञान हुँदैन। स्मृतिहरूले सबै कर्महरू ज्ञानमा पुगेर समापन हुन्छ र ज्ञान भएपछि कैवल्य (मोक्ष) हुन्छ भनेका छन्। भक्ति सिद्धान्तअनुसार ज्ञान र कर्म दुवै भक्तिको साधन हुन्। पूजादिमा अनुराग पनि भक्ति नै हो। चार प्रकारका भक्तहरूमा ज्ञानी भक्त भगवान्को विशेष प्रिय हुन्छ। तत्त्वस्मरणमा वेदान्त र स्मृति दुवैले सांख्य र योग पद्धतिलाई महत्त्व दिएको छ। ज्ञान पद्धतिलाई सांख्य र कर्म पद्धतिलाई योग भनिन्छ। तर दुवैको गन्तव्य आनन्दस्वरूप भगवान्को अनुभव हो। तत्त्व विवेकी होस् कि पूजादिमा अनुरक्त उपासक होस् पाँच ज्ञानेन्द्रिय र पाँच तन्मात्राको अनिवार्य आवश्यकता पर्छ। पाञ्चभौतिक आयतनमा प्रतिष्ठित इन्द्रियहरू र तिनका विषय समेतका अधिष्ठाता पञ्चदेव सबै साधक उपास्य हुन्। पञ्चमहाभूत त विषयेन्द्रियको अधिष्ठान मात्र हो। वस्तुतः भगवान्, परमात्मा, ब्रह्मको स्वरूप पञ्चदेव नै पञ्चायतनका अधिष्ठाता हुन्। वेदान्तका सविशेष या निर्विशेषवादी दार्शनिकहरूका पनि पञ्चायतनीमै आश्रित छन्।


समस्त स्मृतिवाङ्मयहरूको स्रोत वेद हो भने वेदको सार वेदान्त हो। वेदान्तका दुई दृष्टिकोण सविशेष र निर्विशेष सविशेषका पाँच स्वरूप पञ्चतत्त्व पञ्चतत्त्वका अधिष्ठाता पाँच देवताहरू ब्रह्मसमान सशक्त छन्। यिनका पनि आश्रय निर्विशेष ब्रह्म र वैदिक पञ्चायतनी शुद्धआत्मासमान हो। त्यसै गरी स्मार्तहरूको पञ्चतत्त्वाश्रय पञ्चायतनी पनि ब्रह्म, परमात्मा, भगवान् शब्दले निर्वचन हुने अद्वितीय तत्त्व हो। ब्रह्म र पञ्चायतनी शब्दद्वारा निर्वचन हुने **कर्तुमकतुमन्यथाकर्तुं** समर्थ स्वयंसिद्ध सत्ता नै पाञ्चायन पूजाको केन्द्र हो।

पञ्चतत्त्वका अधिष्ठाता पाँच देवताहरू विष्णु, सूर्य, देवी, गणेश र

शिवको संयुक्त उपासनाको क्रियात्मक पक्ष पाँचौँ परिच्छेदमा विवेचन भएको छ। पाञ्चायनपूजा परम्परा र सविशेष वेदान्तदर्शनको समर्पण भावमा तात्त्विक भिन्नता छैन। पाँच प्रकारका पञ्चायतनलाई तन्त्रशास्त्रहरूले गणेशादि पञ्चदेवको रूप उपासनार्थ पञ्चाङ्ग (तिथि, बार, नक्षत्र, योग र करण)अनुसार जुन दिन जुन देवताको बढी पूज्यता हुन्छ त्यो दिन ती देवता केन्द्र र अन्य चारलाई विधिपूर्वक दिशाभेदले स्थापना गर्नुपर्ने निर्देशन गरेको छ। केन्द्रमा रहने देवताका नामबाट गणेशादि पञ्चपाञ्चायतन स्थापना गरिन्छ। साथै आआफ्ना स्थानबाट बर्जित गरी स्थापना गरेमा शोक, दुःख र भयदायक हुन्छ समेत भनिएको छ।

वैदिक वाङ्मयहरूले भने रवि, विनायक, दुर्गा, शिव र विष्णु अनुक्रमले पुज्नु व्युत्क्रम भए भने महान् भयदायक हुन्छ भनेको छ। स्थापनाका सम्बन्धमा धर्मशास्त्रको इतिहास, आह्निकसूत्रावलिः, नित्यकर्म पूजाप्रकाश र शब्दकोशहरूसमेतले निम्नानुसार ज्ञानप्रधान गणेश, तेजप्रधान सूर्य, शक्तिप्रधान देवी, सत्प्रधान शिव र चित्प्रधान विष्णु पाञ्चायन सदा स्थापित हुन्छन्, प्रति दिन पाञ्चायतन बदलिने कुरा गर्दैनन्।

**पूर्व**




**गणेश पाञ्चायन　सूर्य पाञ्चायन　देवी पाञ्चायन　शिव पाञ्चायन　विष्णुपाञ्चायन**

**पश्चिम**

सच्चिदानन्द स्वरूप शिव, विष्णु र देवीसहित ज्ञान र तेजस्वरूप गणेश र सूर्य पञ्चशक्तिको सामूहिक भक्ति पाञ्चायन उपासनामा पाइन्छ।

सनातन स्मार्तहरूको आआफ्ना गुण र स्वभावअनुसार पाँचमध्ये कुनै

एक इष्ट पाञ्चायन ईश्वर उपासनाको केन्द्र बन्दछ। पूजाविधिका दृष्टिले पञ्च उपचार षोडश उपचारले गन्धपुष्पादि वस्तुहरूमा संकल्पसमर्पण र ईश्वरस्मरण स्मार्तहरूको नित्यकर्म हो। भावसंकल्पसहित पञ्चतत्त्वका प्रतीकात्मक वस्तुहरू गन्ध (पृथिवी), पुष्प (आकाश), धूप (वायु), दीप (तेज), नैवेद्य (जल) का गुणहरूप्रतिको आसक्तिहरू समर्पण गरिन्छ। आआफ्ना गुण र स्वभावअनुसार नित्य, नैमित्तिक र कामनाप्रधान सङ्कल्प हुने हुँदा जस्तो कामना गरिन्छ त्यस्तै फल प्राप्त हुन्छ।

पाञ्चायनपूजाको नित्यकर्म विशेष फलकामनाले होइन अनित्य वस्तुप्रतिको आसक्ति त्यागको भावनाले गरिन्छ। नित्यकर्म गर्नाले फलप्राप्ति हुँदैन तर नगरेमा भगवत्प्राप्तिको भावनामा प्रत्यवाय लाग्छ। पञ्चतत्त्व मायाका अवयव भएको र आश्रयतत्त्व अवयवी भएकाले पञ्चतत्त्वको उपयोग साथै स्वभाव समर्पण गर्न सकेमा मात्र इष्टप्रति तन्मय हुनसक्छ। शक्तिमान्को अंश जीव र शक्तिको अंश पञ्चतन्मात्रासँगको समवाय मार्फत् आनन्दमय ईश्वरमा समर्पित हुनु पाञ्चायन भक्ति हो।

पञ्चतत्त्वको आश्रय आत्मालाई वेदान्तदर्शनले ब्रह्म, योगदर्शनले परमात्मा स्मृति पुराणादि धर्मशास्त्रहरूले भगवान् भने तापनि दर्शनीयतम आनन्दस्वरूप अनिर्वचनीय अनुभूति सबैको इष्ट हो। सबै पाञ्चायनका उपासकहरू आनन्दस्वरूप आत्माकै उपासक हुन्। पञ्चदेवयजनद्वारा परमात्माको नित्यस्मरण गर्नु उनीहरूको तात्पर्य हो। प्रयोगविधि भने वैदिक, तान्त्रिक र मिश्रित हुनसक्छन्। ज्ञान, कर्म र भक्ति उपासनाका प्रसिद्ध विधि हुन्। ब्रह्म उपासकहरू ज्ञान अवलम्बन गर्छन्। कर्मयोगीहरू परमात्माको स्मरण गर्दछन्। भक्तहरू भगवान्को पाँच प्रकारको रूप कल्पना गरी मूर्त रूपमा ससङ्कल्प स्वभाव समर्पणद्वारा भक्ति गर्दछन्। भक्तिको सिद्धावस्थामा सम्पूर्ण भावसमर्पण हुन्छ र स्वतः निःसंकल्प हुन्छन्।

सुख, दुःख, भय, शोक, मोह कुनै भाव नभएको निःसंकल्प अवस्थाको आनन्द अनिर्वचनीय हुन्छ। ब्रह्म परमात्मा, भगवान् शब्दहरूले त्यसैको निर्वचन गर्दछन्। उपनिषद्ले मन र वचनले अगोचर असीम आनन्दस्वरूप समस्त चराचरकै आश्रय त्यसैलाई मान्दछ। पञ्चायतनी पनि समस्त प्रपञ्चको आश्रय भएकाले वेदान्तको आनन्दसमान नै हो।

आकाशदेखि पृथिवीसम्म सगुण साकार पञ्चतत्त्वको आधार शक्ति हो। चित्, तेज, सामर्थ्य, विज्ञान र सत् पाँच वर्गमा शक्तिकै वर्गीकरण हुन्छ। क्रमशः विष्णुमा चित्, शक्ति, सूर्यमा तेज, देवीमा सामर्थ्य, गणेशमा ज्ञान र शिवमा सद्गुणहरू विशेष शक्तिस्वरूपद्वारा रहन्छन्। पाञ्चायन स्थापनामा विशेष गुण केन्द्रमा र विधिपूर्वक अन्य कोणहरूमा अन्य देवताहरू आवरण रूपमा रहने हुँदा साम्प्रदायिक कलहको सट्टा सद्भाव कायम रहन्छ। यो पाञ्चायनपूजाको विशेषता हो।

सगुण साकार सविशेष भक्तिसाधना नै पूजा हो। पाञ्चायन पूजामा पञ्च तत्त्व, तीन गुण र जीवात्मा समेत नौ प्रकारका प्रकृतिको समन्वय छ। त्रिगुणात्मक पञ्चशक्ति अपरा, जीव शक्ति परा हो। स्मृतिहरूले अपरा प्रकृतिलाई क्षर पुरुष र परा प्रकृतिलाई अक्षर पुरुष भनेका छन्। साथै, अपरा प्रकृतिको आयतनलाई शरीर र परा प्रकृतिलाई शरीरी भनेर आत्मअनुसन्धानमा साधन मानेको छ। वस्तुतः क्षेत्र भनेको शरीर क्षेत्रज्ञ भनेको शरीरी आत्मा, नै हो। क्षेत्र-क्षेत्रज्ञ संयोगद्वारा वेद, स्मृति, सदाचारका सहायताले आफ्नो प्रिय **आनन्द** अन्वेषण स्वस्वरूपानुसन्धान आफैँमा गर्न सकिन्छ भन्ने आधारभूत सिद्धान्त अनुरूप नै क्रियात्मक पक्ष पाञ्चायनपूजाको पनि निचोड रहेको छ।

## ६.१.३ वैचारिक निचोड

पञ्चतत्त्व र आत्मतत्त्वको तादात्म्यस्वरूप पाञ्चभौतिक आयतनको विवेचनद्वारा आकाश, वायु, तेज, जल र पृथिवीका अधिष्ठाता क्रमशः विष्णु, सूर्य, देवी, गणेश र शिवको पूजापरम्परा वैदिक कालमा पनि थियो र सनातन धर्मका रूपमा अहिले पनि छ। वेदान्तदर्शनमा पञ्चतत्त्वलाई पञ्चीकृत र अपञ्चीकृत दुई वर्गमा विवेचन गरिएको छ। पञ्चीकृतलाई पञ्चभूत र अपञ्चीकृतलाई पञ्चमहाभूत भन्ने गरिएको छ। महाभूतमा सबै भूतहरू समाहित छन्। केवल पञ्चीकरणको सिद्धान्तअनुसार तत्त्वहरूको न्यूनाधिक्यका आधारमा पञ्चीकृत पाञ्चभौतिक शरीरधारी मानिसहरूको गुण र स्वभाव पनि पाँच प्रकारमै वर्गीकृत हुन्छ। तत्त्व प्रचुरताका आधारमा स्वभावैले महाभूतका अधिष्ठाता पञ्चदेवमध्ये एक इष्ट र बाँकी चार सहायक देवताका रूपमा पाँचै प्रकारका पाञ्चायन प्रतिष्ठित हुन्छन्। निर्विशेषका उपासक स्वयंमा आत्मानुसन्धान गर्ने र सविशेषका उपासक आफ्नो इष्ट पाञ्चायनको भक्ति गर्ने स्वभावका हुन्छन्। यो केवल वेदान्त विवेचन गर्ने सांख्य र योग पद्धतिका भेद मात्र हुन्। विवेक भइसकेपछि अनित्यप्रति वैराग र नित्यप्रति अनुराग पैदा हुन्छ। यसलाई वेदोपनिषद्कै सार, इतिहासपुराणको मुकुट मानिने श्रीमद्भागवत् महापुराणले यसलाई भक्ति भनेको छ। स्मृतिहरूले पनि गुण र स्वभावअनुसार प्रकृतिले निरन्तर कर्म गर्छ भनेका छन्। तर व्यक्ति अहंकारवश आफूलाई कर्ता ठान्दै र सुख-दुःखको भोक्ता मान्दछ। दुःख समाप्ति र सुख प्राप्तिका संकल्पले आनन्दस्वरूप सविशेष ब्रह्म समान पञ्चायतनीको नित्यस्मरण र आफ्नो गुण र स्वभावअनुकूल इष्टपञ्चायतनको मानसपूजा स्वभावैले हुन्छ। यो विश्वास नै पाञ्चायन भक्ति हो। आध्यात्मिक दृष्टिकोणबाट समस्त शोधकार्यको सार निकालिएको छ। एक वाक्यमा पाञ्चायनपूजाको सार आत्मदर्शन हो भन्न सकिन्छ।

सविशेष वेदान्तदर्शन र सनातन वैदिक पाञ्चायनपूजा परम्पराको शोधनीय पक्ष अद्वैत आत्मा हो। दुवैको उपास्यतत्त्वलाई ब्रह्म, परमात्मा, भगवान्लाई नै पाञ्चायतनी शब्दद्वारा सम्बोधन गरिएको छ।

परिच्छेद चारमा पाञ्चायनपूजा परम्पराको क्रियात्मक पक्षको अध्ययनका आधारमा समेत पाञ्चायनका बारेमा निगम र आगम विधाका वैचारिक पक्षको विवेचन र शुक्लयजुर्वेदीय माध्यन्दिन शाखाका सनातन स्मार्तहरूको नित्यकर्मको निरूपणका साथै सविशेष वेदान्तवादी पञ्चदेव उपासक र निर्विशेष आत्मतत्त्वानुसन्धानवादी अद्वैतवेदान्तको निष्कर्षबारे विचारविमर्श गरिएको छ।

सविशेष वेदान्तवादीका मतमा चित्, तेज, शक्ति, ज्ञान र सत् पाँच भावसहित भावातीत परब्रह्म, परमात्मा, भगवान् र त्यसका भक्तहरूमा अचिन्त्य भेदाभेद सम्बन्ध छ। निर्विशेष वेदान्तीहरू आफूलाई अद्वैतवादी मान्दछन् पञ्चतत्त्व व्यवहार सत्य हो परमार्थमा मिथ्या, पञ्चतत्त्वको सूक्ष्मस्वरूप प्राणेन्द्रिय मनोमय जीवात्मा कर्ता भोक्ता हो। इन्द्रिय मन प्राणबाट वियुक्त शुद्धआत्मा भने स्वयं ब्रह्म अकर्ता हो। कर्ता भोक्ता रहँदा भेद, तटस्थ अकर्ता हुँदा अभेद हो। त्यसका अनुभूति अनिर्वचनीय हुने भएकाले वेद वेद्य तत्त्व अचिन्त्य छ। वेदको प्रतिकूल नहुने आगमहरू पनि पाञ्चायनको तत्त्व निरूपणमा स्मृतिसरह मानेको पाइयो। त्यसैले निगम र आगमहरूका आधारमा पाञ्चायनको वैचारिक विवेचन पाञ्चायन दर्शन हुन गयो। वैदिक पाञ्चायन पूजाक्रममा गणेश, सूर्य, देवी, शिव र विष्णु अनुक्रमले पाञ्चायन दर्शनको क्रियायोग बताइयो। आगमविधिले स्थापित केन्द्रावरण भेदले बन्ने पाँच प्रकारका पाञ्चायन केन्द्रका देवताका नामबाट प्रसिद्ध भए। निगमले पूजनक्रमलाई र आगमले स्थानपनक्रमलाई महत्त्व दिएको पाइयो। शक्तिसहित शक्तिमान्का हिसाबले दुवै विधाहरूले पाँचै

प्रकारका पाञ्चायनहरू सगुण ब्रह्मसमान पञ्चदेवलाई नै मानेका छन् । लौकिक परम्परामा वैदिक र तान्त्रिक दुवैको मिश्रण पाइन्छ । तन्त्र र मन्त्र दुवै विधि र स्वभावसमर्पण नै आआफ्नो इष्ट देव उपासनाको साधन हुने गरेको पाइयो । वैदिक, तान्त्रिक र लौकिक तीनवटै पद्धतिहरू परम्परागत पूजामा प्रयोग हुने गरेका छन् ।

वैचारिक पक्षबाट पाञ्चायनपूजा परम्पराको विवेचन गर्दा आत्मप्रतिपादक वैदिक वाङ्मयहरूको स्रोत वेदलाई आधार मानिन्छ । वेदको निचोड वेदान्तका सविशेष र निर्विशेषवादी दर्शनहरू प्रमुख देखिए । साधनाकालमा सविशेष र सिद्धावस्थामा निर्विशेष वेदान्तसँग पाञ्चायन र पञ्चायतनीको तुलनात्मक विवेचन नै वैचारिक पक्ष हुन पुग्यो । यसरी पाञ्चायन पूजाको दार्शनिक आधार, वैचारिक विवेचनबाट निरूपण भएको छ । अतः परम्परागत पाञ्चायनपूजा वेदान्तदर्शनमा आधारित छ ।

निर्विशेष वेदान्तदर्शन पाञ्चायनको अमूर्त पक्ष हो भने सविशेष वेदान्तदर्शन मूर्त पक्ष हो । वेदले नै शब्दब्रह्म र परब्रह्म गरी दुई प्रकारले मूर्त र अमूर्त पक्षको विवेचन गरेको छ । शक्ति मूर्त हो शक्तिमान अमूर्त हो ।

श्रुति, स्मृति, इतिहास, पुराण र आगमहरूले अद्वितीय आनन्दलाई अधिष्ठान, कर्ता, करण, चेष्टा र दैव गरी पाँच स्वरूपसँग तुलनात्मक विवेचन गरेका छन् । यिनका सहायताले अनुभव हुने अनिर्वचनीय आनन्दलाई ब्रह्म, परमात्मा, भगवान् भनेका छन् । यथार्थमा सबै निर्वचनहरू शुद्ध चैतन्यतत्त्व निरूपण गर्ने शब्द मात्र हुन् । द्वैत वेदान्तमा अधिष्ठानादि पञ्चतत्त्वायतनलाई भोक्ता, भोग्य र प्रेरक तीन प्रकारको ब्रह्मकै स्वरूप भनिएको छ । त्यस्तो प्रत्यक्ष पाञ्चायनस्वरूप आत्मतत्त्वानुसन्धान गर्ने विधिलाई अद्वैत वेदान्तले पनि भक्ति भनेको छ । द्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत, अचिन्त्य भेदाभेदवादी सविशेष वेदान्तले काल, स्वभाव, सत्, असत् र मनको प्रथम

अवतार पञ्चतत्त्व र आत्मतत्त्वको विराटस्वरूपलाई भगवान् मानेको छ। सगुण, साकार, सविशेष ब्रह्मकै ईश्वरकोटिका पाँच आयतनहरू पाँच शक्तिका केन्द्रावरण भेदले बन्ने स्वरूप र प्रतिष्ठा नै परम्परागत पाञ्चायन पूजाको केन्द्र हो। उपासकका स्वभाव र गुणका आधारमा पाँच प्रकारका वर्गीकरण भएका हुन्।

अन्तमा श्रुति, स्मृति, पुराण र आगम सबैको स्रोत प्राचीनतम वेदस्वरूप ओंकार हो। त्यसमा निहित सृष्टि, स्थिति, लय, निग्रह र अनुग्रह पाँच गुणहरू र पञ्चतन्मात्राका सामर्थ्य स्वरूप चित्, तेज, शक्ति, ज्ञान र सत् पाँच भावहरू वैचारिक पक्षका आधार हुन्। पाञ्चभौतिक प्रकृतिको निरन्तरतालाई धान्ने उपयुक्त गुण र स्वभावको तादात्म्य नै सनातनधर्म हो। यस्ता वेदान्तकै सविशेष र निर्विशेष दृष्टिकोणहरूको आचारपक्ष पाञ्चायनपूजा नै श्रुति र स्मृतिले बताएको परमधर्म हो। यसको क्रियात्मक पक्ष परम्परागत पाञ्चायनपूजा हो भने वैचारिक पक्ष दार्शनिक विश्लेषण हो। यस्ता पूजादिमा अनुरागबाट प्रत्यक्ष अनुभव हुने आनन्दचाहिँ अनिर्वचनीय हुन्छ।

### ६.१.४ अध्यात्मविवेचनको सार

परिच्छेद पाँचमा आध्यात्मिक विवेचन भएको छ। शास्त्रहरूमा आधारित वैचारिक दृष्टिकोणहरू दर्शन हुन्। त्यस्ता दार्शनिक विचारहरू आआफ्ना सिद्धान्तशास्त्रहरूका सीमामा सीमित रहन्छन्। सबै शास्त्रहरूको मूल वेदले निरूपण गर्ने अद्वितीय आनन्दस्वरूप अनुभूतिलाई असीम **आत्मा** भनेर निर्वचन गरिएको छ। अध्यात्मवादी दर्शनशास्त्रहरूको चरम उत्कर्षका रूपमा वेदान्तदर्शन पर्दछ। वेदान्त पनि अद्वैतवादी **निर्विशेष** र शुद्धाद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, अचिन्त्य भेदाभेद आदि द्वैतवादी **सविशेष** गरी दुई वर्गमा वर्गीकृत छ। वैचारिक पक्षको विवेचनद्वारा विचारहरूको प्रतिपाद्य

आनन्दस्वरूपको चर्चा गर्ने यो पाँचौ परिच्छेदको शीर्षक अध्यात्मिक विवेचन रहेको छ। आफ्नो स्वरूपको अनुसन्धानलाई भक्ति मान्ने निर्विशेष वेदान्तदर्शनको **ब्रह्म**, पञ्चदेव उपासनाद्वारा पञ्चायतनीमा समर्पित हुने सविशेष वेदान्तदर्शनको **परमात्मा** र पाञ्चायनपूजादिमा अनुरागसहित अद्वितीय आनन्दको अनन्य स्मरण गर्ने स्मृति, पुराण र आगमादि दर्शनशास्त्रहरूको सगुण साकार सविशेष **भगवान्** तत्त्वतः एकै हुन् ।

ब्रह्मको विषयनिरूपण क्रममा द्रष्टा, दृश्य र दर्शन शब्दहरू प्रयोग भएका छन् । यस्ता दर्शनशास्त्रहरूका अभिव्यक्तिहरूले जीव, माया र ब्रह्मको विवेचन गरेका छन् । त्यस्तै भोक्ता, भोग्य, प्रेरक शब्दहरूको उपनिषद्हरूले प्रयोग गरेका छन् । वेदले सबै शब्दान्तरहरू पुरुषकै पर्यायका रूपमा **पुरुष एवेदं सर्वम्** भनेको छ । उपनिषद्देखि स्मृति, पुराण, इतिहाससम्मको सारसंग्रह श्रीमद्भगवद्गीता एवं श्रीमद्भागवत महापुराणले अक्षर, क्षर र उत्तमपुरुष नामले अनिर्वाच्य आत्माकै निर्वचन गरेका छन् । उपासकका विशेषताका आधारमा त्यसैलाई ब्रह्म, परमात्मा, भगवान् भनिएको छ । ज्ञानीहरू ब्रह्म, योगीहरू परमात्मा, भक्तहरू भगवान् भनेर शुद्ध आत्माकै विवेचन गर्दछन् ।

निर्विशेष वेदान्तदर्शनका प्रचारक शङ्कराचार्यले भक्तिलाई **आत्मअनुसन्धान** वा स्वस्वरूपानुसन्धान भनेर पञ्चज्ञानेन्द्रिय र पञ्चतन्मात्राका अधिष्ठाता पञ्चदेवको यजनलाई स्वीकारेका छन् । अनि यसरी उनले पञ्चदेवायतनलाई स्वरूप र आश्रयतत्त्व अद्वितीय पञ्चायतनीलाई प्रतिष्ठाका रूपमा विवेचन गरेका छन् । आफैंमा रहेको जीवात्मा साधक, पञ्चज्ञानेन्द्रिय र पञ्चतन्मात्रासाधन र हृदयस्थ स्वयंप्रकाश तटस्थ आत्मालाई साध्य मानेका छन् । पञ्चतत्त्वमा आश्रित जीवात्मा पञ्चतन्मात्राकै पाँच मार्गद्वारा पञ्चतत्त्वकै स्रोत परमात्माको अनुभव गर्छ । यो नै पाञ्चायनभक्ति हो भन्ने उनको भनाइ छ । पञ्चतत्त्व व्यवहारमा मात्र सत्य हो परमार्थमा मिथ्या,

आत्मा व्यवहारकालमा जीव हो र परमार्थमा ब्रह्मसरह हो । त्यसकारण उनी ब्रह्म सत्य, जगत् मिथ्या, जीवको शुद्ध अवस्था ब्रह्म नै हो भन्दछन् ।

सविशेष वेदान्तका द्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत, अचिन्त्य भेदाभेदजस्ता विशेषण जोडेर भगवान्को विवेचन गर्ने दार्शनिकहरू विष्णु, सूर्य, देवी, गणेश र शिवको केन्द्रावरण भेदले बन्ने पञ्च पाञ्चायनलाई सविशेष ब्रह्मसरह नै हो भनेर व्याख्या गर्दछन् ।

वेद अनुकूल धर्मशास्त्रहरूका निगम र आगम दुवै विधाका वाङ्मयहरू स्वयंमा निहित नौ तत्त्व जीव, अहंकार, बुद्धि, मन, आकाश, वायु, तेज, जल र पृथिवीलाई प्रकृति, पुरुषका रूपमा व्याख्या गरी सबैको आश्रय उत्तम पुरुष, परमात्मालाई सबैको भरणपोषण गर्ने ईश्वरको रूपमा स्वीकार गर्दछन् ।

नित्यानित्य वस्तु विवेकपछिको अनुभूति होस् वा पूजादिमा अनुरागजन्य आनन्दानुभव होस् त्यो आत्मानुभवको निर्वचनद्वारा अरूलाई अनुभूत गराउन सकिँदैन । आआफ्ना अनुभूतिका आधारमा विवेचन भएका विविध विचारहरूका अभिव्यक्तिहरू दर्शनशास्त्र भनिएका हुन् । अध्यात्मवादी दर्शनशास्त्रहरूले दिएका निचोडहरूका आधारमा पञ्चतत्त्व र आत्मतत्त्वसम्बन्धी विवेचन वैचारिक पक्षमा भएको छ । पञ्चतत्त्व र आत्मतत्त्व-जो निर्वचन क्रममा प्रकृति र पुरुष पनि भनिएको छ ती दुवैको अधिष्ठान-उत्तम पुरुष, परमात्मा, ईश्वर, ब्रह्मजस्ता शब्दद्वारा अभिव्यक्त भगवान्को विवेचनलाई अध्यात्मिक विवेचन भनिएको हो । पाँचौँ परिच्छेदमा वेदान्तदर्शनलाई आधार मान्ने विभिन्न आध्यात्मवादी दर्शनहरूले गरेका पाञ्चायन भक्तिको अध्यात्मपक्ष विवेचन भएको छ । वेदान्तदर्शनका स्वरूपानुसन्धान र पूजादिमा अनुरागजस्ता सिद्धान्तहरूको क्रियात्मक पक्ष पाञ्चायनपूजा हो । पाञ्चायनपूजा परम्पराको दार्शनिक पक्ष पञ्चतत्त्वको आश्रय परमात्मा अनुभव गर्ने पञ्च ज्ञानेन्द्रियका अधिष्ठाता देवतालाई मार्गदर्शक र आ-आफ्ना इष्टपाञ्चायनका भक्तिद्वारा

प्राप्त आनन्द अनुभवको अभिव्यक्ति अध्यात्म पक्षको विवेचन हो। क्रियात्मक र वैचारिक पक्षको निचोडका रूपमा अध्यात्मको व्याख्या गरिएको छ। ज्ञान नहुँदासम्म कर्म समाप्त नहुने हुँदा शङ्कराचार्यले स्वरूपानुसन्धानको निर्देशन गरेका हुन्। त्यसपछिका भक्तिवेदान्तका आचार्यहरूले पाञ्चायनलाई सविशेष ब्रह्मसरह व्याख्या गरे। त्यसैले यहाँ पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचनको गन्तव्य अध्यात्म पक्षको समेत चर्चा गर्नुपरेको हो।

सारांशमा सबै दर्शनहरूको स्रोत वेद हो र वेदान्तका निर्विशेष एवं सविशेषवादी दार्शनिकहरूको वैचारिक पक्ष पनि आत्म निरूपण गरेपछि समाप्त हुन्छ। पाञ्चायन दर्शनको क्रियात्मक पक्ष पाञ्चायनपूजा पनि पञ्चायतनीमा समर्पित भएपछि समाप्त हुन्छ। आत्मबोध भएका व्यक्तित्वलाई ज्ञानी भनिन्छ। आत्मा मात्र अद्वितीय सत्ता हो भन्ने निष्कर्ष निकालेका ज्ञानीहरू पनि प्रत्यक्ष र अनुमान प्रमाणले समेत प्रमाणित गर्न नसक्ने आत्मनिरूपण वेदले मात्र गर्न सक्ने मान्छन्। तैपनि उनीहरू आफ्ना हृदयमा स्वयं प्रकाश आनन्दस्वरूप ब्रह्म प्रदर्शित भयो, आत्मदर्शन पाइयो, कर्म समाप्त भयो, अब केही जान्न र गर्न बाँकी छैन भन्ने अभिव्यक्ति दिन्छन्। यो अभिव्यक्ति अन्य उपासकहरूले मार्गदर्शनका रूपमा लिन्छन्। तर उनीहरूको अनुभव अर्काका लागि अनुमान हुनसक्छ प्रत्यक्ष हुँदैन। अनुभव आफैंले गर्नुपर्छ अरूले गराइदिन मिल्दैन। वेदले भने प्रत्यक्ष र अनुमान दुवैले पत्ता लगाउन नसकेको उपाय बताइदिन्छ। ज्ञानी पनि परमात्मामा आफ्नो आत्मा समर्पण गरेपछि मात्र आचारवान् पुरुष अर्थात् वेदसरह व्यक्तित्व बन्दछन्। त्यस्ता श्रोत्रीय ब्रह्मनिष्ठ गुरुले आत्मबोधद्वारा सत्पात्र बनेका शरणागत शिष्यलाई पाञ्चायतनी दीक्षा दिन्छन्। दीक्षामन्त्रअनुरूप इष्ट पाञ्चायनलाई ब्रह्मसमान स्मरण गर्दै शरीर रहेसम्म पञ्चतत्त्व सेवन गरे पनि तज्जन्य आसक्तिलाई इष्टदेवमै समर्पित गर्दछन्। पाँच ज्ञानेन्द्रियका सम्बन्धित

विषयहरूको सम्बन्धबाट उत्पन्न अनुभवकर्ता जीव आफूलाई कर्ता नठानेर परमात्माको सेवक मान्दछ र मालिकसँग केही कामना राख्दैन भने मात्र ऊ अनन्य भक्त हुन्छ । भगवान्लाई त्यस्तै भक्त मन पर्छ । आत्मबोध नभएसम्म सच्चा सेवकको कर्तव्यबोध अर्थात् निष्कामभाव उत्पन्न हुँदैन । आत्मज्ञानीहरू पनि मानिसका रूपमा प्रत्यक्ष भगवान्सरह श्रोत्रीय ब्रह्मनिष्ठ गुरुको शरणमा रहेर ब्रह्मोपासना गरिरहन्छन् । त्यस्तो उपासना गुरूप्रदत्त इष्ट पञ्चायतनीको दीक्षा मन्त्रजप र पञ्चायतनस्वरूपको अनन्य स्मरण नै सनातनीहरूको नित्यकर्म हो, प्राण रक्षार्थ निरन्तर चल्ने सोऽहं जप र सर्वशक्तिमान् इष्टपञ्चायतनीको नित्य स्मरण पाञ्चायनपूजाको आध्यात्मिक पक्ष हो । त्यस्ता उपासक मात्र अनन्य भक्त हुन्छन् । अनन्य चिन्तन गर्ने सेवकको योगक्षेमवहन इष्टदेवले गर्दछन् । वैदिक पाञ्चायन भक्तिको रहस्य आत्माको इष्ट परमात्माको नित्यस्मरण नै हो । आत्मज्ञानीहरू यजन, पूजनजस्ता बाह्य कर्महरू गरिरहन्नन् तर सविशेष वेदान्त दर्शनको क्रियात्मक पक्ष छाडे पनि वैचारिक पक्षको निचोड अद्वितीय वेदान्त दर्शनको चिन्तन छाडेका हुँदैनन् । त्यस्ता कर्मसन्यासीहरू जीवात्मालाई परमात्मामा अनन्य राख्ने जपयज्ञ निरन्तर गरिरहन्छन् । त्यसलाई अजपा गायत्री पनि भनिन्छ । वैदिक पाञ्चायनपूजाको आध्यात्मिक विवेचनबाट परमात्माको नित्यस्मरण र पञ्चदेवको अनन्य भक्ति कहिल्यै समाप्त नहुने नित्यस्मार्त कर्मद्वारा स्वस्वरूपकै अनुसन्धान हुन्छ भन्ने यसको सारांश छ ।

पाञ्चभौतिक शरीर रहँदासम्म शब्दादि विषय सेवन र पाञ्चभौतिक पदार्थ उपयोग छुट्दैन । आफ्नो मूल स्वरूप आत्माको नित्यस्मरण र चित्, तेज, शक्ति, ज्ञान र सत् प्रधान सामर्थ्यका अधिष्ठाता विष्णु, सूर्य, देवी, गणेश र शिवको भक्तिले गर्दा विषय सेवनजन्य आसक्तिले प्रभावित गर्न सक्दैन । किनभने त्यसले आफ्ना हृदयका स्वयं प्रकाशक परमात्माको सृष्टि, स्थिति,

लय, निग्रह र अनुग्रह कारक सामर्थ्यप्रति निरन्तर समर्पित भई अजपा जपयज्ञ गरिरहेको हुन्छ। शक्तिसहित शक्तिमान्का उपर्युक्त पाँच सामर्थ्य नै वैदिक पाञ्चायन भएकाले सबैको आश्रय अद्वितीय पञ्चायतनीकै भक्ति पाञ्चायन पूजा हो। पाञ्चायनको आध्यात्मिक विवेचनबाट आत्मउपासना गर्ने पाञ्चायन दर्शन र निर्विशेष वेदान्तकै अद्वैत आत्मउपासनाको सविशेष वेदान्तवादी भक्तिदर्शनहरूसँग समानता सिद्ध भएको छ। सबै किसिमका वेदान्त र पाञ्चायनदर्शनहरूद्वारा सनातन धर्मका प्रकृतिपुरुष अर्थात् जीवतत्त्व र पञ्चतत्त्व विवेक हुन्छ। तत्पश्चात् जीवात्मालाई परमात्मामा संयोग गराउँछ। त्यस्तो वैचारिक सिद्धान्तका आचारपक्षलाई नित्यस्मार्तकर्म परम धर्म भनिन्छ। आध्यात्मिक विवेचनले वैचारिक पक्ष पाञ्चायनदर्शनको अनुसरणकर्तालाई अद्वितीय आनन्दमा पुऱ्याउँछ । त्यस्ता उपासकहरू वेदसरह आचारवान् पुरुषका रूपमा स्थापित हुन्छन्।

## ६.२ निष्कर्ष

वेदान्तदर्शनको क्रियात्मक पक्ष पाञ्चायनपूजा हो। शब्दलाई यथार्थ रूपमा जानेको र आत्मालाई अद्वितीय मानेको व्यक्तित्व आचारवान् पुरुष हो। **तत्त्वमसि** र **अहंब्रह्मास्मि** महावाक्यहरूको मूर्तरूप श्रोत्रीय ब्रह्मनिष्ठ व्यक्तित्व हो। आद्य जगद्गुरु शङ्कराचार्य र अन्य आचार्यहरू त्यसको उदाहरण थिए। शङ्करले आफ्नै आत्मानुसन्धानलाई मोक्षको कारण भनेका छन्। उनी मोक्षको कारणहरूमा भक्तिलाई महत्त्वपूर्ण ठान्दछन्। त्यसैले पाञ्चायनपूजा परम्परालाई परमात्माको स्मरण भक्ति गर्ने क्रियायोगका रूपमा निर्देशन गरे। उनीपछिका द्वैत वेदान्तका प्रचारकहरू पनि पूजादिमा अनुरागलाई भक्ति भन्दछन्, तर द्वैतवादीहरू भगवत्प्राप्ति भगवान्को कृपाबाट मात्र हुन्छ भन्ने मान्दछन्। रामानुजाचार्य वेदान्तलाई विशिष्टाद्वैत मान्दछन् भने निम्वार्काचार्य

द्वैताद्वैत मान्दछन् । मध्वाचार्य द्वैत मान्दछन् र द्वैत वेदान्तमा विशेषतः पाँच प्रकारको भेद मान्दछन् । जीव र ईश्वर भेद, जड र ईश्वर भेद, जीव र जड भेद, जीव र जीव भेद, जड र जड भेद । द्वैत, अद्वैत, द्वैताद्वैत सबैका समन्वयकर्ता पाँचौं मूल जगद्गुरु कृपालुजी महाराज सबै भेदहरूको समन्वय गर्दछन् । राधाकृष्णलाई सम्पूर्ण वेदान्त दृष्टिकोणहरूको अद्वितीय केन्द्र, सविशेष ब्रह्म नै मान्दछन् । आद्य जगद्गुरुको आत्मतत्त्वानुसन्धानलाई समेत सम्मान गर्दै उहाँले चलाएको पाञ्चायनपूजा परम्परालाई शक्तिसहित शक्तिमान् सविशेष ब्रह्म श्रीकृष्णकै भक्तिसरह ठान्दछन् । चैतन्य महाप्रभु श्री कृष्णको भक्ति महाकाव्य श्रीमद्भागवतलाई ब्रह्मसूत्रकै भाष्य भन्दछन् । श्रीमद्भागवतअनुसार पनि पञ्चमहाभूत, पञ्चमहाभाव र पञ्चदेवकै समन्वयस्वरूप सविशेष वेदान्त दर्शनको मूर्तरूप द्रव्य, कर्म, काल, स्वभाव र जीव पाँच प्रकारहरू सर्वान्तरयामी परमात्माकै रूपान्तर हुन् ।

वेदमा विष्णु, सूर्य, देवी, गणेश र शिवका उपासना मन्त्रहरू भए तापनि पञ्चदेवको सामूहिक यजनको प्रत्यक्ष चर्चा पुराण, इतिहास र आगमहरूमा पाइन्छ । यज्ञपुरुष, नारायणको वैदिक यजनसँगै विभिन्न देवी-देवताहरूको स्तुतिको पर्याप्त चर्चा भने वेदका मन्त्रहरूमा पाइन्छ । अग्निस्थापनाद्वारा यज्ञपुरुष स्थापित गरी ससङ्कल्प पञ्चतत्त्वको निचोड घ्यू, चरु, समिधाजस्ता पदार्थ समर्पण गर्नुलाई यज्ञ भनिन्छ । पञ्चायतनमा ससङ्कल्प गन्धपुष्पादि पञ्चतन्मात्रा समर्पणलाई पाञ्चायनपूजा भनिएको छ । वस्तुतः पूजा र यज्ञ समानार्थी हुन् ।

स्मृतिहरूमा आत्माहरूको तृप्ति हेतु आहार समर्पण गर्नुलाई पञ्चमहायज्ञ भनिएको छ । दिव्यात्मालाई होम गर्नु, मुक्तात्मालाई स्वाध्याय गर्नु, मृतात्मालाई तर्पण गर्नु मनुष्यात्मालाई आतिथ्य सेवा गर्नु र भूतात्माहरूलाई बलिदान गर्नु पञ्चमहायज्ञ हुन् । सबैको तात्पर्य

जीवात्माहरूलाई आहार समर्पण गर्नु नै हो। यसरी सनातन स्मार्तकर्म पाञ्चायनपूजाले सगुणब्रह्मकै भक्तिको रूप लिएको पाइन्छ। वस्तुतः वैदिक आत्मउपासनाको आचरण नै पाञ्चायनपूजा हो। आत्मतृप्तिका उपर्युक्त पाँच उपायहरू कर्तालाई ब्रह्ममय बनाउने महायज्ञ हुन्। त्यसैले स्मृति, पुराण र आगमहरूमा सगुणब्रह्म उपासना पञ्चदेवको सामूहिक यजन लोकप्रिय भयो।

सनातन स्मार्तहरूको नित्यकर्म पाञ्चायनपूजा वैष्णव, शैव, शाक्तादि साम्प्रदायिक क्रिया नभएर अद्वैत ब्रह्म उपासनाको क्रियायोग हो। त्यसैले वेदान्तदर्शनले आत्मतत्त्वानुसन्धान र पूजादिमा अनुरागलाई भक्तिकै पर्याय मानेको छ।

सच्चिदानन्द ब्रह्ममा दुई विशेषण जोडेर निर्गुण निराकार सच्चिदानन्द ब्रह्म र सगुण साकार सच्चिदानन्द ब्रह्म भनिन्छ। अद्वैत वेदान्तीहरू निर्गुणनिराकार सच्चिदानन्द ब्रह्म नै उपास्य मान्दछन्। त्यतिमा मात्र सन्तुष्ट नभएका उपासकहरू सगुण निराकार ब्रह्म, परमात्मालाई उपास्य मान्दछन्। सगुण भएर पनि निराकारबाट कसरी कार्य हुन्छ ? ब्रह्मको सगुण साकार सच्चिदानन्द स्वरूप भगवान्लाई पूज्य मान्दछन्। त्यसमा पनि सनातन स्मार्तहरू विष्णु, सूर्य, देवी, गणेश र शिवमध्ये कुनै एकलाई मुख्य र अन्य चारलाई उसैको स्वरूपभेद मानेर समन्वयात्मक रूपमा बन्ने पाँच प्रकारका पाञ्चायतनलाई ब्रह्मउपासनाको केन्द्र ठान्दछन्। ब्रह्मको अनन्य चिन्तनका साथ आ-आफ्ना स्वभाव र गुणअनुसारको कुनै एक इष्ट पाञ्चायतनमा आफ्ना भाव समर्पण गर्ने पद्धतिलाई पाञ्चायनपूजा भन्ने गर्दछन्। उनीहरू आफूलाई सनातन वैदिक स्मार्त भन्न रुचाउँछन् किनभने यो भगवान्लाई नित्यस्मरण गर्दै विषयप्रतिको आसक्ति त्याग गर्ने स्मृतिअनुकूल आचरण हो। अतः प्रस्तुत शोधकार्यले पाञ्चायनपूजाद्वारा आधिकारिक व्यक्ति सगुण ब्रह्मोपासनामा प्रेरित हुन्छ भन्ने पुष्टि गरेको छ।

पाञ्चायनपूजा परम्पराका विभिन्न पक्षहरूको अन्वेषण गरी वैचारिक एवं आध्यात्मिक दृष्टिकोणबाट उपसंहार गरिएको यो परिच्छेद शोध प्रबन्धको सार हो। शोधकार्यको मर्यादा अनुसार परिच्छेदगत सारांशहरूको उपसंहारस्वरूप यस परिच्छेदको सारांशलाई यहाँ निष्कर्षका रूपमा प्रस्तुत छ।

वैदिक पञ्चदेवका केन्द्रावरण भेदले स्थापित पाँच प्रकारका पञ्चायतन नै पाञ्चायन देवता नामले प्रख्यात छन्। वैदिक वाङ्मय स्मृति, पुराणा र आगमादि धर्मका आचारशास्त्रहरू अर्थात् स्मृतिशास्त्रहरूले पाञ्चायपूजापरम्परालाई मानिसको चित्तशुद्ध गरी आनन्द प्राप्तिको लक्ष्यमा पुऱ्याउने क्रियात्मक साधन मानेका छन्। यस प्रकारका सदाचारलाई श्रुति र स्मृतिले परमधर्म नै भनेको छ। वेदले प्रतिपादन गरेको ब्रह्मलाई स्मृति पुराणादिले भगवान्, परमात्माजस्ता नामान्तरले सम्बोधन गरे तापनि अद्वितीय आनन्दस्वरूप ब्रह्म, परमात्मा, भगवान् नै मानिस मात्रको चरमलक्ष्य हो। के पाञ्चायनपूजा परम्पराको दार्शनिक विवेचनबाट उक्त लक्ष्य प्राप्त गर्न सकिन्छ ? यस समस्याको समाधानार्थ वैदिक दर्शनमा आधारित स्मार्तकर्मको क्रियात्मक पक्ष पाञ्चायन देवताका उपासनाद्वारा आनन्द अनुभव गर्न सकिन्छ भन्ने उद्देश्यद्वारा अभिप्रेरित भई प्रस्तुत शोधकार्य गरिएको छ।

धर्मको मूल वेद हो भन्ने स्मृतिहरूको कथन छ। प्रज्ञानंब्रह्म, अहं ब्रह्मास्मि, तत्त्वमसि र अयमात्मा ब्रह्म ऋक्, यजु, साम र अथर्व वेदहरूका निष्कर्षात्मक महावाक्यहरू हुन्। वेदको अन्त-उपनिषद्हरूको निष्कर्ष ब्रह्म, माया र जीवको विवेकलाई वेदान्तदर्शन भनिएको छ। वेदको प्रतिपाद्य अद्वितीय आनन्दस्वरूप आत्म विवेक गर्ने दर्शनशास्त्रहरू न्याय, वैशेषिक, सांख्य, योग र मीमांसा हुन्। उक्त दर्शनशास्त्रहरूले आ-आफ्ना पद्धतिबाट आनन्दस्वरूप आत्मा अन्वेषण गरेका छन्। दर्शनहरूको दर्शनीयतम

उत्तरमीमांसा दर्शन वेदान्त हो। यो यज्ञपुरुष ब्रह्म, परमात्मा, भगवान्को यजन गर्ने मीमांसादर्शनकै उत्तर पक्ष हो। वैदिक पाँच दर्शनहरू र तिनका क्रियात्मक पक्ष पञ्च देवयजनादि पूर्वपक्ष हुन्। यस्तो सनातन वैदिक यज्ञको क्षेत्र स्वयं भगवान्को अपरा र परा प्रकृतिको विराटस्वरूप हो। शरीर क्षेत्र हो, आत्मा क्षेत्रज्ञ हो। क्षेत्रज्ञ भन्नु नै सबै क्षेत्रमा व्यापक रूपमा परमात्माको सत्ता छ भन्ने हो। वेदले तत्त्वमसि भनेको हुँदा अद्वैत वेदान्तले आफ्नै स्वरूपको अनुसन्धानलाई ब्रह्मोपासना अर्थात् भगवान्को भक्ति भनिएको हो। त्यसै गरी सविशेषवादी वेदान्तले पूजादिमा अनुराग यज्ञपुरुषको विभिन्न रूपको पूजालाई भक्ति भनेको छ। स्मृतिहरूमा निर्गुण उपासनाभन्दा सगुण उपासना सुगम हुने र सगुण उपासनामा पनि पञ्चतत्त्वका अधिष्ठाता पञ्चदेवको सामूहिक आयतनमा पाञ्चभौतिक शरीरधारी उपासकको गुण र स्वभावअनुसार आ-आफ्ना इष्ट पञ्चायतनीको भक्ति अझ सरल हुन्छ भनिएको छ।

पञ्चतत्त्वका अधिष्ठाता देवताहरू मार्गदर्शक र उपासक मार्गनुसरणकर्ता मात्र हुन्। वस्तुतः ब्रह्म, परमात्मा, भगवान् मात्र सबैका अनुसरणीय आनन्दस्वरूप हुन्। धार्मिक सहिष्णुता र धर्मसमन्वयमा विश्वास गर्ने सनातन पञ्चतत्त्वका अधिष्ठाता पञ्चदेवका माध्यमले ब्रह्मउपासना गर्ने सविशेषवादी स्मार्तहरू आत्माको अनन्य स्मरण र इष्ट पञ्चायतनीको नित्य यजनलाई लक्ष्य प्राप्तिको उत्तम साधना मान्दछन्। लक्ष्य अर्थात् साध्य त अनिर्वचनीय आनन्द नै हो। अतः पूर्वमीमांसाको निष्कर्ष उत्तरमीमांसाले बताएको ब्रह्मानन्द र स्मृतिहरूको पञ्च देवयजनको क्रियात्मक पक्ष पाञ्चायनपूजा परम्पराको लक्ष्य दुवै प्राचीनतम वैदिक दर्शनले प्रतिपादन गरेको आनन्दस्वरूप ब्रह्म अनुभव गर्ने साधन हुन् र तत्त्वतः समान हुन्। निर्विशेष ब्रह्मको सविशेष स्वरूप परमात्मा भगवान्सरह पञ्चायतनीहरूको

विष्णु, सूर्य, देवी, गणेश र शिव पञ्चायतनहरू हुन् । स्मृतिहरूले उपासनालाई स्मरण र पूजालाई क्रिया मान्दछन् । पूजा साधन हो, उपासना साधन र साध्य दुवै हो । उपासनाको वैचारिक पक्ष साधन हो भने अध्यात्म पक्ष साध्य हो । सविशेष ब्रह्म विचारको विषय हो भने निर्विशेष ब्रह्म आत्माको विषय हो । दुवै वेदान्तदर्शनले निरूपण गरेका ब्रह्म हुन् । वस्तुतः वेदान्तदर्शन नै दुई दृष्टिकोणबाट शब्दब्रह्म र परब्रह्म निरूपण गर्ने दर्शनीयतम सिद्धान्त हो । यसको प्रतिकूल नहुने स्मार्त आचरण पाञ्चायनपूजा हो । यसको तात्पर्य जड चेतन प्रकृतिको विवेक गर्ने वेदान्त दर्शनकै क्रियात्मक विवेचन हो । पुरुष प्रकृतिमै बसेर प्रकृतिको गुण भोग्छ त्यसको अनुभव शब्दद्वारा निर्वचन हुन्छ । शब्दले निर्वचनमात्र गराउन सक्छ अनुभव गर्न पञ्चतत्त्वसँग जीवात्माको तादात्म्य नै हुनुपर्छ । त्यस्तो अनुभूति शब्दद्वारा निर्वचीय नभएर केवलानुभव हुन्छ । दुःख संयोगस्वरूप प्राकृत विषयप्रति निःसङ्कल्प र आनन्दस्वरूप दिव्यतत्त्वप्रति शरणागति त्यो अवस्था हुन्छ । त्यसैको निर्वचन अद्वितीय आनन्द शब्दद्वारा गरिएको हो । पाञ्चायनपूजा परम्पराको आचार र आनन्दस्वरूप ब्रह्मको अनन्य स्मरणले मानिसलाई लक्ष्यमा पुग्न सहयोग पुऱ्याउँछ ।

अनेकौं सभ्यता र संस्कृतिको उदयास्त भइरहने विश्वमा वैदिक पाञ्चायनपूजा परम्पराको सभ्यता र सनातन स्मार्तसंस्कृतिको निरन्तरता चलिरहेको छ । जीवनदर्शनकै क्रियात्मक स्वरूपमा विकसित अध्यात्मदर्शनको यो वैदिक संस्कृति अविनाशी छ । त्यसैले यसलाई नित्य आत्मस्मरण गर्ने सनातन स्मार्तसंस्कृति पनि भनिन्छ । सनातन धर्मानुयायी विश्व मानवकुलकै कुलीन, सभ्य, सज्जन, साधु-स्वभावको महाकुललाई आर्य शब्दद्वारा सम्बोधन गरिएको छ । आर्यावर्त पुण्यभूमि भनेर विन्ध्याचलदेखि हिमालयसम्मको नेपाल र भारतको भूभागलाई भनिएको छ । सिन्धुको अपभ्रंश हिन्दू र यहाँका निवासी हिन्दूस्थानी भनिए तापनि उपर्युक्त परिभाषामा समेटिने आर्यहरूको उपस्थिति

विश्वभरि नै रहेको छ। सनातन वैदिक संस्कृतिकै पर्यायका रूपमा हिन्दू संस्कृति भनेको समेत पाइन्छ।

वैदिक सनातन पञ्चदेवका सामूहिक उपासक स्मार्तहरूको पुण्यभूमिलाई **यस्य मे हिमवन्तो महित्वा** भनेर शुक्लयजुर्वेद २५।१२ कण्डिकाको अंशले प्रष्ट पारेको छ। नेपालइतर मुलुकहरूबाट समेत नेपाललाई तपोभूमि मानेर अध्यात्म साधनास्थलका रूपमा चर्चा गरिएको छ। आत्मस्मरणलाई अनन्य राख्दै आत्माकै तन्मात्रा, शब्द, स्पर्श, रूप, रस, गन्धका अधिष्ठाता विष्णु, सूर्य, देवी, गणेश र शिवका सामूहिक स्वरूप पाञ्चायनदेव उपासकहरूको परम्परागत क्रियात्मक पक्ष पाञ्चायनपूजा विशेष गरी नेपाली समाजको नित्यस्मार्तकर्मका रूपमा लोकप्रिय छ। सनातन आर्य सभ्यताको प्रभावमा भारतवर्षकै इतरनेपाली साधकहरूले समेत नेपाललाई साधनास्थलका रूपमा उपयोग गरी सिद्धि प्राप्त गरेका दृष्टान्तहरू पनि छन्।

गोविन्दानन्द भारती (शिवपुरी बाबा), खप्तडस्वामी, स्वामी सच्चिदानन्द विशुद्धदेव जस्ता साधकहरूले नेपालमा साधना गरेर सिद्धि प्राप्त गरेका आ-आफ्ना अनुभूतिहरू क्रमशः अनन्तको यात्रा, विचार विज्ञान, चरित्रविज्ञान जस्ता मौलिक रचनाहरूमार्फत् प्रकाशित छन्। श्यामचैतन्य बाबाले प्राप्त गरेको सिद्धिका बारेमा उहाँका सत्सँगीहरूबाट अभिव्यक्ति पाइन्छ। अद्यापि चन्द्रेश स्वामी, कपिल अद्वैत (पाइलट बाबा) जस्ता साधकहरू नेपालमा साधनारत छन्।

स्वस्वरूप अर्थात् आत्मतत्त्व अनुसन्धान गर्ने वैदिक सनातनीहरूको आचारशास्त्र-स्मृतिहरूले आफ्नै शरीरलाई अनुसन्धान क्षेत्र र आफ्नै आत्मालाई अनुसन्धाता मानेर यसको अंशी परमात्माको विराट स्वरूप पञ्चायतन (विश्व)मा शरणागत हुन प्रेरित गरेका छन्। सविशेष ब्रह्मज्ञान र निर्विशेष ब्रह्म अनुभूत गर्न स्वस्वरूपको जपयज्ञ सोऽहंलाई नित्य स्मार्तकर्मले महत्त्व

दिएको छ। स्वयं भगवान् यज्ञहरूमा जपयज्ञ मै हुँ भन्नुहुन्छ। पञ्चदेवका समेत आश्रय स्वयं परब्रह्मलाई पञ्चायतनी र विधिवत् स्थापित पञ्चदेवका इष्टावरण भेदस्वरूप पञ्चायतन मानेर गर्ने साधना परम्परालाई पाञ्चायनपूजा नाम दिइयो। विशेषतः नेपाली समाजमा यसले लोकप्रियता हासिल गऱ्यो। त्यसैले नेपाल उत्तम साधनाभूमि बनेको छ। गुण र स्वभावका आधारमा वर्गीकृत पाँच प्रकारका पाञ्चायनका मार्गदर्शक ईश्वरकोटिका उपर्युक्त पञ्चदेवका अनुशरणलाई पाञ्चायनदर्शनसरह मानेर दर्शनीयतम ब्रह्मको उपासना गरिन्छ। पञ्चतन्मात्रा आत्माकै पाँच मार्गहरू हुन्, साधकका गुण र स्वभाव भेदले मार्गदर्शकहरू पाँच भए पनि एकाङ्गी नभएर सबै पञ्चदेवकै समन्वय भएकाले सबै पाञ्चायन सगुणब्रह्म समान हुन्। सबै साधकको लक्ष्य पनि सगुण ब्रह्मको भक्तिद्वारा अद्वैत आनन्द अनुभव गर्नु नै रहेको छ। पाञ्चायनको विशेषता पनि धार्मिक सहिष्णुता र धर्मसमन्वयद्वारा समान गन्तव्य परमानन्दमा पुग्नु हो। अध्यात्मवादी पाँच दर्शनहरूको दर्शनीयतम उत्तरमीमांसा अद्वैत वेदान्तदर्शनको तात्पर्य पनि अद्वितीय आनन्दस्वरूप ब्रह्म अनुभव गर्नु नै हो। पाञ्चायनपूजाको अनुसन्धानबाट आनन्द प्राप्तिको उद्देश्य पूरा हुन्छ। पाञ्चायनपूजाका माध्यमबाट आ-आफ्ना गुण र स्वभावलाई सगुणब्रह्ममा समर्पण गरी सविशेष ब्रह्मचिन्तन गर्दै अन्तमा निर्विशेष ब्रह्ममा आफूलाई समाहित गर्नु वेदान्त दर्शनमा अद्वैतसिद्धि मानिन्छ। पाञ्चायन दर्शनअनुसार पञ्चदेवको पूजाका साथै पञ्चायतनीको अनन्य स्मरण भक्ति भनिन्छ। दुवैको उपलब्धि दुःखको भयबाट आत्यन्तिक निवृत्ति र परमानन्द अनुभव हो। प्रस्तुत शोधकार्य वेदान्तदर्शनकै लक्ष्यमा पुग्ने क्रियायोग पाञ्चायनपूजापरम्पराको अनुसन्धान भएकाले सगुण ब्रह्म र पञ्चायतनी तात्त्विक रूपमा समान हुन् । स्वरूपानुसन्धान र पाञ्चायनपूजा दुवै आनन्दस्वरूप ब्रह्मकै साधना भक्ति हुन्। अतः नेपालीहरूको लोकप्रिय

परम्परा पाञ्चायनपूजा केवल सामाजिक, धार्मिक र सांस्कृतिक परम्परा मात्र नभएर वैदिक आत्मउपासनाको क्रियायोग नै हो भन्ने प्रस्तुत शोधकार्यको निम्न बुँदाहरू निष्कर्षका रूपमा प्रस्तुत छन् :

१. वेदान्तदर्शनको क्रियात्मक पक्ष नै पाञ्चायनपूजा परम्परा हो ।

२. सनातन प्रकृतिको प्रयोगात्मक स्वरूप पञ्चदेवको क्रियात्मक उपासना र सविशेष ब्रह्म उपासना समान हो ।

३. पाञ्चायनपूजाको दार्शनिक धरातल सविशेष वेदान्त दर्शन नै हो ।

४. आध्यात्मिक दृष्टिबाट आनन्दस्वरूप भगवान्मा शरणागत हुने उपाय पाञ्चायनदर्शन हो । र यसको अन्तिम लक्ष्य आत्मअनुसन्धान हो ।

५. पाञ्चायनउपासना मानवजीवनका सामाजिक, धार्मिक र सांस्कृतिक सहिष्णुताको आधारभूत साधना हो ।

# सन्दर्भ सामग्री सूची

**ग्रन्थहरू**


अधिकारी, सूर्यमणि, **पश्चिम नेपालको खस अधिराज्य**, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५३ ।

आहिताग्नि, शिवनाथ र अन्य (सम्पा.), **ऋग्वेद संहिता** (खण्ड १-९), दिल्ली : नागपब्लिसर्स, इ. १९९१ ।

…………………, **अथर्ववेदसंहिता**, दिल्ली : नागपब्लिसर्स, इ. २००३ ।

…………………, **सामवेदसंहिता**, दिल्ली : नागपब्लिसर्स, इ. २००४ ।

आचार्य, चेतोनाथ, **गणेश एक स्वरूप अनेक**, बनेपा : सूर्यचन्द्र वादे श्रेष्ठ, २०६० ।

आर्थर, एभालोन, **महानिर्वाण तन्त्र**, दिल्ली : मोतीलाल वनारसीदास, इ. १९८९ ।

काणे, पाण्डुरंग वामन, **धर्मशास्त्रका इतिहास** (प्रथम भाग), लखनऊः दिनेशचन्द्र पाण्डे, इ. १९९२ ।

कोइराला, कुलचन्द्र, **नेपालका आराध्यदेव भगवान् पशुपतिनाथ**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५१ ।

कृपालुजी, महाराज, **राधागोविंद गीत** चौ.सं. (भाग १ र २), गोलोकधामद्वारका, राधागोविंद समिति, इ. २०१० ।

कृपालुजी, महाराज, **प्रेमरस–सिद्धान्त**, मनगढ : साधना भवन, २०५२ ।

खनाल, मोहन, **चाँगुनारायणको ऐतिहासिक सामग्री**, काठमाडौँ : ने.ए.अ.के., २०४० ।

खप्तड, स्वामी, **धर्मविज्ञान** (खण्ड १-४), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४७ ।

गिरि, रामानन्द, **वेदस्तुति**, काठमाडौँ : राजर्षि जनक स्मृति कोष, २०६१ ।

.................., अनु. रामहरि तिम्सिना), जनकदर्शन, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र, २०५५ ।

.................., (अनु.), **रामगीता**, देवघाट : महेश सन्यास आश्रम, २०५४ ।

गोयन्दका, हरिकृष्णदास (अनु.), **ईशादि नौ उपनिषद्**, गोरखपुर : गीताप्रेस, इ. २०१० ।

.................. (अनु.), **श्रीमद्भगवद्गीता शाङ्करभाष्य**, गोरखपुर : गीताप्रेस, २०६० ।

गौड, कालिचरण र अन्य (सं.), **मत्स्यपुराणम्**, वाराणसी : चौखम्बा विद्याभवन, इ. २००१ ।

गौतम, चमनलाल (सं.), **मनुस्मृति**, बरेली : संस्कृति संस्थान, इ. १९८७ ।

घिमिरे, सोमनाथ, **शालग्राम मीमांसा**, काठमाडौँ : रघुनाथ घिमिरे, २०३४ ।

जबरा, धनशमशेर, **कुलार्णव रहस्य**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४६ ।

तीर्थ, ओमानन्द, **पातञ्जल योगप्रदीप**, (सोह्रौँ संस्करण), गोरखपुर : गीताप्रेस, २०५५ ।

त्रिपाठी, रामनारायण, **श्रीमद्वाल्मीकीय रामायण** (छब्बिसवाँ संस्करण, भाग १-२), गोरखपुर : गीताप्रेस, २०६० ।

दत्त, रामानारायण (अनु.), **दुर्गासप्तशती** (चवालिसौँ संस्करण), गोरखपुर : गीताप्रेस, २०३४ ।

दीक्षित, रागनाथ, **शतपथ ब्राह्मण**, वाराणसी : चौखम्बा संस्कृत संस्थान, २०५४ ।

देवकोटा, माधवप्रसाद (अनु.), **छान्दोग्योपनिषद्**, काठमाडौँ : राजकीय प्रज्ञाप्रतिष्ठान, २०३४ ।

नागर, शान्तिलाल (अनु.), **ब्रह्मवैवर्त पुराणम्**, दिल्ली : परिमल पब्लिकेशन, इ. २००१ ।

पाण्डेय, फणीन्द्रप्रसाद, **संस्कृत नेपाली बृहद् शब्दकोष**, : दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७ ।

पाण्डेय, रामतेज (सं.), **शिवमहापुराणम्**, वाराणसी : चौखम्बा विद्याभवन, १९८६ ।

पाण्डेय, रामतेज (सं.), **श्रीमद्देवी भागवतम्**, काशी : पण्डित पुस्तकालय, २०१९ ।

पौडेल, सुरेन्द्रप्रसाद, **गायत्री मन्त्रको भाव**, काठमाडौँ : नेपाल पूजा प्रतिष्ठान, २०६३ ।

प्रपन्नाचार्य, स्वामी (सं.), **स्वर्गपुरी सन्देश**, पाँचथर : सम्पादक स्वयम्, २०५५ ।

बालकृष्णानन्द (अनु.), **सूर्यगीता**, ललितपुर : डा. निर्मला कायस्थ र डा. हरि उपाध्याय, २०५९ ।

भट्ट, आनन्ददेव, **जगतको सृष्टि र सञ्चालनप्रक्रिया**, काठमाडौँ : स्वामी सच्चिदानन्द विशुद्धदेव, २०४९ ।

भट्टाचार्य, तारानाथ तर्कवाचस्पति, **वाचस्पत्यम्** (भाग ५), वाराणसी : चौखम्बा संस्कृत सिरीज, २०१८ ।

भण्डारकर, रामकृष्णगोपाल, **वैष्णव शैव तथा अन्य धार्मिक मत**, दिल्ली : भारतीय विद्या प्रकाशन ।

मानन्धर, जीतबहादुर, **श्रीगणेशाय नमः**, काठमाडौं : श्रीमती तारादेवी मानन्धर, २०५१ ।

मिश्र, परमहंस, **तन्त्रसार** (भाग १-२), वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, इ. २००२ ।

मिश्र, रामभवनजी र अन्य, **नित्यकर्मपूजा प्रकाश**, गोरखपुर : गीताप्रेस, २०५७ ।

मिश्र, ज्वालाप्रसाद, **गणेशगीता**, मुम्बई : खेमराज श्रीकृष्णदास, २०५५ ।

........................, **देवगीता**, मुम्बई : खेमराज श्रीकृष्णदास, २०५७ ।

........................, **शिवगीता**, मुम्बई : खेमराज श्रीकृष्णदास, २०५८ ।

मुनिलाल (अनु.), **अध्यात्म रामायण**, गोरखपुर : गीताप्रेस, २०५८ ।

............ (अनु.), **विष्णुपुराण**, गोरखपुर : गीताप्रेस, १९९० ।

............ (अनु.), **विवेक चूडामणि**, गोरखपुर : गीताप्रेस, २०५३ ।

रामसुखदास, स्वामी, **श्रीमद्भागवद्गीता, साधकसंजीवनी**, गोरखपुर : गीताप्रेस, २०५१ ।

राधाकृष्णन्, **भारतीय दर्शन** (खण्ड १-२), दिल्ली : राजपाल एण्ड सन्स, इ. १९९२ ।

रेग्मी, ऋषभदेव, **प्राच्यदर्शन परिचय**, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि., २०३४ ।

रेग्मी, जगदीशचन्द्र, **नेपालको धार्मिक इतिहास**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०३८ ।

रेग्मी, दिनेशचन्द्र, **पुरालेखन परिचय नेपाल**, काठमाडौं : श्रीमती सुशीला रेग्मी, २०४८ ।

वज्राचार्य, धनवज्र (सं.), **लिच्छविकालका अभिलेख**, काठमाडौँ : ने.ए.अ.के., २०३० ।

......................, **मल्लकालका अभिलेख**, काठमाडौँ : ने.ए.अ.के., २०५६ ।

वाङ्देल, लैनसिंह, **स्टोलेन इमेज अफ नेपाल** (अङ्ग्रेजी-भाषामा प्रकाशित), काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, इ. १९८९ ।

विद्याभास्कर, रामावतार, **पञ्चदशी**, दिल्ली : चौखम्बा संस्कृति प्रतिष्ठान, इ. १९५५ ।

विद्यारत्न, तारानाथ, **कुलार्णवतन्त्र**, दिल्ली : मोतिलाल वनारसीदास, इ. २००० ।

विशुद्धदेव, स्वामी सच्चिदानन्द, **चरित्रविज्ञान**, काठमाडौँ : सेन्टर फर स्ट्याटो डाइनामिक इन्टरनेशनल मुभमेन्ट, २०५५ ।

व्यासकृतम्, **सौरपुराणम्**, दिल्ली : नाग पब्लिसर्स, इ. १९८६ ।

शर्मा, नारायण, **आह्निक सूत्रावली**, वाराणसी : व्यास प्रकाशन, इ. १९९५ ।

शास्त्री, उदयवीर, **न्यायदर्शनम्**, दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द, इ. २००३ ।

....................., **वैशेषिक दर्शनम्**, दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द, इ. २००१ ।

....................., **योगदर्शनम्**, दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द, इ. २००४ ।

....................., **मीमांसा दर्शनम्**, दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द, इ. २००३ ।

शास्त्री, चिन्मयस्वामी, **शतपथब्राह्मण**, वाराणसी : चौखम्बा-संस्कृत संस्थान, २०५४ ।

शास्त्री, जगदीशलाल (सं.), **शुक्लयजुर्वेदसंहिता**, कलकत्ता : मोतीलाल वनारसीदास, इ. १९७१ ।

शास्त्री, रामानारायण (अनु.), **महाभारत** (खण्ड १-६), गोरखपुर : गीताप्रेस, २०६० ।

शास्त्री, लक्ष्मीनारायण, **लघुसिद्धान्तकौमुदी**, दिल्ली : मोतिलाल वनारसीदास, इ. १९९६ ।

शास्त्री, हरेकृष्ण (अनु.), **शिवस्वरोदय**, वाराणसी : ठाकुरप्रसाद कैलाशनाथ बुकसेलर, इ. २००३ ।

श्रेष्ठ, योगेन्द्रभक्त (अनु.), **अनन्तको यात्रा**, काठमाडौँ : नारायण प्रेस, इ. २००१ ।

सहाय, शिवस्वरूप, **प्राचीन भारतीय धर्म एवं दर्शन** वाराणसी : मोतीलाल वनारसीदास, इ. २००१ ।

........................., **वृहदारण्यकोपनिषद्** (नवाँ संस्करण), गोरखपुर : गीताप्रेस, २०५८ ।

## पत्रिकाहरू

अग्रवाल, वासुदेवशरण, 'वेदोमे ईश्वर', **कल्याण ईश्वराङ्क**, पृ. ३३०-३४, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

....................., 'शिवका स्वरूप', **कल्याण शिवाङ्क**, पृ. ४९१-५०४, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

अनन्ताचार्य, 'ब्रह्मही शिवहै', **कल्याण शिवाङ्क**, पृ. २५-२८, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

…………………, 'शक्ति', **कल्याण शक्ति अङ्क**, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

अभेदानन्द, 'माताशक्तिकी पूजा, **कल्याण शक्ति अङ्क**, पृ. ४७-४९, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

आचार्य, जी तोडपे, भाउ, 'मध्व सम्प्रदायमें गणेश', **कल्याण-गणेशाङ्क**, पृ. ३३९-४१, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

आचार्य, रघुवर, 'दार्शनिक विचारोंका केन्द्र ईश्वर', **कल्याण-ईश्वराङ्क**, पृ. ५०५, गोरखपुर : गीताप्रेस, इ.१९३२ ।

उपाध्याय, मुकुन्दशरण (सं.), **धर्मसन्देश**, काठमाडौँ : सनातन धर्मसेवा समिति, २०५६ ।

उपाध्याय, सुवलाल, 'गणेशतत्त्व', **कल्याण गणेशाङ्क**, पृ. ९५-९७, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

करदास, वालाशास्त्री, 'गणेश सर्वत्र प्रथमपूज्य क्यो ?', **कल्याण-गणेशाङ्क**, पृ. ४८-४९, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

कविराज, गोपिनाथजी, 'काश्मीरीय शैवदर्शनके वारेमें कुछ बातें', **कल्याण-शिवाङ्क**, पृ. ८१-९५, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

खन्ना, गङ्गाधरलाल, 'बौद्धधर्ममें ईश्वरभाव', **कल्याण ईश्वराङ्क**, पृ. ३७३-७४, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

खेमका, राधेश्याम (सं.), 'पञ्चदेवोंका लीला आख्यान', **कल्याण भगवल्लीला अङ्क**, पृ. २५४-७३, गोरखपुर : गीताप्रेस, इ. १९९८ ।

गोयन्दका, जयदयाल, 'शिवतत्त्व', **कल्याण-शिवाङ्क**, पृ. ६०-७०, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

गौड, रामदास, 'शक्तिविज्ञान ही विज्ञानहै', **कल्याण–शक्ति अङ्क**, पृ. ४३३-४५, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

गौड, रेवानन्द, 'गणेश मूर्तिमे निर्गुण ब्रह्मोपासना', **कल्याण–गणेशाङ्क**, पृ. १३४-३५, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

चौधरी, देवशर्मा, 'वैदिक देवता जेष्ठराज गणेश, **कल्याण गणेशाङ्क**, पृ. ६४-६९, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

चौधरी, निरजाकान्तदेव, 'वैदिक धर्ममें सूर्योपासना', **कल्याण–सूर्याङ्क**, पृ. २२७-३१, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

झा, गङ्गानाथ, 'ईश्वर', **कल्याण–ईश्वराङ्क**, पृ. ५६, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

ताडपत्रिकर, एस.एन., 'श्रीमद्‌भगवद्‌गीताके ईश्वर' **कल्याण–ईश्वराङ्क**, पृ. ३४१-४२, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

तीर्थ, निरञ्जनदेव, 'श्री गणपति पूजनकी प्राचीनता एवं वैदिकता', **कल्याण–गणेशाङ्क**, पृ. १८, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

त्रिपाठी, रमाकान्त, 'सूर्योपासनाकी परंपरा', **कल्याण सूर्याङ्क**, पृ. २४२-४६, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

त्रिपाठी, रामनारायण, 'नाडीचक्र और सूर्य', **कल्याण सूर्याङ्क**, पृ. १०७-१०, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

दयानन्द, 'दर्शनोंमैं ईश्वर', **कल्याण ईश्वराङ्क**, पृ. ३०४-१३, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

द्विवेदी, गौरीशङ्कर, 'नाद विन्दु और कला', **कल्याण शक्ति अङ्क**, पृ. ४४६-५०, गोरखपुर : गीताप्रेस, १९३४ ।

दीक्षितार, रामचन्द्र, 'पुराणमे ईश्वर' **कल्याण ईश्वराङ्कः**, पृ. ३२६-२७, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

ध्रुव, आनन्दशङ्कर वापूभाई, 'परमात्मा और जीवात्मा', पृ. ५७-५८, **कल्याण-ईश्वराङ्क**, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

पाठक, सर्वानन्द, 'भगवान् सूर्यदेव और उनकी पूजापरम्पराएँ', **कल्याण-सूर्याङ्क**, पृ. २३९-४२, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

पुरी, जयेद्र, 'गायत्री मीमांसा', **कल्याण-शक्ति-अङ्क**, पृ. ३०२-१२, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

............., 'शिवतत्त्व', **कल्याण-शिवाङ्क**, पृ. ३४-३५, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

पोद्दार, हनुमानप्रसाद, 'भगवान् के सगुणस्वरूप और अवतार', **कल्याण हिन्दू संस्कृति अङ्क**, पृ. ७८८-८१३, गोरखपुर : गीताप्रेस, २०५५ ।

ब्रज, वल्लभशरण, 'सूर्यब्रह्म समन्वय', **कल्याण-सूर्याङ्क**, पृ. २०२-३, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

ब्रह्मचारी, प्रभुदत्त, 'श्रीगणेश परमदेवता', **कल्याण गणेशाङ्क**, पृ. ४१-४२, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

भारद्वाज, कृष्णदत्त, 'श्रीगणपति भगवान्का स्वरूप और उनकी आराधना', **कल्याण गणेशाङ्क**, पृ. ८८-९१, गोरखपुर : गीताप्रेस, १९७४ ।

भारती, कृष्ण, 'सगुणब्रह्म और त्रिशक्तितत्त्वस्वरूपमीमांसा', **कल्याण शक्ति-अङ्क**, पृ. १२-२५, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

..............., 'वेदोमे भगवान् शिव', **कल्याण शिवाङ्क**, पृ. ४२६ गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

मल्लिक, जयनारायण, 'श्री वैष्णवसम्प्रदाय एवं विशिष्टाद्वैत वेदान्तमे श्रीगणेश', **कल्याण गणेशाङ्क**, पृ. ३३७-४१, गोरखपुर : गीताप्रेस, १९७४ ।

मिश्र, शारदाप्रसाद, 'विज्ञान शास्त्रके ईश्वर', **कल्याण ईश्वराङ्क**, पृ. ४०९-१०, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

मुनिलाल, 'शिवतत्त्व', **कल्याण शिवाङ्क**, पृ. ३३-३४, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

रङ्गाचार्य, पुरुषोत्तमाचार्य, 'विविध गणेश', **कल्याण गणेशाङ्क**, पृ. ५०-५२, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

वाजपेयी, लक्ष्मीधर, 'योगदर्शनमे ईश्वर', **कल्याण ईश्वराङ्क**, पृ. ३५४-६१, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

विद्यातीर्थ, अभिनव, 'वरदाता श्रीगणेश', **कल्याण गणेशाङ्क**, पृ. १६-१७, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

शर्मा, गङ्गाधर, 'शिवयोग', **कल्याण-शिवाङ्क**, पृ. ३८-४०, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

शर्मा, दीनानाथ, 'हिन्दुसंस्कृतिसम्बन्धी दस विषयोंपर विचार', **कल्याण हिन्दुसंस्कृति अ**ङ्क, पृ. ३४०-९५, गोरखपुर : गीताप्रेस, इ. १९५० ।

शर्मा, बालकृष्ण, 'ईश्वर निरूपण', **कल्याण ईश्वराङ्क**, पृ. ६८-७२, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

शर्मा, ब्रजेन्द्रनाथ, 'मूर्तिकलामें श्रीगणेश', **कल्याण गणेशाङ्क**, पृ. ३८८-९१, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

शास्त्री, गङ्गाराम, 'भगवान् भुवन-भास्कर और गायत्री मन्त्र', **कल्याण-सूर्याङ्क**, पृ. २५०-५२, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

शास्त्री, दामोदर, 'शिवतत्त्व', **कल्याण-शिवाङ्क**, पृ. ३२-३३, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

.................., 'ईश्वरतत्त्व', **कल्याण-ईश्वराङ्क**, पृ. १५-१६, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

शास्त्री, पद्मभिराम, 'कलौ चण्डी विनायकौ', **कल्याण-गणेशाङ्क**, पृ. १४६-४८, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

शास्त्री, मङ्गलदेव, 'वैदिक संहिताओंमे ईश्वर या पुरुष', **कल्याण ईश्वराङ्क,** पृ. ३२०-२२, गोरखपुर : गीताप्रेस, इ. १९३२ ।

शास्त्री, माधवाचार्य, 'गणेशतत्त्व', **कल्याण-गणेशाङ्क**, पृ. ७५-७६, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

शास्त्री, लक्ष्मीनरसिंह, 'श्रीशङ्कराचार्यकी परम्परामे भगवान् श्रीगणेश', **कल्याण-गणेशाङ्क**, पृ. ५०९-६३, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

शास्त्री, शिवकुमार, 'सूर्यः आत्माजगतस्तस्थुषश्च', **कल्याण-सूर्याङ्क**, पृ. २००-२०१, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

शिवाचार्य, 'शैवागम', **कल्याण शिवाङ्क**, पृ. १२५-२७, गोरखपुर : गीताप्रेस, इ. १९३३ ।

शिवानन्द, 'सौरोपासना', **कल्याण-सूर्याङ्क**, पृ. २४८-४९, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

शुक्ला, रामाधार, 'स्मृतियोमें श्रीगणेश', **कल्याण गणेशाङ्क**, पृ. ३३५-३६, गोरखपुर : गीताप्रेस इ. १९७४ ।

सन्याल, भूपेन्द्रनाथ, 'तन्त्र', **कल्याण-शक्ति अङ्क**, पृ. ८४-८८, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

सरस्वती, एकरसानन्द, 'शिव और शक्ति', **कल्याण-शक्ति अङ्क**, पृ. ५३-५५, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

सरस्वती, भजनानन्द, 'पञ्चदेवोपासनामे श्रीगणेशका स्थान', **कल्याण-गणेशाङ्क**, पृ. ४५-४६, गोरखपुर : गीताप्रेस, इ. १९७४ ।

सरस्वती, शङ्करानन्द, 'सूर्यतत्त्व', **कल्याण सूर्याङ्क**, पृ. ९-११, गोरखपुर : गीताप्रेस, इ. १९७९ ।

सिंह, भगवतीप्रसाद, 'षड्चक्र और कुण्डलिनी-शक्ति', **कल्याण-शक्ति अङ्क**, पृ. ४५१-५४, गोरखपुर : गीताप्रेस, इ. १९३४ ।

## अप्रकाशित प्रमुख शोधकार्य

खतिवडा, गीता, **त्रिपुरेश्वर महादेव मन्दिर : एक अध्ययन**, काठमाडौँ : एम्.ए. (संस्कृति) को शोधपत्र (अप्रकाशित), २०५९ ।

दवाडी, दुर्गाप्रसाद, **वेदप्राच्यदर्शन धर्मकर्मसिद्धान्त : एक अध्ययन**, त्रि.वि.सं.अ.सं. : विद्यावारिधि (पीएच्.डी.), शोधप्रबन्ध (अप्रकाशित), २०४१ ।

विशुद्धदेव, **जीव र जगत्को सृष्टि सञ्चालनसम्बन्धी हस्तलिखित नोट**, काठमाडौँ : शोधकर्तासँग सुरक्षित (अप्रकाशित), २०५१ ।